पूर्णाङ्क ५१, २०७४ भदौ

# सहभागिता

सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)



## स्थानीय तह विशेषाङ्क

स्थानीय तह : स्वायत्त र स्वशासनसहितको सरकारको सपना !

स्थानीय सरकार, सम्भाव्य द्वन्द्व र समाधानका उपायहरू

स्थानीय तह र गरिबमुखी पर्यटन विकासको परिप्रेक्ष्य

स्थानीय तहका निर्वाचनहरू र दलित समुदायसँग जोडिएका सवालहरू

'स्थानीय विकास निर्माणले अब गति लिने अवस्था बनेको छ'

नयाँ नेपालको परिकल्पना : यसो गरे कसो होला ?

NEPAN

# सहभागिता भित्र कहाँ के छ ?


*स्थानीय तह : स्वायत्त र स्वशासनसहितको सरकारको सपना !* २
• गोरखबहादुर बोगटी

*स्थानीय सरकारलाई कस्तो तालिम ?* ९
• अरविन पुडासैनी

*स्थानीय तहमा प्रारम्भिक बाल विकास कार्यक्रम तथा व्यवस्थापनका सवालहरू* १३
• मीनाक्षी दाहाल

*स्थानीय सरकार, सम्भाव्य द्वन्द्व र समाधानका उपायहरू* १६
• डा. विष्णुराज उप्रेती

*स्थानीय तह र गरिबमुखी पर्यटन विकासको परिप्रेक्ष्य* २४
• चेतनाथ कमेल

*स्थानीय तहमा ज्येष्ठ नागरिकका सवालहरूको सम्बोधन* ३०
• फटिक थापा

*विकासका लागि 'प्रेम' : समानान्तर सूचना प्रविधिको सोच, पद्धति र व्यवहार* ३२
• प्रा. डा. प्रेम शर्मा

*स्थानीय तहका निर्वाचनहरू र दलित समुदायसँग जोडिएका सवालहरू* ३७
• तेज सुनार

*स्थानीय तह निर्वाचन र दलित महिला प्रतिनिधित्व* ४०
• बिन्दु गहतराज

*कहिले सुधार्ने दलितको सामाजिक तथा आर्थिक स्थिति ?* ४६
• गम्भीरबहादुर हाडा

*विपद् व्यवस्थापन र स्थानीय तहको बढ्दो चुनौती* ५०
• बिनोद तिमिल्सेना

*स्थानीय सरकारले वातावरणमैत्री विकास कसरी व्यवस्थापन गर्ने ?* ५५
• एकराज सिग्देल

*हाम्रो दृष्टिमा सिक्किम : स्थानीय सरकार र विकासको अब्बलता* ६०
• एविन्द्रप्रसाद न्यौपाने

*'स्थानीय विकास निर्माणले अब गति लिने अवस्था बनेको छ'* ६४
• बालानन्द पौडेल (गोरखबहादुर बोगटीबाट अन्तर्वार्ता)

*'स्थानीय तहको निर्वाचनमा देखिएको जनसहभागिता अति उत्साहप्रद छ र यसले धेरै सन्देश पनि दिएको छ'* ६९
• उत्तम उप्रेती (अन्तर्वार्ता)

*जातीय भेदभाव तथा छुवाछूतविरुद्धका संवैधानिक तथा कानुनी व्यवस्था र कार्यान्वयनको अवस्था* ७१
• समिरराज घिमिरे

*नेपाल किन बन्न सकेन ?* ७५
• पेशल आचार्य

*नयाँ नेपालको परिकल्पना : यसो गरे कसो होला ?* ७८
• यज्ञराज ज्ञवाली

*राष्ट्रिय योजना आयोगबाट 'राष्ट्रिय विकास'का १३ बुँदे समस्या पहिचान* ८१
• राधा चालिसे

*सहरी गरिबी न्यूनीकरणका लागि पर्यटनमुखी उद्यम विकास : केही अनुभव* ८२
• दलबहादुर जी.सी.

*स्थानीय तहमा आर्थिक विचलनको सम्भावना* ८७
• रत्न प्रजापति

*गाउँपालिका र नगरपालिकाहरूलाई खुला दिसामुक्त बनाउन गर्नुपर्ने मूल कामहरू* ९१
• भोला शिवाकोटी तथा गोपालप्रसाद घिमिरे

*साझेदारी वन : समता र सहभागिताको दृष्टिमा स्थानीय बुझाइ* ९५
• भोला भट्टराई

*नेपालभरका स्थानीय तहमा बैङ्क सुविधा कसरी पुऱ्याउने ?* १००
• आभा सुवेदी

*सशक्तिकरण समाज नेपाल (स्टेप-नेपाल) : हिजो, आज र भोलि ( •संस्था परिचय)* १०३

*हाम्रा बैठकहरू कसरी प्रभावकारी बनाउने ?* १०५
• श्रीधर लामिछाने


## अन्य स्तम्भहरू


• नेपानको २२औं कार्यकारिणी समितिको चिनारी • अन्तर्वार्ता • विकास कविता • पुस्तक समीक्षा • नेपान गतिविधि • जनमत सङ्कलन
• नेपान स्रोतकेन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू • *सहभागिता* पूर्णाङ्क १ देखि ५० सम्मका "स्थानीय शासन"सम्बन्धी लेखकहरू र लेख-रचनाहरूको विवरण
• चिठी-पत्र • नेपान अक्षय-कोष : जानकारी र अनुरोध • एक वास्तविकता (कार्टुन)

## सम्पादकीय

# स्थानीय सरकार र जनसहभागिता !

नेपाल सहभागीमूलक कार्य-समूह (नेपान) ले जनसहभागिता अभिवृद्धिका लागि नेपालमा आवाज उठाउन थालेको २२ वर्ष पुग्यो। सन् १९९५ अप्रिल अर्थात् २०५१ चैतदेखि नेपान विधिवत रुपमा एक दर्तावाल गैससको रुपमा विकासकर्मीहरुबीच नेटवर्किङ गरिरहेको छ। नेपालको एक अग्रणी विकासमूलक नेटवर्क संस्थाको रुपमा आफ्ना पहिचान बनाउन सफल भएको छ। यस संस्थासँग आवद्ध रहेका, यसबाट प्रशिक्षण पाएका एवम् विभिन्न कार्यहरूमा सहकार्य गर्ने साझेदारहरू अहिले देशभर सक्रिय छन्। विभिन्न संस्थामा आवद्ध छन्। कतिपय आफ्नै संस्था खोलेर विकासका काममा सक्रिय भएका छन्। अझ कतिपय विज्ञहरू विदेशमा समेत अन्तर्राष्ट्रिय विज्ञको रुपमा कार्यरत छन्।

नेपानको अनुसन्धान, जनवकालत, प्रकाशन, प्रसार, तालिम, कार्यशाला, स्रोतकेन्द्र सेवा, आदि जस्ता विविध कार्यमूलक सेवाले सदस्यहरू मात्र होइन अन्य सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रसमेत लाभान्वित भएका छन्। खासगरी विपन्न तथा पछाडि पारिएका वर्गको सहभागितामा नेपानले जोड दिने गरेको छ। यसका लागि पद्धति र तौरतरिका विकास तथा प्रवर्द्धन गर्नमा पनि नेपान क्रियाशील र उद्यत छ। पिआरए (सहभागीमूलक ग्रामीण लेखाजोखा पद्धति) बाट सहभागिताको स्तर धेरै माथि उठेको छ। सहभागिताका दृष्टिकोणबाट हेर्दा 'नेपान' सुरु हुँदाको नेपाल र अहिलेको नेपाल धेरै फरक भइसकेको छ। हामी यसलाई सकारात्मक उपलब्धि मान्दछौं र हाम्रो निरन्तर प्रयासप्रति गर्व पनि गर्दछौं।

हामी अहिले जनताको शासन चल्ने अवस्थामा पुगेका छौं। देश गणतन्त्रमय भएको छ। लोकतन्त्र र समाजवाद सबै राजनीतिक दल र व्यक्तिले स्वीकारेको अवस्था छ। २०७२ असोज ३ गते जारी भएको नेपालको नयाँ संविधानले अब देश सङ्घीय पद्धतिबाट चल्ने निर्क्योल गरेको छ। हामीले देशलाई ७ प्रदेश, ७७ जिल्लागत व्यवस्था तथा **७५३** स्थानीय तह (सरकार) मा बाँडेर लोकतन्त्र तथा गणतन्त्रको अभ्यास गर्न अगाडि बढेका छौं। संविधानसभाले बनाएको नेपालको पहिलो जनसहभागीमूलक संविधान कार्यान्वयनतर्फको यो एउटा असल पाटो हो। स्थानीय तहको निर्वाचन पनि अब प्रदेश २ मा बाहेक सबैतिर सम्पन्न भएको छ। प्रदेश २ को पनि यही असोज २ गते सम्पन्न हुँदैछ। जनताले अब विस्तारै परिवर्तनको अनुभूति गर्ने अवस्था सिर्जना हुँदैछ। सिंहदरबारमा केन्द्रित अधिकारहरू विस्तारै जनताका घरआँगन र दैलोमा पुग्दैछन्। यी सबै कुरा स्थानीय तह अर्थात् 'सरकार' सफल हुन सकेमा मात्रै सम्भव हुने हुन्।

स्थानीय तह बलियो र सक्षम बन्नुपर्छ भन्ने नेपानको चाहना हो। विपन्न र पछाडि पारिएका वर्गलाई विकासका हरेक प्रक्रिया र पहलले बढी छुनुपर्दछ भन्ने नेपानको मान्यता हो। त्यसैले पनि हामी हाम्रो नियमित विकास पत्रिका *सहभागिता*मार्फत् हाम्रा आवाज मुखरित गर्ने प्रयास गरेका छौं। यहाँको हातमा रहेको *सहभागिता*को यो **५१ औं पूर्णाङ्क** हो। **स्थानीय तह विशेषाङ्क**को रूपमा प्रस्तुत यस अङ्कमा समेटिएका अधिकांश लेख/रचना स्थानीय सरोकार, शासन, सुशासन, सहभागिता तथा विविध प्राविधिक विषयमा केन्द्रित छन्। नयाँ नेपालको सन्दर्भ, स्थानीय तहको क्षमता विकास, शिक्षा, पर्यटन, प्रकोप एवम् विपद् व्यवस्थापन, वातावरण, सरसफाइ, समावेशी विकास र दलित सवाल, स्थानीय सरकारमा अर्थव्यवस्था एवम् बैंकिङ सुविधा आदि विविध शीर्षक र सवालमा करिब साढे २ दर्जन लेखहरूमध्ये सबैजसो लेख/अन्तर्वार्तामा खारिएका निजी अनुभवहरू छन्। देश-विदेशका सिकाइसमेत छन्। ती सबै लेखमा समृद्ध देश निर्माण र जनमुखी विकासका लागि स्थानीय तह सशक्त र क्षमतावान बन्नुपर्ने आग्रह गरिएका छन्। त्यसका लागि उपयुक्त तौरतरिका पनि लेखकहरूले सुझाउनुभएको छ। यसमा हामीले महिला लेखकका लेख अझ खोजे जति पाउन सकेनौं। यो प्रयास हाम्रो जारी रहनेछ।

*सहभागिता*-५१ मा समेटिएका लेख/रचनाबाट स्थानीय सरकारसँग आवद्ध सबै सरोकारवालाहरू, जस्तै राजनैतिक नेतृत्व, प्रशासक, विकासकर्मीहरू तथा समुदायका व्यक्तिले मात्र नभएर नीति-निर्माणमा संलग्न व्यक्तिहरू, प्राज्ञिक जगत, मिडिया र उच्चशिक्षाका विद्यार्थीहरूले समेत स्थानीय तह र तिनका नयाँ दायित्वका बारेमा धेरै जानकारी पाउने छन् भन्ने हाम्रो अपेक्षा छ। जनसहभागिता प्रवर्द्धन गरी थिचिएका र उठ्न नसकेका वर्गमा यसका समसामयिक सन्देशले केही उज्यालो ल्याउन सकेमा हाम्रो प्रयास सार्थक ठान्नेछौं। पाठकवर्गबाट सुझावको अपेक्षा गर्दछौं। 'हरेक अङ्क विशेष अङ्क' बनाई *सहभागिता*को स्तरमा क्रमशः सुधार गर्दै जाने हाम्रो प्रयास जारी रहनेछ। **५२ औं अङ्क युवा अङ्क** बनाउने हाम्रो निर्णय भएकोले यहाँहरूको विशेष सहयोग अपेक्षित छ। अन्त्यमा, सम्पूर्ण लेखक तथा सहयोगीहरूप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं। २०७४ का सम्पूर्ण शारदीय पर्वहरूको एकमुष्ट शुभकामना अर्पण पनि गर्दछौं। शुभकामना !!

**- सम्पादक मण्डल, *सहभागिता*, नेपान**


**सहभागिता**

वर्ष २१: अङ्क १-४ (संयुक्ताङ्क)
पूर्णाङ्क ५१, २०७४ भदौ
जि.प्र.का. काठमाडौं दर्ता नं.: १५५/२०५६/०५७



**प्रधान-सम्पादक**
चेतनाथ कणेल

**सम्पादकहरू**
उत्तम उप्रेती
ब्रम्हध्वज गुरुङ्ग
फटिक थापा
तेज सुनार
छिडलमु शेर्पा
गोपाल तामाङ्ग
पद्मा माथेमा
डा. धर्मराज डङ्गोल
रविजङ्ग पाण्डे

**विशेष सहयोग**
तुलसी सापकोटा, आशिष पाठक,
प्रियङ्का पाठक, लक्ष्मी चम्लागाईं



**प्रकाशक**
नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
दोभान टोल, सहयोगी नगर, जनता सडक,
कोटेश्वर, काठमाडौं-३२, नेपाल
पो.ब.नं.: १३७९१, काठमाडौं।
फोन नं.: (९७७) ०१ ४१५४९३८
इमेलः nepan@nepan.org.np
वेबसाइटः www.nepan.org.np

**प्रेस**
ड्रिमवर्क्स प्रिन्टर्स
काठमाडौं, ९८५१००५१७७

**आवरण तस्बिर**
२०७४ सालको स्थानीय निर्वाचनको एक झलक
सौजन्यः चन्द्र सुईंदे मगर


सहभागितामा प्रकाशित लेखहरुले नेपानको विचार प्रतिनिधित्व गर्दैनन्। ती लेखकहरूका निजी धारणा हुन्।


यस अङ्कको लागि
व्यक्तिगत मूल्य रू. १००/-
संस्थागत मूल्य रू. २००/-

# स्थानीय तह : स्वायत्त र स्वशासनसहितको सरकारको सपना !



गोरखबहादुर बोगटी

विश्वका सङ्घीय शासन प्रणाली अपनाएका देशहरूमध्ये धेरैजसोले दुई तहको (सङ्घ र प्रदेश) र कमैले मात्र तीन तहको (सङ्घ, प्रदेश र स्थानीय) सङ्घीय संरचना अपनाइएको पाइन्छ। नेपालको सन्दर्भमा तीन तहको संरचना अपनाइएको छ।

## सङ्घीयताको संस्थागतता र स्थानीय तह

नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको धारा ५६ को उपधारा २ मा राज्यशक्तिको बाँडफाँड गरिएको छ। राज्यशक्ति भन्नाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकारलाई जनाउँदछ। संविधानमै व्यवस्था भएअनुसार नेपालको सङ्घीय मूल संरचनालाई स्थानीय तह (स्थानीय सरकार), प्रदेश (प्रान्तीय सरकार) र सङ्घ/व्यवस्थापिका-संसद (केन्द्रीय सरकार) गरेर तीन तहमा विभाजन गरिएको छ।

> स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका र जिल्लासभा पर्दछन्

राज्यशक्तिको प्रयोग यिनै तीन तहका सरकारहरूले गर्ने विषयमा पनि संविधानमा स्पष्ट व्यवस्था गरिएको छ। यी तीनै तहका सरकारहरू एकअर्कोको अधिनस्थ सरकार होइनन्। तीनै तह स्वतन्त्र छन्। यी तीनै सरकारलाई एकआपसमा समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्तबाट सञ्चालित हुन संविधानले नै निर्देशित गरेको छ। संविधानको अनुसूची ५, ६ र ८ मा क्रमशः सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको उल्लेख गरिएको छ भने अनुसूची ७ र ९ मा तीनै तहको साझा अधिकारको उल्लेख गरिएको छ। यी सबै अधिकारको कार्यान्वयन संविधानकै मतहतमा ऐन-कानुन निर्माण गर्नुपर्ने हुन्छ। यहाँ स्थानीय तहको सरकारका सन्दर्भमा मात्र केन्द्रित भएर केही विषयमा उल्लेख गर्ने प्रयत्न गरिएको छ।

स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महा-नगरपालिका र जिल्लासभा पर्दछन्। गाउँपालिका र नगरपालिकालाई वडा (वार्ड) मा विभाजन गरिएको छ। वार्डलाई स्थानीय तहको सबैभन्दा सानो तथा तल्लो इकाइको रूपमा लिइन्छ।

## लोकतन्त्रको आधारशीला

गाउँपालिका र नगरपालिकाभित्रको विशेष बस्ती तथा समुदायको सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष क्षेत्र, संरक्षित क्षेत्र र स्वायत्त क्षेत्र कायम गर्न



सकिने संवैधानिक व्यवस्था छ । लोकतन्त्रको आधारशीला भनेकै स्थानीय तह हो । किनकि सङ्घीयताको मूल उद्देश्य भनेकै केन्द्रमा रहेको अधिकार, स्रोत तथा साधनहरू स्थानीय तहमा पुऱ्याउने र स्थानीय तहलाई विकास निर्माणको मुख्य अङ्ग बनाउने हो । स्थानीय तहले स्वायत्तता र स्वशासनको अधिकार पाएको हुन्छ । स्थानीय तहले स्थानीय सरकारको रूपमा काम गर्दछ । यसले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्य गर्ने गर्दछ ।

स्थानीय तहको मुख्य काम स्थानीय स्रोत-साधनको पहिचान तथा उपभोग गर्दै आफ्नो विकास आफैँ गर्नु, राज्यबाट प्राप्त हुने सेवा तथा सुविधाहरू सहज रूपमा प्राप्त गर्नु र विकास तथा सामाजिक न्यायमा सबैको पहुँच पुऱ्याउँदै समृद्धितर्फको यात्रा तय गर्नु हो (मदन भण्डारी फाउन्डेसन, २०७४) । यसको सफलता र असफलतामा सिंगो शासन-सत्ताको भविष्य जोडिएको हुन्छ ।

अहिलेको स्थानीय तह आफैँमा एउटा सरकार हो । यसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको समेत अभ्यास गर्ने व्यवस्था संविधानले नै किटानी गरिदिएको छ । साथै अत्यन्त महत्वपूर्ण अधिकारको प्रत्यायोजन पनि संविधानले नै गरिदिएको छ । केही समय पुरानै संरचनाअनुसार नै स्थानीय निकायको चुनाव गराउने भनेर राजनीतिक दलहरूबाट निकै हल्ला चलाउँदै गरियो । तर चुनाव कहिल्यै गराइएन । जसको परिणामस्वरूप करिब डेढदशकदेखि मुलुकलाई स्थानीय जनप्रतिनिधिविहीन बनाउने काम भएको थियो । देशमा गणतन्त्र स्थापना भई राजनीतिक क्षेत्रमा मुलुकले छलाङ मारी नयाँ संविधान निर्माण भई घोषणा भएको लामो समय बितिसक्दा पनि स्थानीय तहको निर्वाचन गर्न ढिलोढाला गराइयो । नयाँ संविधान कार्यान्वयनमा समेत टेवा पुऱ्याउने मुख्य आधार स्थानीय तह नै हो भनेर सबैले जानेबुझेकै विषय हो ।

लामो समयसम्मको स्थानीय निकायको रिक्तताले सर्वसाधारणको जीवनपद्धतिसँग जोडिएका अहम् सवालदेखि लिएर देशकै शासन प्रणालीको स्थायित्वका कतिपय विषयहरूमा समेत नकारात्मक असर पर्न थालिसकेको थियो (बोगटी, २०७४) । केही दलहरूले आफ्नो जनमतको जोडघटाउको आकलन गर्दै गर्नाले पनि चुनावलाई पछि धकेल्ने काम गरिएको भनेर पनि बेलामौकामा विभिन्न माध्यमबाट जानकारी हुँदै गरेको थियो । हुन पनि मुख्य दलहरूबीचकै रस्साकस्सी र उनीहरूमा इच्छाशक्तिको कमिले गर्दा नै स्थानीय निर्वाचनहरू पछि धकेलिँदै गरेका थिए ।

**स्थानीय तहको संरचना : पूरा भयो फलामको चिउरा चपाउने काम** !
नयाँ संविधान निर्माणपछि गठन भएको सरकारलाई नयाँ व्यवस्थाअनुसार स्थानीय तहको संरचना निर्माणका लागि काम अघि बढाउन अधिकारसम्पन्न आयोगका माध्यमबाट स्थानीय तहको सङ्ख्या र सीमा निर्धारण गर्नुपर्ने अहम् महत्वको सवाल टड्कारो बनेको थियो । त्यसकारण २०७२ को माघ महिनामा विज्ञहरूको संलग्नतामा स्थानीय तहको सङ्ख्या र सीमा निर्धारण आयोग (स्थानीय तह पुनःसंरचना आयोग) गठन गरिएको थियो । त्यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवका आधारमा आफ्नो कार्य प्रारम्भ गरेको थियो । आयोगले विशेषगरी सेकेन्डरी डाटाको आधारमा एउटा प्रस्ताव तयार पारी गरी जिल्ला सदरमुकाममा सुझाव सङ्कलनका कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्य गर्दैगर्दा तराई-मधेसका केही स्थानमा आयोगको काममा अवरोध खडा गर्ने काम पनि भएका थिए । जसले गर्दा ११ वटा जिल्लाको जिल्ला सदरमुकामस्थितको स्थलगत सुझाव सङ्कलनको कार्य पनि राम्ररी हुन सकेको थिएन । तराई-मधेसका केही स्थानमा त आयोगको सुझाव सङ्कलन टोलीप्रति अभद्र व्यवहार प्रदर्शन गरेर पनि बिथोल्ने काम भएका थिए ।

त्यसैगरी सो आयोगको आयोजनामा जिल्ला सदरमुकाममा सञ्चालन गरिएका सुझाव सङ्कलनका प्रायःजसो कार्यक्रममा आयोगको प्रस्तावभन्दा बढीको सङ्ख्यामा स्थानीय तहको प्रस्ताव गरेका खबरहरू त्यतिबेलै बाहिर आएका थिए । त्यससँगै आयोगले प्रस्ताव गरेको विभिन्न भागको जनसङ्ख्याको आकार पनि बढी भएको भनेर घटाउनका लागि माग भइरहेको कुरा पनि व्यापक रूपमा आइरहेका थिए ।

अर्कोतिर आयोगले अलिकति समय लिएर स्थानीयस्तरको जनसाङ्ख्यिक तथा भौगोलिक अवस्थिति कस्तो छ भन्ने विषयमा विषयगत विज्ञ सम्मिलित टिमबाट अध्ययन गराएर मात्र केन्द्रमा त्यसलाई थप छलफल गरी अन्तिम रूप दिने काम गरिनुपर्छ भनेर

पनि त्यतिबेलै व्यापक आवाज उठाउने काम भएको थियो । तर सम्बन्धित निकायबाट खासै सुनुवाइ गरिएन र त्यो आवाजलाई आयोगले गम्भीर रूपमा लिन सकेन (बोगटी, २०७३) ।

हतारमा सीमित व्यक्तिहरूको बीचमा हल्का ढङ्गले गरिएको छलफलले स्थानीय तहको भौगोलिक सीमाङ्कन स्थानीय जनताको लागि अनुपयुक्त हुनसक्ने कुराको जानकारी समयमै गराउने काम भएको थियो । आखिर स्थानीय तह पुनर्संरचना आयोगले २०७३ साउन ३ गतेका दिन देशभर स्थानीय तहको सङ्ख्या अधिकतम ५६५ हुनेगरी खाका तयार पारेको विषय सार्वजनिक गऱ्यो । आयोगका प्रतिनिधिहरूले तत्काल दिएको जानकारीअनुसार भौगोलिक क्षेत्रअनुसारको जनसङ्ख्या, क्षेत्रफल, स्थानीय निकायको सङ्ख्याको अनुपात र जिल्लाको प्रकृतिको आधारमा सो सङ्ख्या निर्धारण गरिएको हो भनिएको थियो । आयोगले तोकेको मापदण्डमा हिमाल, पहाड, भित्री मधेस र तराईको लागि जनसङ्ख्याको अनुपात फरक-फरक राखेर सो खाका तयार पारेको थियो । आयोगले स्थानीय तहको सङ्ख्या धेरै बनाउँदा राज्यले खर्चको ठूलो भार बेहोर्नुपर्ने पिरलोले सकेसम्म सङ्ख्या कम गर्नेतर्फ लागेको बुझिन्थ्यो । एकातिर भूगोलबिनाको जनसङ्ख्या र जनसङ्ख्याबिनाको भूगोलको आ-आफ्नै कथा-व्यथा हुने गरेको छ । अर्कोतिर, स्थानीय तह निर्धारण गर्नका लागि यी दुवै नभइ नहुने कुरा हुन् । केन्द्रमै आयोगले सेकेण्डरी डाटाको आधारमा तयार पारेको अवधारणाले दुर्गमको भौगोलिक यथार्थता समेट्न नसकेको भनेर विभिन्न राजनीतिक दल तथा व्यक्तिहरूले व्यापक विरोध गरेका थिए भने केहीले जनसङ्ख्यालाई ध्यान नदिएको भनेर पनि विरोध जनाएका थिए । समग्रमा आयोगको उक्त खाकाले नयाँ परिवेशमा पनि देशको सन्तुलित विकासको अवधारणाको परिपालना हुन नसक्ने कुराको उजागर गरेको थियो (बोगटी, २०७४) ।

## आयोगका पीडा र पार लागेको अवस्था

आयोगले तयार पारेको खाकाले विशेषगरी देशको भौगोलिक विशिष्टतालाइ सम्बोधन गर्न सकेको छैन भनेर एकथरिबाट व्यापक विरोध भयो । अर्कोतिर विशेषगरी तराई-मधेसका केही समुदायले जनसङ्ख्याको उचित सम्बोधन भएन भनेर आयोगको प्रस्तावप्रति चित्त बुझाएका थिएनन् । यस अर्थमा आयोगबाट सुरुमा प्रस्तावित गरिएको स्थानीय तहको सङ्ख्याप्रति देशभरिका धेरैको असहमति रहन गएको थियो । यहाँ सम्म कि आयोगको कार्यको विरोध गर्ने क्रममा मधेसी मोर्चा र सङ्घीय गठबन्धनले त सरकारसँग आयोगको कामलाई अघि बढाउन रोक लगाउनुपर्छ भनेर पनि माग गरेका थिए ।

एउटा साँचो कुरा आयोगको तर्फबाट कुनै प्रस्तावित अवधारणाबिना नै शून्यतामा बहस⁄छलफलको थालनी गराउने कुराले पनि निष्कर्षविहीन बन्ने खतरा हुन्थ्यो । त्यसैले पनि आयोगले आफूलाई प्राप्त भएको कार्यादेशलाई ध्यान दिँदै अध्ययन छलफल गरेर गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको सङ्ख्या निर्धारण गरेर एकखालको खाका तयार गरेको आधारमा सबैका लागि थप छलफल गर्न निकै सजिलो तुल्याएको थियो । त्यसैको आधारमा जिल्लामा गठित प्राविधिक समितिलाई क्षेत्रीयस्तरमा अभिमुखीकरण गराई सकभर आयोगको प्रस्तावमा सहमति गराएर केन्द्रमा बुझाउने तौरतरिका अवलम्बन गरिएको थियो ।

तत्कालीन सरकार भएकै बेला त्यसको टुंगो नलाग्दै अर्को गठबन्धन सरकारको निर्माण भएकोले पनि नयाँ गठबन्धन सरकारका प्रमुख घटकहरू र अन्य केही दलहरूले पनि आयोगको प्रस्तावप्रति विमति जनाउँदै तत्कालीन सरकारले आयोगलाई नयाँ कार्यादेशसमेत जारी गर्न पुगेकोले आयोगलाई वाध्यतावश स्थानीय तहको सङ्ख्यामा पुनर्विचार गर्नुपर्ने परिस्थिति सिर्जना भएको थियो । अझ भइरहेका गाउँ विकास समितिलाई नटुक्र्याउने गरी जिल्लाहरूमा तत्काल कायम रहेका इलाकालाई नै आधार बनाएर एक गाउँपालिका बनाउने गरी व्यवस्थित मापदण्ड तयार गरेर पुनर्संरचनाको कामलाइ अघि बढाउनु भन्ने उचित हुने भनेर धेरैले सुझाव दिएका थिए । यसो गर्न सकेको खण्डमा हिमाली र पहाडी जिल्लाको विद्यमान भौगोलिक विकटताको थोरै भएपनि सम्बोधन हुँने आशा गर्न सकिने भनी आयोगको ध्यानाकर्षण गराइएको थियो । पछिल्लो पटक यस विषयमा केही न केही ध्यान पुऱ्याएर नै स्थानीय तहको निमार्ण गरिएको हो ।

## सङ्ख्यामाथिको राजनीति र सरकारको हावी

सबै सुझाव तथा आलोचनालाई आधार बनाएर आयोगले देशभरि स्थानीय तहको सङ्ख्यालाई ७१९ कायम गरेर सरकारलाई बुझाएको थियो । तर यो सङ्ख्यालाई पनि तत्कालीन सरकारले स्वीकार गरेन । उसले आयोगको सुझावबिना नै आफूखुसी २९ स्थानीय तहको सङ्ख्या थप गरेर जम्मा ७४४ को सङ्ख्यामा पुऱ्याउन पुग्यो ।

त्यसपछि वाध्यतावश आयोगले उक्त कूल सङ्ख्याको आधारमा महा-नगरपालिका ४, उप-महानगरपालिका १३, नगरपालिका २४६ र गाउँपालिका ४८१ गरी जम्मा ७४४ स्थानीय तहको सङ्ख्या निर्धारण गरी दोस्रोपटक प्रतिवेदन सरकारलाई बुझाउने काम गरेको थियो ।

आखिर यो सङ्ख्यामा पुऱ्याउँदाको अवस्थामो प्रायःजसो विगतका

इलाकालाई आधार बनाउने गरेको बुझ्न सकिन्छ । यो सङ्ख्या निर्धारणबाट देशको भौगोलिक तथा जनसाङ्ख्यिक विषयमा केही हदसम्म ध्यान दिएको विषयमा धेरैको सहमति रहेको पाइन्छ । यसको साथै आयोगको लागि काम गर्न तोकिएको समयावधि पनि समाप्त भइसकेको थियो । यहाँसम्म आयोगले नचाहँदै पनि सरकार एवम् अन्य पक्षको दबाबका कारणले आयोग मार्फत्न नै स्थानीय तहको सङ्ख्या हेरफेर गरिएको थियो । आयोगलाई बाध्य पारिएको थियो ।

यसबाट विरोधका स्वरहरू केही कम भएपनि तराई-मधेस केन्द्रित केही दलहरूको तर्फबाट जनसङ्ख्याको आधारमा तराई-मधेसमा अझै सङ्ख्या थप्नुपर्ने माग गर्दै अहिलेसम्म पनि विरोध जारी छ । सरकारले पनि उनीहरूको मागलाई सम्बोधन गरी चुनावमा सहभागी गराउने नाउँमा २०७४ जेठ ८ गतेको मन्त्रीपरिषदको निर्णयले तराईका १२ वटा जिल्लामा (सुनसरी, सप्तरी, रौतहट, पर्सा, धनुषा, सर्लाही, नवलपरासी, रूपन्देही, कपिलवस्तु, बारा, कैलाली र बाँके) २२ वटा स्थानीय तह थप्ने काम भएको छ । यससँगै विराटनगर र वीरगञ्ज उप-महा-नगरपालिकालाई महा-नगरपालिकामा स्तरउन्नति गरिएको छ ।

### स्थानीय तहको सङ्ख्या ७४४

साथै झापा, सिराहा, धनुषा, बारा, रूपन्देही, बाँके, कैलाली, महोत्तरी र रौतहटका २४ वटा गाउँपालिकालाई नगरपालिकामा स्तरउन्नति गरिएको छ । यस आधारमा अब नेपालमा कूल महानगरपालिका सङ्ख्या ६, उपमहानगरपालिका सङ्ख्या ११, नगरपालिका सङ्ख्या २७० र गाउँपालिका सङ्ख्या ४७९ गरी स्थानीय तहको कूल जम्मा सङ्ख्या ७६६ पुगेको छ । तर दोस्रो चरणको स्थानीय तहको निर्वाचनको सम्पूर्ण तयारी ७४४ को सङ्ख्याको आधारमा पूरा भइसकेकोले नयाँ थपिएको सङ्ख्यालाई समावेश गरेर जान नसकिने भनेर निर्वाचन आयोगले असहमति जनाएको थियो । यसको साथै सर्वोच्च अदालतमा पनि यस बारेमा मुद्दा दायर गरिएकोमा सुनुवाई गर्ने क्रममा सर्वोच्चबाट पनि थपिएको सङ्ख्याको कार्यान्वयन नगर्नु नगराउनु भनी सरकारलाई अन्तरिम आदेशसमेत जारी भएको थियो । त्यो आदेशको खारेजीका लागि पनि सरकारको तर्फबाट निवेदन (भ्याकेट) दिइएको थियो । त्यो निवेदनलाई पनि सर्वोच्च अदालतले खारेज गरिदिएकोले हाल देशमा आधिकारिक रूपले स्थानीय तहको सङ्ख्या ७४४ रहेको र सोही आधारमा जनताको कामकारवाही अघि बढिरहेका छन् ।

### दुर्गमका पीडा कसले बुझ्ने ?

केही मधेसकेन्द्रित दल र सुगमका केही व्यक्तिहरूसमेतको संलग्नतामा सिर्जना गरिएको दबाबका कारण जनसङ्ख्यालाई बढी प्राथमिकता दिने गरी संविधानको पहिलो संशोधन गरिसकिएको विषय पनि सबैलाई जानकारी भएकै विषय हो ।

यसबाट विशेषगरी दुर्गम हिमाली र पहाडी जिल्लाका बासिन्दाहरूले आफूलाई अन्यायमा पारिएको महसुस गरेको पाइन्छ । लोकतन्त्रकै मूल आधारको रूपमा रहेको स्थानीय तहलाई चुस्तदुरुस्त बनाउन सकिएन भने भविष्यमा पनि लोकतन्त्रलाई समस्या आइलाग्न सक्छ भन्ने विषयमा जिम्मेवार सबैले हेक्का राख्नुपर्दछ । किनकि सिंगो देशको समृद्धिको लागि राज्यले निर्माण गर्ने संरचनाले नै मुख्य भूमिका खेल्ने गर्दछ ।

संविधानमा व्यवस्था गरिएको समानता तथा समावेशितामा आधारित लोकतान्त्रिक चरित्रले वर्तमान युगको प्रतिनिधित्व गरेको बुझिन्छ । यसको साथै समाजवाद स्थापनाको उद्देश्य र प्रतिबद्धताले भोलिको युगको समेत ढोका खोलेको कुराले संवैधानिक हिसाबले हामी नेपालीहरूले ठूलो फड्को मारिसकेका छौं । यसलाइ व्यवहारमा उतार्नका लागि पनि स्थानीय तहमा गरिने साङ्गठनिक व्यवस्थाले महत्वपूर्ण भूमिका खेल्ने कुरामा दुइमत हुन सक्दैन । अर्कोतर्फ इतिहासमा भएको क्षेत्रीय तथा भौगोलिक, जातीय, लैङ्गिकलगायतका विभेदहरूलाई राजनैतिक तथा संवैधानिक हिसाबले मूलतः समाधान भइसकेको छ । अब यसलाई व्यवहारमा उतार्नका लागि सम्बन्धित सबैले आ-आफ्नो ठाउँबाट अधिकार र कर्तव्यको निष्ठापूर्वक परिपालन गर्न अपरिहार्य भएको छ ।

### स्थानीय सरकार : जनताका आशा र यथार्थ

राज्यको केन्द्र भागमा पहुँच र प्रतिष्ठा दुवै नभएको कारण सदिऔंदेखि अप्ठ्यारो खेप्दै आएका दुर्गम बस्तीका बासिन्दाहरूले सङ्घीय संरचनाअन्तर्गतको स्थानीय तहको व्यवस्थाबाट हिजोको भन्दा धेरै हदसम्म घरनजिकै प्रशासनिक तथा सामाजिक सेवासुविधा उपभोग गर्ने अवसर प्राप्त गर्ने अपेक्षा गरेका छन् ।

उनीहरूले अहिलेसम्म पनि राज्यको केन्द्र भागमा पहुँच र प्रतिष्ठा दुवै नभएको कारणले आफूहरू पछाडि पर्नुपरेको हो भन्ने कुरा महसुस गर्दै आएका थिए । यसखालको असंगतिलाई सङ्घीय संरचनाको आधारशीलाको रूपमा रहेको स्थानीय तहको नयाँ संरचनाका गतिविधिबाट विस्तारै हटेर जाने आशा सर्वसाधारणले गरिरहेका छन् ।

हुन पनि स्थानीय तह बहुसङ्ख्यक जनताको जुगौंजुगसम्मको राजनीतिक, आर्थिक, भौतिक तथा सामाजिक सेवा-सुविधालगायतका कुराहरूको सहज उपलब्धता र उपभोगसँग जोडिएका कुराहरूको

आधार-स्तम्भ हो । देशमा गणतन्त्रको स्थापनापछि अधिकारसम्पन्न एवम स्वायत्त स्थानीय तहको व्यवस्था हुनु सर्वसाधारण जनताको लागि ठूलो अवसर पनि हो । यस्तो खाले स्थानीय तहको निर्वाचन सम्पन्न भएवाट स्थानीय जनतालाई अब आफ्ना जनप्रतिनिधिहरूसँगको प्रत्यक्ष सम्पर्क र समन्वयको आधारमा स्थानीय आवश्यकता र औचित्यमा आधारित विकास निर्माणबाट लाभान्वित हुने अवसर प्राप्त भएको छ ।

जनप्रतिनिधिका हैसियतले खेल्नुपर्ने भूमिकाका सवालमा जनप्रतिनिधिहरू किन्चित पनि नचुक्ने हो र जनताको तर्फबाट निभाउनुपर्ने कर्तव्यका सवालमा पनि जनता स्वयम् अग्रसर भइरहने हो भने अवश्य पनि स्थानीयस्तरमै विकास र समृद्धिको लहर फैलिन सक्दछ । अनि मात्र परिवर्तित संरचना मुताबिकको फलको उपभोग गर्न सबै सफल भइने विषय स्पस्टै छ ।

स्थानीय सरकारले स्थानीय स्रोत-साधनको पहिचान गरी आफ्नो क्षेत्रको विकास आफैं गर्ने, केन्द्रीय सरकारबाट प्राप्त बजेट तथा सेवासुविधाहरू सहज रूपमा प्राप्त गरी समन्यायिक ढंगले वितरण गर्ने, कानुन बनाउने, राजस्व सङ्कलन तथा वितरण गर्नेलगायतका अधिकारहरूको प्रयोग गर्न पाउने विषय चानचुने छैन । यतिमात्र नभएर स्थानीय स्तरमा रहेको युवा बेरोजगारीको समस्या समाधान गर्ने र लथालिङ्ग अवस्थामा पुगेको कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युतलगायतका क्षेत्रमा आमूल परिवर्तन गरी *'सुखी नेपाली, समृद्ध नेपाल'*को आधारशीला खडा गरी लोकतन्त्रलाई बलियो बनाउने अभियानको अगुवा हुन पाउनु अहम् महत्वको सवाल हो ।

## स्थानीय सरकार, यसतर्फ ध्यान देऊ !

स्थानीयस्तरमा पहिचान हुन बाँकी रहेका स्रोतको पहिचान गरी खेर गइरहेका स्रोतको सदुपयोग गर्न सकेमा आर्थिक पक्षलाई बलियो बनाउन सक्ने प्रबल सम्भावनाहरू रहेका छन् । नयाँ संरचनाको सुरुवातमै साँच्चै निःस्वार्थ भावनाले जनमुखी काम गर्न सकेको अवस्थामा ती व्यक्ति र तिनको पार्टी दुवैका लागि भविष्यसम्म जनाधार बलियो बनाउने सुअवसर पनि हो यो ।

सर्वप्रथम स्थानीय स्रोत-साधनको राम्ररी पहिचान गरेर तिनको सही सदुपयोग गर्न सकेमा नयाँ खालका जनमुखी काम गर्न सकिने प्रबल सम्भावना रहेको छ । यसमा विशेषगरी स्थानीय स्रोत-साधनको सही सदुपयोग गरेर आर्थिक स्रोत बलियो बनाउने र स्थानीय मानवीय स्रोत तथा जनशक्तिलाई प्राथमिकतामा राखेर यथोचित व्यवस्थापन गर्न सक्ने अवसर पनि हो ।

स्थानीय तह सञ्चालनसम्बन्धी ऐन जारी नहुँदासम्मका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७४ जेठ १७ गतेको निर्णयअनुसार 'स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७४' जारी गरिएको थियो। त्यतिबेलै ती आदेश संविधानसम्मत छन् कि छैनन् भनेर पनि प्रश्न उठाउन सक्ने अवस्था रहन्छ भन्ने पनि गाइँगुइँ सुन्नमा आइरहेको थियो । कानुनविद्हरूबाट सरकारको आदेश संविधानविपरीत भएकोले खारेज गरिपाऊँ भन्दै सर्वोच्चमा रिट हालिएको कुरा पनि सुन्नमा आएको छ ।

## यथेष्ट अभिमुखीकरण र सघन प्रक्षिक्षण नभई स्थानीय तह अगाडि बढ्न सक्दैन

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आयोजनामा सबै प्रदेशमा अध्यक्ष/उपाध्यक्ष र मेयर/उपमेयरलाई सहभागी अध्यक्ष स्थानीय तह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम धमाधम भइरहेका छन् । यो राम्रो कुरा हो । तालिम र अभिमुखीकरण नभई अब स्थानीय सरकार अगाडि बढ्न सक्दैनन् । किनकि नयाँ नेतृत्वको बाहुल्यता स्थानीय तहमा व्यापक भएको छ। अहिलेसम्म कहित्यै तालिम र प्रशिक्षणको अनुहार देख्न नपाएका व्यक्ति पनि नेतृत्वमा आउने मौका पाएका छन् । यो अवसरलाई साँच्चिकै शक्तिमा बदल्नका लागि थप अभिमुखीकरण, प्रशिक्षण र अवलोकन भ्रमणको व्यवस्था अपरिहार्य छ ।

राम्रो अभिमुखीकरण र तालिमबाट नै जनप्रतिनिधिहरूलाई स्थानीय तहसँग जोडिएका महत्वपूर्ण विषयका बारेमा जानकारी राख्न सघाउ पुग्ने छ । उनीहरूमार्फत् आफ्नो तहका अरु जनप्रतिनिधिहरूलाई पनि जानकारी गराउने व्यवस्था भएमा थप उपलब्धि हुनसक्ने विषयमा दुईमत हुनसक्दैन ।

यसैगरी देशभरिका स्थानीय तहको कामकारबाहीमा एकरूपता ल्याउने उद्देश्यले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तर्फबाट २०७४ असार ९ गतेका दिन जनप्रतिनिधिहरूले के गर्न हुने र के गर्न नहुने सूची उल्लेख गरी *आचारसंहिता* जारी गरिएको थियो । यसबाट स्थानीय तहका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको आचरण, सेवा-सुविधा, बोल्ने भाषालगायत अनुशासनका हरेक पक्षमा औंल्याइएको छ ।

स्थानीय तहले संविधानमा उल्लेख भएका अधिकार प्रयोग गर्नका लागि दर्जनौं कानुन र नियमावली/कार्यविधि निर्माण गर्नुपर्ने अवस्था छ । तर स्थानीय तहबाट यो काम सजिलै सम्पन्न गर्न गाह्रो छ । यही कुरालाई ध्यानमा राखेर सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आर्थिक ऐन, गाउँपालिका

कार्यसम्पादन नियमावली, कार्यविभाजन नियमावली, नगरपालिका कार्यसम्पादन र कार्यविभाजन नियमावली, विनियोजन ऐन, योजना तथा बजेट तर्जुमालगायतका नमुना कानुन र नियमावली निर्माणगरी २०७४ असार ९ गतेनै सार्वजनिक गरेको छ। बाँकी कानुन र नियमावली निर्माण गरी यसरी नै सार्वजनिक गरिदै जाने कुरा पनि उल्लेख गरिएको छ। यो प्रशंसनीय पक्ष हो।

स्थानीय सरकारको नयाँ व्यवस्था र यसको कार्यक्षेत्रका आधारमा स्थानीय स्तरमा विकास निर्माण गर्ने ठूलो अवसरका रूपमा लिन सकिन्छ। यहाँनेर अधिकार सम्पन्न स्थानीय तहको निर्माणबाट थुप्रै अवसरहरू सिर्जना हुँदैगर्दा स्थानीय तहका यी महत्वपूर्ण अधिकारलाई कार्यान्वयन गर्न छिट्टै आवश्यक कानुन बनाउन जरुरी छ। यी सबैको कार्यान्वयन गर्नगराउन स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपर्ने चुनौती पनि सँगसँगै त्यतिकै छ। सर्वप्रथम स्थानीय तहको तर्फबाट जनतालाई प्रभावकारी रूपमा सेवा-सुविधा प्रवाह गर्नका लागि स्थानीय तहको शासन सञ्चालनसम्बन्धी ऐन जारी हुन जरुरी हुन्छ। सो ऐन निर्माण भइसकेको छैन। स्थानीय शासन ऐन, २०७३ को विधेयक संसदमा दर्ता त भइसकेको छ। सो विधेयक पारित भएपछि गाउँपालिका, नगरपालिका र जिल्लासभाबारे प्रावधानको स्पष्ट व्यवस्था हुनेछ।

## अवसर र चुनौती !

स्थानीय सरकारसामु भएका अवसरहरूसँगसँगै थुप्रै चुनौतीहरू पनि विद्यमान छन्। सर्वप्रथम स्थानीय तहलाई सरकारको रूपमा स्वीकार गर्न र सोअनुसार क्रियाशील रहन सम्बद्ध सबै पक्ष तयार रहनु पर्दछ। अझै पनि कैयौं जानकारहरूको केन्द्रीकृत मानसिकता छँदैछ। आफूसँग सम्बन्धित केन्द्रीय निकायको अधिकार सकभर केन्द्रमै राख्ने सोचाई अहिले पनि विद्यमान छ।

नगरपालिकाको सङ्ख्याको आधारमा नेपाल दक्षिण एशियामै नगरबासीको सङ्ख्या बढी भएको मुलुकमा पर्दछ। तर विगतका नगरपालिकाको आर्थिक स्रोतको कुरा गर्ने हो भने करिब ३० प्रतिशतमात्रै स्थानीय स्रोत जुटाउन सकेको र अरु सबै केन्द्रको अनुदान तथा सहयोगबाट चल्नुपर्ने अवस्था रहेको थियो। अहिले पनि अधिकांश गाउँपालिका र नगरपालिकाको स्थानीय आर्थिक स्रोत कमजोर रहेको स्पष्टै छ। तत्काल स्थानीय स्रोतको निर्माण गरिहाल्न सजिलो छैन भने अत्यधिक कार्यभारलाई कार्यान्वयन गर्नका लागि ठूलो आर्थिक स्रोतको जरुरी छ।

कतिपय विकट जिल्लाहरूमा त न्यूनतम मापदण्ड पूरा नभएका स्थानमा पनि नगरपालिका घोषणा गरिएका छन्। कतिपय जिल्लाका केही नगरपालिका भनिएका गाउँबस्तीमा त राम्रोसँग पैदल हिँड्न मिल्ने बाटोसमेत छैन। त्यसैगरी शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युतलगायतका आधारभूत सवालहरूमा पनि सुधार हुन सकेको छैन। कतिपय गाउँपालिकामा सरसफाइको न्यूनतम मापदण्ड पूरा नहुँदै हतारमा *'खुला दिसामुक्त गाउँपालिका'* घोषणा गरिएका छन् (शिवाकोटी, २०७३)।

जनप्रतिनिधिहरूलाई भौतिक पूर्वाधारका क्षेत्रमा सुधार गर्न अत्यन्त कठिनाइ हुने अवस्था छ। अधिकांश गाउँपालिकाका कार्यालयहरू हिजोको गाउँविकास समितिको भवनमा हाललाई जेनतेन गुजारा गरेको अवस्था छ भने कतिपय गाउँपालिका र नगरपालिकाका कार्यालय भाडामा जेनतेन सञ्चालित भइरहेका छन्।

घटना-अध्ययन :

### तुलसीपुरको बजेट रु एक अर्ब १८ करोड

दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७४/७५ का लागि रु. १ अर्ब १७ करोड ८६ लाख ९६ हजार ३९७ को बजेट सार्वजनिक गरेको छ। पुँजीगत विकास, नगर र वडास्तरीय पूर्वाधार विकास र अन्य विकास कार्यक्रमका लागि रु. १ अर्ब ८ करोड ६५ लाख ३४ हजार ५६८ र चालु खर्चअन्तर्गत तलब, भत्ता, कार्यालय सञ्चालनका लागि रु. ९ करोड ८१ लाख ६१ हजार ८८२ गरेर कूल रु. १ अर्ब १७ करोड ८६ लाख ९६ हजार ३९७ को बजेट उपप्रमुख माया आचार्यले कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नुभएको छ। उपमहानगरपालिकाले प्रत्येक वडामा रु. १ करोड, बाढी प्रभावित क्षेत्रमा रु. ३ करोड, विद्यालय शिक्षा सुधार कार्यक्रमका लागि रु. १९ करोड, प्राविधिक शिक्षा सञ्चालन गर्ने कलेजलाई रु. १० लाख अनुदान, बसपार्कलाई यो आ.व.भित्र सञ्चालन गर्न रु. ९ करोड बजेट विनियोजन गरिएको छ।

नगर प्रमुख घनश्याम पाण्डेले गत आ.व.मा भन्दा यो वर्षको बजेट चार गुणा बढी रहेको बताउनुभयो। प्रशासनिक खर्च २५ प्रतिशतभन्दा बढी राख्न सकिने प्रावधान भए पनि १० प्रतिशतभन्दा कम रहेकाले विकासतर्फ धेरै बजेट परेको पनि पाण्डेले बताउनुभयो। विनियोजन भएको बजेटमा पूर्वाधार विकास, शिक्षा सुधार, स्वास्थ्य, पर्यटन र कृषिलाई प्राथमिकता दिइनुका साथै बाढीपीडितका समस्या दीर्घकालीन रुपमा समाधान गर्ने कार्यक्रमलाई पनि समावेश गरिएको छ।
(स्रोत : गोरखापत्र/रासस, २०७४ भदौ १३ गते, संयोजन : 'हरित')

अधिकांश गाउँपालिका र नगरपालिकाका वडा कार्यालय नै छैनन्। सुरुमा भाडामा कार्यालय व्यवस्थित गर्नका लागि नै ठूलै मेहनत गर्नुपर्ने अवस्था छ । लामो समयदेखि गाउँविकास समितिका सचिवहरूले एकछत्र भोलामा र जिल्ला सदरमुकाममा चलाई आएका गाविस कार्यालयलाई सम्बन्धित स्थलमै व्यवस्थापन गर्न पनि मेहनत गर्नुपर्ने छ। स्थानीय इच्छा र आवश्यकता असीमित छन् । तर, साधन-स्रोत सीमित छन् । जसले जे-जस्तो आदर्श छाँटे पनि पर्याप्त आर्थिक स्रोतको नितान्त जरुरी हुन्छ ।

अहिले केन्द्रबाट स्थानीय सरकारहरूलाई वितरण गरेको बजेट अत्यन्त न्यून देखिन्छ । यसमा स्थानीय तहको यथार्थपरक र तुलनात्मक अध्ययनका आधारमा केन्द्रबाट पठाउने बजेटको परिमाण अझै बढाउनेतर्फ ध्यान दिन जरुरी देखिन्छ । जे होस् प्राप्त विशाल अवसरहरूको सही सदुपयोग गर्दै हाल विद्यमान एवम् आइपर्ने हरेक चुनौतीहरूको सामना गर्न सकेमा साँचो अर्थमा सङ्घीय संरचनामा अधिकारसम्पन्न स्थानीय सरकारको व्यवस्था गरेको विषयले सार्थकता पाउने छ । यी सबै कार्यमा स्थानीय जनताको सक्रिय सहभागिता गराउनेतर्फ सबैको विशेष पहल हुनुपर्छ । जनसहभागिताविनाको स्थानीय सरकार दिगो हुने छैन । समयमै सबैको ध्यान पुगोस् !

### सन्दर्भ-सामग्रीहरू :


- बोगटी, गोरख (२०७४), जनप्रतिनिधिका चुनौती र अवसर, ***अन्नपूर्ण पोस्ट,*** २०७४ जेठ २९, काठमाडौं । लिंक : http://annapurnapost.com/news/73002
- बोगटी, गोरख (२०७३), अधोगतितर्फ धकेलिँदै मुलुक, **राजधानी दैनिक,** लिंक: http://rajdhanidaily.com/2016/12/15/24674/
- मदन भण्डारी फाउन्डेसन (२०७४), **आजको दिशाबोध** (मुखपत्र), काठमाडौं ।
- नेपाल सरकार (२०७२), **नेपालको संविधान,** काठमाडौं ।
- नेपाल सरकार (२०७४), **सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**को वेबसाइट (विभिन्न मितिमा प्रयोग), लिंक: www.mofald.gov.np
- शिवाकोटी, भोला (२०७३), ग्रामीण क्षेत्रमा जनसहभागीमूलक सरसफाइ अभियान : केही व्यावहारिक अनुभव, ***सहभागिता*** पूर्णाङ्क ५० (स्वर्णाङ्क), नेपाल सहभागीमूलक कार्यसमूह (नेपान), काठमाडौं ।


*(लेखक बोगटी हुम्ला जिल्लाका पूर्वसांसद हुनुहुन्छ र हाल नेपान सदस्य हुनुहुन्छ । राजनीति र स्थानीय विकास विषयमा उहाँ नियमित रूपमा कलम चलाउने गर्नुहुन्छ ।)*
*E-mail: gbogati@gmail.com*

## धर्तीको गुहार !

सीता भण्डारी कँडेल



हराभरा पृथ्वी बनी
मलाई दीर्घ जीवन अझै बाँच्ने मन छ
स्वस्थ र स्वच्छ भएर
भौगोलिक सुन्दरताले सजिएर
धरा जीवन कालान्तरसम्म साँच्ने मन छ

हे मानव,
गाऊ धर्तीको गीत
लाऊ धर्तीसँग प्रीत
किनकि,
म स्वच्छ भए तिमी स्वस्थ बन्नेछौ
म सफा र स्निग्ध भए
तिमी अझै लामो आयु जिउने छौ
तिम्रो र मेरो सम्बन्ध अटूट छ
तिम्रो र मेरो सम्बन्ध अचूक छ !

मलाई स्वस्थ राख्न तिमी नै तात्तिनु पर्छ
मलाई स्वच्छ राख्न तिमी नै आत्तिनु पर्छ
तिमीले मलाई जस्तो बनाउँछौ
तिमी त्यसैभित्र रमाउँछौ
तिमीले मलाई जसरी सजाउँछौ
परिणाम त्यस्तै नै पाउँछौ
त्यसैले तिमी रुख रोप, 'हरित' म बन्छु
तिमीले माटो जोगाऔ, म खुसीले रम्छु
तब नयन तिम्रा पनि चम्किला बन्नेछन्
तिम्रा लालाबाला सधैं सँगसँगै हुनेछन्
रुख बढाऊ, मजबुत जराले
म धर्ती अझै बलियो बन्नेछु
हराभरा प्रकृति देखेर
आँधी-हुरी आफैं टाढा भाग्ने छन्
तिमीले सर्वत्र फोहोर फ्याँक्दा
धुवा र धुलो फैलाउँदा
म प्रदूषित बन्नेछु
त्यही असर तिमीले नै भोग्नु पर्नेछ
नत्र, तिम्रो जीवन सङ्कटमा पर्नेछ !

त्यसैले,
मेरो बिन्ती छ-
हे मानव, तिमी सचेत बन !
तिमीले मलाई जति साथ दिन्छौ
म तिमीलाई त्यति नै साथ दिनेछु !
हे मानव, आऊ हातमा हात मिलाउँदै
आऊ रमणीय धर्तीका सुमधुर गीत गाउँदै !

*गुल्मी, हाल: शङ्खमूल, नयाँबानेश्वर, काठमाडौं-३२,*
*E-mail: sitakandel2051@gmail.com*

# स्थानीय सरकारलाई कस्तो तालिम ?



अश्विन पुडासैनी

२०७४ साल साउन महिनाको दोस्रो हप्ता एक अन्तर्राष्ट्रिय गैससका मित्रले टेलिफोन गरेर भने 'नवनिर्वाचित स्थानीय तहका पदाधिकारीहरूलाई तालिम आयोजना गर्दैछौँ, सरको पनि केही सेसन राख्न पाए हुन्थ्यो ।  समय निकाल्न सकिन्छ कि सर ?'

'कुरो राम्रै लाग्यो, तर मैले तालिम दिने विषयवस्तु मिल्नु पनि पर्‍यो नि । सार्वजनिक विदाको दिनमा भए राम्रो । अरु समय त अफिसको कामले फुर्सद नै मिल्दैन । तैपनि तालिममै काम गर्ने हुँदा आफैँले पनि केही नयाँ कुरा सिक्न पाइने र आफ्नो संस्था (नेपाल बैंक लिमिटेड) को तालिममा पनि त्यसको उपयोग गर्न पाइने हुँदा राम्रै होला' मैले भनेँ । मैले थप जिज्ञासा राखेँ- 'तालिम दिने विषयचाहिँ के होला नि ?' 'क्षमता अभिबृद्धिसम्वन्धी हो सर, कुन कुन विषय राख्दा राम्रो हुन्छ, सरले नै यसो हेर्नु होला नि' उनले भने । 'तालिम आवश्यकता पहिचान गरिसक्नु भएको छ त ?' मैले थप कौतुहलता देखाएँ । उनले फेरि भने- 'छैन' । उनले थपे- 'तर आवश्यकता पूरा हुन्छन्, हामीले समन्वय गरेर गर्ने हो, त्यसैले त्यस्तो छुट्टै तालिम आवश्यकता पहिचान गर्न नपर्ला कि सर ।'

> मालो लाउन, ठालु बन्न, भत्ता खान, भोजभतेर गर्न वा अगुवा हुँ भन्दै मञ्चमा बस्न हामीले जितेको होइन । त्यसैले स्वयम्सेवीको रुपमा जनसेवा गर्ने प्रतिवद्धता भएको आफ्नो प्रतिनिधि, आफ्नो अविभावक, भावनात्मक सुरक्षा र आत्मविश्वास बढाउने (कन्फिडेस दिने) व्यक्तिको रुपमा काम गर्न आवश्यक ज्ञान, सीप र धारणात्मक विकास गर्ने खालका तालिम कार्यक्रम अबको नयाँ परिवेशमा हामीलाई आवश्यक हुन्छन् ।

**उपयोगी विषयको खोजी**

त्यो प्रस्तावपछि मैले आफूलाई सहज पनि हुने र जनप्रतिनिधिहरूलाई पनि आवश्यक तथा उपयोगी विषयवस्तुको छनौट गर्न थालेँ । ती विषयहरूको पुनरावलोकन (रिभिजन) का लागि पनि मैले छनौट गरेका केही विषयवस्तुहरू थिए -जनसम्पर्क, सञ्चार, नेतृत्वकला, जनशक्ति परिचालन, बैठक सञ्चालन र निर्णय लेखन, असल शासन, स्रोत परिचालन, जनप्रतिनिधितथा कर्मचारीबीच सम्बन्ध, अन्तरवैयक्तिक सम्बन्ध, कुटनीति, संवेग व्यवस्थापन, समुहकार्य, स्वव्यवस्थापन, समय व्यवस्थापन, तनाव व्यवस्थापन, व्यवस्थापकीय सीप, नेटवर्किङ्ग, प्रविधिको प्रयोग विकास र प्रवर्द्धन, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन, सेवाग्राही सम्बन्ध, उत्प्रेरणा, सामाजिक पुँजी परिचालन, योजनाका लागि नौकोठे तालिका, नागरिक बडापत्र तयारी, स्वयम्सेवीपन, सकारात्मक-सोच-आनीवानी र व्यवहार (एप्रिसियटिभ ईन्क्वाईरी), सिर्जनात्मक विचार विकास तथा कार्यान्वयन आदि

आदि । मैले यी विषयहरूको सूची बनाउँदा आफूलाई सहज हुने हिसाबले पनि हेरेँ ।

मैले छानेका यी विषयहरू नेपाल सहभागीमूलक कार्यसमुह




(नेपान)का वरिष्ठ तालिम विज्ञलाई फोनबाटै सुनाएँ । उहाँले भन्नुभयो, 'तपाईंले आफूले सहजीकरण गर्ने हेतुले आफ्नो विज्ञताका हिसाबमा छानेका विषय त ठिकै हुन् तर हामी सहभागीमूलक विकास प्रक्रियामा विश्वास गर्नेले सहभागीमूलक प्रक्रियाबाट नै तालिम आवश्यकता पहिचान गर्नुपर्ने कर्तव्य होइन र ?' उहाँले थप सुझाउनुभयो, ' त्यसका लागि क्षमता अभिवृद्धिका बारेमा ३६० डिग्री मोडेलमा सबै सरोकारवालाहरूसँग जिज्ञासा राख्नोस् । जे जे विषय त्यहाँबाट पाउनुहुन्छ सोहीअनुसार आफ्नो विज्ञताका आधारमा सेसन तयार गर्नोस् ।'

उहाँको सुझावअनुसार नै ३६० डिग्री मोडेलमा द्रुत हिसाबले तालिम आवश्यकता पहिचान (टीएनए) गर्ने निधो गरेँ ।

## स्थानीय तह जनप्रतिनिधिहरूको आवश्यकता

पहिलो जिज्ञासा स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधि नगरपालिका प्रमुख अर्थात् मेयरसँग राखेँ । उत्साहित हुँदै भन्नुभयो- यो त साह्रै राम्रै कुरा हो । हामीलाई त संविधान, नियम-कानुनको बारेमा तालिम आवश्यक छ । संविधानले अधिकारसम्पन्न स्थानीय तह भनेको छ, त्यसैले न्यायिक, व्यवस्थापकीय काम हामीले जान्नुपर्‍यो । जिल्ला समन्वय समिति छ, प्रदेश सभा र सरकार छ, सङ्घीय सरकार छ, अझ संविधान, ऐन-कानुनमा लेखेकोले मात्रै हुँदैन, कसको के अधिकार हो । काम कर्तव्य र अधिकारका बारेमा स्थानीय तहका जनप्रतिनिधिहरूलाई राम्रो ज्ञान हुनुपर्‍यो । वन जंगल, ढुङ्गा गिट्टी बालुवा, प्राकृतिक स्रोत-साधनको उपयोग के कसरी गर्ने हो ? करसम्बन्धी के-कस्तो व्यवस्था हुनुपर्ने हो ? गाडी, घोडा, सवारी साधन आदिको प्रयोगसम्बन्धी कार्यविधि के कसरी बनाउनुपर्ने हो ? हामीलाई 'कार्यकारी' भनेको छ, गर्नचाँहि के के गर्ने हो ? आम्दानी नभई कसरी खर्च गर्ने हो ? स्रोत-साधन परिचालन कसरी गर्ने हो ? अहिले त हाम्रोमा दरबन्दीअनुसारका कर्मचारीहरू पनि छैनन् । भौतिक पूर्वाधार पनि छैनन् । सडकको पहुँच छैन । विद्यालयलगायतका सङ्घ-संस्थाहरूको कसरी व्यवस्थापन गर्ने हो ? यी सारा कुराहरूको बारेमा हामीलाई सिक्नुपर्ने छ ।

उहाँले अगाडि भन्नुभयो– पहिले टिकटको निधो गर्न लागियो । टिकट मिल्यो । चुनाव लाग्यो । निर्वाचित पनि भइयो । अहिले वर्षा लागिसक्यो । के गर्ने के नगर्ने अन्यौलमा पो छौँ । म त यसभन्दा अगाडि पनि स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि थिएँ, मेरो त यस्तो अवस्था छ भने अरुको के हालत होला ? दुर्गम विकटका जनप्रतिनिधिहरूको हालत अझ के होला ? त्यसैले तालिम मात्रै भएर पनि पुग्दैन है । स्रोत-साधन पनि चाहिन्छ ।

## पूर्व जनप्रतिनिधिको अनुभवमा नयाँ तालिम आवश्यकता

नवनिर्वाचित प्रमुखसँगको कुराकानीपछि मैले पूर्व जनप्रतिनिधिसँग जिज्ञासा राखेँ । उहाँले भन्नुभयो– निर्वाचित प्रतिनिधिहरूले आफू र आफूलाई निर्वाचित गराउने जनताबीचको भावनात्मक सम्बन्धको बारेमा जान्नु, बुझ्नु, मनन् गर्नु र व्यवहार गर्नु जरुरी छ ।

माला लाउन, ठालु बन्न, भत्ता खान, भोजभतेर गर्न वा अगुवा हुँ भन्दै मञ्चमा बस्न हामीले जितेको होइन । त्यसैले स्वयम्सेवीको रुपमा जनसेवा गर्ने प्रतिवद्धता भएको आफ्नो प्रतिनिधि, आफ्नो अविभावक, भावनात्मक सुरक्षा र आत्मविश्वास बढाउने (कन्फिडेस दिने) व्यक्तिको रुपमा काम गर्न आवश्यक ज्ञान, सीप र धारणात्मक विकास गर्ने खालका तालिम कार्यक्रम अबको नयाँ परिवेशमा हामीलाई आवश्यक हुन्छन् ।

उहाँको थप भनाइ थियो– चाहे त्यो सरकारले गरोस्, गैरसरकारी संस्था वा दाता (डोनर) जसले गरे पनि कुरा यही हो । जहाँसम्म व्यवस्थापकीय सीपको प्रश्न छ, यो त प्रत्येक निर्वाचित पदाधिकारीलाई आवश्यक हुन्छ । कर्मचारीहरू भनेका हातगोडा, शरीरका अङ्ग घाँटी, नाक, कान, आँखाजस्तै हुन् । जनप्रतिनिधिहरू त टाउको मात्रै हुन् । त्यसैले जनप्रतिनिधि फरक र कर्मचारी फरक ग्रहका हुन् भन्ने कुरा हामीले हटाउनुपर्छ । दुवैले जनताको सेवा गर्ने हो । कर्मचारीले र जनप्रतिनिधिले एउटै प्रणालीमा बसेर काम गर्ने हो ।

उहाँले धाराप्रवाहरूपमा अझ अगाडि थप्नुभयो– जनप्रतिनिधिहरूलाई नियम, कानुन, विकास, निर्माण, योजना, बजेट, कार्यालय सञ्चालनका आधारभूत तालिम त आवश्यक पर्छ नै त्योभन्दा ठूलो मानवीय पक्ष, मनोवृत्ति र एक पार्टीको मात्रै होइन सबैको साझा प्रतिनिधि हुँ भन्ने भावना सिर्जना गर्ने खालका प्रशिक्षणहरू दिनुपर्छ । एक-दुई पटक होइन बारम्बार दिनुपर्छ ।

## तालिमप्रति माननीय सांसदहरूको धारणा

यसै सन्दर्भमा व्यक्तिगत चिनजानका अर्का माननीय सांसदसँग जिज्ञासा राखेँ । उहाँले पहिले त जनप्रतिनिधिहरूलाई 'तालिम

दिने' भन्ने कुरा नै जनप्रतिनिधिहरूले मन पराउँदैनन् भन्नुभयो । मैले भनें, 'के कारण ?' उहाँले खुलेर भन्नुभयो, 'सिक्न चाहन्छन्, तर तालिम नै नभनी, छलफल, कार्यशाला, गोष्ठी, अनुशिक्षण, अन्तर्क्रिया, सेमिनार, अभिमुखीकरण वा समूह छलफल, अवलोकन भ्रमण वा केही अरु कुरा भन्दै सिकाउनुपर्छ है, तालिम दिने भन्ने कुरा जनप्रतिनिधिहरूले त्यति रुचाउँदैनन् ।

मैले फेरि सोधें, 'ठिकै छ नि सिकाउनुपर्ने कुराचाहिँ के होलान् त ? शान्त भावमा जान्न चाहें । उनले थपे- संस्था -संस्थाबीचका विषयवस्तु फरक छन् । प्राकृतिक स्रोत-साधन परिचालन, न्यायिक कार्य, लैंगिक सवाल (जेन्डर), मानवअधिकार तथा विकास, भौतिक पूर्वाधार, योजना तर्जुमा, जलवायु परिवर्तन, समावेशिता, सामाजिक परिचालन, कम्प्युटर, सहरी विकास, सरसफाइ, स्वास्थ्य, ऊर्जा व्यवस्थापन, व्यवस्थापकीय सीप, कार्यालय सञ्चालन तथा कर्मचारी परिचालन आदि आदि । उहाँले यस्ता तालिमहरूमा धैरै सङ्घसंस्थाले आफूसँग पनि सम्पर्क गरी तालिम कार्यक्रमहरू तयार गरेको र तेस्रो चरण (प्रदेश २) को निर्वाचन सम्पन्न भएपछि राजनीतिक पार्टीहरू, विभिन्न मन्त्रालयहरू, गैसस/अगैसस, दातृ निकायहरू र निजी क्षेत्रको साझेदारीमा समेत व्यापकरूपमा यस्ता तालिम तथा प्रशिक्षण कार्यक्रमहरू आयोजना गर्ने तयारी रहेको जानकारीसमेत मैले पाएँ ।

## पूर्वमन्त्रीको भोगाइ, सिकाइ र अनुभवहरू साट्ने उत्साह



यसै सन्दर्भमा एक प्राज्ञिक पूर्वमन्त्रीसँग पनि मेरो कुरा भयो । उहाँले उत्साहपूर्वक तालिम आवश्यकता पहिचानको ढाँचामा आफ्ना भोगाइ राख्दै भन्नुभयो– हामीले समावेशी समाजवाद-उन्मुख सङ्घीय गणतान्त्रिक व्यवस्थाको दर्शनको सिद्धान्तको आधारमा संविधान बनायौं । अहिले त्यसको कार्यान्वयनको चरणमा छौं । त्यसको कार्यान्वयन गर्ने आधारभूत तह नै स्थानीय तह हो । आधिकारिक निकायले आफ्नो काम कर्तव्य, दायित्व कसरी निर्वाह गर्ने हो ? सो सम्बन्धमा निर्वाचित पदाधिकारीहरूलाई स्पष्ट ज्ञान हुनुपर्छ । जनताका मौलिक हकको कार्यान्वयन गर्ने, संविधानको अनुसूचीमा भएका व्यवस्थाअनुसार किटान गरिएका वित्त आयोग र प्राकृतिक स्रोत व्यवस्थापनजस्ता कुराहरूमा अझै स्पष्टता र राजस्व तथा ऋण लिन पाउने अधिकारका विषयहरूमा निश्चित व्यवस्था भइनसकेको औंल्याउँदै त्यसको विधि र प्रक्रियाहरूको टुङ्गो लगाउन बाँकी रहेकाले सबै जनप्रतिनिधिहरूलाई सघन प्रशिक्षणको व्यवस्था आवश्यक भएकोले जोसुकैको सक्रियतामा भएता पनि यो राम्रो हुने बताउनुभयो । साथै उहाँले आफूले पनि आफ्नो भोगाइ र सिकाइका अनुभवहरू साटासाट गर्न काठमाडौंमा चल्ने तालिमहरूमा केही सेसन लिन चाहेको इच्छा व्यक्त गर्नुभयो ।

उहाँले मलाई अझ प्रोत्साहन गर्दै भन्नुभयो, 'हाम्रा बुद्धिजीवीहरू, प्रशिक्षकहरू, तथा विज्ञहरू नितान्त सैद्धान्तिक र किताबी ज्ञानका कुरा मात्र पढाउँछन् । तपाईंले आफ्नो सेसनको लागि सबै प्रमुख 'स्टेकहोल्डर'सँग सोध्नुभयो, आवश्यकता पहिचान गर्नुभयो, यो धेरै राम्रो कुरा हो ।

## सचिवको कौतुहलता

नेपाल सरकारका सचिवसँग तालिमको आवश्यकता पहिचानको सन्दर्भमा जिज्ञासा राख्दा कौतुहलताका साथ स्थानीय विकास तथा संघीय मामिला मन्त्रालयले विभिन्न विषयमा पाठ्यसामग्रीहरू तयार गरिएको जानकारी दिँदै आवश्यक सामग्री उपलब्ध हुने बताउनुभयो । तालुकदार मन्त्रालय भएकोले पनि संविधान, ऐन, कानुन, नियमावली, निर्देशिका, कार्यविधि, लेखा-प्रणाली, निकासा तथा भुक्तानीसम्बन्धी व्यवस्था, क्षेत्राधिकार, स्थानीय विकासका सवालमा जनसहभागिता, पारदर्शिता, जनउत्तरदायित्व, सुशासन, स्रोत परिचालन तथा बाँडफाँड, योजना तथा बजेट तर्जुमा, आर्थिक अनुशासन, स्थानीय तहको क्षेत्राधिकार, अन्य संवैधानिक आयोगहरू र सरकारी निकायसँगको समन्वय तथा जवाफदेहिता, सार्वजनिक लेखाजोखा, सूचना प्रणाली, नागरिक वडापत्र आदि विषयहरूको स्रोत केन्द्रको रूपमा विभिन्न क्षेत्रगत, विषयगत, तहगत, निकायगत सबैजसो विषयहरूमा सरकारी तवरमा आवश्यक सामग्रीहरू रहेको र गैरसरकारी सङ्घसंस्था, गैसस, अगैसस र निजीक्षेत्रहरूसमेतले आफूखुसी स्वच्छन्दरूपमा नभई सम्बन्धित निकायसँग समन्वय गरी तालिम तथा अन्य कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने औंल्याउनुभयो ।

समन्वयात्मक कुरा नै प्राथमिकतामा रहेको बताउँदै उहाँले आफूले तालिम सामग्रीहरू उपलब्ध गराउने आश्वासनसमेत दिनुभयो । उहाँको मूल चासो थियो : कुन कुन संस्था हुन् आफूखुसी तालिम सञ्चालन गर्ने ??

## मतादाताका कुरो र 'सक्रिय जनसहभागिता'को चुरो

तालिम आवश्यकता पहिचान गर्ने क्रममा मतदाता एवं सेवाग्राही जसले आफ्ना जनप्रतिनिधिहरूबाट सन्तुष्टि प्राप्त गर्न गरेको अपेक्षासहित के-कस्तो सिकाइ सिकून् भन्ने चाहन्छन् भनी केही

मतदाताहरू (स्थानीय समुदायका व्यक्तिहरू) सँग पनि मैले कुराकानी गरेको थिएँ ।

उहाँहरूको एकैस्वरको भनाइ थियो- 'हिजो घरघरमा मत माग्न आउँदा जनतासँग रोइकराई गर्दै विन्तीभाउ र नमस्कार गर्नेहरूले आफूले गरेका बाचाहरू, प्रतिबद्धताहरू, घोषणाहरू पूरा गर्न इमानदार, प्रतिबद्ध, पारदर्शी, आर्थिक अनुशासनपालन, लगनशीलता, सकारात्मक सोच एवं व्यवहारका साथ काम गर्नुपर्छ । हिजो निर्वाचनअघि जस्तै जनताप्रति जवाफदेही भई सक्रिय जनसहभागिताको लागि निरन्तर अन्तर्क्रिया, छलफल गरेर जनतालाई सुनेर, हेरेर, छामेर जनताकै लागि नियम-कानुन बनाएर, काम गर्न विकास-निर्माण गर्न आर्थिक स्रोत एवं जनपरिचालन गर्न आवश्यक ज्ञान, सीप र कौशल हासिल गर्ने विषयमा तालिम दिनुहोस् । बीस वर्षपछि बल्लबल्ल हामीले जनप्रतिनिधि पाएका छौँ, हाम्रा प्रतिनिधिहरूलाई बाँकी हाम्रै बुद्धि, विवेक र अनुभवले सिकाउँला नि !'

मेरो तालिम आवश्यकता पहिचानको सन्दर्भ यहीँ बन्द गरेँ । अनि लागेँ त्यसैअनुसार तालिम सेसनहरू डिजाइन र प्रशिक्षण गर्न । काम जारी छ !

---

*लेखक नेपानका आजीवन सदस्य हुनुहुन्छ र हाल नेपाल बैंक लिमिटेड केन्द्रीय कार्यालयमा तालिम तथा विकास विभागका प्रबन्धक हुनुहुन्छ ।*
*E-mail: ashbinkumar@yahoo.com*

# म पनि नेपाल आइडल हुँ

**बिर्ख क्रान्ति**



हिजोका भुरा मात्रै किन नेपाल आइडल ?
म भन्छु विश्वकै नं.१ नेपाल आइडल हुँ ।
किनकि,
अमेरिकन र इन्डियन आइडलभन्दा फरक,
नयाँ विशेषताको शक्तिशाली आइडल हुँ ।

हो, म शक्तिशाली आइडल हुँ ।
किनकि,
जब म सडकमा निस्कन्छु,
सास जानै लागेको बिरामी बाहक एम्बुलेन्स पनि,
टक्क त्यहीं रोकिन्छ ।
जब पशुपति पुग्छु,
पुजारीहरु पनि फरक्क मैपट्टि फर्किन्छन् ।
जब पुराणवाचनमा पुग्छु,
पण्डितहरु पनि मेरै प्रवचनमा मख्ख पर्छन् ।
जब रंगशाला पुग्छु,
पेलेहरु पनि एकटकले मेरै खेल हेर्न लाग्छन् ।

जब वैज्ञानिकहरुको तर्कसभामा पुग्छु,
उनीहरु पनि सास रोकेर मेरै सिद्धान्त सुन्न लाग्छन् ।
अरु त अरु,
जब बुद्धले मेरो बारेमा सुन्छन्,
उनी पनि मेरै हस्ताक्षर भएको नागरिकता लिन आउँछन् ।

अस्ति भर्खरै त हो,
तिमीले पनि देख्यौ होला सोल्टी !
आफ्ना पुजारीहरु,
बाग्मतीमा दाहसंस्कारको बत्ती जस्तो बगिरहँदा पनि,
छिमेकीको प्रेममा डुब्दै,
सिंहासनमा शवासन गरेर मुस्काइरहन सक्ने,
वैराग्य प्राप्त आइडल हुँ म ।
फेरि तिनै पुजारीहरुको नाम जप्दै,
नयाँ राज्यको खोजीमा कुन्युमा आगो लगाउने,
अनि तिनै मान्छेहरु बाढीमा बग्दा पनि,
आनन्दको सास फेर्नसक्ने,
सिद्धबाबाहरुद्वारा घेरिएको शक्तिशाली आइडल हुँ म ।

दोलखा

**नेपान सदस्यहरू**

**डा. विष्णुराज उप्रेती, डा. चण्डी प्र. चापागाईं, डा. कमल फुयाल, डा. नरविक्रम थापा, डा. नानीराम सुवेदी, डा. कृष्णबाबु जोशी, गम्भीरबहादुर हाडा, बुद्धि तामाङ, प्रज्ज्वल चापागाईं, एविन्द्र प्र. न्यौपाने, चेतनाथ कणेल, भोला भट्टराई, रमेशकुमार खड्काका पुस्तकहरू खोजी खोजी पढौं ।**

# स्थानीय तहमा प्रारम्भिक बाल विकास कार्यक्रम तथा व्यवस्थापनका सवालहरू



मीनाक्षी दाहाल

प्रारम्भिक बाल विकास मानव विकासकै आधारशीला हो । मानव जीवनको पहिलो आठ वर्ष उनीहरूको दिमागको विकासको हिसावले अति नै संवेदनशील हुन्छ । वैज्ञानिक योङ्गका अनुसार, जीवनको पहिलो ३ वर्षमा बालबालिकाको ८० प्रतिशत दिमागको विकास भइसकेको हुन्छ। यस समयमा तीव्र गतिमा दिमागको विकास हुने भएकोले पहिलो ८ वर्षमा बालबालिकामा जति लगानी गरिन्छ त्यसको प्रतिफल धेरै हुन्छ भनेर अर्का वैज्ञानिक इभान्स र उनका साथीहरूले एक प्रतिवेदनमा उल्लेख गरेका छन् ।

> संविधानको धारा ३९ मा उल्लिखित प्रारम्भिक बाल विकासको अधिकार सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय सरकारलाई दिइएको छ । तसर्थ अबको स्थानीय सरकारमा प्रारम्भिक बाल विकासका लागि आवश्यक सबै कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको अधिकार प्रत्यायोजित भएको छ ।

बालबालिकाले प्रारम्भिक उमेरमा पाउने सर्वाङ्गीण विकासको अवसरले उनीहरूको पूर्ण क्षमताको विकास गर्न, स्वस्थ, सफल, सक्षम र उत्पादनशील नागरिकको विकास हुन्छ। त्यसैले संसारका धेरै मुलुकहरूले केही वर्ष यतादेखि प्रारम्भिक बाल विकासमा लगानी वढाएको पाइएको छ। साथै ती देशहरूले यसको प्रतिफल पनि ७ देखि १७ प्रतिशतसम्म प्राप्त गरेको विभिन्न अध्ययन-अनुसन्धानका प्रतिवेदनहरूबाट सार्वजनिक भइरहेको छन्। हाम्रो सन्दर्भमा हेर्ने हो भने प्रारम्भिक बाल विकासलाई अझै पनि विद्यालय शिक्षाको तयारीको रूपमा मात्र बुझ्ने गरिन्छ।

अहिले प्रारम्भिक बाल विकास कार्यक्रमले बालबालिकाको समग्र विकासको भन्दा पनि स्वास्थ्य, पोषण तथा शिक्षाको क्षेत्रमा विशेष महत्व दिएको पाइन्छ। स्वास्थ्य र पोषणको क्षेत्रमा सुनौलो हजार दिन तथा बहुपक्षीय पोषण कार्यक्रममार्फत् कार्यहरू भैरहेका छन् भने शिक्षाको क्षेत्रमा बाल विकास केन्द्रहरू सञ्चालन भएका छन्। यसरी क्षेत्रगत रूपमा कार्यक्रमहरू भएता पनि सर्वाङ्गीण बाल विकासका लागि एकीकृत रूपमा अझै अपेक्षित मात्रामा कार्यहरू हुन सकेका छैनन्। शिक्षा, स्वास्थ्य, स्थानीय विकास, कृषि तथा श्रम, रोजगारजस्ता सबै निकायहरूसँग प्रत्यक्ष सम्वन्धित रहेको प्रारम्भिक बाल विकास सबै निकायको एकीकृत पहल भएमा मात्र सबै वर्ग, क्षेत्र र अवस्थाका बालबालिकाको लागि विकासको अवसर प्राप्त हुने हुन्छ।

हाल बदलिँदो राजनैतिक परिवेशमा स्थानीय निकायको संरचनामा परिवर्तन भएसँगै नयाँ ढाँचाअनुसारको स्थानीय तहमा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका गठित भएका छन् । नयाँ संविधान २०७२ ले गरेको व्यवस्थाअनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकार पुरानो स्थानीय निकायको भन्दा व्यापक बनाइएको छ । अर्थात् स्थानीय सरकारलाई जनताहरूका लागि प्रत्यक्ष सेवा र राहत पुग्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ । जसअनुसार संविधानको धारा ३९ मा उल्लिखित प्रारम्भिक बाल विकासको अधिकार सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय सरकारलाई दिइएको छ । तसर्थ अबको स्थानीय सरकारमा प्रारम्भिक बाल विकासका लागि आवश्यक सबै कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको अधिकार प्रत्यायोजित भएको छ ।

## प्रारम्भिक बाल विकासका कार्यक्रमहरू

प्रारम्भिक बाल विकासको कार्यक्रमलाई विद्यालय शिक्षाको आधारको रूपमा मात्र हेरिनु हुन्न । यसो गर्दा बाल विकास केन्द्र एउटा कार्यक्रम रहन्छ यद्यपि बालबालिकाको सर्वाङ्गीण विकासका लागि अन्य धेरै कार्यक्रमहरूको आवश्यकता पर्दछ । सर्वाङ्गीण विकास भन्नाले बालबालिकाको गर्भावस्थादेखि ८ वर्ष सम्मको उमेरमा हुने शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास पक्रियालाई बुझाउँछ ।

कुनै पनि बालबालिकाको स्वास्थ्य, सुरक्षित भएर हुर्कन पाउनु, आत्मसम्मान र स्वपहिचानको वातावरण पाउनु, नयाँ कुरा सिक्न र खोज गर्ने अवसरहरू पाउनु नै सर्वाङ्गीण विकासको अवसर हुनु हो । साथै सर्वाङ्गीण विकासका लागि बालबालिकाको हक-अधिकार सुनिश्चित गर्दै राज्यले उनीहरूको पूर्ण क्षमताको विकास हुने अवसरको प्रत्याभूति दिनु पर्दछ । यसका लागि हाल सञ्चालन भइरहेका परिवार सहयोगी विविध कार्यक्रमहरूसँग समन्वय र समायोजन गर्दै एकीकृत रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । जो निम्नानुसार छन् :

### क) स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रम : अवस्था विश्लेषण

हाल सञ्चालित स्वास्थ्य, पोषण, विकास तथा शिक्षाका कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन स्थानीय सरकारले सबैभन्दा पहिले त स्थानीय तहमा अवस्था विश्लेषण गर्नुपर्दछ । जसबाट हाल सञ्चालन भइरहेका कार्यक्रमको बारेमा पूर्ण जानकारी हुनुका साथै यस्ता कार्यक्रमबाट लाभान्वित वर्ग र साँच्चै नै कार्यक्रमले लक्षित गरेका र पछाडि पारिएका वर्गलाई सहयोग गरेको छ वा छैन जानकारी प्राप्त हुन्छ । साथै कार्यक्रमको सबल पक्ष तथा सुधार गनुपर्ने भए सो सम्बन्धमा पनि जानकारी हुने हुनाले यसबाट भावी योजना निर्माणका लागि आधार पनि तयार हुन्छन् ।

### ख) बाल विकास तथा शिक्षाका कार्यक्रम

हाल बाल विकास तथा शिक्षाका विभिन्न कार्यक्रमहरू आफ्नो स्थानीय तहमा सञ्चालन भइरहेका छन् भने अब गर्नुपर्ने केही उल्लेख्य कार्यक्रमका बारेमा तल छलफल गरिएको छ :

*अभिभावक सचेतना कार्यक्रम :* बालबालिका सबैको सरोकारको विषय भएकोले बालबालिकाको विषयमा सबैलाई जानकारी गराउने र सचेतना शिक्षा दिनु पर्दछ । सर्वाङ्गीण बाल विकासको लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नु अति जरुरी छ । यसबाट सबैमा समान बुझाइ हुन्छ र सोही अनुरूपको बालबालिकाको विकास र सिकाइका लागि वातावरण तयार गर्न अभिभावकको सहभागिता र सहयोग पनि रहन्छ ।

*बाल उत्प्रेरणा कार्यक्रम :* बालबालिकाको उमेरअनुसारको आवश्यकता फरक हुने हुनाले सोही अनुरूप कार्यक्रमहरू पनि फरकफरक हुन सक्दछन् । यसका लागि बाल उत्प्रेरणा कार्यक्रम एक महत्वपूर्ण कार्यक्रम हो ।

*घरमा आधारित बाल विकास कार्यक्रम तथा शिशु-स्याहार तथा विकास कार्यक्रम :* ३ वर्षभन्दा साना उमेरका बालबालिकाको लागि घरमा आधारित बाल विकास कार्यक्रम तथा शिशु-स्याहार तथा विकास कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ ।

*बाल विकास केन्द तथा प्रारम्भिक बालकक्षा :* ३ वर्ष पूरा भएका बालबालिकाका लागि बाल विकास केन्द्र तथा ४ वर्ष पुगेका बालबालिकाहरूको लागि विद्यालयस्थित प्रारम्भिक बाल कक्षामार्फत् विकास र सिकाइका क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ।

## प्रारम्भिक बाल कक्षा सञ्चालनका मुख्य समस्या र चुनौतीहरू

प्रारम्भिक बाल विकासका कार्यक्रमहरू अन्य विकासका विविध कार्यक्रमसँग समन्वय गर्दै सञ्चालन गर्नुपर्ने हुन्छ । हरेक क्रियाकलाप चाहे त्यो निर्माण होस् वा शिक्षा, उद्योग वा कृषि, बालबालिकाको सर्वाङ्गीण विकासको अधिकारलाई केन्द्रमा राखेर योजना निर्माण गर्न सकेमा यो दिगो र प्रभावकारी हुनुको साथै

यसले समावेशिता, गरिबी निवारण तथा समतामूलक समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्नेछ । हाम्रो परिप्रेक्ष्यमा प्रारम्भिक बाल विकासको कार्यक्रमलाई बालबालिकाको चौतर्फी विकासको अवसरको रुपमा स्थापित गर्न आवश्यक छ ।

शिक्षा ऐन आठौँ संशोधनले प्रारम्भिक बालकक्षालाई विद्यालय संरचनामा राखेपछि बाल विकास केन्द्र विद्यालय शिक्षाको आधारभूत तहको रूपमा समावेश भएको छ । यसबाट समुदायमा सञ्चालित दुईवर्षे बाल विकास केन्द्रहरू पनि विद्यालय संरचनामा समायोजन हुने हुँदा यस्ता केन्द्रहरू एक वर्षको विद्यालयपूर्व तयारी कक्षाको रूपमा मात्र सञ्चालन हुन सक्ने सम्भावना रहेको छ । साथै यसको व्यवस्थापन र सञ्चालनमा स्थानीय तहलाई अझ विशेष चुनौती थपिएको छ । यसभन्दा अगाडि समुदायमा आधारित बाल विकास केन्द्रहरू दुईवर्षे कार्यक्रमको रूपमा ३ देखि ५ वर्षका बालबालिकालाई लक्षित गरेर सञ्चालन गरिएको थियो भने विद्यालयमा आधारित बाल विकास कक्षाहरू एकवर्षे कार्यक्रमको रूपमा ४ वर्षका बालबालिकालाई लक्षित गरेर सञ्चालित थिए ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण गर्ने भनिएपछि बाल विकास कार्यक्रमको जिम्मेवारी पनि स्वतः स्थानीय तहमा नै आएको छ । केन्द्रीकृत प्रणालीबाट सङ्घीय संरचनामा जानुको एक महत्वपूर्ण पक्ष भनेको स्थानीय तहका हरेक वर्ग, पक्ष, जातजाति र समुदायमा अधिकारको सुनिश्चितता र समान अवसर प्राप्त गर्नु-गराउनु हो । यस अर्थमा स्थानीय तह आफ्नो क्षेत्रमा आवश्यक कार्यक्रमको प्रारूप तयार गर्न, योजना बनाउन र कार्यक्रम सञ्चालन गर्न स्वतन्त्र हुन्छन् । यसरी स्थानीयस्तरमा तयार गरिने कार्यक्रमले त्यस क्षेत्रका समुदायको आवश्यकतालाई सही रूपमा प्रतिबिम्बित गर्दछ र सोही अनुरूप कार्यक्रम निर्माण र सञ्चालन गरिन्छ, जसले गर्दा कार्यान्वयन प्रक्रियामा सुधार हुन्छ ।

प्रारम्भिक बाल विकासको औचित्य र महत्वलाई स्थानीय तहले आत्मसात गरेका खण्डमा बालबालिकाको सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्ने पर्याप्त अवसरहरू प्राप्त हुने कुरामा कुनै शङ्का छैन । तर पनि, कार्यक्रम सञ्चालनमा केही अन्योल तथा चुनौती भने थपिएका छन् । ती निम्नानुसार छन् :

**अवसरहरू :**

- स्थानीयस्तरमा बाल विकास कार्यक्रमको उपयुक्त योजना र प्रभावकारी कार्यान्वयन हुनेछ ।
- बालबालिकाको सर्वाङ्गीण विकासको सुनिश्चितता हुनेछ ।
- बालबालिकाको लागि एकीकृत कार्यक्रम बन्ने हुँदा कार्यक्रममा दोहोरोपना घट्ने र स्रोतको प्रभावकारी उपयोग हुने छ ।
- कार्यक्रममा एकरूपता हुने र सबै वर्ग, समुदायका बालबालिकामा बाल विकास कार्यक्रमको अवसर तथा पहुँच बढ्ने छ ।

**चुनौतीहरू :**

- स्थानीय तहमा बुझाइ, क्षमता र विश्वासको कमी हुन सक्ने हुनाले बाल विकास कार्यक्रमका लागि योजना निर्माण तथा कार्यक्रम कार्यान्वयनमा चुनौती हुन्छ ।
- स्थानीयस्तरमा अन्य विकासका थुप्रै कार्यक्रमहरूको आवश्यकता हुने हुनाले बाल विकास कार्यक्रमलाई कम प्राथमिकता दिइने सम्भावना हुन सक्छ ।
- स्थानीय तहको क्षमता अभिवृद्धि नगरी जिम्मेवारी दिइएमा कार्यक्रमको प्रभावकारितामा असर पर्ने हुन्छ ।
- सबैभन्दा प्रमुख चुनौती भन्नाले स्थानीय तहको मात्र होइन तीनवटै तहले प्रारम्भिक बाल विकास कार्यक्रमलाई 'दायित्व'को रूपमा भन्दा पनि महत्वपूर्ण 'लगानी'को रूपमा लिएमा मात्र कार्यक्रमको योजना निर्माण, कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमनमा प्रभावकारिता हुने हुनाले राज्य संरचनाको तीनवटै तह (सङ्घीय, प्रान्तीय र स्थानीय) सरकारको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

**निष्कर्ष :**

प्रारम्भिक बाल विकासलाई मानव विकासको पूर्वाधार मानी गर्भावस्थादेखि नै उनीहरूको सर्वाङ्गीण विकासको अवसर प्राप्त गर्ने वातावरण सिर्जना गर्नको लागि स्थानीयस्तरमा बाल विकासमैत्री तथा बालबालिकाकेन्द्रित कार्यक्रमहरूको व्यवस्थापन आजको आवश्यकता भएको छ । स्थानीय तहका सरकार र जनता सबैले ख्याल गर्नुपर्ने बेला हो यो !

*लेखिका दाहाल बालबालिका विषयकी अध्येता हुनुहुन्छ र हाल काठमाडौं विश्वविद्यालयबाट त्यसै विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ ।*
E-mail: mee07dhl@gmail.com

# स्थानीय सरकार, सम्भाव्य द्वन्द्व र समाधानका उपायहरू



डा. विष्णुराज उप्रेती

स्थानीय तहको निर्वाचनबाट नेपाल शान्ति सम्झौतामार्फत् १० वर्षे सशस्त्र द्वन्द्वको अन्त्य गरी शुरु भएको राजनीतिक रूपान्तरणको प्रक्रिया दोस्रो संविधानसभामार्फत् जारी भएको नेपालको संविधानको प्रावधान अनुरूप नयाँ चरणमा प्रवेश गरेको छ।

लामो समयसम्म जननिर्वाचित सरकार नहुँदा स्थानीय जनताले भोगेको पीडा र २०७२ वैशाखको महाभूकम्पको समयमा जनप्रतिनिधिको अभावमा जनताले झेल्नु परेका कठिनाइ, पीडा र नागरिकले आफ्नो प्रतिनिधि छान्न पाउने आधारभूत अधिकारबाट समेत बञ्चित हुनुपरेको अवस्थामा सम्पन्न भएको यो स्थानीय तहको निर्वाचनको व्यावहारिक औचित्य मात्र नभै यसको संवैधानिक महत्व पनि अधिक छ। अब यसैगरी अरु प्रदेश र केन्द्र तहका निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु राष्ट्रको प्रमुख कार्यसूची हो।

> नेपालको विगतको शासकीय शैलीको समीक्षा गर्दा तराईलाई रणनीतिक महत्वले हेरिए पनि सामाजिक-राजनीतिक रूपमा त्यहाँका आमनागरिकका सरोकारहरूको सम्बोधन गर्नुभन्दा सम्भ्रान्त वर्गका केही सामन्तहरूलाई केन्द्रका शासकहरूले आफ्ना घेराभित्र ल्याई उनीहरूमार्फत् नै शासन गर्ने रणनीति अख्तियार गरे।

### स्थानीय तहका सम्पन्न निर्वाचन र सन्देश

२०७४ सालका विभिन्न महिनामा सम्पन्न स्थानीय तहका निर्वाचनहरूको सफलताबाट नेपालमा संविधान र सङ्घीयताको कार्यान्वयनको साँच्चिकै सुरुआत भएको मात्र नभै स्थानीय तहमा विकास-निर्माणको कामले गति पाई आर्थिक समृद्धिको आधारको समेत शुभसंकेत मिलेको छ। अब स्थानीयस्तरमा सिर्जना भइरहेका र हुने विवाद समाधान र प्रदेश संरचना कार्यान्वयनलाई पनि सरल बनाउने छ। साथै स्थानीयस्तरमा उपलब्ध स्रोतको परिचालन र व्यवस्थापन प्रभावकारी हुने निश्चित छ।

एकैचोटि यति ठूलो सङ्ख्यामा महिलाहरू र दलितहरू शासकीय संरचनामा प्रत्यक्ष समावेश भएका छन्। साथै स्थानीय तहको निर्वाचनबाट प्राप्त अनुभव आउँदो प्रान्तीय र सङ्घीय निर्वाचनमा प्रयोग गर्न सकिने छ। खासगरी प्रदेश २ मा पहिलो र दोस्रो चरणमा पनि निर्वाचन सम्पन्न हुन नसकी किन तेस्रो चरणमा एक प्रदेशमा मात्र अलग्गै चुनाव गर्ने वातावरण बन्यो ? यसको गहिरोसँग विश्लेषण गर्नु जरुरी छ। किन हुन गयो चरम द्वन्द्व त्यहाँ ? केही विश्लेषण तल गरिन्छ।

## तराईको द्वन्द्व र परिणाम

आफ्नो इतिहासको कालखण्डमा कुनै पनि देश द्वन्द्व, हिंसा र तनावको एउटा चरणबाट गुज्रिएकै हुन्छ । देशमा यस्तो अवस्था आउनुमा शासकहरूको साधन स्रोत, सत्ता र शक्तिमाथि पहुँच र नियन्त्रणको अति महत्वाकाङ्क्षा, बाहिरी शक्तिको निहित स्वार्थ र आमनागरिकले महसुस गरेको अन्याय, अत्याचार र विभेद प्रमुख रहेको पाइएको छ ।

तराईको द्वन्द्वलाई पनि यसै सन्दर्भमा हेरिनु पर्दछ । नेपालको विगतको शासकीय शैलीको समीक्षा गर्दा तराईलाई रणनीतिक महत्वले हेरिए पनि सामाजिक-राजनीतिक रूपमा त्यहाँका आमनागरिकका सरोकारहरूको सम्बोधन गर्नुभन्दा सम्भ्रान्त वर्गका केही सामन्तहरूलाई केन्द्रका शासकहरूले आफ्ना घेराभित्र त्याई उनीहरूमार्फत् नै शासन गर्ने रणनीति अख्तियार गरे । परिणामत: उच्च वर्गका सीमित व्यक्तिहरूले केन्द्रका शासकहरूलाई खुसी पार्दै तराईका रैयाने जनतामाथि व्यापक शोषण, चरम दमन, अति विभेद गरी उत्पीडनमा राख्न सफल भएका थिए र त्यही वर्गले अहिले पनि विगतको त्यो अवस्था कायम राख्ने रणनीतिअनुरूप तराईमा अस्थिरता राखिराख्न सफल भएको छ ।

तराईका जनताहरू अहिले पनि एकातिर काठमाडौँका शासकहरू र शासनसत्ताको वरिपरि रहेका तराईकै सम्भ्रान्त र शोषक-सामन्तहरूको चरम शोषण, विभेद र बहिस्करणको मारमा परिरहेका छन् भने अर्कोतर्फ भारतीय शासकहरूको रणनीतिक स्वार्थमा पनि तराईकै शोषक-सामन्तहरूको माध्यमबाट दुरूपयोग गरिएका छन् । त्यसैले तराईमा हालसम्म कायम रहेको जमिनको अति असमान स्वामित्व र भूमिमा आधारित गहिरो शोषण, जातीय र लैंगिक विभेद, दाइजो, छुवाछूतजस्ता कुप्रथाको सम्बोधन कहिल्यै मधेसको नाममा गरिएको आन्दोलनको प्राथमिकतामा परेन । यो नै एउटा सशक्त प्रमाण हो तराईकै शोषक-सामन्तहरू त्यहाँ संरचनागतरूपमा कायम रहेको द्वन्द्वको सम्बोधन हैन आफ्ना एकलौटी वर्चस्व कायम गराउन हिंसा र द्वन्द्व कायम राख्न चाहन्छन् । अरु ६ प्रदेशमा सफलतापूर्वक चुनाव भइसक्दा पनि तराईमा चुनाव हुन नदिने र अल्झाइरहने रणनीति यसैको ज्वलन्त प्रमाण थियो ।

भारत तराईका शोषक-सामन्तहरूलाई नेपाललाई आफ्नो स्वार्थअनुकूल औजारको रूपमा सधैँ प्रयोग र परिचालन गरिरहेको छ । यो रणनीतिअन्तर्गत् उसले एकातर्फ सामाजिक सम्बन्ध, धर्म, जातीय बनावट, विवाहजस्ता संस्कार समान भएको तराईका



तस्बिर सौजन्य : चन्द्र महर्जन

जनताको मनोविज्ञानलाई दुरूपयोग गर्न त्यहीँका केही निर्वाचन हारेका वा अति महत्वाकाङ्क्षी व्यक्तिहरूलाई व्यापक प्रयोग गरी आम तराईबासीमा भ्रम छर्न सफल भएको छ भने अर्कोतर्फ आफ्ना स्वार्थमा प्रयोग गरिएका पात्रहरूलाई नेपालको राष्ट्रिय राजनीतिको केन्द्रविन्दुमा कायमै राख्न भारतले सबै (कुटनीतिक, राजनीतिक, आर्थिक र सामरिक) उपायहरूको प्रयोग गरिरहेको छ ।

यथार्थमा भारतीय पक्षबाट तराईका जनतालाई तटबन्ध निर्माण गरी डुबानमा पार्ने, नेपालीहरूको जग्गाजमिन र दशगजासमेत मिच्ने, डकैती, लुटपाट गर्ने भारतीय लुटेराहरूलाई संरक्षण दिने गरी दु:ख दिइरहेको छ । तर यी सवालहरूमा आन्दोलनका अगुवाहरूले भारतको हेपाहा प्रवृत्तिको कहिल्यै विरोध गरेको देखिएको छैन । किन ? यसको कारण उनीहरूले भारतको चाहनाअनुरूप प्रत्यक्ष वा परोक्षरूपमा काम गरिरहेकोले नै हो । यसका पछिल्ला उदाहरणहरूमा नेपालमा २०६४ देखि २०७३ सम्म भएका संविधान निर्माण र यसको कार्यन्वयनको सवालमा भारतले देखाएको व्यवहार र २०७२ असोजदेखि ५ महिनासम्म लगाएको नाकाबन्दी तथा संविधानको विरोधमा तराई आन्दोलनका स्वघोषित अगुवाहरू र विश्लेषकको आवरणमा देखिएका पेशेवर आलोचकहरूका क्रियाकलाप हुन् ।

तराईमा अस्थिरताको अर्को कारण नेपालका प्रमुख राजनीतिक पार्टीहरू र तिनका शीर्ष नेतृत्वको दृष्टिकोण र कार्यशैली हो । खासगरी शान्ति सम्झौतापछि नेपालमा 'शीर्ष नेतृत्व', र 'उच्चस्तरीय संरचना'को नाममा एउटा अत्यन्त खतरनाक अलोकतान्त्रिक प्रवृत्ति विकास भएको छ, जसमा राष्ट्रिय सरोकारका अति महत्वपूर्ण र दूरगामी प्रभाव पार्ने सवालहरूलाई उचित, विधि, प्रक्रिया र लोकतान्त्रिक पद्धतिबाट टुङ्ग्याउनुको

सट्टा ४-५ जना नेताको स्वार्थ र लहडमा देशको संविधान र ऐन-कानुनभन्दा माथि रहेर गरिएका कार्यहरू जसले देशलाई थप जटिलतातिर लग्यो ।

यो शीर्ष भनिने नेतृत्वले मधेसी जनताको चाहना, अपेक्षा निराशा बुझ्ने कोसिस गरेन, बरु तराईमा अस्थिरता कायम गर्न भारतको स्वार्थअनुरूप काम गरिरहेका आन्दोलनका स्वघोषित अगुवाहरू खुसी पार्न कार्यान्वयनमा लान नसकिने र परस्पर बाझिने सम्झौता गर्न लागिपऱ्यो । तराईका जनताको आधारभूत आवश्यकता पूरा गर्ने र तराईका शोषक-सामन्तहरूको वर्चस्व अन्त्य गर्नेतिर नलागी हामीले गरेपछि जे पनि ठिक हुन्छ भन्ने मानसिकतावाट गलत निर्णयहरू गर्दै जाँदा तराईका जनतामा उनीहरूप्रति निराशा बढ्न गई अस्थिरता बढाउन भारतले परिचालन गरेका पात्रहरूको उद्देश्यमै सहयोग पुग्यो ।

जनताले छानेको प्रतिनिधिको सार्वभौम संविधानसभा ⁄ व्यवस्थापिका संसदलाई समेत निकम्मा बनाउने उनीहरूको हर्कतले पेशेवर आलोचकहरूलाई तराईमा तनाव सिर्जना गर्ने पृष्ठभूमि तयार गरिदियो । तराईको द्वन्द्व चर्काउनमा प्राध्यापक, लेखक, विश्लेषकको रूपमा देखिने पेशेवरहरूको ठूलो भूमिका रह्यो । राजनीतिक पार्टीहरूले आफ्नो स्वार्थअनुकूल पद, प्रतिष्ठा, फाइदा नदिएको कारण वा कुनै नेताविशेषसँग सामिप्यता र वैरभाव, तत्कालीन लाभ हानिको लेखाजोखा, भारतीय राजदूतावासले उपलब्ध गराउने विभिन्न परियोजना र कार्यक्रमका आवरणमा दिने आर्थिक सहायता, भारत भ्रमणको निम्ता, परिवारका सदस्यको स्वास्थ्य उपचार वा छोराछोरी, नाति-नातिनी पढाउने अवसर र भारतीय राजदूतावासमा दिइने भोजका कारण धेरै पेशेवरहरूले भारतको स्वार्थ पूरा गर्न स्थिति भड्कने, द्वन्द्व चर्कने खालका धारणा-अभिव्यक्ति सार्वजनिक गर्दा आम मानिसमा भ्रम पर्न गयो र हिंसा, हत्या, आगजनीका प्रवर्द्धकले प्रश्रय पाए ।

तराईमा तनाव बढ्नुको अर्को कारणमा सामाजिक सञ्जाल, छापा र विद्युतीय सञ्चार माध्यमको भूमिका पनि ठूलै रह्यो, किनकि यी सञ्चार माध्यमहरूले आन्दोलनको नाममा अस्थिरता बढाइरहेका नेताहरू मात्र तराईका जनताका सही प्रतिनिधि हुन् भन्ने मान्यता सर्वसाधारणमा स्थापित गरिदिए । परिणामतः अरु पार्टीका मधेसी नेताहरूले मधेसको प्रतिनिधित्व नै नगर्नेजस्तो मान्यता तराईमा बन्न पुग्यो, जुन पूर्णतः गलत थियो ।

यथार्थमा तराईको आन्दोलनको नेतृत्व गर्ने नेताहरूमध्ये धेरै त निर्वाचन हारेका, जनतावाट वहिष्कृत नै थिए भने मधेसी जनताको ठूलो सङ्ख्याले भोट दिएका ठूला राजनीतिक पार्टीका थुप्रै मधेसी नेताहरू जनताले चुनेका मधेसका सच्चा प्रतिनिधि थिए । तर सञ्चार माध्यमले सामाजिक रूपमा यो मान्यता विस्थापित गरिदिए र तथाकथित आन्दोलनका नेतामात्र मधेसका सच्चा प्रतिनिधि र जननिर्वाचित अन्य पार्टीका मधेसी नेताहरू मधेसविरोधीको रूपमा चित्रित गराइदिए । एकपक्षीय, आंशिक, असान्दर्भिक, अति संवेदनशील समाचार, श्रव्य-दृश्य लगातार र सम्भवतः प्रायोजित रूपमा प्रसारण भइरहे भने अति संवेदनशिल भिडियो क्लिपहरू बनाई विश्वभर फैलाउने समूह पनि सक्रिय हिसाबले नै परिचालन गरियो ।

## अतिवादीको परिचालन : एउटा घृणित कार्य

मधेसविरोधी भनी कतिपय पार्टी र पहाडी मूलका व्यक्तिलाई बदनाम गराउन कतिपय पार्टीले खेलेको भूमिकालाई पनि सच्चा नेपाली जनताले मन पराएनन् । आफ्नो पार्टीको स्वार्थलाई ध्यानमा राखी माओवादी केन्द्रले केही अतिवादी व्यक्ति, सङ्घ-संस्थाको परिचालन गरेर पहाडे र मधेसी, पछि आएका र रैथाने, राष्ट्रवादी र गैरराष्ट्रवादी, प्रगतिवादी र यथास्थितिवादी, राजावादी र गणतन्त्रवादी, सङ्घीयता पक्षधर र विरोधी, शोषक र शोषितजस्ता दुई अस्पष्ट असल र खराब समूह सिर्जना गराई आफूलाई समर्थन नगर्ने सबैलाई विरोधी र खराब चित्रण गर्ने खतरानाक प्रवृत्ति विकास गराइयो । त्यसले गर्दा सिंगो नेपाली समाज नै विभाजित हुने अवस्था सिर्जना भयो । अझ देशै टुक्र्याउने उद्देश्यले परिचालित व्यक्ति र समूहलाई मलजल गर्ने, उक्साउने र सहकार्य गर्नेसम्मका हरकत पनि भएका थिए ।

## 'जनसहभागिता' र आमप्रतिनिधित्वको बेवास्ता

जनताले छानेका प्रतिनिधिमध्ये ९० प्रतिशतभन्दा बढी विधायकहरूले पास गरेको संविधान भारतले नस्वीकार्ने र त्यसैलाई निहुँ बनाई नेपालमा नाकाबन्दी लगाउने अनि त्यसको लागि सीमाक्षेत्रको भारतीय भूमिमा आन्दोलनकारीलाई खाने र बस्ने बन्दोबस्तसमेत मिलाई आमनागरिकलाई दुःख दिएपछि नेपालीहरूमा मधेसी आन्दोलनकारी नेताहरूप्रति र यिनीहरूको संरक्षण गर्ने भारतप्रति घृणा बढ्नु स्वाभाविक नै थियो । परिणामतः भारतविरोधी भावना अधिक भड्किएको र यो भारतको लागि प्रत्युत्पादक हुने भन्दै भारतीय संसदको माथिल्लो सदनमा व्यापक विरोध भएपछि र यसले भारतको आन्तरिक निर्वाचनमा समेत नकारात्मक प्रभाव पर्ने देखिएपछि भारतले 'अघोषित नाकाबन्दी' खुलाइदियो ।

त्यो हर्कतले एकातर्फ आन्दोलनको नाममा प्रभुत्व कायम राखिरहेका

मधेसी नेता अलपत्र मात्र परेनन् , किंकर्तव्यविमूढ पनि भए भने अर्कोतर्फ नेपालका प्रधानमन्त्रीले आफ्नो ईशाराअनुरूप काम गर्नु सट्टा भारतको विरोधमा नेपालमा तयार भएको जनमतको आधारमा चीनसँग रणनीतिक सम्झौताहरू गर्ने, स्वदेशमै आत्मनिर्भर हुने संरचनागत विकासमा केन्द्रित र भारतनिर्भर अवस्थाबाट मुक्त हुने कार्य थालेकोले आफ्नो दीर्घकालीन फाइदाको लागि भारतले जसरी पनि प्रधानमन्त्री फेर्नुपर्ने महसुस गऱ्यो । परिणामतः आफ्नो सबै प्रभाव क्षेत्रहरूको प्रयोग गरी आफूअनुकूल काम गर्ने प्रधानमन्त्री बनाउन भारत सफल भयो ।

प्रधानमन्त्री फेर्ने प्रकरणबाट भारतलाई प्रत्यक्ष फाइदा भयो भने नेपालले आफू आत्मनिर्भर हुने ठूलो अवसर गुमाउनु पऱ्यो । प्रधानमन्त्री आफूअनुकूलको बनाएपछि चीनसँग भएका र हुनसक्ने रणनीतिक महत्वका सबै प्रयासहरू अल्मलिए । मधेसी नेताको नराम्रोसँग गुमेको साख पुनःस्थापना गर्न केही भए पनि मद्दत पुग्यो, नेपालमा आफूले चाहेका कामहरू तत्काल गराउन सफल भयो भने यदि भारतको चाहना बाहिर जाने हो भने नेपालमा कुनै नेता टिक्न सक्दैनन् भन्ने सन्देश नेपाली राजनीतिज्ञहरूलाई दिन पनि सफल भयो ।

## लाजमर्दो भारतीय व्यवहार

भारतमाथि पूर्ण निर्भर बनाइराख्न नेपालमा अस्थिरता कायम राख्नु भारतको रणनीतिक पूर्वशर्त हो । त्यसैले उसले नेपालमा स्थायित्व हुने कुनै कार्य हुन दिँदैन ।

मधेसी नेताहरू उचाली नाकाबन्दी लगाउनेदेखि, नेपाली जनताले बनाएको संविधान कार्यान्वयनमा अवरोध गर्नेसम्मका हर्कत गर्दा पनि नेपाली जनता नभुकेपछि र तराईका जनताले पहिलो र दोस्रो चरणको स्थानीय निर्वाचनमा तराईका जनताले अत्यधिक सहभागिता जनाएपछि भने भारतले बाध्य भएर अलि नरम व्यवहार देखाउन थालेको देखिन्छ । त्यसको कारण तराईमा सधैँ बखेडा निकाल्ने नेताहरू पनि नरम देखिन थालेका छन् । तर पनि भारतको नेपालकै पात्रहरू परिचालन गरी नेपालमा राजनीतिक अस्थिरता सिर्जना गर्ने र देशमा सामाजिक तनाव र आर्थिक अस्थिरता कायम राखी नेपाललाई आफ्नो नियन्त्रणभित्र राख्ने रणनीतिमा भने खासै परिवर्तन भएको देखिँदैन ।

मधेसी नेताहरूले उठाइरहेका माग र शर्तहरूले मधेसमा रहेको संरचनागत मुद्दाहरू जस्तै गरिबी, जातीय, लैंगिक विभेद, छुवाछूत, दाइजो, बहिष्करण अन्त्य हुन सक्दैनन् । यदि यथार्थमा तराई-मधेसमा सुख, शान्ति र समृद्धि कायम गर्ने हो भने नेपालको संविधानमा भएका सकारात्मक प्रावधानहरूको ईमान्दारितासाथ कार्यान्वयन र कार्यन्वयनको अनुभवको आधारमा संविधानको परिमार्जन गर्दै जानु नै हो ।

## सङ्घीय सरकारमा सम्भाव्य द्वन्द्व

१० वर्षे सशस्त्र द्वन्द्व, दुईपटकको तराईको हिंसात्मक विरोध र अस्थिरताको श्रृङ्खला, भारतले अन्यायपूर्ण तरिकाले लादेको नाकाबन्दी र २०७२-महाभूकम्पले थलिएको नेपाल अझै तङ्ग्रिन नसकेको अवस्थामा फेरि पनि विभिन्न राजनीतिक शक्तिहरूले अहिलेको अस्थिर अवस्थालाई आफ्ना स्वार्थपूर्तिको माध्यम बनाए भने सङ्घीय प्रणालीमा पुनः नयाँ प्रकारको द्वन्द्व सिर्जना हुने सम्भावना बढी नै छ ।

विभिन्न तहका सङ्घीय सरकारहरूबीच विगतमा भएका विभिन्न सम्झौता र समझदारीको व्याख्या, संविधानप्रदत्त विभिन्न तहले प्रयोग गर्ने अधिकारको कार्यान्वयन र त्यसमा पनि अनुसूची ७ र अनुसूची ९ का साझा अधिकारको व्याख्या र कार्यान्वयन, एकभन्दा बढी स्थानीय तह (गाउँपालिका/नगरपालिका) ढाकेका जङ्गलहरू, एकभन्दा बढी स्थानीय तहबाट बग्ने नदीहरू, एक गाउँपालिका/नगरपालिकामा हुने प्राकृतिक प्रकोप (जस्तै बाढी/पहिरोबाट अर्को गाउँपालिका/नगरपालिकामा पर्ने असर) आदि भविष्यका विवादका सम्भाव्य स्रोतहरू बन्ने छन् ।

## सङ्घीयताको व्यावहारिक कार्यान्वयन चिन्ता

सङ्घीयताको मर्म भनेको प्रमुख पात्रहरूले स्वशासन (सेल्फ-रुल) र सह-शासन (शेयर्ड-रुल) लाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु हो । तर हालसम्म राज्य सञ्चालनका प्रमुख पात्रहरूको प्रवृत्ति, चरित्र र व्यवहार हेर्दा लेखनाथ पौड्यालको 'मै खाउँ, मै लाउँ अरु सब मरून् दुर्बलहरू' भन्ने कविताले ठ्याक्कै चरितार्थ गरेकाले सङ्घीय शासनको मर्मअनुसार काम गर्न सक्लान् र ? भन्ने प्रश्न उठेको छ ।

अहिले नै स्थानीय तहलाई स्रोत-साधन उपलब्ध गराउने सवालमा केन्द्र सरकारले देखाएको व्यवहार हेर्दा स्वशासन र सह-शासनको मान्यताअनुरूप काम गरेको देखिएन र यो प्रवृत्ति कायमै रह्यो भने स्थानीय, प्रान्तीय र सङ्घीय तहमा समेत द्वन्द्व सिर्जना हुने सम्भावना बढी नै देखिन्छ ।

केही वर्षअघिसम्म उग्ररूपमा उठाइएको जातीय सङ्घीयता र विश्व श्रम-सङ्गठनको अभिसन्धि १६९ को अपव्याख्याले सिर्जना गरेको जातीय तनाव अहिले विस्तारै मत्थर हुँदै गएको देखिए पनि जातीय संवेदनशीलतामा खेली आफ्ना निहित स्वार्थपूर्ति गर्ने

शक्ति नेपालमा सक्रिय रहेकाले आउने दिनहरूमा पनि जातीय द्वन्द्व सिर्जना गराइने सम्भावना प्रबल छ ।

## राणाकालीन व्यहोरा

अहिलेसम्म पनि नेपाली शासकहरूको आधारभूत शासकीय शैली र बानी-व्यहोरामा खासै भिन्नता नदेखिएको अवस्था छ । राणाकाल, पन्चायतकाल, बहुदलीय संसदीय प्रणाली र हालको सङ्घीय गणतान्त्रिक कालमा समेत मूल प्रवाहमा रहेका शासकहरूले राज्यको स्रोत-साधन र शक्तिको दुरूपयोग कायमै राख्ने वा बढाउने सम्भावना छ । घटनाहरू भइरहेका छन् । त्यसो भएकोले यो पनि द्वन्द्वको एउटा प्रमुख स्रोत बन्ने सम्भावना बढी नै छ । धर्मलाई राजनीतिक स्वार्थको लागि दुरूपयोग गर्ने होडबाजी पनि चलिरहेको परिप्रेक्ष्यमा धार्मिक तनाव सिर्जना हुने सम्भावना पनि बढी नै देखिन्छ ।

हाम्रो देशको सामाजिक मनोविज्ञान ज्यादै नकारात्मक बनिरहेको छ भने नेता र शासकहरू आफूले अरुभन्दा भिन्न भएर र राम्रो काम गरी जनताको मन जितेर सत्तामा पुग्नेभन्दा पनि अरुलाई असफल बनाउने, जालझेल र फटयाईंमा अभ्यस्त भई शासन चलाएको कारण अब पनि उनीहरूले आफ्ना शैली कायमै राख्ने सम्भावना हुँदा यो पनि द्वन्द्वको कारक हुन सक्छ । त्यसमा पनि प्रान्त र केन्द्रको निर्वाचनदेखि सीमाङ्कनसम्मका सम्भाव्य द्वन्द्वका लागि उपयुक्त परिवेश बाँकी नै छ, जसलाई निहित स्वार्थमा दुरूपयोग गर्ने सम्भावना निकै बढी देखिन्छ ।

## 'प्रणाली फरक : पात्र उही'को नियति

हामीले सङ्घीय शासन प्रणाली त अपनायौं, तर सङ्घीय शासनको लागि आवश्यक पर्ने पात्रहरूको चरित्र, व्यवहार र मान्यताको अभाव रहेको परिप्रेक्ष्यमा सङ्घीयताको अभ्यास सही तरिकाले हुनेमा भने शङ्कै छ । सिद्धान्ततः सङ्घीयता आफैंमा न खराब हो, न असल । यो त एउटा विशिष्ट खालको शासन प्रणाली हो । यसको सफलता र असफलता प्रमुख पात्रहरूको प्रवृत्ति र चरित्र तथा परिवेशले निर्धारण गर्दछ । जबसम्म नेपालका शासकहरू, राजनीतिक निर्णयकर्ताहरू र कर्मचारीहरूले सङ्घीयताको मूल मर्म स्वशासन (सेल्फ-रुल) र सहशासन (शेयर्ड-रुल) लाई आत्मसात गर्दैनन् त्यतिबेलासम्म सङ्घीयता द्वन्द्वको स्रोत बनिरहने छ ।

हाम्रो देशको बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक चरित्र र विविधताको संरक्षण र संवर्द्धन महत्वपूर्ण हुन्छ र यो देशको गौरव हो । तर यिनै विशेषताहरूलाई निहित स्वार्थको लागि दुरूपयोग गर्दा देशमा जातीय, भाषिक, धार्मिक आदि द्वन्द्वहरू बढ्ने सम्भावना पनि छ ।

## जातीयताको आगो र सङ्घीयताका कमजोर आधारहरू

जातीयताका कारण विश्वका थुप्रै देश टुक्रिएका छन् । सन् १९९१ मा पूर्व सोभियत सङ्घ र पूर्व युगोस्लाभिया, सन् १९९२ मा चेकोस्लोभाकिया यसै कारण टुक्रिएका थिए भने, सन् २००६ मा सर्बिया र मोन्टेनेग्रो टुक्रिए । कतिवटा सङ्घीय शासन भएका देशहरू, जस्तै- नाइजेरिया, भारत, पाकिस्तान पनि द्वन्द्वको शिकार भइरहेकै छन् । सङ्घीयताको सवालमा बारम्बार क्यानडा, अमेरिका, स्विजरल्याण्ड, जर्मनी, अष्ट्रेलियाजस्ता आर्थिक रूपमा समृद्ध देशका उदाहरण दिइन्छ तर त्यो नेपालको परिवेशमा सान्दर्भिक नै छैन । त्यहाँ स्थापित लोकतान्त्रिक मान्यता र आर्थिक समृद्धिको आधारमा सङ्घीयता सफल भएको छ भने हाम्रो देशमा यी दुवै आधारहरू कमजोर छन् ।

हाम्रो सङ्घीयता अवधारणामा, कानुनी रूपमा र संरचनागत रूपमा पनि अस्पष्ट छ । नेपालको संविधानले परिभाषित गरेका ३ तहका अधिकारको सूची समावेश गरे पनि सङ्घ र प्रदेशको साझा अधिकार (अनुसूची ७) र सङ्घ-प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची (अनुसूची ९) नै द्वन्द्वका सम्भाव्य स्रोतहरू बन्न सक्छन् । त्यसैकारण हाम्रो संविधानले द्वन्द्व समाधानका विभिन्न संरचनाहरू (अन्तरप्रदेश परिषद्, आयोगहरू) को व्यवस्था त गरेको छ तर यी संरचनाहरूकै कारण द्वन्द्व बढ्ने सम्भावना पनि बढी नै देखिन्छ । उदाहरणको लागि, विभिन्न आयोगहरूको कार्यक्षेत्रलाई लिएर द्वन्द्व बढ्ने प्रस्ट सम्भावना देखिन्छ । देखी पनि सकियो ।

संविधानले ३ तहका सरकारको व्यवस्था गरेकोले यी तिनै तहको बीच सहकार्य, सहअस्तित्व र समन्वयको द्वन्द्व न्यूनीकरणमा अति महत्वपूर्ण भूमिका रहन्छ । तर अहिले पनि प्रमुख पात्र र शासकहरूमा स्थानीय तहका २२ वटा अधिकार पनि प्रदेश सरकारको तजबिजी भएको बुझाइ देखिन्छ । यो पनि द्वन्द्वको कारक हो । अनुसूची ९ का साझा अधिकारहरूमध्ये सेवा-शुल्क, प्राकृतिक स्रोतको राजस्व, जरिवाना, पर्यटन शुल्कजस्ता सवाल द्वन्द्वका कारकहरू हुन सक्छन् । पानी, वनजस्ता प्राकृतिक स्रोतहरू स्थानीयदेखि प्रदेशसम्म द्वन्द्वका कारक बन्न सक्छन् । पानीको द्वन्द्व सङ्घीयता शासन भएको देशमा सदाबहार समस्याको रूपमा रहेको प्रमाण अष्ट्रेलिया, अमेरिका, भारत नै छन् । हाम्रो देशमा पनि पानीको विवाद भविष्यमा अवश्य पनि जटिल हुने सम्भावना देखिन्छ ।

## पानी अर्थात् 'नयाँ तेल'कै कारण भविष्यमा धेरै द्वन्द्व ?

सङ्घीय शासनमा जलस्रोतसम्बन्धी द्वन्द्व निकै व्यापक र जटिल देखिएको छ । पानी र द्वन्द्वको अन्तर्सम्बन्ध समाज विकासको क्रमसँगै विस्तार भएको हो भने मानव जीवनका आधुनिक आवश्यकता र महत्वाकाङ्क्षा पूरा गर्ने क्रममा पानीसम्बन्धी द्वन्द्व बढ्दै गएको देखिन्छ ।

पानी र द्वन्द्वको बारेमा भविष्यवाणी गर्दै पानी नै तेस्रो विश्वयुद्धको कारक बन्नेसम्म भनिएको छ । सं.रा.सङ्घका पूर्व महासचिव इजिप्सियन कुटनीतिज्ञ बुत्रोस बुत्रोस घालीले पनि भविष्यमा पानी युद्ध हुनसक्ने सम्भावना व्यक्त गरेका थिए । त्यसैगरी सन् २००८ मा संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्दै पूर्व महासचिव कोरियाली कुटनीतिज्ञ बान कि मुनले भनेका थिए- पानीको अभावले संसारभरमा द्वन्द्वको आधार तयार गरिरहेको छ ।

विश्व खाद्य सङ्गठनका अनुसार सन् २०२५ सम्म विश्वका १ अर्ब ८० करोड मानिसले पानीको ज्यादै अभाव सहेर बाँच्नुपर्ने छ भने सन् २०३० सम्ममा विश्वको आधा जनसङ्ख्याले पानीको गहिरो अभाव महसुस गर्नेछ । पानीकै कारण तेस्रो विश्वयुद्ध नै हुन्छ भन्नेमा त म विश्वास गर्दिनँ तर पानीकै कारण भविष्यमा धेरै द्वन्द्व सिर्जनाको आधार बन्नेचाहिँ निश्चितै छ । यही पृष्ठभूमिमा नेपाल भर्खरै सङ्घीय शासन प्रणालीमा प्रवेश गरेको परिप्रेक्ष्यमा नेपालमा पनि पानीसम्बन्धी विभिन्न द्वन्द्वको सम्भावना प्रशस्त छ ।

सङ्घीय प्रणालीमा शासनका धेरै तहमा पानीको बाँडफाँड र प्रयोगको निर्णय-प्रक्रिया रहने हुँदा द्वन्द्व सिर्जनाका सम्भावना धेरै रहन्छन् । हालसम्मको अनुभवमा पानीको अनुचित प्रयोग, स्थानीय तहमा जनताले उपयोग गरी रहेको स्रोतहरूमाथि बाहिरी हस्तक्षेप, जङ्गल-जल-जमिनको उचित व्यवस्थापनको अभाव, तल्लो तटीय र माथिल्लो तटीय उपभोक्ताबीच विवाद, संरक्षण र प्रवर्द्धन नहुँदा सिर्जना हुने खडेरी तथा भूक्षय, व्यावसायिक उद्देश्यले पानीको सीमित स्रोतमाथि पैसा र शक्तिवालाहरूको हस्तक्षेप, सहरी प्रदूषणजस्ता कारणहरूले पानीसम्बन्धी द्वन्द्वहरू देखिएका छन् ।

जलस्रोतको सही व्यवस्थापन नहुँदा कसरी जटिलता सिर्जना हुन्छ भन्ने केही उदाहरणमा सुक्दै गएका केन्याका तालहरू, नाइजेरियाको पानी प्रदूषण र अभाव, कङ्गोमा देखिएको खानेपानीको हाहाकार र यसले सिर्जना गरेको जटिलता, पानी सुकी नूनले भरिएका पाकिस्तानका खेतीयोग्य जमिन आदिलाई लिन सकिन्छ ।

यथार्थ घटना :

### मुहान सुक्न थालेपछि खानेपानीको हाहाकार !

जथाभावी चुरे दोहन र लामो खडेरीले महोत्तरीको चुरे क्षेत्रअन्तर्गत पर्ने गाउँबस्तीहरूमा पानीको मुहान सुक्न थालेपछि जिल्लाको उत्तरवर्ती आधा दर्जन ग्रामीण क्षेत्रमा खानेपानीको हाहाकार भएको छ । जिल्लाको हातिलेट, बर्दिबास नगरपालिका ७ किसाननगर, माईस्थान, बिजलपुरा, पशुपतिनगर, भँगहा, बेलगाछी, रामनगर, कुशमाडीलगायतका ग्रामीण बस्तीहरूमा अहिले पानीका मुहानहरू सुक्न थालेपछि पानीको हाहाकार भएको स्थानीयहरू बताउँछन् । गाउँभरिका ९० प्रतिशतभन्दा बढी पानीका मुहान सुकिसकेका छन् । पशुपतिनगरका स्थानीय महेन्द्र महतोले भने, 'अझ एक साता यस्तै रह्यो भने खानेपानीका लागि २ किलोमिटर टाढा पुगेर खोलाको पानी ल्याएर खानुपर्ने अवस्था आउने छ । कूल ५ सय घरपरिवारको बस्ती रहेको भँगहा ४ मा खानेपानीको रुपमा रहेका चाँपाकल सुकिसकेका छन् भने पुराना ईनार पनि सुकेको स्थानीय सत्यनारायण यादवले बताए । उनले भने, 'पुरानो चाँपाकल र ईनार जति सबै सुके, पोहरसाल नयाँ खनिएको ईनारमा मात्र पानी रहेको र सोही ईनारबाट हामी सबै गाउँलेले जेनतेन पानीको जोहो गर्न भ्याएका छौं ।'

यस्तै बर्दिबास नगरपालिका ७ किसाननगरमा एकाध ईनारमा मात्र खानेपानी रहेको र अझ एक साता यस्तै स्थिति रहे खानेपानीका लागि २ किलोमिटर टाढा खोलासम्म पुग्नुपर्ने स्थिति आउने स्थानीय गोपाल कार्कीले बताए । यस्तै पशुपतिनगरमा रहेको एक सय ३० ईनारमध्ये एक सय ५ वटा ईनार सुकेको स्थानीयले जानकारी दिएका छन् । पानीको हाहाकारका कारण ग्रामीण बस्तीका किसानहरुले खेतबारीमा लगाएको प्याज, परवल, घिरौंला, भिन्डी, करेलालगायतका तरकारीबाली पानीकै अभावमा सुक्न थालेपछि किसान चिन्तित बन्न थालेका छन् ।

(स्रोत : **महेशकुमार दास**, नागरिक दैनिक, बुधबार ८ बैशाख, २०७५, 'हरित-एनडीसी' संयोजन)

*'पानी : जीवनको आधार तथा सभ्यता र विकासको पूर्वाधार'* भएकोले यसको संरक्षण र सम्वर्द्धन अपरिहार्य हुँदाहुँदै पनि पर्याप्त ध्यान नदिइएका कारण परापूर्वकालदेखि प्रयोग भइआएको पानीको मुहान सुकेर सिर्जना भएको जटिलताको उदाहरण त हाम्रै काठमाडौं उपत्यकामा नै छ । भूमिगत र सतहको पानी सङ्कलन प्राकृतिक रूपमा प्राप्त हुन सक्नेभन्दा धेरै बढी भएको

कारण काठमाडौंमा पानीको अभाव अत्यन्त बढी तनाव सिर्जना हुँदै गएको छ ।

एक्काइसौं शताब्दीमा व्यावसायिक दृष्टिकोणबाट पानीलाई 'नयाँ तेल' समेत भन्न थालिएको छ किनकि एकातर्फ अहिले पानीको व्यापारीकरणले परम्परादेखि प्रयोग भएको पानी उपयोगको अभ्यास खल्बल्याइको छ भने अकोतर्फ जसरी तेल उत्पादक देशहरूमा शक्तिशाली देशहरूको क्रिडास्थल बनेको छ त्यसरी नै भोलि कमजोर राष्ट्रहरूको पानी पनि शक्तिशाली देशहरूको क्रिडास्थल बन्ने सम्भावना बढेको छ ।

सङ्घीय शासन प्रणालीमा देखिने द्वन्द्वको जटिलताको आफ्नो अनुभव सुनाउँदै तत्कालीन भारतीय प्रधानमन्त्री मनमोहन सिंहले सन् २००७ नोभेम्बरमा नयाँदिल्लीमा भएको सङ्घीयतासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भनेका थिए- 'पानीको बाँडफाँड र पानीसम्बन्धी द्वन्द्व भारतको प्रमुख चुनौती हो । बरु छिमेकी देशहरूसँग नदीको पानी बाँडफाँडसम्बन्धी द्विपक्षीय सम्झौता गर्न आफैं देशभित्रका प्रान्त-प्रान्तहरूबीचको द्वन्द्व समाधान गर्नभन्दा सजिलो भयो ।' यो भनाइले पनि देखाउँछ सङ्घीय राज्यमा पानीसम्बन्धी द्वन्द्वको जटिलता ।

अहिले विश्वभर बढ्दो जनसङ्ख्या, सहरीकरण र औद्योगिकीकरणको पानीमाथि परिरहेको चापको सन्दर्भमा खाद्य उत्पादन, ऊर्जा, उद्योगमा पानीको बढ्दो खपत, पानीको धार्मिक, सामाजिक र मनोरञ्जनात्मक उपयोगको व्यापारीकरण र निजीकरणका कारणले पानीको अभाव सिर्जना भई सामाजिक द्वन्द्वहरू बढ्दै गएको देखिएको छ भने न्यायोचित बाँडफाँडको अभाव कुशासन, पानीमाथि शक्ति र सत्ताको आडमा गरिने अन्यायपूर्ण व्यवहार र कानुनको दुरूपयोगले पानीको द्वन्द्वलाई थप सहयोग गरिरहेका छन् ।

सङ्घीय शासन भएका र नभएका मुलुकमा पानीसम्बन्धी द्वन्द्वको आधारभूत चरित्रमा खासै फरक नभए पनि सङ्घीय प्रणालीमा निर्णयका तहहरू धेरै हुने र अधिकार क्षेत्र बाझिने कारण द्वन्द्वको सङ्ख्या र व्यापकता बढी देखिएको छ । यसै सन्दर्भमा विभिन्न देशमा भएका अध्ययनहरूको एउटा निचोड के हो भने पानी आफैँमा हिंसात्मक ठूला युद्धको प्रमुख कारण नभए पनि यसले द्वन्द्व बढाउन पर्याप्त योगदान पुऱ्याउँछ । अझ स्थानीय स्तरमा त यो सदाबहार झगडाको स्रोत नै भएको देखिएको छ । हाम्रै देशमा पनि पानीको विवादमा मानिसको हत्या समेत भएको थुप्रै घटना छन् ।

हालसम्म कायम रहेका २७ वटा सङ्घीय शासन भएका देशहरूमा विश्वको करिब ४० प्रतिशत जनसङ्ख्या छ । यी सङ्घीय देशहरूमा केन्द्र, प्रान्त र स्थानीय तहका आआफ्नै अधिकार क्षेत्र भएको र पानी राजनीतिक सीमाभित्र सीमित नरहने हुँदा प्रान्त-प्रान्तबीच, स्थानीय तहबीच र स्थानीय र प्रान्तबीच पानीसम्बन्धी द्वन्द्व बढेको देखिन्छ । दुईभन्दा बढी शासकीय इकाइहरू भएर बग्ने नदीले आफ्नो बहावको धार परिवर्तन गर्दा अरु जटिलता थपिएको देखिन्छ । त्यसमा पनि जब प्रान्तहरूले स्थापित प्रावधानहरू नमान्दा द्वन्द्व बढ्छ । उदाहरणका लागि, भारतको अन्तरप्रान्तीय पानी विवादसम्बन्धी ऐन, १९५६ नमानी सन् २००४ मा पञ्जाब ऐसेम्ब्लीले निर्णय गरी राजस्थान र हरियाणा राज्यलाई सम्झौताअनुरूप पानी नदिँदा ठूलो विवाद उठ्यो भने अष्ट्रेलियाको मुरे-डार्लिङ नदीले धार परिवर्तन गर्दा न्यू साउथ वेल्स, भिक्टोरिया, साउथ अष्ट्रेलिया र क्विन्सल्याण्ड राज्यहरूबीच तनाव भई केन्द्र सरकारले लामो समय लगाएर समाधान खोज्नुपऱ्यो ।

केन्द्र र प्रदेश तथा प्रदेश-प्रदेश र प्रदेश र स्थानीय तहबीच देखिने पानीसम्बन्धी द्वन्द्वको साझा चरित्र भनेको विद्युत र सिंचाइ विकाससम्बन्धी वातावरणीय विवाद, कानुनी अस्पस्टता वा बाझिने प्रकृति, गाभिएको अधिकार क्षेत्र, प्रदूषण आदि देखिएका छन् । प्रान्त-प्रान्तबीचको पानीको द्वन्द्वकै कारण अमेरिका र अष्ट्रेलियाले आफ्नो स्वायत्त प्रान्तीय अधिकार सङ्घमा केन्द्रित गरेका उदाहरणहरू पनि छन् । केन्द्र र प्रान्तको अधिकार क्षेत्रको विवादको कारण अमेरिकाको सङ्घीय ऊर्जा कानुनले सङ्घीय ऊर्जा आयोगको प्रावधानलाई भिन्नभिन्न प्रान्तहरूले आ-आफ्नो तरिकाले अर्थ्याउँदा केन्द्रले क्यालिफोर्निया राज्यमा विद्युत विकास गर्न दिइएको स्वीकृतिलाई क्यालिफोर्निया जलस्रोत नियन्त्रण बोर्डले निर्माण अनुमति नदिँदा १९९२ देखि सुरु भएको विवाद १६ वर्षसम्म कायम रहेको थियो । भारतको कावेरी नदीको पानी बाँडफाँडको विषयमा तमिलनाडु र कर्णाटक राज्यबीच सन् १९८६ देखि सुरु भएको विवाद सर्वोच्च अदालत पुगेर पनि टुङ्गो लाग्न नसकी फेरि सन् २००७ मा 'कावेरी पानी विवाद ट्रिब्युनल' गठन गरी समाधान गर्न खोज्दा पनि पूर्ण समाधान हुन सकेन ।

माथिका केही उदाहरणहरूले के देखाउँछ भने सङ्घीय शासन प्रणालीमा पनि सही विधि र प्रक्रिया परिभाषित गरेर अभ्यास गर्न सकिएन भने पानीसम्बन्धी द्वन्द्वको सम्बन्ध बढी नै रहन्छ । पानीसम्बन्धी द्वन्द्व समाधानका संरचनाहरूको चर्चा गर्दा सङ्घीय ऊर्जा नियमन आयोग, अन्तरप्रदेश आयोगहरू वा प्रदेश परिषद् (काउन्सिल अफ स्टेट) बढी प्रचलनमा भएको देखिन्छ । नेपालमा

पानीसम्बन्धी विवाद चर्कने अवस्थामा यसको समाधानको लागी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अन्तरप्रदेश आयोगहरूको भूमिका महत्वपूर्ण हुनेछ ।

## सङ्घीय शासनमा सम्भावित द्वन्द्व र समाधानका ७ सूत्र

द्वन्द्व व्यवस्थापनको एउटा मान्यता के छ भने समस्याहरू विकल्परहित हुँदैनन् । हरेक समस्याको समाधान खोज्न सकिन्छ । यही मान्यताको आधारमा नेपालमा आगामी दिनमा सङ्घीयताको कारण देखिने द्वन्द्व समाधानमा निम्न ७ कुरो महत्वपूर्ण हुने छन् :

१) अधिकारको बाँडफाँडसम्बन्धी नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्मका प्रावधानहरू नयाँ कानुन बनाई प्रस्ट बनाउने ।

२) संविधानको धारा २३४ मा रहेको अन्तरप्रदेश परिषद्को कार्यक्षेत्र कानुनी रूपमा व्याख्या गरी प्रस्ट बनाउने, जसले प्रदेश-प्रदेश र प्रदेश केन्द्रबीच हुने द्वन्द्व न्यूनीकरण गर्दछ । त्यसैगरी धारा २३५ लाई पनि कानुन बनाई प्रस्ट व्याख्या गरियो भने यसले तीन तहबीचको द्वन्द्व न्यूनीकरण गर्नेछ ।

३) विभिन्न आयोगहरूको भूमिका बाझिने देखिएकोले यो प्रस्ट्याउने, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको काम-कर्तव्य र अधिकार परिभाषित गर्ने ।

४) स्थानीय सरकारको द्वन्द्व व्यवस्थापन क्षमता अभिवृद्धिलाई प्राथमिकता दिने ।

५) राष्ट्रको द्वन्द्व व्यवस्थापनको क्षमता बढाउन र सङ्घीयताको बारेमा राज्यको क्षमता विकासका लागि विश्वविद्यालयहरूमा शैक्षिक/प्राज्ञिक कार्यक्रम चलाउने र अनुसन्धानलाई राष्ट्र विकासको अभिन्न अङ्गको रूपमा विकास गर्ने ।

६) सङ्घीय शासन प्रणालीप्रति जनताको स्वामित्व र अपनत्व विकास नगरी सङ्घीय शासन सफल नहुने भएकोले शिक्षा, जनजागरण र अनुसन्धानको माध्यमबाट नागरिकलाई जागरुक बनाउने । सघनरूपमा चेतना र शिक्षाका कार्यक्रमहरू चलाउने ।

७) सबै स्थानीय तह, प्रदेश र केन्द्रले गर्नुपर्ने संविधानले परिभाषित गरेका कार्यहरूसँग सम्बन्धित तथ्याङ्क (डाटाबेस) को पूर्ण विकास गरी त्यसको आधारमा मात्र काम गर्ने । अर्थात् 'आर एण्ड डी' (अनुसन्धान र विकास) गर्ने पद्धतिलाई अनिवार्य गर्ने ।

## निष्कर्ष

संविधान घोषणा गरेर र निर्वाचन सम्पन्न गरेर मात्र सङ्घीय शासन प्रणाली सफल हुने हैन । अहिलेकै शैलीमा ४/५ जना नेताले आफू संविधानभन्दा माथि रहेर विगतमा गरिरहेकै शैलीमा अब पनि शासन चलाउन खोजे सङ्घीयता असफल हुने सम्भावना बढी नै छ ।

भविष्यमा जातीय, क्षेत्रीय, धार्मिक, भाषिक द्वन्द्वको एक प्रमुख कारण नेताहरूले संसद, प्रक्रिया, नियम मिचेर आफूखुसी गर्ने शैली पनि बन्न सक्छ । तर संसदले कानुनसम्मत विधि र प्रक्रियाबाट निर्णय लिने, नियम कानुन र जनअपेक्षाअनुरूप केन्द्र, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने राज्य प्रणालीमा जनताको स्वामित्व र अपनत्व बढाउन सकियो भने भविष्यमा देखिने द्वन्द्व समाधान र सङ्घीय शासन प्रणाली सफल बनाउन अवश्य मद्दत पुग्ने छ । स्थानीय तहको सफल निर्वाचन, स्थानीय तहमा देखिने सम्भावित द्वन्द्व समाधान र जनसहभागितात्मक प्रक्रिया जनस्वामित्व विकासका आधार हुन् र यिनको सफलताले नेपालको राजनीतिक भविष्यको बाटोसमेत निर्देशित गर्ने छ । जनताको सहभागिता र समावेशितामा जोड नदिए हाम्रो लोकतन्त्र तथा गणतन्त्र सफल बन्न सक्दैन भन्ने कुरामा सबैले हेक्का राख्नुपर्छ ।

कुनै पनि देशको इतिहासमा कुनै न कुनै समय देश जटिल मोडबाट गुज्रन्छ नै, तर देशको नेतृत्व गर्ने व्यक्तिहरूको दृष्टिकोण, प्रतिबद्धता, क्षमता, इच्छाशक्ति र जिम्मेवारीपनले नै परिस्थिति थप जटिल बनाउने वा सुधार्दै लैजाने अवस्थाको सिर्जना गर्दछ । साँच्चै भन्ने हो भने हाम्रो देशमा विगत २०/२५ वर्षका सबै नेतृत्व पूर्णत: असफल रहे । परिणामत: देश यति जटिल अवस्थामा पुग्यो ।

अब देश नै टुक्र्याउनेसम्मका हर्कत सुरु भए, जसको बीउ तराईबाट सुरु गराइयो । तर, अब स्थानीय तहका सबै निर्वाचन सफल भएपछि यो अवस्था विस्तारै परिवर्तन हुन थालेको छ । जब प्रान्तीय र केन्द्रीय सरकारका निर्वाचन (२०७४ मङ्सिर महिनामा) सम्पन्न भई जनताका निर्वाचित प्रतिनिधिहरूले नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरूको प्रयोग गरी जनसरोकारका सवालहरू सम्बोधन गर्न थाल्ने छन् त्यसपछि त्यस्ता अतिवादी, अस्थिरतावादी र विखण्डनवादीहरू कमजोर बन्दै गएर अन्त्यमा पराजित हुनेछन् भन्ने आशा हामी सबैले गरौं । दिगो लोकतन्त्र, सङ्घीय शासन र सबल स्थानीय सरकार हरूका लागि क्रियाशील 'जनसहभागिता' नै अचुक औषधी हो ।

• (द्रष्टव्य : यो आलेख विभिन्न समयमा नेपालका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित सामग्रीहरू परिमार्जन र विस्तृतीकरण गरी *सहभागिता*का लागि तयार पारिएको हो -लेखक) ।

*(लेखक डा. उप्रेती नेपालका आजीवन सदस्य तथा द्वन्द्व विशेषज्ञ हुनुहुन्छ । द्वन्द्वसम्बन्धी उहाँका थुप्रै कृति प्रकाशित छन् ।)*
*E-mail: bishnu.upreti@gmail.com*

# स्थानीय तह र गरिबमुखी पर्यटन विकासको परिप्रेक्ष्य



चेतनाथ कणेल

नेपाल नयाँ युगमा प्रवेश गरेको छ। नेपाल अब सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनेको छ। २०७२ असोज ३ गते हामीले नेपालको नयाँ संविधान पाएका छौँ। देश ७ प्रदेश, ७७ जिल्ला र ७४४ स्थानीय तहमा बाँडिएर अगाडि बढेको छ। प्रदेश नं. २ मा पर्ने मध्य तराईका ८ जिल्लाका १३६ स्थानीय तहमा बाहेक अन्य ६ प्रदेशमा स्थानीय तहका चुनावहरू सम्पन्न भएर चुनिएका जनप्रतिनिधिहरूले धमाधम काम गर्न थालिसकेका छन् (*कान्तिपुर*, ३० असार, २०७४)। स्थानीय समृद्धि कसरी भित्र्याउने भन्नेमा सबैको चासो र चिन्ता रहेको छ।

सन् १९९५ मा नेपालमा पहिलोपल्ट पर्यटन नीति बनेको थियो । त्यो नीतिले सन् २००८ मा आएर नयाँ रूप पायो । अर्थात् १३ वर्षपछि नयाँ पर्यटन नीति बन्यो । नेपालमा पहिलोपटक बनेको "गरिबमुखी पर्यटन नीति" भनेर त्यसको चर्चा हुने गरेको छ । अहिले हामी त्यसै नीतिअन्तर्गत छौं ।

हरेक स्थानीय तहका 'सरकार'ले ठूलो रकमका साथ विकास गर्ने मौका पाएका छन् अब। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यसपटक (आ.व. २०७४/७५) को बजेटको ठूलो हिस्सा स्थानीय तहका सरकारहरूलाई पठाइदिएको छ। मन्त्रालयका अनुसार यस्तो रकम कूलमा करिब साढे २ खर्ब रूपैयाँ छ। एउटा गाउँपालिकालाई मात्र १० करोडभन्दा बढी र नगरपालिकालाई ३० करोडभन्दा बढी गएको भनिएको छ (गोरखापत्र, ५ साउन, २०७४)। यत्रो बजेट स्थानीय सरकारले केमा खर्च गर्ने होलान् ? कसरी खर्च गर्ने होलान ? जनताले तीखो आँखाले हेरिरहेका छन्, कान ठाडा बनाएर सुनिरहेका छन्। करिब २० वर्षपछि नेपालले स्थानीय स्तरमा निर्वाचित जनप्रतिनिधिहरू पाएको र नयाँ नेपालको सङ्घीय संरचनाअनुसार 'आफ्नो विकास र शासन आफैं गर्ने सोच' समेत आएको हुँदा सबैका लागि चुनौती र अवसर दुवै एकैचोटि आएका छन् नेपालमा। पर्यटनका माध्यमबाट पनि स्थानीय समृद्धि भित्रिन सक्ने भएकोले अबको चासो त्यसतर्फ बढी जान थाल्नु स्वाभाविक छ।

## संविधानमा पनि पर्यटन !

पहिले कहिल्यै उल्लेख हुन नसकेको कुरा यसपटक (२०७२) को नयाँ संविधानले उल्लेख गरेको छ। अर्थात् यसको धारा ५१ (ठ) मा 'पर्यटनसम्बन्धी नीति' भनी यसरी उल्लेख गरिएको छ :

***"नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवम् प्रचारप्रसारमार्फत् राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्ने आवश्यक वातावरण एवम् नीति-निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।"***

अहा, पर्यटन विकासमार्फत् देशमा आर्थिक समृद्धि भित्र्याउने कुरामा हाम्रो नयाँ संविधान स्पष्ट छ । अझ पर्यटनको लाभ स्थानीय जनतामा कसरी पुऱ्याउने भन्ने कुरामा पनि यसमा राम्रोसँग प्रतिविम्वन भएको छ । यसरी संविधानमै पर्यटनको कुरा उल्लेख हुनु ठूलो कुरा हो । संविधानमै उल्लेख भएपछि त्यसका लागि परिस्कृत, परिमार्जित तथा नयाँ ऐन-नियम र कार्यविधिहरूको खाँचो पर्छ । नयाँ पर्यटन नीति पनि विस्तृतमा बनाउनु पर्छ । नीति कार्यान्वयनका लागि नयाँ नयाँ कार्यविधिहरू तथा निर्देशिका र दिग्दर्शनहरू बनाउनु पनि पर्छ । ती क्रमश: हुँदै नै जानेछन् । संविधानको भावनाअनुरूप काम गरी स्थानीय जनताको घरदैलोमा लाभ पुऱ्याउने वातावरण तयार पार्ने काममा सबै सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्र कस्सिएर लाग्नुपर्ने हुन्छ । अहिलेसम्म लाभ पाउन नसकेका गरिब वर्गमा पर्यटनको स्वाद पुऱ्याउनुपर्ने चुनौती हामीमा छ (कणेल, २०७३) ।

हामी शून्यमा छैनौं । नेपालले विधिवत रूपमा नै पर्यटन विकासको थालनी गरेको करिब सात दशक भएको छ । यो सात दशकमा हामीले पर्यटन विकासमा धेरै प्रगति गर्न नसके पनि धेरै कुरा सिकेका भने पक्कै छौं । सन् १९६२ तिर करिब ९ हजारमात्र विदेशी पर्यटक नेपाल आउँथे । अहिले त्यो संख्या करिब ७ लाख ३० हजारमा पुगेको छ (हेर्नोस्: **तालिका १**) । वार्षिक १० लाख पर्यटक भित्र्याउने हाम्रो २० वर्ष पहिलाको चाहना हो । तर कहिले द्वन्द्व, कहिले अनेक खालका अन्तर्राष्ट्रिय घटना, कहिले महाभूकम्प, कहिले भारतीय नाकाबन्दी, अनि लामो राजनीतिक संक्रमणकालले गर्दा हामी लक्ष्यप्राप्तिमा लाजै लाग्ने तरिकाले पछाडि परेका छौं । तर पनि हामी संयन्त्रगतरूपमा तयार भएर अगाडि बढेका छौं । १२-१५ लाख पर्यटकलाई पुग्ने पूर्वाधार हामीसँग छन् । पर्यटन जनशक्ति तयार भएर पनि कामको अभावमा बाहिरिनुपर्ने अवस्थालाई अब चिर्नुपर्ने छ (कणेल, २०७४) । पर्यटनले शान्ति र समृद्धि ल्याउँछ भन्ने कुरामा हामी 'कन्भिन्स' भएका छौं । सहरलाई मात्र होइन, ग्रामीण क्षेत्रलाई पनि पर्यटनले लाभ दिन सक्छ भन्ने कुरा बुझिसकेका छौं । धनीसँग मात्र होइन 'गरिबसँग पनि पर्यटन' *(टुरिजम विथ पुअर)* बस्न सक्छ भन्ने कुराका पनि एकाध उदाहरणहरू हामीले पाइसकेको छौं ।

**तालिका १: नेपालमा पछिल्लो १० वर्षको पर्यटक आगमन तथ्याङ्क : एक झलक**

| वर्ष (सन्) | कूल विदेशी पर्यटक आगमन संख्या | कैफियत |
|---|---|---|
| २००७ | ५,२६,७०५ | |
| २००८ | ५,००,२७७ | |
| २००९ | ५,०९,९५६ | |
| २०१० | ६,०२,८६७ | |
| २०११ | ७,३६,२१५ | |
| २०१२ | ८,०३,०९२ | |
| २०१३ | ७,९७,६१६ | |
| २०१४ | ७,९०,११८ | |
| २०१५ | ५,५४,७४७ | भूकम्प वर्ष |
| २०१६ | ७,५३,००२ | |
| २०१७ | ९,००,००० | अपेक्षित (लेखक) |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सन् २०१७ ।*

अझै राम्रो कुरा त, सन् १९७२ मा पहिलोपटक बनेको नेपालको दीर्घकालीन पर्यटन योजना (गुरुयोजना) ले पुन: सन् २०१५ मा नयाँ रूप पायो । यो १० वर्षे पर्यटन रणनीतिक योजना सन् २०२५ सम्मका लागि बनेको छ (संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सन् २०१५, २०१६) ।

त्यस्तै सन् १९९५ मा नेपालमा पहिलोपल्ट पर्यटन नीति बनेको थियो । त्यो नीतिले सन् २००८ मा आएर नयाँ रूप पायो । अर्थात् १३ वर्षपछि नयाँ पर्यटन नीति बन्यो । नेपालमा पहिलोपटक बनेको 'गरिबमुखी पर्यटन नीति' भनेर त्यसको चर्चा हुने गरेको छ । अहिले हामी त्यसै नीतिअन्तर्गत छौं । त्यसकै आडमा सन् २००८ मा नेपालको 'पर्यटन दूरदृष्टि' (भिजन २०२०) पनि बनेको थियो । तर त्यो 'भिजन' हतारमा र सरोकारवालाहरूको व्यापक सहभागिताबिनै केही विज्ञहरूले मन्त्रीको आदेश र लहडमा



तस्बिर : गुगल

मात्र बनाएकोले यत्तिकै दराजमा थन्किन पुग्यो । त्यसलाई त अब सन् २०१५-२०२५ को रणनीतिक पर्यटन विकास योजनाले प्रतिस्थापन गरेजस्तै भएको छ। रणनीतिक पर्यटन योजना बनाउने क्रममा भने नेपालका विभिन्न विकास क्षेत्र, केन्द्र र काठमाडौंमा समेत शृङ्खलाबद्ध सहभागीमूलक छलफलहरू भएका थिए । विदेशी तथा स्वदेशी विज्ञ पर्यटन परामर्शदाता र निजी क्षेत्रका अनुभवी व्यवसायीहरूको करिब ३ वर्षको अथक प्रयासपछि त्यस दस्तावेजले अन्तिम रूप पाएको थियो। योजनालाई अन्तिम रूप दिने कार्यमा एक विज्ञका रूपमा यो पङ्क्तिकार पनि सहभागी हुने अवसर पाएको थियो ।

नेपालको पर्यटन अगाडि बढाउने क्रममा पर्यटन ऐन, नियम, नियमावली, हवाइ नीति, पर्वतारोहण नीति, संस्कृति नीति, होमस्टे कार्यविधि जस्ता अत्यावश्यक कानुनी संयन्त्र तयार भई सञ्चालनमा छन् । पर्यटन ऐन- २०३५ धेरैपटक संशोधन भइसकेको छ । अब नयाँ नेपालको संरचना र नयाँ रणनीतिक योजनासँग तादाम्यता मिल्ने गरी थप संशोधन, परिमार्जन एवं नवीनता प्रदान गर्ने कार्य पनि छिट्टै हुनुपर्छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन बोर्डले त्यस कार्यमा सहजीकरण गर्ने नै छन् ।

### योजनाबद्ध विकासको खाँचो र पहल

सन् १९९८ को 'भ्रमण नेपाल वर्ष (भिजिट नेपाल एयर)' को सफलतासँगै नेपालमा आन्तरिक पर्यटनले बढावा पाउन थालेको हो। नेपालको पर्यटन मूलतः पर्वतीय क्षेत्रमा नै फस्टाएको अवस्था छ र ग्रामीण पर्यटन विकासको क्रम पनि पहाडतिरै बढी चलेको देखिन्छ (गुरुङ, सन् २००७; उपाध्याय, सन् २००८)। यिनै क्षेत्रमा नेपालको 'तीर्थ पर्यटन' (पिल्ग्रिमेज) पनि अघि बढेको अवस्था छ (गौतम, २०६१) । सन् १९९८ पछि आन्तरिक पाहुना वा 'यात्रु' पनि पर्यटक हुन् भन्ने मान्यताले विस्तारै स्थान पाउन थालेको हो। नेपालको पर्यटकीय पूर्वाधारको आवश्यकता पनि त्यो बेलादेखि खास रूपमा महसुस गर्न थालिएको हो (कणेल, सन् २०१६) । अझ पोखरा, सौराहा, लुम्बिनी, रसुवा, सोलुखुम्बूजस्ता ठाउँका पर्यटनले आफ्नो हैसियत मूल्याङ्कन गर्दै अगाडि बढ्नका लागि आवश्यक 'विकास गन्तव्य' पहिल्याउने कार्य पनि नेपाल भ्रमण वर्षको सफलतापश्चात्मात्र थालनी भएको मान्न सकिन्छ। पोखरा पर्यटनले त नेपालमा 'शान्ति र समृद्धि' (टुरिजम फर पिस एन्ड प्रोस्पेरिटी) को बाटो पहिल्याउने एउटा ढोका खोलिदिएको छ (उप्रेती, उपाध्याय र सापकोटा, सन् २०१३) ।

त्यसैगरी सन् २००१ देखि नेपालमा ग्रामीण पर्यटनले एउटा विधिवत गति लिन थालेको कुरा पनि यहाँनिर सम्झनलायक छ (पाण्डे, २००८) । ग्रामीण क्षेत्रमा पर्यटकहरू जाने तर स्थानीयले लाभ नपाउने स्थिति किन सृजना भइरहेको छ ? कसरी स्थानीय जनताहरूको सहभागिता र सक्रियता पर्यटकीय क्रियाकलापमा बढाउन सकिन्छ ? पर्यटनको लाभ स्थानीय जनता, अझ खासगरी विपन्न वर्गमा कसरी पुऱ्याउने भन्ने जस्ता अहम् प्रश्नहरूको उत्तर खोजी गर्ने प्रयासस्वरूप संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी), संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) तथा निदरल्याण्ड्स् विकास सहयोग नियोग (एसएनभी नेपाल) को आर्थिक तथा प्राविधिक सहायतामा नेपाल सरकारले एउटा ५ वर्षे ग्रामीण पर्यटन परियोजना सञ्चालनमा ल्याएको थियो ।

ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रम (टीआरपीएपी) नामकरण गरिएको उक्त परियोजनाले नेपालका पूर्वदेखि पश्चिमसम्म फैलिएका तथा हिमाल, पहाड तथा तराई क्षेत्र समेट्ने गरी ६ वटा जिल्लाहरू (ताप्लेजुङ, सोलुखुम्बू, रसुवा, चितवन, रूपन्देही तथा डोल्पा) मा नमुना ग्रामीण पर्यटनका कार्यक्रमहरू सञ्चालन गरेको थियो। स्थानीय जनतालाई पर्यटन चेतना दिएर समूह गठन गर्ने, समूहमा नियमित बचत तथा ऋण कार्यक्रम चलाई लघुवित्तका क्रियाकलापमा संलग्न हुने तरिका सिकाउने, उत्पादनमुखी सीप विकास गर्ने, पर्यटन सम्पदाको विकास एवम् प्रचारप्रसार गरी उचित बजारीकरणका क्रियाकलापहरू गर्ने र अतिथिहरूलाई आतिथ्यता प्रदान गरी प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै तरिकाबाट आय अभिवृद्धि गर्ने क्रियाकलापहरू त्यो परियोजनाअन्तर्गत सञ्चालित थिए । साथै परियोजनअन्तर्गत् पर्यटनमैत्री पूर्वाधार विकास, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, वैकल्पिक ऊर्जा प्रवर्द्धन, संस्थागत विकासजस्ता अभिन्न क्रियाकलापहरू पनि सोही परियोजनाअन्तर्गत परिचालित हुने गरेका थिए। अझ स्थानीयस्तरमा योजना बनाएर मात्र अघि बढ्ने जुन सोच परियोजनाले ल्यायो, त्यसको प्रभाव नेपालका अरु भागमा पनि पर्दै गएको थियो ।

### योजना निर्माण सिकाइको विस्तार

टीआरपीएपी परियोजनाले आफ्नो कार्यक्षेत्रका ६ वटै जिल्लाको ५ वर्षे जिल्ला पर्यटन योजना तयार पार्न जिल्ला विकास समितिहरूलाई सघाएको थियो । अझ सोलुखुम्बू जिल्लामा त जिल्लास्तरीय पर्यटन योजनाका अतिरिक्त खुम्बू क्षेत्रमा अवस्थित सगरमाथा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको पर्यटन तथा

संरक्षण योजना बनाउन पनि सघाएको थियो । डीएफआईडीको विशेष सहयोगमा परियोजनाले त्यस कम्पोनेन्टलाई विशेष जोड दिएको थियो । यसरी ६ जिल्लाका रणनीतिक पर्यटन योजना, एउटा पार्कको छुट्टै योजनालगायत नेपाल पर्यटन बोर्डका लागि बजारीकरण रणनीतिसमेत सोही योजनाले नमुनाकै रूपमा विकास गरेको थियो । पर्यटन नीति २०६५ लाई पूर्णरूपमा गरिबमैत्री पर्यटन नीति बनाउनमा पनि परियोजनाका सिकाइले ठोस भूमिका खेलेका थिए ।

हरेक जिल्ला विकास समितिमा दिगो पर्यटन शाखा रहने, नेपाल पर्यटन बोर्डमा छुट्टै इकाइको रूपमा दिगो पर्यटन विकास इकाइ रहने र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा समेत अलग्गै पर्यटन शाखा रहने सोच त्यस परियोजनाले नै ल्याएको हो । केही समयसम्म ती सबै राम्रोसँग परिचालित पनि थिए । त्यो सिकाइ धमाधम अरु जिल्ला र अरु देशतिर पनि फैलियो । नेपालको सिकाइलाई एसएनभीले भुटान र कम्बोडियामा पनि लागू गरेको थियो । पछि भियतनामले समेत नेपालको गरिबमुखी ग्रामीण पर्यटनको मोडेल अवलम्बन गर्ने प्रयास गऱ्यो । एसियाली विकास बैंकको ऋण तथा अनुदानमा भियतनाममा चलेको एउटा पर्यटन परियोजनामा सन् २०१० देखि सन् २०१२ का केही महिना आंशिक (इन्टरमिटेन्ट) परामर्शदाताको रूपमा मैले पनि राजधानी हनोईमा बसी काम गर्ने अवसर पाएको थिएँ । तर यस लेखमा म बाहिरका कुरा भन्दा भित्रकै कुरा गर्न चाहन्छु ।

माथि भनियो, टीआरपीएपी जिल्लाहरूबाट सिकेर नेपालका अन्य जिल्लाहरूले पनि धमाधम पर्यटन योजना बनाउँदै अघि बढ्न थाले । स्थानीय उद्योग वाणिज्य संघ तथा अन्य सरकारी एवम् गैरसरकारी सरोकारवालाहरूसँग मिलेर पर्यटन विकास, प्रचारप्रसार तथा बजारीकरणका संयुक्त प्रयास हुन थाले । भक्तपुर, इलाम, संखुवासभा, सिन्धुपाल्चोक, मकवानपुर, तनहुँ, स्याङ्जा, पाल्पा, सल्यान आदि जिल्लाले आफ्ना जिल्लास्तरीय दीर्घकालीन पर्यटन योजना बनाई पर्यकटीय गतिविधिमा पद्धतिगत ढंगले अघि बढेको आभास दिलाए । पूर्व टीआरपीएपी टिमको प्रमुख अगुवाइमा बनेको भक्तपुर जिल्लाको पर्यटन विकास योजना विशेष नमुना बनेर अन्य जिल्लाका लागि पनि उदाहरणीय बनेको थियो (हेर्नुहोस्: जिविस भक्तपुर, २०६९) । योजना बनाउने जिल्लाहरूले केही हदसम्म नेपाल पर्यटन बोर्ड तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सहकार्य पनि थालनी गरे । यी सबै राम्रा उदाहरण थिए । राष्ट्रिय योजना आयोगले समेत दशौं, एघारौं, बाह्रौं, तेह्रौं योजनाहरू तथा चौधौं योजनाको आधारपत्रमा पर्यटन र गरिबी निवारणलाई जोडेर कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरामा जोड दिएको छ । नीति र योजना राम्रा भए पनि कार्यान्वयनका पक्षमा हामी चुकेका छौँ (उपाध्याय, २००८) । गरिब वर्गले वास्तविकरूपमा पर्यटनबाट लाभ पाउन सकिन्छ भन्ने कुरामा अझै पनि उनीहरूले विश्वास गर्न नसकेको अवस्था छ (कणेल, २०७३ र २०७४, पाण्डे, सन् २००८), जसको लागि सबै सरोकारवालाहरूले मेहेनत गर्नुपर्ने देखिन्छ ।

## विपन्नमुखी पर्यटनका लागि अबको अपेक्षा र सुझावहरू

१. हाम्रो देशमा पर्यटन विकासका लागि थुप्रै कामहरूको थालनी भएको छ । विगत ६० वर्षमा सिकाइ पनि थुप्रै भएका छन् । तर पनि यत्तिकैमा सन्तोष लिएर बस्ने अवस्था छैन । किनकि हामीले पर्यटन विकासमा जति गर्ने सोचेका थियौं, त्यति गर्न सकेका छैनौं । सन् २०१७ सम्ममा जति पर्यटक भित्र्याउने सोच १० वर्षअघि राखेका थियौं, त्योभन्दा हामी धेरै पछाडि छौं । हाम्रा छिमेकी र हामीसँगै ग्रामीण पर्यटनको आरम्भ गरेका मुलुकहरूले हामीलाई पछाडि पारेर उछिनेका छन्, उछिन्न थालेका छन् । हामीले पर्यटनका सपना मात्र पालेर बसेको स्थिति छ ।

२. सन् २०११ को 'नेपाल पर्यटन वर्ष' (नेपाल टुरिजम एयर) का बेला नै हामीले १० लाख पर्यटक आउने अपेक्षा गरेका थियौं । तर विविध समस्या र कारणले गर्दा सन् २०१६ को अन्त्यमा आउँदा पनि जम्मा ७ लाख ५३ हजार पर्यटक मात्र नेपाल छिरेका छन् । भाग्यले साथ दिँदै गयो भने सन् २०१७ को अन्तसम्ममा वार्षिक ९ लाख पर्यटक पुग्छन् कि भन्ने अपेक्षा गरेका छौं । हेर्दै जाऊँ अझ ४ महिना बाँकी नै छ । तर यो अवधिमा पनि गर्नुपर्ने कर्म पनि थुप्रै छन् । भर्खरै बाढी र पहिरोको चपेटामा हाम्रा पहाड तथा तराई दुवै क्षेत्रका पर्यटकीय टोलबस्तीहरूमा नराम्रोसँग क्षति पुगेको छ । सौराहा अझ बढी पीडित बन्न पुगेको छ । ठाउँठाउँमा बाटा र पुलहरू बिग्रेका छन् । सूचना प्रणालीमा असर पुगेको छ । ती सबैलाई 'अप-ट-डेट' पार्ने काम पहिलो आवश्यकता हो । त्यहाँ रहेका साना पर्यटन व्यवसायीलाई झनै मर्का पुगेको छ । त्यस्ता व्यक्तिहरूको सही पहिचान गरी सरकारले 'राहत दिएर साथ' दिन पछि पर्नुहुँदैन । पर्यटकीय क्षेत्रका स्थानीय सरकारको पहिलो काम यो पनि नजिकबाट हेर्नुपर्ने भएको छ । माथिको मात्र मुख ताक्ने बानीले स्थानीय सरकार बलिया बन्न सक्दैनन् भन्ने तथ्य यहाँनिर स्मरणीय र विचारणीय हुन आउँछ ।

३. स्थानीय सरकारहरू आआफ्ना क्षेत्रमा पर्यटन विकास गर्नमा सक्रिय भए भने अब नेपालको पर्यटनले पनि गति बढाउन सक्छ

कि, प्रगति गर्न सक्छ कि भन्ने अपेक्षा सर्वत्र बढेको छ । 'आफ्नै हात जगन्नाथ'; अर्थात् 'आफ्नै हातमा डाडुपनियो'; अर्थात्, ' आफ्नो ठाउँ आफैं बनाऔं'; जे जे भने पनि अब स्थानीय सरकार हरूमा धेरै अधिकार थपिएको छ । अझ भनौं, अधिकारका साथ दायित्व पनि थपिएको छ । जिल्ला विकास समितिले गर्ने काम अब गाउँपालिका तथा नगरपालिकाका आफ्नै हातमा आएको छ । जिल्लास्तरबाट खालि 'समन्वय'मात्र हुने कुराले गाउँपालिका तथा नगरपालिकाले स्वतन्त्र र स्वायत्त ढंगले आफ्नो ठाउँमा सही किसिमले पर्यटन विकास गर्नका लागि ठोस छलफल, स्पष्ट योजना र प्रभावकारी समन्वय तथा सहकार्यका साथ अघि बढ्नुपर्ने कुराको आवश्यकता टड्कारोरूपमा देखिएको छ । यसका लागि यो २०७४/७५ को प्रारम्भदेखि नै त्यसतर्फ सोच्ने बेला आएको छ ।

४. स्थानीय तहमा पर्यटन विकासका गतिविधिको सुव्यवस्थित सञ्चालन तथा संयोजन गर्नका लागि पर्यटकीय चहलपहल र आम्दानी राम्रो भएका गाउँपालिका तथा नगरपालिकामा कम्तीमा एक जना पर्यटन हेर्ने 'फोकल पर्सन' हुनु जरुरी छ । स्थानीय तहमा कर्मचारी व्यवस्थापनको सन्दर्भ चलिरहेको यो समयमा त्यसका बारेमा पनि सोच बनाउनु आवश्यक छ । जिल्ला समन्वय समिति तथा नेपाल पर्यटन बोर्ड र पर्यटन मन्त्रालयले त्यस्ता व्यक्तिको 'क्षमता विकास' गरी स्थानीय तहको पर्यटन विकास पहललाई गतिशीलता र जीवन्तता दिन सक्छन् । नयाँ नेपालमा यो कार्य पनि नयाँ हुनेछ । पर्यटकीय चहलपहल र आम्दानी राम्रो भएका गाउँपालिका तथा नगरपालिकाले यस दीर्घकालीन महत्वको कामको थालनी गरी अरु गाउँपालिका तथा नगरपालिकाहरूलाई पनि क्रमशः सिकाउँदै जानेछन् । नेपालजस्तो 'पर्यटकीय देश'का लागि यो सोच समयमै बनाउँदै जानुपर्ने देखिन्छ । अब पुरानो ढर्राबाट स्थानीय तहमा पर्यटकीय गतिविधि चल्न सक्दैनन् ।

५. पहिले पहिले कुनै जिल्लाका केही गाउँ विकास समिति तथा नगरपालिकामा छिटपुट रूपमा पर्यटन योजना बनेका पनि हुनसक्छन् । तर ती गाविस यता र उता भएर गाउँपालिकामा वा नगरपालिकामा गाभिएका छन् । त्यसरी गाभिएका ठाउँमा पहिलेको पर्यटन विकास योजनाले काम गर्दैन । अतः त्यहाँ अब गाउँपालिकास्तर वा नगरपालिकास्तरको रणनीतिक पर्यटन योजना बनाई अघि बढ्नुपर्ने हुन्छ । त्यस्ता योजनामा पर्यटन विकास कसरी गर्ने भन्ने कुरामात्र समेटेर पुग्दैन, पर्यटनको लाभ सबै वर्ग (अझ गरिब वर्ग) र क्षेत्रमा कसरी पुऱ्याउने भन्ने कुराको स्पष्ट सोच, दृष्टि, योजना र खाका पनि सबैले बुझ्ने तरिकाले उल्लेख गरिनुपर्छ । पर्यटकीय सम्भावना भएका हरेक गाउँपालिका तथा नगरपालिकाले कम्तीमा ५ वर्षको योजना बनाइसकेपछि मात्र एउटा समग्र जिल्ला पर्यटन विकास (समन्वय) योजना बनाई केन्द्रीयस्तरमा अग्रसम्बन्ध (फरवार्ड लिङ्केज) का लागि प्रस्तुत गर्नुपर्छ । सुरुदेखि नै पर्यटकीय सम्पदाको प्रवर्द्धन तथा बजारीकरण (ब्राण्डिङ/प्रचार नारासहित) मा विशेष जोड दिनुपर्छ ।

६. अब कम्तीमा जिल्लास्तरमा एकजना दक्षिलो पर्यटन समन्वय अधिकृतको खाँचो छ । यसका लागि सङ्घ तथा प्रदेशस्तरबाट नेपाल पर्यटन बोर्ड एवम् संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रभावकारी किसिमले सहजीकरण गर्नु अति आवश्यक छ । सुरुसुरुमा स्थानीय तहलाई ठूलै खालको सहयोग पनि आवश्यक पर्ने हुँदा प्रदेश र सङ्घमा रहेका पर्यटन निकायहरूले पूर्णरूपमा सहयोग गर्नुपर्दछ । किनकि सबै गाउँपालिका र नगरपालिकाहरूले गर्ने पर्यटन कर्मको कूल (समग्र) छवि नै 'नेपालको पर्यटन' बनेर बाहिर जाने हो । व्यष्टि-व्यष्टिबाट 'समष्टि' बनाउने प्रयास अब हुनुपर्छ । एउटा गाउँपालिका वा एउटा नगरपालिका मात्र प्रवर्द्धन गर्न कदापि मिल्दैन, सफल पनि हुँदैन । यस्तोमा सके त प्रदेश, नभए कम्तीमा जिल्लाकै प्रवर्द्धन हुने संयन्त्र र सोच विकास गरिनुपर्छ । उदाहरणका लागि रेसुङगा पर्यटन प्रवर्द्धनका लागि रिडी, श्रृङ्गा (छत्रकोट) जस्ता क्षेत्रहरू समेटेर समग्रमा 'गुल्मी पर्यटन'को प्रवर्द्धनमा जोड दिनुपर्छ । प्रदेश ५ अर्थात् लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धन हुन सकेन भने पाल्पा, गुल्मी तथा अर्घाखाँची जिल्लाका पर्यटन पटक्कै प्रवर्द्धित हुन सक्दैनन् भन्ने कुरा सबैले बुझ्नुपर्दछ । अरु प्रदेश र क्षेत्रको कुरा पनि यस्तै नै हो । उदाहरणका लागि मात्र यहाँ आफ्नो जिल्ला गुल्मीको सन्दर्भ कोट्याइएको हो ।

७. पर्यटकीय दृष्टिले अत्यन्तै सम्भावना भएका ठाउँहरू (उदाहरणका लागि : इलाम, श्रीअन्तु, ओलाङचुङगोला, तीनजुरे मिल्के, बरुण उपत्यका, खुम्बु, दुधकुण्ड, बेतना, कोशीटप्पु, गौरीशंकर क्षेत्र, जिरी, खरीढुंगा, जनकपुरधाम, सिंह्नीनगढ-गढीमाई, हेलम्बु, धुलिखेल, नगरकोट, भक्तपुर नगरी, चाँगुनारायण, पाटन, काठमाडौं महानगर, धुन्चे-स्याफ्रु-लाङटाङ, सौराहा, मेघौली, मनकामना, बारपाक, चुमभ्याली, बन्दीपुर, तनहुँसुर, ब्यास, घलेगाउँ, चामे, लेखनाथ, पोखरा, घान्द्रुक-घोरेपानी, पञ्चासे, बेनी सेरोफेरो, जोमसोम-कागबेनी-मुक्तिनाथ-लोमान्थाङ, तानसेन, रिडी-रेसुङगा, बुर्तिबाङ-ढोरपाटन, रामग्राम, देवदह, लुम्बिनी, कपिलवस्तु, स्वर्गद्वारी, सिस्नेक्षेत्र, रामारोशन-खप्तड, ठाकुरद्वारा, फोक्सुन्डो, जुम्ला, गमगढी-रारा, सिमकोट, टीकापुर-घोडाघोडी-धनगढी, शुक्लाफाँटा आदि) मा रहेका गाउँपालिका

वा नगरपालिकाले स्थानीय पर्यटनलाई कसरी ग्रहण गर्छन्, योजना कसरी बनाउँछन्, राजस्व कसरी उठाउँछन्/बाँड्छन्, जिल्लासँग समन्वय एवम् प्रदेश तथा केन्द्रसँग अग्रसम्बन्ध कसरी राख्छन् जस्ता ठोस र व्यावहारिक अनुभवले नै नेपालका अरु सयौं गन्तव्यलाई प्रभाव पार्ने भएको हुँदा अबका दिनमा पर्यटन विकासको सही दिशा निर्धारणका लागि यतिबेलादेखि नै बहस र छलफल बढाउनुपर्ने भएको छ। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवम् वन तथा भू-संरक्षण मन्त्रालय (विशेषत: वन्यजन्तु संरक्षण विभाग) सँग मिलेर नेपाल पर्यटन बोर्ड र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राम्रोसँग स्थानीय तहलाई दिशाबोध, सहजीकरण र सहयोग गर्ने उत्तम समय यही हो।

८. पर्यटन जनशक्ति उत्पादनमा लागेका तालिम संस्था तथा प्राज्ञिक प्रतिष्ठान (कलेज, विश्वविद्यालय) हरूले पनि समयअनुसार पाठ्यक्रम, पाठ्यसामग्री तथा प्रशिक्षण/शिक्षण विधि र तौरतरिका सुधार्नु जरुरी छ। अबको सन्दर्भमा स्थानीय तह (सरकार) सँग पनि सहकार्य बढाई अघि बढ्नुपर्ने देखिन्छ। स्थानीय समुदायसँग कसरी सहकार्य गर्न सकिन्छ र अनुसन्धानमूलक विकास तथा समुदाय सहयोग पद्धति अपनाउन सकिन्छ भन्ने कुरा काठमाडौं विश्वविद्यालयले केही सिकिसकेको हुँदा यो सिकाइ अरु कलेज र विश्वविद्यालयहरूले अवलम्बन गर्न ढिलाइ गर्नुहुन्न। साथै, भक्तपुर नगरपालिकाले पनि पर्यटनको लाभबाट स्थानीय (गरिबमुखी) शिक्षा कसरी चल्न सक्छ भन्ने राम्रो उदाहरण देखाएको छ। यसको थप अध्ययन, परिमार्जन र अन्यत्र लागू (रेप्लिकेसन) गर्ने राम्रो समय आएको छ। सबैलाई चेतना भया !

***आभार व्यक्त*** *: यस आलेखको मस्यौदा अध्ययन गरी आफ्ना अमूल्य सुझाव दिनुहुने ग्रामीण पर्यटनविद्* ***श्री रविजङ्ग पाण्डे*** *तथा कृषि-पर्यटनविद्* ***प्रा.डा. धर्मराज डङ्गोल****प्रति म हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु। धन्यवाद !*

## सन्दर्भ-सामग्रीहरू

कणेल, चेतनाथ (२०७४), सहभागीमूलक पर्यटन। ***गोरखापत्र*** *राष्ट्रिय दैनिक,* २०७४ वैशाख २ गते।

कणेल, चेतनाथ (२०७३), नेपालको 'भूकम्प-राजनीति' र पर्यटन : अब के ? । ***सहभागिता*** *पूर्णाङ्क ५० (स्वर्णाङ्क) वर्ष २० : अङ्क १-४ (संयुक्ताङ्क), नेपाल सहभागीमूलक कार्यसमूह (नेपान), काठमाडौं, पृ. ८-१४।*

गौतम, युवराज शर्मा (२०६१), ***तीर्थ पर्यटन***। काठमाडौं : लुम्बिनी ट्रेडिङ एन्ड प्रिन्टिङ हाउस प्रा.लि.।

जिल्ला विकास समिति भक्तपुर (२०६९), ***भक्तपुर जिल्लाको पर्यटन विकास तथा व्यवस्थापन योजना (२०६९/७०-२०७३/७४***। भक्तपुर : जिल्ला विकास समितिको कार्यालय।

नेपाल सरकार (२०७२), ***नेपालको संविधान, २०७२*। काठमाडौं** : कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति।

पुरी, उद्धव (२०५६), ***पर्यटन र विकास***। काठमाडौं : तलेजु प्रकाशन।

राष्ट्रिय योजना आयोग (२०७२), ***चौधौं योजनाको आधारपत्र (२०७३/७४- २०७५/७६)***। काठमाडौं : नेपाल सरकार/राष्ट्रिय योजना आयोगको सचिवालय।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सन् २०१५), ***नेपालको पर्यटन विकासको रणनीतिक योजना, सन् २०१५-२०२५***। काठमाडौं : नेपाल सरकार/संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।

Gurung, T.R. (2007). Mountain Tourism in Nepal. Kathmandu: Pratima Gurung.

Kanel, C. N. (2016). Nepal's Tourism Knowledge Infrastructure : Some Perspectives. Participation Annual Peer Reviewed Journal, Vol. 18, No. 17; Nepal Participatory Action Network (NEPAN), Kathmandu, pp. 99-103.

MoCTCA (2017). Tourism Statistics Book, 2016. Kathmandu: Ministry of Culture, Tourism and Civil Aviation.

Pandey, R.J. (2008). Rural Tourism- Development Phenomenon and Marketing Concepts. In: Upadhyay, R.P.(Ed.), Readings in Rural Tourism. Kirtipur, Kathmandu: Sunlight Publications, pp. 163-196.

Uprety, B.R., Upadhayaya, P.K. and Sapkota, T.R. (2013) (Eds.). Tourism in Pokhara : Issues, Trends and Future Prospects for Peace and Prosperity. Kathmandu: Nepal Centre for Contemporary Research (NCCR), Pokhara Tourism Council and South Asia Regional Coordination Office of NCCR North:South.

*(लेखक कणेल गरिबमुखी पर्यटनका अध्येता तथा प्रवर्द्धक हुनुहुन्छ र हाल काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनअन्तर्गत यसै विषयमा विद्यावारिधि अनुसन्धान गरिरहनुभएको छ।)*
*Email: chetnathkanel@gmail.com*

# स्थानीय तहमा ज्येष्ठ नागरिकका सवालहरूको सम्बोधन



फटिक थापा

### नेपालमा ज्येष्ठ नागरिकहरूका प्रमुख समस्याहरू

ज्येष्ठ नागरिकका शारीरिक, पारिवारिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक लगायतका थुप्रै समस्याहरू हुन्छन् । नेपालमा मात्र नभई संसारका सबै देशका ज्येष्ठ नागरिकहरू शारीरिक रुपले अशक्त र कमजोर  हुन्छन् । उमेर ढल्कँदै जाँदा उनीहरूलाई रोगहरूले सताउन थाल्छन् । त्यसैले घर, परिवार, समाज र स्थानीय सरकारले यस बारेमा जनचेतना फैलाउनुपर्ने हुन्छ ।

वास्तवमा भन्ने हो भने मानिस जतिजति बुढो हुँदै जान्छ, उतिउति बिभिन्न समस्याहरूबाट पनि घेरिँदै जान्छ । उमेरले गाँज्दै जाँदा ज्येष्ठ नागरिकले आफना दौँतरी गुमाउँदै जान्छन्, अनि आम्दानीका स्रोतहरू पनि सुक्दै जान्छन् । अझ बेरोजगार ज्येष्ठ नागरिकहरूको जिन्दगी निकै कहाली लाग्दो हुन्छ । आफ्नो जोडी गुमाउनु पर्दा ज्येष्ठ नागरिक एक्लोपन महसुस गर्न पुग्छन् जसका बारेमा घरपरिवार र समुदायले ध्यान दिनुपर्छ ।

जागिरबाट पेन्सन पाउने ज्येष्ठ नागरिकहरूको 'आम्दानी' केही नियमित हुने भएकाले परिवारले पनि उनीहरूलाई मन पराउँछन्, समाज र समुदायमा उनीहरूको प्रतिष्ठा पनि हुन्छ ।  तर, बेरोजगार र आम्दानी नभएका ज्येष्ठ नागरिकहरूलाई घर परिवारले पनि हेलाहोँचो र छिःछिः दुर-दुर गर्ने गर्दछन्, छरछिमेकमा पनि उनीहरूको मानमनितो कम हुन्छ । तसर्थ समाज र राज्यले यस्ता ज्येष्ठ नागरिकहरूको हेरचाह र सुरक्षाका लागि विशेष नीति र कार्यक्रम बनाउनुपर्छ ।

### स्थानीयतहमा ज्येष्ठ नागरिकको भूमिका

स्थानीय चुनावपछि बनेका थुप्रै गाउँपालिका र नगरपालिका, जसलाई हामी स्थानीय सरकार पनि भन्छौं, हरूले ज्येष्ठ नागरिकहरूलाई सहुलियतहरू प्रदान गर्ने कुरालाई प्राथमिकता दिएको सुन्नमा आएको छ । यो ज्येष्ठ नागरिकहरूका लागि खुशीको कुरा हो । स्थानीय सरकार बनेपछि अन्य नागरिकहरूलाई जस्तै ज्येष्ठ नागरिकहरूलाई पनि शासन पद्दतिमा प्रत्यक्ष भाग लिनेदेखि सरकारले उपलव्ध गराउने सुविधाहरू उपभोग गर्न सजह हुने आशा

"स्थानीय चुनावपछि बनेका थुप्रै गाउँपालिका र नगरपालिका, जसलाई हामी स्थानीय सरकार पनि भन्छौं, हरूले ज्येष्ठ नागरिकहरूलाई सहुलियतहरू प्रदान गर्ने कुरालाई प्राथमिकता दिएको सुननमा आएको छ । यो ज्येष्ठ नागरिकहरूका लागि खुशीको कुरा हो ।"



तस्बिर सौजन्य : चन्द्र मर्तुङ्गे

गर्न सकिन्छ ।। ज्येष्ठ नागरिकहरू पनि स्थानीय सरकारकहाँ गएर आफ्ना समस्या, सवाल, हक-अधिकारका आफना कुराहरू राख्न सक्नुपर्छ । ज्येष्ठ नागरिकहरूले आफूहरूसँग जोडिने विकासका हरेक प्रक्रिया र सवालहरूलाई स्थानीय सरकारसमक्ष राख्न सक्छन् । ज्येष्ठ नागरिकसित सम्बन्धित प्रचलित ऐन, नियम तथा कानून के के छन् तिनका बारेमा ज्येष्ठ नागरिकहरूले स्थानीय सरकारका प्रतिनिधिहरूसँग भेटेर नियमितरूपमा जानकारी लिने-दिने गर्नुपर्छ । ती ऐन कानूनहरूमा संशोधन आवश्यक छ भने ज्येष्ठ नागरिकका प्रतिनिधिहरूले स्थानीय सरकारसमक्ष त्यसको माग राख्न सक्छन् ।

## ज्येष्ठ नागरिकले प्राप्त गर्ने सामाजिक भत्ताबारे

बेलामौकामा यस्तो पनि सुनिन्छ कि ज्येष्ठ नागरिकका नाममा सामाजिक भत्ता सरकारी खाताबाट आइरहेको हुन्छ, तर त्यो भत्ता अरूकै हातमा पुगेर बूढाबूढी चिल्लै हुन पुग्छन् । यो साह्रै दुःख लाग्दो कुरा हो ।

कतिपय ज्येष्ठ नागरिकहरू शारीरिक रुपले अशक्त भएकाले घरपरिवारले भत्ता बुझिदिने र सम्बन्धित ज्येष्ठ नागरिकलाई दिने गरेको पाइन्छ, यो कुरा पक्कै राम्रो हो । तर, कहिलेकाहीं, कुनै-कुनै ठाउँहरूमा ज्येष्ठ नागरिकका छोरा वा बुहारी र नातिनातिनाहरूले भत्ता बुझिदिएर उनीहरूले नै खर्च गरे भनेर पत्रपत्रिकाहरूले छापेको पनि देखिन्छ । अझ कतिपय ठाउँमा त आमाको भत्ता छोरीले थापेर खाइदिएको भन्ने पनि सुन्नमा आउँछ । यो हाम्रो समाजमा रहेको नराम्रो कुरा हो । यसलाई जसरी पनि अन्त्य गर्नुपर्छ ।

अब भत्ता वितरणका बेला ज्येष्ठ नागरिकहरूले परिचयपत्र अनिवार्य देखाउनुपर्ने प्रावधान भएको हुनाले सम्बन्धित ज्येष्ठ नागरिकले भत्ता पाएपछि उनका घरपरिवार वा बाहिरका मान्छेले ठग्ने सम्भावना कम रहन्छ ।

अहिले सुन्नमा आएको छ, काठमाडौं महानगरपालिकालगायत कतिपय अन्य नगरपालिका तथा गाउँपालिकामा घर घरमा गएर ज्येष्ठ नागरिक भत्ता (सामाजिक भत्ता) वितरण गर्ने र औंषधी उपचार गरिदिने प्रबन्ध हुँदैछ । यो कुरा सही तरिकाले अवलम्बन हुन सक्यो भने साह्रै राम्रो हुनेछ । निश्चय नै यो स्वागतयोग कुरा हो । तर ठ्याक्कै कार्यान्वयन हुन्छ कि हुँदैन, त्यो भने हेर्नै बाँकी छ । यस शुभकार्यलाई सार्थक तुल्याउनका लागि प्रथमतः आफनो क्षेत्रका उक्त सुविधा पाउने ज्येष्ठ नागरिकहरूको आवश्यक सम्पूर्ण सूचना स्थानीय सरकारसँग हुनु पर्ला । अनि, अति वयोवृद्ध र अशक्त ज्येष्ठ नागरिकहरूको पहिचान गर्नुपर्ला । त्यसपछि राज्यले ज्येष्ठ नागरिकहरूलाई दिने भत्ता र अन्य सुविधा समयमा नै प्रदान गर्नका लागि ती स्थानीय तहहरूले आफनो समय, शक्ति र स्रोतलाई राम्रोसँग परिचालन गर्नुपर्ने हुन्छ ।

काठमाडौं जिल्लाका हकमा, केही नगरका केही वडाहरूमा नेपानले पनि हेल्पएज इन्टरनेसनलको सहयोगमा नमुनाको रूपमा ज्येष्ठ नागरिक समूहहरू गठन गरेको छ । ती समूहहरू अहिले सक्रिय छन् । अतः ती समूहहरूले स्थानीय तहबाट सञ्चालन हुने ज्येष्ठ नागरिकसित सम्बन्धित जुनसुकै कार्य र अभियानहरूमा मद्दत गर्न सक्ने देखिएको छ ।

नेपालगायत विभिन्न संस्थाहरूको सहजीकरणमा अन्य जिल्लाहरूमा पनि केही गाउँपालिका तथा नगरपालिकाहरूमा हाल ज्येष्ठ नागरिक समूहहरू गठन भइसकेकोले नमुनाका रूपमा ती समूहहरू परिचालित हुन सके भने सम्पूर्ण स्थानीय तहका लागि राम्रो सिकाइ हुन सक्ने हाम्रो मान्यता रहेको छ । सबै स्थानीय सरकारहरू ज्येष्ठ नागरिकमैत्री बन्न सकून् हाम्रो शुभकामना छ । सहकार्यका लागि नेपान पनि तयार छ ।

*(नेपानका कार्यकारी निर्देशक श्री थापाले (२०७४ असार महिनामा नेपानका तर्फबाट काठमाडौं महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफएमका लागि दिएको टेलिफोन अन्तर्वार्तामा आधारित आलेख; प्रस्तुति : प्रियङ्का पाठक) ।*

Email: fatik.thapa@gmail.com

ज्येष्ठ नागरिकका सवालमा नेपालकै
पहिलो अनुसन्धानात्मक पुस्तक
**बुढ्यौली आवाज**
नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा
नेपान सचिवालयमा उपलब्ध छ ।

# विकासका लागि 'प्रेम' : समानान्तर सूचना प्रविधिको सोच, पद्धति र व्यवहार



प्रा. डा. प्रेम शर्मा

> प्रेममा मान्छेले शारीरिक हाउभाउ र अन्य प्रत्यक्ष-अप्रत्यक्ष धेरै माध्यमहरूको प्रयोग गर्दछ । भेटघाट गर्छ, बोलचाल बढाउँछ, इशारा (जेस्चर), आँखा, हात वा स्वरको प्रयोग गर्दछ । मान्छेले मात्र होइन, प्रायः पृथ्वीका धेरै प्राणीहरूले प्रयोग गर्ने स्वभाव र माध्यमहरू यस्तै हुन् ।

मानिसका दुई विषयवस्तु जल्दाबल्दा छन् : जवानी र ढल्कँदो उमेर । तपाईं अहिले कुन अवस्थामा हुनुहुन्छ ?

मानिसको प्रेम-मामला ('लभ अफेयर') थालनी उमेर १६/१७ वर्ष र अस्ताउँदो उमेर (आदि र अन्त्य) ६४/६५ वर्षको अर्थात् '६० प्लस'मा हुन्छ भन्ने भनाइ छ । तर म मान्दिनँ । '६० प्लस'को समय झनै रमाइलो हुन्छ ।

प्रेम-मामला थालनीको समय सन्सनी र कौतुहलपूर्ण हुन्छ, अर्को ६४/६५ वर्षको उमेर भने अनुभवसिद्ध तथा विगत समयको बञ्चित खुल्दुलीमय क्रियामा आधारित हुन्छ । विगतका हरेक रमाइला क्षण सम्झीसम्झी रमाउन मन लाग्छ । ती सबै कुरा सम्झेर आफ्नो बुढेसकालमा पनि 'तरुनोपन' भर्न मन लाग्छ । वास्तवमा सक्रिय बुढ्यौलीको मर्म यही कुरामा रहेछ । प्रेमको पूजा गर्ने व्यक्ति कहिल्यै बूढो वा बूढी हुँदैन ।

दुईबीच तुलना गर्दा धेरै कुरा एकैचोटि मनमा आउँछन् । केसँग तुलना गर्ने ? आज (यो समय) तार र आवा (आकाशवाणी) को समय होइन । सूचना प्रविधिले भरिपूर्ण भएको 'आईटी'को समय हो । आज २०७४ साललाई २०२६/२७ सालतिर अर्थात् झण्डै ६० वर्षपहिलेको उमेरको अनुभवलाई त्यस समयको सूचना प्रविधि/चिठीपत्र र हालको मोबाइल अर्थात् 'साइबर युग'सँग के तुलना गर्नु ? तैपनि मनले मानेन । मलाई केही कुरा कोट्याउनै मन लाग्यो । आफ्नै कुरा । आफ्ना दौंतरी र साथीसँगीका कुरा, आफ्ना गाउँका कुरा । कृपा गरी युवा र वृद्ध पिँढीले आ-आफ्ना उमेरको हिसाबले कल्पना गरी पढ्ने र बुझ्ने प्रयास गर्नुहोला ।

यथार्थमा व्यावहारिक प्रेम-संसार नगरेका व्यक्तिका लागि प्रेमको धर्ती बुझ्न गाह्रो होला । जे होस् कुनै न कुनै खाले प्रेम नगरेको मानिस यो दुनियाँमा नहोला भन्नु पर्दछ । प्रेमको अर्थ, प्रकार  र स्वभाव आ-आफ्नै हुन्छन् र अर्थ, व्याख्या आ-आफैं लगाए हुन्छ । म किटानका साथ चिरफार र विशिष्टीकरण गर्न चाहन्नँ ।

## प्रेमको संसार र सूचना प्रविधिको विकास

प्रेम गर्नु, जीवनको एउटा अपरिहार्य कला मात्रै नभएर नैसर्गिक वा जीवविज्ञानको आवश्यकता (बाइलोजिकल नीड) हो । जस-जसले जीवनमा विपरीत लिङ्गीलाई माया/प्रेम गर्नु भएको छ उसै/उनीहरू (प्रेम-प्रेमिका) लाई मात्रै बढी थाहा र यस विषयको ज्ञान हुन्छ, तर अरु नगरेकालाई अनुमान मात्रै होला ।

जीवनयात्रामा प्रेम (माया) नगर्नु, गरेको छैन, अनुभव छैन भन्ने मानिस यो धर्तीमा बिरलै होलान् । होलान्/रहेछन् भने पनि ती व्यक्तिको जिन्दगी निरर्थक हो भन्दछु । मनोविज्ञानशास्त्रीका अनुसार मानिसले जीवनको कुनै कालखण्ड अर्थात् जवानी र जीवनको यात्रामा विपरीत लिङ्गीसँग माया (प्रेम) गर्दछ । तर यो कसरी गर्ने, अथवा गऱ्यो भन्ने कुरा प्रेमक्रिडा गर्नेलाई मात्र थाहा हुन्छ ।

प्रेममा मान्छेले शारीरिक हाउभाउ र अन्य प्रत्यक्ष-अप्रत्यक्ष धेरै माध्यमहरूको प्रयोग गर्दछ । भेटघाट गर्छ, बोलचाल बढाउँछ, इशारा (गेस्चर), आँखा, हात वा स्वरको प्रयोग गर्दछ । मान्छेले मात्र होइन, प्रायः पृथ्वीका धेरै प्राणीहरूले प्रयोग गर्ने स्वभाव र माध्यमहरू यस्तै हुन् । घडीको युगपूर्व पहिलेका मानिस राती आकाशको तारा र जूनको स्थान र दिनमा सूर्यको गति (दिशा) हेरेर आफ्नो कार्यतालिका सम्पादन गर्दथे, आजका विकसित मान्छेले सूचना प्रविधि-चिट्ठीपत्र, टेलिफोन/मोबाइलजस्ता अनेक अनेक प्रविधि प्रयोग गर्छ ।

आज अत्याधुनिक प्रविधि र विधि/साधन (डिभाइस) हरूको प्रयोग गरेर मानिसहरू प्रेम गर्दछन् । त्यसैले होला मानिसका आविष्कारहरू आवश्यकताका जननी हुन् भनिन्छ । जब मानिसले लेखपढ गर्न जान्यो, चिठीपत्रमार्फत् गोप्यरूपमा आफ्ना मनका इच्छा, आवश्यकता, चाहनाहरू व्यक्त गर्दा लेखेर पत्राचार (साटासाट) गर्दथ्यो, तर आज इन्टरनेट (सोसियल मिडिया) को प्रयोग अर्थात् मोबाइलको माध्यमबाट एसएमएस र कल गरेर आफूलाई लागेका कुरा अरुलाई पुऱ्याउँछ । प्रेमीकहाँ पुग्दछ । मायाप्रेममा जम्दछ ।

## प्रेममा उमेरको हदबन्दी कति ?

मानिसको विकासक्रम एउटा नियमित प्रक्रिया हो । यो विकासक्रममा कहिलेसम्म प्रेम चाहिने हो त ? प्रेम गर्ने कार्यको समयसीमा छ त ? छैन । उमेरको हदबन्दी छ त ? छैन ।

कसैलाई होला, तर जसले आफूलाई आवश्यकता अनुभव गर्दछ, प्रेम गर्ने इच्छा ६०/७०/८० को उमेरसम्म पनि निरन्तर चलिरहन्छ अर्थात् यो क्रम मानिसको प्राण बन्द नहुँदासम्म चलिरहन्छ । श्रीमान्-श्रीमतीबीचको संवाद यसको एउटा प्रमाण हो । किन आज पश्चिमा मुलुकका बूढाबूढीहरू पार्क, पब र डिस्को क्लबको माध्यम (थलो) बाट अर्को प्रेममा फँस्ने र विवाहसमेत गर्ने गर्दछन् त ? बुढेसकालमा पनि लोग्ने र स्वास्नीको (सम्बन्धको) चाहना किन राख्दछन् त ? के कुनै उमेरहद त्यहाँ देख्न सकिन्छ ? ८० वर्षे महिला र पुरुष पनि अर्कोलाई आकर्षित गर्न चिटिक्क परेर हिँड्ने संस्कार किन बढ्दै छ त आजकाल ?

दोस्री, तेस्री श्रीमती ल्याउने, अर्को लोग्ने खोज्दै पोइल जाने खालका समाचारहरू नेपालमा पनि बेलाबेलामा सुन्न र पढ्न पाइन्छ । स्वस्थ शरीर र मानसिक सन्तुलनको गति सकारात्मक रूपमा बढाउने व्यक्तिलाई यो कार्य स्वाभाविक हो र असम्भव छैन निरन्तर चलिरहन्छ । लघुताभाष हुनु भएन, चिन्ता र अनावश्यक चासो स्वार्थ लिनु हुँदैन भन्ने मेरो मान्यता छ ।

## खुसीले प्रेम गर्नु जीवनको सहारा ! क्रियाशीलता र सिर्जनशीलता खुसीको रहस्य !

*'सन्तोषम् परम् सुखम्'* भन्ने सिद्धान्त अङ्गीकार गर्नुस् । जीवनमा आइपर्ने कुनै पनि समस्याहरू सहज र सकारात्मक तरिकाले समाधान गर्दै जानुस् वा राष्ट्रकवि माधव घिमिरेलाई बुझ्नुस्, चिन्नुस् । नेपालका वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीलाई बुझ्नुस्, भेट्नुस् । 'सन्तोषम् परम् सुखम्' भन्ने सिद्धान्त र व्यवहार यी दुवै आदरणीय व्यक्तिमा पाइन्छ ।

क्रियाशील र सिर्जनशील मानिस कहिल्यै बूढो हुँदैन । शारीरिक एवम् मानसिक चिन्ता र पीडाबाट टाढा भै तन्दरुस्त रहनुस् । चार्वाकको सिद्धान्त *'ऋणम् कृत्वा घृतम् पिवेत्'* झैं आज जेसुकै खानपान गर्नुस्, भोलि मर्नुस् । मृत्यु अपरिहार्य छ । चिन्ता मुक्त रहौं, खुसी रहौं । क्यान्सर, एड्स लागेको भए पनि हरेस नखाऔं । इच्छाशक्तिको सिद्धान्त (विलपावर) अंगीकार गरौं ॥ खुसीले प्रेम गर्नु जीवनको सहारा हो । र, क्रियाशीलता र सिर्जनशीलता नै सुखी जीवनको रहस्य हो । यो रहस्य हरेक व्यक्तिले भेट्न सक्छ । परिश्रम र मेहनत भने चाहिन्छ ।

## प्रविधिको सही प्रयोग !

चिट्ठीपत्रमार्फत् हिजो (५/६ दशक पहिले) एउटा युवा (केटा/केटी) ले गर्ने प्रेम र हालको मोबाइल प्रयोग गरी गर्ने प्रेम-संसार एउटै हो, तर माध्यममात्र फरक छ ।

चिट्ठीपत्रको प्रतीक्षा लामो र पट्यारलाग्दो झन्झटिलो थियो, तर

आज हात-हातमा मोबाइल, मिनेट किनेट र सेकेण्ड सेकेन्डमा सन्देश आदान-प्रदान गर्न सकिन्छ। अर्कोतर्फ प्रेम/लभ कसले गर्दछ? उत्तर सजिलो छ: ज-जसलाई यसको आवश्यकता पर्दछ।

त्यसैले प्रेम र लभ तिनीहरूले गर्दछन् जसले यसको मर्म बुझेका छन्, जो भोका छन्। यसमा उमेरको सीमा, हद, बार, म्याद क्षण, अवस्था केही हुँदैन। हिजो रामले (उदाहरण स्वरूप) मा.वि.मा पढाइ गर्दा समकक्षाकी सीतालाई झण्डै दिनको ३/४ पटकसम्म पत्राचार गर्थे अर्थात् 'लभ चिट' आदान-प्रदान हुन्थ्यो। त्यसैगरी, पी.एन. क्याम्पस वा अमृत क्याम्पसकी सीता र कीर्तिपुर बस्ने रामले प्रेमसम्बन्धको रजिष्ट्री चिठ्ठी झण्डै हप्ताको कम्तीमा एउटा आदान-प्रदान गर्थे।

त्यो समय गाउँघरतिर हुलाकीले चिठ्ठी-पार्सल बोकेर घण्टौं हिँडेर ओसारप्रसार गर्नुपर्थ्यो। आज ई-व्यापार/मार्केटिङ हुन्छ। त्यो चिठ्ठी-पत्र ओसारप्रसार गर्ने हुलाकी दाइको अनुहारको अध्ययन गरिन्थ्यो। चिठ्ठीको प्रतीक्षारत हुँदा झल्झली आँखा सामुन्ने उसको तस्विर आउँथ्यो। पत्र ल्या'छ कि छैन, उ मतिर आउँछ कि आउँदैन, मुस्कुरा'को अनुहार देखिन्छ कि देखिन्न, आदि खुल्दुली हुन्थ्यो। नत्याएको भा मन खिन्न हुन्थ्यो, फेरि भोलिको प्रतीक्षामा बस्नु पर्थ्यो।

भोलि कसैगरी पत्र आइपुग्यो भने पुनः पत्रभित्र उन (सीता) ले मेरो मनको चाहना/इच्छा समेट्ने/सन्तुष्टि हुने कुरा लेखेकी छ कि छैन भन्ने कौतुहल हुन्थ्यो। आज मोबाइमा बोलेर मनका कुरा व्यक्त गरिन्छ, अप्ठ्यारो हुने कुरा एसएमएस गरेर पठाइन्छ। कि त सहज र सजिलो 'स्मार्ट' मोबाइलको खोजी, सफ्टवेयर पनि स्तरीय र मोबाइल सेट पनि अत्याधुनिक हुनुपर्ने इच्छा राखिन्छ।

अहिले ६० तथा ६० प्लसका मानिसलाई आईटीको 'अतिक्रमण' अचम्म भएको छ। एक किसिमको अतिक्रमण र प्रहार नै भएको छ। जान्न खोज्यो कठिन, नजान्यो पछि परिने! जिन्दगीमा टाइपराइटर नदेखेको र नचलाएको मान्छेका लागि एकैचोटि स्मार्ट फोन, ल्यापटप र आईप्याड चलाउनु पर्ने! सपना नै साबित भएको छ। आफैंलाई नै विश्वास गर्न कठिन!

हिजो साधारण चिठ्ठीपत्रको टिकट मूल्य (खर्च) १०/१५ पैसामात्रै हुन्थ्यो, रजिष्ट्री गर्नुपऱ्यो भने ४०/५० पैसा पर्थ्यो र 'फिर्ती रसिद' पनि राखी प्राप्त गर्नेवालाले पायो वा पाएन भन्ने पक्कापक्की गर्नुपर्ने भए थप १०/१५ पैसा बढी लाग्थ्यो। आज रिचार्ज गर्ने पैसा प्रशस्त (रु. १०० कम्तीमा) छ कि छैन? भाइबरको सुविधा भा धेरै राम्रो, छैन भने एनटीसी वा एनसेल 'डाटा' को साधारण नेट प्रयोग गरे पनि भो (रु. १५/२० तिरै भेटिन्छ)। यदि छैन भने प्रायः केटी तर्फबाट 'मिसकल' गर्ने र केटा तर्फबाट तु. 'कल' आउँछ भनी प्रतीक्षारत रहे भो अथवा हुनुपर्दछ। हिजो केटा र केटी दुवै तर्फबाट यो कार्य (प्रेम) सम्पन्न गर्न झण्डै बराबर सक्रिय हुनुपर्थ्यो। आज सूचना-प्रविधिले धेरै सहज र फाइदा बनाएको छ। परिणामस्वरूप सस्तो र छिटो-छरितो समयमा नै प्रेम-संसार चल्दछ। 'झट् मगनी चट् बिहे'जस्तै भएको छ अहिले!

## प्रेमको प्रेम!

आज यो पङ्क्तिकारको 'प्रेमलीला' पनि ७४/७५ जिल्लाका साथीहरूसँग चलिरहन्छ। कस्तो खालको प्रेम? कोसँग प्रेम? किन यो उमेरमा प्रेम? आदि सविस्तार पछि गरौंला।

'प्रेमलीला'का लागि महिनामा झण्डै ३ हजार रुपैयाँजतिको 'रिचार्ज' खर्च गर्नुपर्छ। उमेर नभनौं, नसोधौं। उनको, उनीसँग प्रेम वार्तालाप र भेटघाट निरन्तर चलिरहन्छ। ८/९ बजे सुत्ने मानिस यो प्रेम 'प्रेमचक्कर'ले १०/११ बजेसम्म वार्तालाप जारी राख्छ। तपाईंलाई आश्चर्य लाग्ला, अनेक अनुमान गर्नुहोला, गर्नुस्। तर, यो प्रेम-कार्य सूचना प्रविधिको पहुँचले सम्भव भा'को हो।

प्रविधिबाट फाइदा लिन जान्नुस्। तर, डर हुन्छ- घरपरिवारका सदस्यहरूले थाहा पाउलान् कि भन्ने! त्यसतर्फ हेक्का राख्नुस्, छोरा वा छोरी 'अअ'मा (अमेरिका वा अष्ट्रेलियामा होलान्) छन् वा विश्वका कुनै पनि देश/कुनामा होलान् उनीहरूसँग सँधै ताजा सम्पर्क भइरहन्छ। प्रविधिका कारण घरैमा सबैथोक खानपान, सरसामान जुटाउन ई-व्यापार सहज हुन्छ, छ। यो कार्य प्रविधि र माया (प्रेम) ले सम्भव भएको छ। समस्या आइलागे झुठो बोलेर तर्कन वा भाग्न सम्भव छ। अर्थात् धोका दिन सकिन्छ, आशा र निराशामा झुण्ड्याउन/राख्न सकिन्छ, इत्यादि।

## प्रेम, सूचना प्रविधि, समय व्यवस्थापन र सतर्कता

प्रेम र सूचना प्रविधिको प्रयोग र कारोबारमा बिर्सन नहुने कुरा समय अभाव र समयको पर्खाइ नै हो। कसको कल कहिले, कतिखेर आउँछ, जसरी हिजो चिठ्ठी-पत्र समाचार/खबर वा इशारा आउँथ्यो। आफन्त, आमा-बा, नातेदार, साथीभाइहरूबाट बँच्नुपऱ्यो, वार्तालाप अरुले सुन्नु भएन, देख्नुभएन, आजको प्रविधिले त रेकर्डसमेत गर्दछ, त्यसमा पनि सतर्क बन्नु पऱ्यो।

अहिलेको प्रविधिमा गोप्यता कायम गर्न 'कोड नम्बर' वा पासवर्डको सुविधा छ। यस्तो पासवर्ड पनि बिर्सेर कतै रेकर्ड भाको त छैन? ख्याल गर्नुपर्छ। सतर्क हुनु पर्दछ।

त्यस (विगत) समयमा पनि कसैले पठाएको चिट्ठी आको, घरी घरी किन पठाउँछ/आउँछ, चियोचर्चो हुन्थ्यो । खतरा उत्तिकै थियो । घरमा छोरा वा छोरीको मोबाइलबाट कसैको कल आउने जाने, कति पटक, किन आउँछ, महिनामा कति रिचार्ज खर्च भा'को छ, आदि अध्ययन अनुसन्धानको माध्यमबाट आज सुरक्षा निकायहरू गोप्यता पत्ता लगाउन सक्षम छन् । मेसेन्जरमा के लेखेको छ ?

आजकाल सामाजिक सञ्जाल पनि यो प्रेमले बढी नै प्रयोग गर्छ । तपाईंले कत्तिको प्रयोग गर्नुहुन्छ ? सामाजिक सञ्जालको प्रत्यक्ष प्रयोगबाट फाइदा बेफाइदा दुवै छन् । फेसबुकमा के-के लेखेको छ, सम्पर्क कसरी अघि बढिरहेको छ, ट्विटरमा के भन्यो वा कहाँ कसले के बोल्यो, लेख्यो यी आदि इत्यादि कुरा वर्तमान सूचना प्रविधिको सकारात्मक र नकारात्मक पक्षका कुराहरू हुन् । लोग्नेले अर्कीसँग प्रेम गरेको, श्रीमतीलाई मोबाइलकै उपलब्धताका कारण पोइल गएकी, रेमिट्यान्स (विप्रेषण) को पैसा दुरूपयोग भएको कथा-व्यथा, प्रेम र सूचना प्रविधिकै कारण/तिनका नतिजा मान्न सकिन्छ ।

## प्रेमको अलौकिकता !

आज दुनियाँ एउटा मुट्ठी मार्फत् अर्थात् मोबाइलबाट चलिरहेको छ । हिजोको मानवीय क्षमता (सिर्जनशीलता) लाई मेसिनले विस्थापित गर्दैछ । तर मानिसको आत्माको चाहना/इच्छा वा आवश्यकता पूरा गर्ने जुनसुकै माध्यम भए पनि प्रेम गर्ने सदिच्छा मानिसमा अलौकिक मान्नु पर्दछ । यो खाँचो/आवश्यकता पूरा गर्ने माध्यम आज मोबाइल/कम्प्युटर (सूचना प्रविधि) हो । प्रेम गर्नु मानिसका जीवनमा अभावको खाँचो वा आकर्षण पूरा गर्नु हो । मानिस प्रेमबाट आफ्ना आवश्यकताहरू पूरा गर्दछ ।

आज चिट्ठीपत्रको युग झण्डै समाप्त भएको छ । तर आउट-डेटेड चिट्ठीपत्रको चलन ४/५ दशक पुराना उमेरका व्यक्तिले गर्ने प्रेमको माध्यम आधुनिक मोबाइलमार्फत् चल्दैछ, आश्चर्य लाग्दछ/लाग्दो हो, उसका साथमा छ र सक्रिय एवं प्रभावकारी रूपमा प्रयोगमा छ । हिजो पत्राचारले साहित्य सिकाउँथ्यो, आज मोबाइलले अंग्रेजी शब्दावली सिका'को छ । आज दुनियाँमा विपरीत लिङ्गीका साथीको पर्खाइमा मानिस व्यग्र छ । चाहे भञ्ज्याङ्ग चौतारी वा बाटो/सडकका कुनामा उभिएर वा चिया-चमेना (रेष्टुराँमा) पसलमा मोबाइलमा कुरा गरोस् वा आमा-बाले (वार्तालाप) नसुनून् भनेर ढोका थुनेर वा सिरकभित्र पसेर सानो स्वरमा कुरा गरोस् वा एसएमएस गरेर (तिमीलाई) 'पछि कल गर्छु' भनोस्, मनको कौतुहल, तिर्खा मेटाउने माध्यम हलि सूचना प्रविधि नै बनेको छ । मोबाइलको प्रयोगबाट धेरै विकृतिहरू नभा'का होइनन्, तर सही सदुपयोगले जीवनको आवश्यकता, चाहना, इच्छा (प्रेम) पूरा गर्ने सशक्त माध्यम सूचना प्रविधिको व्यवस्थापन नै हो । यसको अलौकिकता पनि बुझ्नुपर्छ ।

## केको बुढेसकाल ? केको धनी-गरिब ?

माथि पनि उल्लेख गरिसकियो, प्रेम गर्दा उमेरको हदबन्दी छँदैछैन । प्रेमले रिटायर्ड हुने उमेर कहिल्यै भन्दैन । यसलाई 'संविधान'मा पनि लेखिएको छैन, निजामती किताबखानामा वा ज्येष्ठ नागरिक ऐन वा मुलुकी ऐनमा पनि उल्लेख गरिएको छैन । कसैका चिना र राशिफलमा पनि लेखिएको हुँदैन । अनि हामी सबै प्रेममा किन नरमाउने त ? अहिलेको सूचना प्रविधि राम्रोसँग प्रयोग किन नगर्ने त ? कसले भन्छ हामीलाई 'उमेर गयो' भनेर ? हरेक कुरामा हामी पनि 'सहभागी' बन्नु परेन त ? आफ्नो सहभागिता देखाउनु परेन त ?

शारीरिक, मनोवैज्ञानिक, जीवशास्त्रीय (बायोलोजिकल नीड) आवश्यकताहरू प्रेम र प्रविधिबाट पूरा होलान् नहोलान्, तर कुनै न कुनै रूपमा पूरा भएकै हुन्छन् । अनुहार हेरेर मात्र वा बोली सुनेरमात्रै वा पत्राचारमा लेखेका कुराको अर्थ बुझेरै भए पनि मानिसको प्रेमलीला वा कलाप्रेम संसार जे भन्नुस् सन्तुष्टि पूरा हुन्छ । तर प्रेम-लीलामा सूचना प्रविधि एउटा सशक्त माध्यम मात्रै हो 'साध्य' होइन ।

मोबाइलमा कहिलेकाँही पैसा (रिचार्ज) सकियो भने, ब्याट्री चार्ज छैन भने, नेटवर्कले काम दिएन भने कस्तो असहज र छटपटी हुन्छ सबैले भोगेकै अनुभव हो । प्रेम गर्दा उसको कल कहिले आउला, ऊ खाना खाँदै छ कि परिवारका सदस्य अर्थात् हेरचाह गर्ने अभिभावकसँग वा नजिकमा पो छ/छन् कि, कति पट्ट्यार र शंका लाग्दछ सबैले भोगेको/अनुभव गरेको कुरा हो । यस अवस्थाको वर्णन गरिसाध्य छैन । कल आउँदा उसैको आयो भने कति खुसी भइन्छ र वार्तालापमा संलग्न हुँदा दिनभरि वा रातभरि कल्पना गरेका कुराहरू व्यक्त गर्न पाउँदा सगरमाथा नै सफल आरोहण गरेझैं वा गहिरो समुन्द्रमा (मोती टिप्न) डुबेझैं हुन्छ । अझ छिट्टै भेट्ने, सँगै बस्ने, चिया खाने, खाजा/खाना खाने, घुम्ने सहमति व्यक्त भयो भने त यो सूचना प्रविधिलाई कति धेरै धन्यवाद दिन मन लाग्ला ! कसरी वर्णन र के शब्दमा व्यक्त गरौं ? मानिसका इच्छा, चाहना, आवश्यकता पूरा गर्ने अपूर्व मीतव्ययीता, वैज्ञानिक र ताजा खबरको भरपर्दो प्रभावकारी साधन मोबाइललाई मान्नु पर्दछ । देउतै पो हो कि यो आधुनिक मोबाइल ?

### प्रविधिका लागि युवासँग सहकार्य र सहभागिता

पचास हुनुभयो, वा साठी हुनुभयो वा सत्तरी-असी नै, यदि आफूलाई सफल राख्ने हो भने आजको सूचना प्रविधिको तरिका (एप्स) र नयाँ नयाँ विधिहरूको जानकारी लिइरहनु पर्दछ। यसका लागि आजका 'चम्प' युवासँग सहकार्य गर्न जान्नुपर्दछ। यो पुस्ता निकै तगडा छ। प्रविधिमा धेरै अब्बल छ। उनीहरूसँग सल्लाह लिन सक्नुपर्दछ। उनीहरूसँग सँगसँगै हिँड्न सिक्नुपर्दछ।

अर्को कुरा, आजीवन प्रेम गर्नु छ भने, आफ्नो प्रेम र प्रेमिकालाई सँधै साथमा राख्नु छ भने सूचना प्रविधिका एप्सहरूको साधारण जानकारीहरू सधैं राखौं, अपडेट होऔं, साथसाथै हिडौं। असली प्रेमक्रिडामा सफल र सदा रमाउनु छ भने सूचना प्रविधिको विकास, प्रयोग अपग्रेडसँग सँगै मायाप्रीति गर्न नसिकी हुँदैन। आजको समयमा को धनी को गरिब, सबैको हातमा स्मार्ट फोन छन्। हरेकका साथमा इन्टरनेट सेवा छन्। सूचना प्रविधिले गाउँले मानिसलाई पनि आधुनिक र सहरियासमान बनाएको छ। रोदीघरलाई सहरबजारको होटेल-रेष्टुराँमा मनोरञ्जनको माध्यम (रूपान्तरण) गराएको छ। मानिसको कला र गलालाई मेसिनाइज गरी कृत्रिम र अत्याधुनिक रूपमा परिणत/रूपान्तरण गरेको छ। अत्याधुनिक सूचना प्रविधिले हाम्रो उमेरको हदबन्दीलाई तोडेर सदाबहार अर्थात् जवानी र तन्दरुस्त गराएको छ। त्यसैले यसले को जवान, को बूढो, को पुरुष, को महिला, को के जातभातको, को कालो, को सेतो, को गोरो, को खैरो, भिन्नता केही छैन भन्ने दुनियाँको रूप परिवर्तन गराएको छ। मानिस-मानिसबीचको भेदभाव तोडेर सूचना प्रविधिले मानिसको सभ्यता र विकास क्रममा आमूल परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ। आज संसारको रूप परिवर्तकको मुख्य वाहक सूचना प्रविधि सफलसावित भएको छ।

त्यसैले, १६/१७ वर्षको प्रेम र ६०/७० वर्ष उमेर पुगेका मानिसहरूको प्रेम गर्ने इच्छा, चाहना, आवश्यकताको सन्तुष्टिको माध्यम 'सूचना प्रविधि' नै हो भन्ने यो प्रेम-लेखको मुख्य आशय हो। यो यथार्थको जानकारी सबैलाई होस्। सबैलाई महसुस होस्। राम्रो प्रेममा मात्र परिवार, घर, समाज सबै सन्तुलित ढंगले अगाडि बढ्ने हुन्। विकासको ढोका प्रविधि र सञ्चारले नै खुलाउने हो। तसर्थ, प्रविधिलाई सबैभन्दा बढी माया-प्रेम गर्न सिकौं !

*(लेखक त्रि.वि.वि.मा प्राध्यापन गर्नुहुन्छ र ग्रामीण विकासका ज्ञाता हुनुहुन्छ। साथै उहाँ ग्रामीण पर्यटनका प्रवर्द्धक पनि हुनुहुन्छ।)*
*E-mail: prembhogsing@gmail.com*

## सहभागिता

**को ५२ औं अङ्क (युवा सहभागिता विशेषाङ्क) का लागि 'जनमत' प्रश्न**

**"देश विकासको प्रक्रियामा युवाहरूको क्रियाशील एवम् निर्णायक सहभागिता बढाउन के के गर्नुपर्ला ?"**

(कृपया ५० शब्दभित्रै सीमित रही आफ्नो विचार प्रकट गरिदिनुहोला)
प्राप्त हुनुपर्ने अन्तिम मिति : २०७४ फागुन मसान्त ।

- **सहभागिता त्रैमासिक**,
nepan@nepan.org.np

# स्थानीय तहका निर्वाचनहरू र दलित समुदायसँग जोडिएका सवालहरू



तेज सुनार

मुलुकमा झण्डै २० वर्ष स्थानीय निकायहरू जनप्रतिनिधिविहीन अवस्थामा रहे । यो बीचमा धेरै राजनीतिक उथलपुथल भए । राजनीतिक परिवर्तनसँगसँगै नयाँ संविधान आएको छ । राजनीतिक परिवर्तन र नयाँ संविधानले नागरिकमा धेरै आशा जगाएको छ । अरु सँगसगै दलित, महिला, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्तिलगायतका सीमान्तकृत समूहहरूले यो राजनीतिक परिवर्तन र नयाँ संविधानबाट धेरै अपेक्षा राखेका छन् । तीमध्ये पनि अति सीमान्तकृत दलित समुदायले अझ बढी अपेक्षा राख्नु स्वाभाविक हो ।

> हालको व्यवस्थाअनुसार २६३ नगर कार्यपालिका, ४८१ गाउँ कार्यपालिका र ६,६८० वडामा गरी जम्मा ३४,८८८ जनप्रतिनिधिमध्ये ६,६८० (जुन १९ प्रतिशत हुन आउँछ) दलित महिला त पर्ने सुनिश्चित थियो तर यतिमात्र दलित प्रतिनिधित्वको दायरा थिएन ।

झण्डै बीस वर्षपछि सरकारले २०७४ वैशाख ३१ र जेठ १४ गते गरी दुई चरणमा गरी प्रदेश नं. २ बाहेकका सबै स्थानीय तहको निर्वाचन सम्पन्न गरिसकेको छ। निर्वाचनसँग सरोकार राख्ने सरकार, निर्वाचन आयोग, राजनीतिक दलहरू, नागरिक लगायतका पक्षहरू आ-आफ्नो क्षेत्रबाट निर्वाचन सम्पन्न गर्न जुटेका थिए । मतदाताहरू आफूले चाहेको पार्टी र उम्मेदवारलाई मतदान गरेका छन् । राजनीतिक दलहरूले आआफ्नै चुनावी रणनीति बनाउने, चुनावी घोषणापत्र तयार पार्ने, उम्मेदवार छनोट गर्ने चुनावी अभियान सञ्चालन गर्नेजस्ता कार्यमा जुटेर आआफ्ना उम्मेदवारलाई जिताउन जुटेर विजय गराएका छन् । दलित, महिला, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्तिलगायतका सीमान्तकृत समूहहरूका सङ्घसंस्थाहरू आफ्नो प्रतिनिधित्व बढाउनका लागि बहस-पैरवी र दावी गर्नमा व्यस्त रहे ।

### दलितका लागि किन झन् महत्वपूर्ण ?

निर्वाचनको घडीमा दलित समुदायका लागि मुख्य रूपमा दुई हिसाबले महत्वपूर्ण रहे । पहिलो, स्थानीय तहहरू गाउँ कार्यपालिका, नगर कार्यपालिका र वडामा आफ्नो प्रतिनिधित्व बढाउनको लागि सकेसम्म धेरै उम्मेदवारीको लागि पहल गर्ने र जिताउने, तथा दोस्रो, दलहरूको प्रतिबद्धता, जस्तो कि चुनावी घोषणापत्र, कार्ययोजनाजस्ता दस्तावेजहरूमा दलित हक, अधिकार, उत्थान र विकासका एजेण्डाहरू पार्ने । यदि

यतिखेर चुकियो भने यस्तो मौकाको लागि धेरै वर्षहरू पर्खनुपर्छ भनेर उनीहरू लागिपरे ।

विगतको स्थानीय तहमा दलितको प्रतिनिधित्वको अवस्थामा सुधार त्यतिकै आउनेवाला थिएन । संविधान र कानुनले दलितको खासगरी दलित महिलाको वडा तहमा प्रतिनिधित्वको लागि त सुनिश्चित गरेको छ । हालको व्यवस्थाअनुसार २६३ नगर कार्यपालिका, ४६१ गाउँ कार्यपालिका र ६,६८० वडामा गरी जम्मा ३४,८८८ जनप्रतिनिधिमध्ये ६,६८० (जुन १९ प्रतिशत हुन आउँछ) दलित महिला त पर्ने सुनिश्चित थियो तर यतिमात्र दलित प्रतिनिधित्वको दायरा थिएन । यी बाहेक अन्य खुल्ला पदहरूमा पनि दलितले उम्मेदवारी पाउनुपर्ने र जित्नुपर्ने अवस्था रहन्थ्यो, तर त्यो पक्ष त्यति उत्साजनक रहेन । यसले दलितको प्रतिनिधित्व निर्णायक तहमा नभई केवल सामान्य प्रतिनिधित्वमा मात्र सीमित पार्ने अवस्था रह्यो ।

यस्तो अवस्थामा सबैभन्दा बढी सीमान्तकृत दलित समुदायको प्रतिनिधित्व बढाउन सबै तहका दलित नेता, कार्यकर्ता र आम दलितले दलहरूलाई दवाव दिनुपर्थ्यो, सम्भावित उम्मेदवारहरूको रोस्टर बनाई सिफारिस गर्नुपर्थ्यो । उम्मेदवारीको दाबी गर्नु पर्थ्यो र उम्मेदवारी दिन तम्सनुपर्थ्यो । मतदान गर्दा दलित हितको पक्षमा रहेका उम्मेदवारलाई मत दिनुपर्थ्यो । कतिपय सन्दर्भमा सम्भावित दलित उम्मेदवारले पनि दबावमा परेर वा आत्मविश्वासको कमीको कारण उम्मेदवारी नदिने प्रवृत्ति पनि देखापर्छन् । यतिखेर आत्मविश्वास गुमाउनु हुँदैनथ्यो । तर यी सबै कार्यमा फेरि एकपटक सम्झौता गरियो । चाहिने जति पहल हुन सकेन ।

## दलको दृष्टि अझै पनि दयनीय !

राजनीतिक दलहरूले दलितलाई उम्मेदवारी दिनुपर्थ्यो । दलितहरूलाई उम्मेदवारीको टिकट दिनु भनेको नै आफू सही मानेमा जनमुखी र समावेशी भएको पुष्टि हुन्थ्यो । निर्वाचनको सन्दर्भको अर्को महत्वपूर्ण पक्ष भनेको निर्वाचन घोषणापत्र हो । यो राजनीतिक दलका लागि चुनाव जित्ने महत्वपूर्ण औजार हो भने नागरिकका लागि एक बार्गेनिङ्ग दस्तावेज हो । जसले निर्वाचन पछि दलको प्रतिबद्धताप्रति उत्तरदायी बनाई आफ्नो हितमा काम गराउन सकिन्छ । तसर्थ दलितहरूले आफ्नो सरोकारका एजेण्डाहरू दलहरूको चुनावी घोषणापत्रमा समावेश गर्न हरतरहले प्रयत्न गर्नुपर्दथ्यो ।

दलहरूले पनि जनसङ्ख्याको ठूलो हिस्सा रहेको दलितको भोट तान्नमात्र होइन उनीहरूको हितमा काम गर्न आफ्नो



तस्बिर सौजन्य : चन्द्र मगुङ्गे / स्मिता अधिकारी

घोषणापत्रमा प्रतिबद्धता व्यक्त गर्नुपर्दथ्यो । तर घोषणापत्रमा साङ्केतिक हिसाबले दलित समुदायका सरोकारसँग जोडिएका मुद्दाहरूमा केही कुरा बोले पनि सारभूत रुपमा विभेदको अन्त्य, समानता र सामाजिक न्यायको पक्षमा पार्टीका घोषणापत्रहरू बोल्न सकेनन् । यस कार्यमा उनीहरू एक पटक पुनः चुके । दलितमाथि दल-दृष्टि अझै पनि 'दयनीय' देखियो ।

बरु दलित, महिला र दलित महिलाका सन्दर्भमा पहिलेजस्तै केही यस्ता अफवाहहरू समेत सतहमा ल्याइए । जस्तो कि, दलित र महिलालाई टिकट दिइयो भने जित्न गाह्रो हुन्छ, पार्टीलाई नोक्सानी ब्यहोर्नुपर्छ, दलित र महिला चुनावमा उम्मेदवारी दिन चाहँदैनन्, दलित र महिलाहरूबाट उम्मेदवार नै पाइएन, दलित र महिलाहरू चुनावमा पैसा खर्च गर्न सक्दैनन्, चुनाव जित्न गाह्रो पर्छ, केही गरी दलित र महिलाहरूले चुनाव जिते भने पनि काम गर्न सक्दैनन् र पार्टीको बेइज्जत हुन्छ, वडामा दलित महिला सदस्यको अनिवार्य व्यवस्था गरेर दलित पुरुष र आम महिलालाई अप्ठ्यारो पर्‍यो, आरक्षणले असक्षम व्यक्तिमात्र माथि पुग्छन्, आदि आदि ।

चुनावको क्रममा केही अलोकतान्त्रिक र विभेदकारी गतिविधि पनि देखिए । दलित मतदाताहरूको भोट किन्ने हर्कतहरू भए । पैसा बाँडेर वा खानपीनमा भुलाएर मत तान्ने प्रवृत्ति देखिने क्रममा दलितहरूलाई नै बढी लक्षित गरिएको धेरै घटनाहरू सतहमा आए । चुनावी अभियानमा दलित उम्मेदवार गैरदलित मतदाताको घरमा पुग्दा आँगनको डीलसम्म मात्र पुगेर मत माग्ने स्थितिसम्म सिर्जना भएका घटना पनि सुनिए ।

त्यही पार्टीका अन्य उम्मेदवारले जित्ने तर दलित उम्मेदवारले हार्नेसम्मका स्थिति पनि देखापर्दा दलित भएकै कारण भोटसम्म पनि नदिएको अवस्था पनि आए । विजय-भोजहरूमा अरुलाई

**दलित, महिला र दलित महिलाका सन्दर्भमा चुनावका बेला चलाइएका हल्ला र अफवाहहरू !**

दलित र महिलालाई टिकट दिइयो भने जित्न गाह्रो हुन्छ

पार्टीलाई नोक्सानी ब्यहोर्नुपर्छ

दलित र महिला चुनावमा उम्मेदवारी दिन चाहँदैनन्

दलित र महिलाहरूबाट उम्मेदवार नै पाइएन

दलित र महिलाहरू चुनावमा पैसा खर्च गर्न सक्दैनन्

चुनाव जित्न गाह्रो पर्छ

केही गरी दलित र महिलाहरूले चुनाव जिते भने पनि काम गर्न सक्दैनन् र पार्टीको बेइज्जत हुन्छ

वडामा दलित महिला सदस्यको अनिवार्य व्यवस्था गरेर दलित पुरुष र आम महिलालाई अप्ठ्यारो पर्‍यो

आरक्षणले असक्षम व्यक्तिमात्र माथि पुग्छन् ।

*(लेखकको कम्पाइलेसन, २०७४)*

खसीको मासु तर दलितलाई राँगाको मासु त्यो पनि छुट्टै भतेरमा राखेर खान दिई विभेदपूर्ण व्यवहार प्रदर्शन गरेको घटनाहरू पनि बाहिर आए । चुनाव जितेको लगत्तै निर्वाचित जनप्रतिनिधि नै दलितलाई विभेद गरेका, दलितहरू जातीय विभेदमा पर्दा दलितलाई साथ नदिएको बरु उल्टो दलितलाई नै दवाव दिएर मिल्न बाध्य पारेको घटनाहरूसमेत बाहिर आउन थालेका छन् ।

## चाँदीको घेराभित्र फेरि पुरानै ढर्रा !

यस पटकका निर्वाचनमा सकारात्मक पक्षहरू पनि देखिएका छन् । यसले दलित महिलाको प्रतिनिधित्व अर्थपूर्ण ढङ्गले बढाएको छ । कार्यपालिकामा दलितको उपस्थितिलाई सुनिश्चित गरेको छ । केही जिल्लासभाको नेतृत्वमा दलित पुगेका छन् । यद्यपि जिल्लासभाको नेतृत्वमा दलित पुग्नुका पछाडिको एक मूलभूत कारक तत्वको रूपमा जिल्लासभालाई गौण भूमिका दिएको कारण सहज भएको कुरा मननयोग्य छ ।

यी पंक्ति लेख्दासम्म, निर्वाचन सम्पन्न भएको तीन महिना बितिसकेको छ । यो बीचमा स्थानीय तहका सभाहरू बजेट तथा कार्यक्रम पास भएका छन् । तर बजेट तथा कार्यक्रम हेर्दा परम्परागत मात्र हैन दलित समुदायका सन्दर्भमा त पश्चगामी देखिन्छन् । उनै पुरानै हेप्ने तौरतरिका र ढर्रा देखिएका छन् ।

पहिले लक्षित बजेट र कार्यक्रम हुने गरेकोमा यसपटक त्यो पनि हटेको छ । स्वविवेक ढङ्गले कुनैले केही बजेट दलितका लागि छुट्याएका छन् भने कतिले त त्यो पनि छुट्याएका छैनन् । स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सार्वजनिक भएको छ । उक्त विधेयकसमेत यस विषयमा मौन छ ।

निर्वाचित दलित समुदायका प्रतिनिधिमात्र हैन अरुसमेत अलमलको अवस्थामा छन् । एकातिर कानुन, नीति, कार्यविधिहरू बन्न बाँकी नै छन् भने अर्कातिर कार्यानुभवको कमीका कारण खासै काम अघि बढ्न सकेका छैनन् । लामो समय कर्मचारीहरूबाट सञ्चालित स्थानीय निकायहरू अनुभवविहीन निर्वाचित जनप्रतिनिधिहरू कर्मचारीहरूको प्रभावमा नै पर्ने स्थिति छ ।

## क्षमता अभिवृद्धि र भूमिका चाहियो !

दलित समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूले खासै भूमिका पाएका छैनन् । उनीहरूलाई साक्षीको रूपमा मात्र व्यवहार गर्ने सम्भावना बढेको छ । **स्थानीय तह भनेका नागरिकहरूको सबभन्दा नजिकको राज्यको संयन्त्र भएकाले तिनीहरूलाई जनमुखी र स्थानीय समुदायमुखी बनाउन सकेमा तिनबाट जति नागरिकले राज्यबाट लाभ लिन सक्छन् अरुबाट सक्दैनन् । तसर्थ दलितहरूले पनि यो कुरा बुझ्नु पर्दछ र तद्अनुसार मौकाको सदुपयोग गर्नुपर्दछ ।**

अरुले पनि आफू दलितको पक्षमा रहेको कुरा व्यवहारतः पुष्टि गर्न सक्नुपर्दछ । दलित समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूले आफूलाई सशक्त ढङ्गले प्रस्तुत हुनका लागि आफ्नो क्षमता बढाउनु पर्दछ । बैठकमा आफूलाई सुसूचित र तर्कसङ्गत ढङ्गले प्रस्तुत गर्न, प्रभावकारी नेतृत्व प्रदर्शन गर्न, बहस र पैरवी गर्न, निर्णय प्रक्रियालाई दलित समुदायको पक्षमा प्रभाव पार्न, अवसर र स्रोत-साधनमा पहुँच बढाउन, दलितमुखी नीति-निर्माण, योजना तर्जुमा र कार्यान्वयन आदिका लागि धेरै मेहनत गर्न र क्षमता बढाउन जरुरी छ ।

साथै, विद्यमान नीतिगत व्यवस्थाबारेमा सुसूचित हुन जरुरी छ । उपलब्ध स्रोत-साधनको बारेमा जानकारी हुनु अति जरुरी छ । होइन भने उनीहरू स्थानीय सरकारमा 'छड्के किनाराका साक्षी'को हैसियतभन्दा माथि उठ्न नसक्ने अवस्थामा रहन सक्छ । ●

*(लेखक सुनार दलित अधिकारकर्मी, दलित एवम् सामाजिक समावेशी विषयका विशेषज्ञ हुनुहुन्छ र हाल नेपाल कार्यसमितिमा कोषाध्यक्ष हुनुहुन्छ ।)*
E-mail: tejsunar@yahoo.com

# स्थानीय तह निर्वाचन र दलित महिला प्रतिनिधित्व



विन्दु गहतराज

मुलुक अहिले जतिसुकै राजनीतिक रस्साकस्सीको संग्राममा भए पनि नेपालको संविधान २०७२ लागू भएपश्चात् पहिलोपटक करिब २० वर्षपछि गरिएको स्थानीय तहको निर्वाचन पहिलो र दोस्रो चरण गरी अन्ततः प्रदेश नं २ बाहेक ६ वटा प्रदेशमा सफल रूपमा नै सम्पन्न भइसकेको छ। प्रदेश नं २ मा २०७४ असोज २ गते निर्वाचन हुँदैछ।

सङ्घीय गठबन्धन र सरकारबीच पटक-पटक भएको असहमति, विभिन्न दलहरूबीचमा देखिएको राजनीतिक अविश्वासको वातावरण, मधेस आन्दोलन, संविधान संशोधन प्रक्रियामा देखिएको अन्योल, सरकार फेरबदललगायत यावत आरोह-अवरोहबीच सम्पन्न भएको यसपालिको स्थानीय तह निर्वाचनको विशेष महत्व छ। मुलुक अब ७ प्रदेशसहित नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संरचनामा रूपान्तरण भइसकेको अवस्थामा पहिलो स्थानीय तहको निर्वाचनबाटै संविधानलाई कार्यान्वयन गर्ने ध्येयले निर्माण गरिएको स्थानीय तह निर्वाचन ऐन, २०७३ ले निर्वाचन प्रणालीअर्न्तगत नै समावेशी प्रक्रियालाई अवलम्बन गरेको छ।

> दलित महिला समावेशितासँगै अहिले दलित महिलाहरूको राजनीतिक अवस्था विगतमा भन्दा केही फेरिएको छ। महिलाहरू विभिन्न राजनीतिक दलहरूमा सक्रिय रूपमा संलग्न भइरहेका छन्। विगतमा राजनीतिक पार्टीमा जतिसुकै सक्रिय भएर काम गरे पनि दलित महिला भएकै आधारमा दलित महिलाहरू हेपुवा र चेपुवामा परेको इतिहास सर्वविदितै छ।

## दलित महिलाका लागि सुनौलो अवसर

संवैधानिक कानुनी प्रावधानबाट नै स्थानीय तहको निर्वाचनमा समावेशिताको नियमलाई स्पष्ट तोकिदिएपछि समावेशीअर्न्तगत पर्ने समूहहरू महिला, दलित, आदिवासी-जनजाति, मधेसीलगायत सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायका मानिसहरूमा यो निर्वाचन निकै नै महत्वपूर्ण उपलब्धिको रूपमा देखिनुका साथसाथै यसले उनीहरूको राजनीतिक सुनिश्चिततालाई पनि निर्धारण गरिदिएको छ। त्यसमा पनि सयौँ वर्षदेखि राज्यको मूलप्रवाहबाट बहिष्करणमा परेको दलित समुदाय त्यसभित्र पनि लैङ्गिक, जातीय एवंम् वर्गीय रूपमा दोहोरो-तेहोरो उत्पीडन खेपिरहेका दलित महिलाहरूलाई यसपटकको स्थानीय तहको निर्वाचनले समावेशीमार्फत् उनीहरूमा राजनीतिक आधार र नेतृत्व निर्माण गर्ने एउटा ऐतिहासिक एवम् सुनौलो अवसर सिर्जना गरिदिएको छ।

स्थानीय निर्वाचन ऐन, २०७३ अनुसार स्थानीय तहमा ४० प्रतिशत महिला सुनिश्चितताभित्र

२० प्रतिशत दलित महिला सुनिश्चिततमा प्रत्येक वडामा दुई महिलामध्ये १ दलित महिला सदस्य अनिवार्य हुनुपर्ने संवैधानिक कानुनी प्रावधानका कारण समग्र उत्पीडित दलित महिलाहरूलाई स्थानीय तह हुँदै राष्ट्रिय राजनीतिको मूलधारमा बामे सर्न प्रवेशद्वार नै खुलेको देखिन्छ । यद्यपि यस अगाडि पनि दलित महिलाहरू नेपाली राजनीतिमा सक्रिय थिएनन् भन्ने होइन तर उनीहरूको प्रतिनिधित्व यसअघि राजनीतिमा सांकेतिक रूपमा मात्रै देखिने गर्दथ्यो । त्यसमा पनि धेरैजसो महिलाहरू मध्यमवर्गीय परिवारका हुने गर्दथे भने अधिकांश ग्रामीण क्षेत्रका निम्नवर्गीय दलित महिलाहरू राजनीतिक नेतृत्वबाट वञ्चित नै थिए ।

दलित महिला समावेशितासँगै अहिले दलित महिलाहरूको राजनीतिक अवस्था विगतमा भन्दा केही फेरिएको छ । महिलाहरू विभिन्न राजनीतिक दलहरूमा सक्रिय रूपमा संग्लन भइरहेका छन् । विगतमा राजनीतिक पार्टीमा जतिसुकै सक्रिय भएर काम गरे पनि दलित महिला भएकै आधारमा दलित महिलाहरू हेपुवा र चेपुवामा परेको इतिहास सर्वविदितै छ । विगतको त्यो दयनीय अवस्थाको तुलनामा दलित महिलाहरूको अवस्था अहिले केही माथि उठ्न थालेको छ । जसको मुख्य श्रेय दलित महिला समावेशिताको कानुनी आधारलाई नै जान्छ ।

दलित महिला समावेशिताले एकातिर दलित महिलाहरूलाई राजनीतिमा आवद्ध हुन हौसाएको छ भने अर्कोतिर सबै राजनीतिक दलहरूलाई दलित महिलालाई राजनीतिमा समावेश गरी सशक्त नेतृत्व उत्पादन गर्न बाध्य बनाएको छ । स्थानीय तह निर्वाचनमा दलित महिलाको विजयले आम दलित समुदाय यतिबेला निकै नै उत्साहित छ । दलित महिलाको सवालमा संविधान केही हदसम्म कार्यान्वयन भएको जस्तो देखिएको छ र यसले दलित महिलाको अवस्था, आवाज, शक्ति र सामार्थ्यलाई उजागर गरेको छ । चुलोचौकामा मात्रै सीमित दलित महिलाहरूलाई बाहिर निकालिएको छ भने राज्यको मूलधारबाट बाहिरिएका महिलाहरूलाई राज्य संरचनाभित्र समेट्न खोजिएको छ ।

## राजनीतिक चेतनाको आँधीबेहरी

स्थानीय चुनावका बेला होस् या संसदीय चुनावका बेला नै होस् राजनीतिक नेताहरू या कार्यकताहरूसँग आवाज निकाली बोल्न डराउने दलित महिलाहरू आज तिनै नेता कार्यकताहरूसँग हातेमालो गर्दै सहकार्य गरी नेतृत्व तहमा पुग्न सक्नु दलित महिलाका लागि कुनै सामान्य कुरा हुँदै होइन । विगतमा गाउँघर तथा सहरबजारमा निर्वाचनका बेला गुञ्जिने ती स्वरहरू, हामी दलित महिलाहरूलाई किन राजनीति गर्नुपऱ्यो ? हामीले राजनीति गर्दैमा के पो भैहाल्छ ? हामी चुलोचौकामा सीमित हुने महिलाहरूलाई राजनीतिले के नै गर्न सक्छ, हामी हिजो पनि हेपिएका थियौं दबिएका थियौं र आज पनि हेपिरहेका छौं दबिरहेका छौं, हामीले त सके भोट हाल्ने हो, तिनै नेताहरूले नै जिते भने केही न्याय गर्लान् नि, भन्दै झिनो आशा राखी आफ्नै हक अधिकारबाट वञ्चित दलित महिलाहरू आज आफ्नो हक-अधिकार आफैं खोज्नुपर्छ, यसका लागि आफैं जुट्नुपर्छ, अधिकार खोज्न र लिनको लागि आफैं नै सङ्गठित हुनुपर्छ र नेतृत्वमा पुग्नपर्छ भन्ने मान्यतालाई आत्मसात गरी अगाडि बढ्न सक्ने अवस्थामा आइपुग्नु कुनै चानचुने अवस्था होइन । यसलाई त वर्तमान स्थानीय तह निर्वाचनले दलित महिलाहरूमा प्रदान गरेको एउटा राजनीतिक चेतनाको आँधीबेहरीको रूपमा नै लिन सकिन्छ ।

समावेशिताले दलित समुदायमा ल्याएको पहिलो महत्वपूर्ण राजनीतिक उपलब्धि र संविधान कार्यान्वयनको पहिलो खुड्किलो यसलाई मान्न सकिन्छ । साथै, यसले दलित समुदायमा विशेषगरी दलित महिलाहरूलाई राज्यका विभिन्न महत्वपूर्ण अंगहरूसँग जोडिने अवसरहरू पनि सिर्जना गरिदिएको छ ।

## अवसर र चुनौतीहरू सँगै आएका छन्

स्थानीय तहको निर्वाचनमा दलित महिला समावेशिताले दलित महिलाहरूलाई अवसरहरू मात्र पैदा गरेको छ भन्नु किमार्थ उचित नहुन सक्छ । यसका वावजुद यसले खडा गरेका चुनौतीहरूलाई पनि उत्तिकै समीक्षा गर्न जरुरी देखिन्छ ।

समावेशितालाई अहिलेको स्थानीय तहको निर्वाचनले संवैधानिक धारबाटै अवलम्बन गरे तापनि, दलित महिलाका नाउँमा जतिसुकै समावेशी र सहभागिताका नारा घन्काए पनि यसले दलित महिलाको राजनीतिक पँहुचलाई अझ अपेक्षित किसिमबाट वृद्धि गर्न सकेको देखिँदैन । समावेशीको नाउँमा वडा सदस्यमा मात्रै सीमित दलित महिलाहरूले यसबाहेकका पदहरूमा समावेशी नहुँदा आफूहरूसँग उम्मेदवारीका लागि आवश्यक क्षमता, योग्यता भए पनि जुनसुकै दलहरूबाट उम्मेदवारी पाउन निकै मुस्किल खेप्नुपरेको कुरा धेरैलाई थाहा छ ।

पहिलो चरणको निर्वाचनका बेलादेखि विभिन्न दलहरूमा आवद्ध दलित महिलाहरूले आफूहरूलाई वडा सदस्य बाहेका मुख्य पदमा उम्मेदवारी पाउन सहज वातवरण नभएको विभिन्न सञ्चार माध्यमबाट गुनासो गरिरहेका थिए । दलित महिला


तस्बिर सौजन्य : गगन अर्याल

अधिकारकर्मीहरू, बुद्धिजीवीहरूले यसरी दलित महिलालाई समावेशिताको नाउँमा वडा सदस्यमा मात्रै सीमित राख्ने अवस्थाको विरोध जनाउँदै नेपाली समाजमा दलित महिलाहरूलाई हेर्ने दृष्टिकोण अझै पनि सङ्कुचित रहेको जिकिर गरेका छन् । एकातिर समावेशिताले दलित महिलाहरूलाई वडा सदस्यमा मात्र सीमित राख्नु र अर्कोतिर मुख्य पदमा उम्मेदवारी पाउन मुस्किल हुँदा दलित महिलाहरू कतिपय अवस्थामा अवसर पाएसँगै अवसर गुमाएका पनि छन् । समावेशीसँगै नयाँ राजनीतिक भविष्य निर्माण गर्न खोज्ने दलित महिलाहरूलाई त यो सुनौलो अवसर नै हुन सक्छ तर लामो समयदेखि राजनीतिमा आवद्ध सक्रिय दलित महिलाहरूलाई मुख्य पदहरूमा समावेशी नहुँदा र स्वतन्त्र रूपमा पनि उम्मेदवारी पाउन कठिन हुँदा अवसरबाट वञ्चित हुन पुगेका छन् ।

## वडा सदस्यमा दलित महिलाको जम्बो समूह

२०७४ वैशाख ३१ गते सम्पन्न पहिलो चरणको स्थानीय तहको निर्वाचन अनुसार समावेशी मार्फत ३४ जिल्लामा ३ प्रदेश नम्बर ३, ४, ६ का २ सय ८३ स्थानीय तहमा कुल दलित महिला सदस्य सङ्ख्या २४ सय ९८ रहेको छ । जसका लागि सात हजार ६ सय ४ दलित महिलाको कुल उम्मेदवारी परेको थियो । जसमध्ये १ सय ८ दलित महिला निर्विरोध भएका छन् भने २३ सय ४४ दलित महिला निर्वाचित नै भएका छन् । यसरी निर्विरोध र निर्वाचित गरी पहिलो चरणको स्थानीय तह निर्वाचनमा समावेशीमार्फत् कूल निर्वाचित दलित महिला सङ्ख्या **२,४५२** रहेको छ ।

२०७४ असार १४ गते सम्पन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा ३५ जिल्लाका ३ प्रदेश नम्बर १, ५,७ का ३ सय ३४ स्थानीय तहमा समावेशीमार्फत् २,८७४ कूल दलित महिला सङ्ख्या रहेको छ । यसका लागि कूल १० हजार २ सय ९३ दलित महिलाको उम्मेदवारी परेको थियो । २८ जना दलित महिला निर्विरोध निर्वाचित भएका छन् भने २,७८८ दलित महिला निर्वाचित नै भएका छन् । निर्विरोध छानिएका र निर्वाचित दलित महिला गरी दोस्रो चरणको स्थानीय तह निर्वाचनमा समावेशीमार्फत् कूल निर्वाचित दलित महिला सङ्ख्या **२,८१६** रहेको छ ।

त्यस्तै गरी २०७४ असोज २ गते सम्पन्न हुन गइरहेको तेस्रो चरणको स्थानीय तहको निर्वाचनमा ८ जिल्लाका १ सय ३६ स्थानीय तहमा कति दलित महिला सदस्यको उम्मेदवारी रहने र निर्वाचित हुने भन्ने तथ्याङ्क अहिले नै (२०७४ भदौ १५ सम्म) टुंगो लागेको छैन । यद्यपि अहिले नै टुंगो नलागे पनि पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचनसँग तुलना गर्दा तेस्रो चरणमा हुन गइरहेको निर्वाचनमा पनि दलित महिलाले सजिलै समावेशीबाहेक अन्य मुख्य पदमा उम्मेदवारीको टिकट पाउने र निर्वाचित हुने अवस्था देखिँदैन । समावेशीबाटै पनि निश्चित यति नै सङ्ख्यामा दलित महिला वडा सदस्य आउने भन्ने पक्का भइसकेको छैन, किनकि कतिपय स्थानमा दलित महिला उम्मेदवारी पाइने-नपाइनेमा अझै अनिश्चित छ ।

मुलुकका ७ प्रदेशका कूल स्थानीय तह ७ सय ५३ मा पहिलो चरणमा ३४ जिल्लाका प्रदेश नम्बर ३, ४, ६ का २८३ स्थानीय तह र दोस्रो चरणमा ३५ जिल्लाका प्रदेश नम्बर १, ५, ६, ७ का ३३४ स्थानीय तहमा र बाँकी तेस्रो चरणको प्रदेश नं २ को १३६ स्थानीय तहमा समावेशीबाट निर्वाचित हुने दलित महिला वडा सदस्यहरूको कूल सङ्ख्या ६,६८० छ । केही सङ्ख्या कमी भयो भने पनि करिब ६ हजार दलित महिला प्रतिनिधि एकैपटक देशका स्थानीय सरकारहरूमा आउने छन् ।

यसरी स्थानीय तहको निर्वाचनमा दलित महिला समावेशिताबाट आएको उम्मेदवारी र निर्वाचित सङ्ख्यालाई मध्यनजर गर्ने हो भने वडा सदस्यमा दलित महिलाको 'जम्बो समूह' नै आएको देखिन्छ जुन सन्तोषजनक देखिएको छ । तर, वडा सदस्यबाहेक अन्य मुख्य पद नगरपालिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष इत्यादि पदहरूमा दलित महिला समावेशी नहुँदा मुख्य दलहरू नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रमा धेरै न्यून सङ्ख्यामा स्वतन्त्र दलित महिलाहरू विजय भएका छन् । जुन दलित महिलाका लागि चुनौतीपूर्ण उपलब्धि हुनुका साथसाथै उनीहरूको निरन्तर राजनीतिक अभ्यास, सङ्घर्ष र बलिदानमार्फत् ग्रहण गरेको महत्वपूर्ण सफलता पनि हो । तर दलित महिला समावेशिताका नाउँमा थुप्रै समस्याहरू पनि देखिएका छन् ।

## दलित महिला सहभागिता : केही भ्रम र वास्तविकता

### *दलित महिला समावेशिता र सतही प्रचारबाजी*

स्थानीय निर्वाचन ऐन २०७३ ले निर्वाचन प्रणालीमार्फत् प्रत्येक वडामा २ महिलामध्ये १ दलित महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरेलगत्तै दलित महिलाको समावेशितालाई अनावश्यक रूपमा चर्चा गरेको पाइन्छ । समावेशीसँगै दलित महिलाको स्थानीय तहमा राजनीतिक सामर्थ्य सङ्ख्यात्मक रूपमा ह्वात्तै वृद्धि हुने भयो, अन्य महिलाको तुलनामा दलित महिलाहरूले धेरै अवसरहरू पाए, दलित महिलाहरू शिक्षित छैनन् नेतृत्व सम्हाल्न सक्दैनन्, दलित महिला अगाडि आउँदा दलित पुरुषहरू पछाडि पर्न सक्छन्, न्यून दलित महिलाहरू मात्र संगठनमा आबद्ध छन् जसले गर्दा दलित महिला उम्मेदवार पाउन कठिन छ जस्ता कुराहरूलाई कुनै वस्तुगत तवरले विश्लेषण नगरीकनै हावादारी कुराकै भरमा गलत समाचारहरू फैलाइएको छ ।

कतिपय विकट जिल्लाहरूमा दलित महिला उम्मेदवार नभेटनु स्वाभाविक छ तर यसै विषयलाई लिएर चर्को आवाज गर्ने र प्रशस्त दलित महिलाहरू भेटिएको जिल्लामा उम्मेदवारीको टिकट दिन मौन रहने विषय अत्यन्तै संवेदनशील बनेको छ । दलित महिलाहरूमाथि स्थानीय तह निर्वाचनलाई लिएर विभिन्न शङ्का आशङ्का गर्नु वर्षौंदेखि उत्पीडनमा परेका दलित महिलाहरूको भावनाविपरीत देखिएको छ । साथै दलित महिला समावेशितामा आएका यस्ता अकल्पनीय अभिव्यक्तिहरूले दलित महिला समावेशितालाई वास्तविकतामा नभई सतही रूपमा व्याख्या र प्रचारबाजी गर्न खोजिएको देखिन्छ ।

### *महिला तथा दलित महिला समावेशिता आपसमा भिन्न देखाउन खोजिनु*

दलित महिला समावेशिता र महिला समावेशिता दुवै समावेशीका हिस्सा भए पनि परस्परमा जुधेको जस्तो देखिन्छ, तर त्यसो होइन । दलित महिला समावेशिताको गैरदलित महिला र दलित पुरुषबाटै विरोध भएको पनि देखिन्छ । सिंगो नेपाली महिलाहरूको अधिकारको सवालमा प्रतिनिधित्व गर्ने महिला आन्दोलनका हस्तीहरूबाटै दलित महिला समावेशिताको सवालमा प्रतिरोध गर्ने कार्य हुनु आफैँमा जायज देखिँदैन । बिडम्बनाको कुरा केही महिला सांसदले त प्रत्येक वडामा २ महिलामध्ये १ दलित महिला उम्मेदवार अनिवार्य हुनैपर्ने व्यवस्था खारेज गरौँ भन्दै संसदमा स्थानीय निर्वाचन ऐन, २०७३ संशोधनको मागसम्म गर्न पुगे । यसरी दलित महिला समावेशितालाई महिला अगुवाहरूबाटै विरोध हुनु, असहयोग हुनु दलित महिलाहरूका लागि बिडम्बनामात्रै नभएर दुर्भाग्य नै हो । सबैभन्दा पिँध तहमा रहेर दोहोरो-तेहेरो महिला विभेद र हिंसा खेपिरहेका दलित महिलाको मर्मलाई मनन् नगरी दलित महिला समावेशितामा अवरोध खडा गर्नु महिला आन्दोलनको ठूलो कमजोरी हो । तसर्थ दलित महिला समावेशितामा दुवै दलित महिला र महिला अगुवाहरूबीच नै तालमेल नमिल्दा विरोधका स्वरहरू चर्किरहेका छन्, जसले दलित महिला समावेशितामा नकारात्मक असर पारेको देखिन्छ ।

### *दलित महिलाको क्षमता र नेतृत्वमा दलहरूको अविश्वास*

नेपालको संविधान, २०७२ ले ढोका खोली तदअनुसार स्थानीय निर्वाचन ऐन, २०७३ ले नै समावेशी निर्वाचन प्रणालीलाई आत्मसात गरी कार्यान्वयनको पक्षमा जोड दिएको अवस्थामा पनि ठूला दलदेखि साना दलहरूले दलित महिलालाई हेर्ने दृष्टिकोण अझै पनि सङ्कुचित नै देखिएको छ । लामो समयदेखि आफ्नै पार्टीमा आबद्ध भई सक्रिय रूपमा कार्यरत दलित महिलाहरूलाई निर्वाचनका बेला आफ्नै पार्टीका शीर्ष नेताहरूले नै उम्मेदवारी दिन कन्जुस्याइँ गरेका छन् ।

दलित महिलाहरूलाई निर्वाचनमा उम्मेदवारी दिने क्रममा आफ्नै पार्टीभित्र असक्षम देख्ने नेताहरूले पार्टीमा रहँदा दलित महिलाहरूलाई सक्षम बनाउन किन सकेका छैनन् र सक्दैनन् भन्ने कुरा निकै सोचनीय छ । पार्टीमा संलग्न हुने बेला, सक्रिय भई काम गर्दा चाहिँ सक्षम देखिने दलित महिलाहरू निर्वाचनका बेलामा मात्र अयोग्य र असक्षम देखिनु पूर्णतः दलहरूको दलित महिलाहरूप्रतिको अवमूल्यन र अविश्वास नै हो । दलित समुदायलाई भोट बैंकको रूपमा प्रयोग गर्ने प्रवृत्तिमा रमाइरहेका दलका नेताहरू दलितको स्वतन्त्रतालाई खिल्ली उडाइरहेका छन् भने दलित महिलाहरूको राजनीतिक क्षमतालाई अझै पनि स्वविवेकले ग्रहण गर्न सकेको देखिएको छैन । तसर्थ दलित महिला समावेशितालाई हरेक दलहरूले देखाउने दाँतको रूपमा मात्रै अङ्गीकार गरेको देखिन्छ जसको कारण दलित महिलाहरू तीनै चरणका निर्वाचनमा थप मर्कामा परेका छन् ।

### *दलित महिलाको शिक्षा र चेतनामा कम पहुँच*

अधिकांश दलित महिलाहरू अझै पनि शिक्षाको पहुँचबाट टाढा रहेका छन् । शिक्षाको अभाव हुँदा उनीहरूमा चेतनाको पनि अभाव हुनु स्वाभाविक हो । शिक्षाको अभाव हुँदा दलित महिलाहरू सामाजिक, आर्थिक वा राजनीतिक तवरले उठ्न सकेका छैनन् भने चेतनाको अभावका कारणले कतिपयले दलित समावेशितालाई

प्रष्ट रूपमा बुझ्न र वकालत गर्न सक्दैनन् ।

शिक्षित दलित महिलाहरू पनि पार्टीभन्दा माथि उठेर दलित महिलाका विषयमा आवाज उठाउन नसक्नु, पार्टीगत दबाबमा पर्नु, दलित महिलाका विषयमा गैरजिम्मेवार देखिनु आदि कारणले दलित महिला समावेशिता प्रभावकारी हुन सकेको छैन । स्थानीय तहको निर्वाचनमा कतिपय दुर्गम जिल्लालगायत उपत्यकाभित्रैका जिल्लाहरूमा पनि शिक्षा र चेतनाको अभावले दलित महिलाहरूले उम्मेदवारी दिन नसकेका थुप्रै उदाहरणहरू छन् । दलित महिलाहरू सूचनाको पहुँचबाट पनि टाढा छन्, फलस्वरूप केही जिल्लामा सूचनाको अभावका कारण पनि दलित महिलाको उम्मेदवारी शून्य भएको देखिन्छ । यसरी दलित महिलाहरूमा शिक्षा र चेतनाको पहुँच कम हुँदा केही स्थानमा दलित महिला समावेशिताको राम्ररी सदुपयोग हुन सकेको छैन ।

### *सम्बन्धित निकायहरू दलित महिला सवालमा गैरजिम्मेवार हुनु*

स्थानीय तहको निर्वाचनमा केही हदसम्म दलित महिला समावेशितालाई कानुनी रूपमा कार्यान्वयन गर्न जोड दिइएको छ । तैपनि सम्बन्धित निकायहरू, सरकार, विभिन्न राजनीतिक दलहरू, निर्वाचन आयोग, नागरिक समाज, बुद्धिजीवीहरू अझै पनि दलित महिला समावेशिताको पक्षमा खुलेर बहस र छलफल गर्न सकेका छैनन् ।

दलित महिला समावेशिताका बारेमा फैलिएका हावादारी बहस र विश्लेषणप्रति कुनै पनि पक्षहरूबाट सूक्ष्म ढङ्गले अध्ययन भएको छैन । निर्वाचन आयोगले पनि दलित महिला समावेशितालाई स्थानीय तहको निर्वाचनमा सहज बनाउनका लागि खासै पहल गरेको देखिँदैन भने राज्य, सरकार पनि मौन नै देखिन्छ । यसरी स्वयम् निर्वाचन आयोग र सरकार दुवै दलित महिला समावेशिताको सवालमा मौन रहँदा स्थानीय निर्वाचनका बेला उम्मेदवारी चयन हुन र निर्वाचनमा मत पाउन निकै सास्ती खेप्नु परेको छ दलित महिलाहरूले । निर्वाचनको बेला दलित महिलाहरू पिटिएका छन्, लुटिएका छन्, मारिएका छन् तैपनि सरकार देखेर पनि नदेखेझैँ कानमा तेल राखेर बसे जस्तै बहाना गरेको छ । नागरिक समाज, पत्रकार, बुद्धिजीवीहरू, दलित अधिकारकर्मीहरू, दलित महिला अधिकारकर्मीहरू पनि दलित महिला समावेशिताका विषयमा प्रष्ट बोल्न र व्याख्या गर्न नसक्दा दलित महिला समावेशिता कार्यान्वयन फितलो देखिन्छ ।

## निष्कर्ष र अबको बाटो

समग्रमा हेर्दा स्थानीय तह निर्वाचन र दलित महिला समावेशिताका विषयमा थुप्रै सवालहरू उठ्नु स्वाभाविक नै छ । समावेशिताले दलित महिलाहरूमा सकारात्मक एवम् नकारात्मक दुवै किसिमले असर पारेको देखिन्छ । राज्यको मूल संरचनाबाट बाहिरिएका दलित महिलाहरू साधारण पद वडा सदस्यबाटै निर्वाचित भएर पनि स्थानीय तह, स्थानीय सरकार र यससँग आबद्ध स्थानीय कानुन, बजेट, विकास, स्रोत-साधन आदिसँग प्रत्यक्ष जोडिने मौका पाएका छन् ।

स्थानीय तहमा ठूलो सङ्ख्यामा दलित महिला वडा सदस्यहरू निर्वाचित हुँदा दलित महिलालगायत सिङ्गो दलित समुदायले खुशीको अनुभव गर्न पाएको छ । विडम्बना वडा सदस्यबाहेक अन्य मुख्य पदहरूमा जुनसुकै दलहरूबाट पनि दलित महिला न्यून सङ्ख्यामा निर्वाचित हुँदा समावेशितामा रमाइरहेको दलित समुदाय फेरि उत्तिकै चिन्तित पनि बनेको छ । स्थानीय तह निर्वाचनमा मुख्य पदमा दलित महिलाहरू थोरै सङ्ख्यामा मात्रै निर्वाचित हुँदा कतै यस्तो कमजोर नेतृत्वले दलित महिलालगायत सिङ्गो समुदायको समवेदनालाई नेतृत्व गर्न नसक्ने पो हो कि भन्ने कौतुहलता र चिन्ता सबैमा छाएको छ । यसले एकातिर दलित महिला समावेशितालाई प्रश्नचिन्ह खडा गरेको छ भने अर्कोतिर वडा सदस्यमा मात्रै सीमित दलित महिलाहरूलाई समावेशिताको नाउँमा तल्लो पदमा साँघुऱ्याउन खोजिएको प्रष्ट देखिन्छ । साथसाथै दलित महिलाहरूप्रति राज्य, सरकार अझै पनि सकारात्मक र न्यायपूर्ण भएको देखिँदैन ।

स्थानीय तहमा दलित महिला उम्मेदवारहरूको विजयी हुनु भनेको केवल स्थानीय तहको कार्यकारी व्यक्ति मात्र नभएर सिङ्गो उत्पीडनमा परेको दलित समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनीतिक एवम् हरेक तवरबाट रूपान्तरण गर्नु हो । दिन-प्रतिदिन घटेका जातीय विभेदका घटनाहरूलाई निरुत्साहित पार्दै कानुनी रूपमा समुदाय, समाज, राष्ट्रलाई मजबुत



तस्बिर सौजन्य : गगन अर्बल

बनाउँदै समान एवम् समतामूलक समाज निर्माणमा जोड दिनु हो । बर्षौंदेखि उत्पीडनमा परेको समुदायलाई स्थानीय तहसँगै सङ्घ, प्रदेश गरी राज्यको मूल तहमा नेतृत्व स्थापित गर्नु हो । यसर्थ स्थानीय चुनावमा दलित महिला समावेशितालाई राजनीतिक एवम् सामाजिक रूपान्तरणको कडीको रूपमा लिनु र यसमा देखिएका सकारात्मक एवम् नकारात्मक पक्षहरूको समीक्षा गर्दै अघि बढ्नु राज्यको दायित्व र वर्तमान आवश्यकता हो ।

दलित महिला समावेशितालाई महिला समावेशिताको हिस्साको रूपमा मात्रै नभएर दलित महिला सशक्तीकरण र समाज रूपान्तरणको बलियो आधार ठान्नुपर्दछ । लामो समयदेखि उत्पीडनमा परेका दलित महिलाको विकासको लागि दलित महिला समावेशिताको भूमिकालाई आत्मसात गर्दै महिला समावेशिताभित्र पनि दलित महिला समावेशितालाई विशेष रूपले समीक्षा गर्दै प्राथमिकतामा राख्नुपर्दछ । यसका लागि राज्य, सरकार, राजनीतिक दलहरू, नागरिक समाज, महिला अधिकारकर्मीहरू, दलित अधिकारकर्मीहरू, सञ्चारकर्मीहरूलगायत सम्बन्धित सबै सरोकारवालाहरू बेलैमा जिम्मेवार बन्दै दलित महिला समावेशिताको विषयमा अत्यन्तै गम्भीर हुनुपर्दछ भन्ने मेरो राय छ ।

**सन्दर्भ-सामग्रीहरू :**


निर्वाचन आयोग (२०७४), **स्थानीय तह निर्वाचन २०७४ प्रथम चरणमा उम्मेदवार तथा निर्वाचित/निर्विरोध भएको विवरण,** प्रिन्ट मिति (२०७४/०४/०५) ।

निर्वाचन आयोग (२०७४), **स्थानीय तह निर्वाचन २०७४ दोस्रो चरणमा उम्मेदवार तथा निर्वाचित/निर्विरोध भएको विवरण,** प्रिन्ट मिति (२०७४/०४/०५) ।

दलित अनलाइन डटकम (२०७४), यस साइटमा प्रकाशित भएका **विभिन्न समाचार, लेख, रिपोर्टहरू** ।

महिला आयोग (२०७४), **विभिन्न तथ्याङ्क तथा रिपोर्ट,** काठमाडौं ।

दलित महिला सङ्घ (२०७४), **संस्थाका विभिन्न जानकारी र तथ्याङ्क**, काठमाडौं ।


---


*(लेखिका गहतराज महिला अधिकार अभियन्ता, सञ्चारकर्मी हुनुहुन्छ र त्रिविविबाट अङ्ग्रेजी विषयमा स्नातकोत्तर अध्ययन भर्खर पूरा गर्नुभएको छ ।)*
*E-mail: gahatraj.bunu@gmail.com*



## सहभागिता का लेखकहरूसँग अनुरोध

- *लेख मौलिक र तथ्यपरक हुनुपर्नेछ,*
- *लेख सहभागीमूलक प्रक्रियालाई बढावा दिने खालको हुनुपर्नेछ,*
- *लेख कम्प्यूटर टाइपिङ्ग गरी पठाउने हो भने:*
- *प्रीति वा युनिकोड फण्टमा हुनुपर्नेछ,*
- *अक्षरको साइज १३/१४ सम्मको हुनु पर्नेछ,*
- *नेपाली भाषामा हुनुपर्ने तथा तथ्य बारेको स्रोत खुलाउनुपर्नेछ,*
- *बढीमा २००० (लगभग ४ पेज) शब्दभित्र हुनुपर्नेछ,*
- *हस्तलिखित भएमा कागजको एक पट्टिमात्र स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ,*
- *लेखको साथमा लेखकको फोटो र लेखकको बारेमा छोटो विवरण पठाउनु पर्नेछ,*
- *आफ्नो लेखलाई सुहाउँदा फोटोहरू भएमा फोटोको क्याप्सन तथा फोटो लिने व्यक्तिका विवरणसहित पठाउनुपर्नेछ,*
- *लेख हुलाक, इमेल वा सिधै नेपान कार्यालयमा पठाउन सक्नुहुनेछ,*
- *अस्वीकृत लेख/रचना फिर्ता हुने छैन,*
- *लेख/रचना प्रकाशनसम्बन्धी अन्तिम निर्णय नेपानको हुनेछ ।*

लेख रचना पठाउने ठेगाना:

**सहभागिता**
**नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)**
*दोभान टोल, सहयोगी नगर, जनता सडक, कोटेश्वर, काठमाडौं, नेपाल*
*पो.ब.नं.: १३७९१, काठमाडौं । फोन नं.: ९७७ ०१ ४१५४९३८*
*इमेल: nepan@nepan.org.np*
*वेब: www.nepan.org.np*

# कहिले सुधार्ने दलितको सामाजिक तथा आर्थिक स्थिति ?



गम्भीरबहादुर हाडा

> नेपालको संविधान, २०७२ ले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम समुदाय, उत्पीडित समुदाय र पिछडिएका क्षेत्र र वर्गका समस्याहरूलाई सम्बोधन गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक, सङ्घीय शासन प्रणालीसहितको अग्रगामी पुनःसंरचना गर्नेउल्लेख गरेकोछ।

नेपालका दलितले अहिले पनि छुवाछूतको पीडा भोग्दैछन्। यो अति संवेदनशील कुरा हो। कहिलेसम्म भोगिरहने यो पीडा ? दलितहरूलाई हेपेर अछूत, हरिजन, परिगणित, पञ्चम, अन्यज र तल्लो जाति पनि भन्ने गरिन्छ। यस्तो कहिलेसम्म्म भनिरहने हो ?

दलितहरू पेसामा अधारित जाति हुन्, तर सबै दलित एकै प्रकारको पेसा पाईदैन। सबै दलितका वेग्लावेग्लै पेसा छन्। त्यसैले दलितहरूको वर्गीकरण गर्दा पेसागत आधारमा वर्गीकरण गरेर हेर्ने गरेको पाइन्छ। जातीय हिसाबले वर्गीकरण गर्नुपर्दा २२ प्रकारका दलितलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ :

(१) **पहाडी दलित-** दमाई, कामी, सार्की, गाइने, सुनार र वादी गरी जम्मा ६।

(२) **तराईवासी दलित-** पासवान, लोहार, डोम, चमार, हलखोर, दुसाद, मुसहर, सन्थाल, बातर, खन्चे, तत्मा गरी जम्मा ११।

(३) **जनजातीय दलित** - कमाई, पोडे, कुशले, श्यामे, कुचे (कुलु)।

भाषिक हिसाबले वर्गीकरण गर्नुपर्दा दलितहरूलाई नेपालभाषी र मैथिली, भोजपुरी, अवधीभाषी गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ। पहाडी दलितहरूको मातृभाषा नेपाली हो। तराईवासी दलितहरूको मातृभाषा भोजपुरी, मैथली र अवधी हो भने जनजातीय दलितहरूको मातृभाषा नेपाल भाषा (नेवारी) हो।

नेपालमा करिब १३ प्रतिशत दलित संख्या रहेको बताइन्छ। २०७२ को नेपालको संविधानमा उल्लेख गरिएअनुसार :

**समानताको हक :**

(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणवाट बञ्चित गरिने छैन।

(२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था,

अपांगता, स्वास्थ्य-स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

**संविधानले थप भनेको छ :** 'तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्यलगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।'

संविधानमा न्यायसम्बन्धी हक पनि स्पष्ट उल्लेख गरिएको छ । यसमा १० वटा बुँदा छन् । ती सबै यहाँ उल्लेख गरिएको छैन । त्यसैगरी सामाजिक न्यायको हक भनी ५ बुँदे हकको उल्लेख पनि यसै धारामा गरिएको छ ।

## नेपालका दलित वर्गले हाल निम्न आर्थिक समस्याहरू भोगिरहेका छन् :

- बेरोजगारी बढी हुनु ।
- परम्परागत सीप आधुनिकीकरण नहुनु ।
- वन, पानी, खानीजस्ता साझा प्राकृतिक स्रोत पनि समुदायमा दलितको तल्लोस्तर हुनाका कारण समानरुपमा वितरण नहुनु ।
- होटल, रेस्टुँरा चलाउन र पेय पदार्थसम्बन्धी उद्योग सञ्चालन गर्न सामाजिक रुपमा बञ्चित गराइनु ।
- दलितले उत्पादन गरेको दूध वा दूधबाट बनेका पदार्थ नबिक्नु ।
- वैदेशिक रोजगारीमा पहुँच नहुनु ।
- जग्गाजमिन नहुनु वा सुकुम्बासी हुनु ।
- ज्यादा मजदुरीमा उचित ज्याला नपाउनु ।
- परम्परागत जातीय पेसाबाट बनाइएका सामानको बजार व्यवस्थापन नहुनु ।
- दलित उत्थानका लागि गरिने कार्यक्रम गरिबी निवारणलाई आधारभूत सिद्धान्त नबनाइनु । (तालिका)

तालिका : **नेपालमा जातिगत गरिबीको अवस्था**

| क्र.सं. | जातिगत समूह | निरपेक्ष गरिबी |
|---|---|---|
| १ | थकाली | ०.० |
| २. | नेवार | ४.३ |
| ३. | पहाडी ब्राम्हण क्षेत्री | १७.७ |
| ४. | मधेषी ब्राम्हण | १८.४ |
| ५. | अन्य जनजाति | २६.८ |
| ६. | अन्य मधेषी | ३३.८ |
| ७. | दलित | ३९.० |
| **नेपालको औसत** | | **२५.२** |

(स्रोत: राष्ट्रिय योजना आयोग, २०७४)

माथिको तालिका भन्छ, जातिअनुसार गरिबीमा विविधता रहेको देखिएको छ । दलित समुदायमा सबैभन्दा बढी गरिबी (३९.० प्रतिशत) रहेको देखिन्छ । क्षेत्रीय, जातीय र लैंगिक असमानता नेपालको मानव विकासमा मुख्य चुनौतीका रुपमा रहेको मानव विकास सूचकांक (एचडीआइ) २०१४ प्रतिवेदनले औंल्याएको छ (राष्ट्रिय योजना आयोग, २०७४)।

दलित वर्गलाई जयस्थिति मल्लको पालादेखि नै धार्मिक र कानुनी आधारमा शिक्षा र धन आर्जन गर्न राज्यस्तरबाट नै रोक लगाइयो । यसरी जीवनमार्गको शिक्षा र अर्थउपार्जन गर्न रोक लागेको हुनाले उनीहरूको आर्थिक र सामाजिकस्तर निम्न हुँदै गयो । त्यो बेलादेखि अहिलेसम्म पनि दलितलाई माथि उठ्न दिइएको छैन । दलितका लागि एक्काईसौं शताब्दी लागेकै छैन ।

विभिन्न कारणबाट दलितहरू पछाडि पारिएको कुरा धेरै लेखकले लेखेका छन् जस्तै :

- आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक-सांस्कृतिक, राजनैतिक एवं न्याय प्रशासनको क्षेत्रमा दलित समुदायको पहुँच पुग्न सकेन,
- आर्थिक एवं शैक्षिक अवस्था अत्यन्त कमजोर हुन पुग्यो,
- सामाजिक सहयोग र सद्भावबाट बञ्चित हुन पुगे,
- सामाजिक झैझगडा र भुट्टा मुद्दाको शिकार हुनुपऱ्यो,
- सामाजिक हैसियतको विकास हुन सकेन,
- अन्याय, अत्याचार र सबै प्रकारका शोषणको प्रतिरोध गर्ने क्षमता भएन,
- इच्छा विपरीतको पेशा, व्यवसाय वा कार्य गर्न बाध्य हुनु पऱ्यो,
- पानीका मुहान, वनजङ्गललगायतका प्राकृतिक स्रोत र



तस्बिर सौजन्य : हुस्नेरा बानु

साधनमा पहुँच हुन सकेन,

- यौनशोषणको शिकार बन्नपर्‍यो,
- सार्वजनिक उपस्थितिमा सधैँ अपमानित हुनुपर्‍यो,
- समाजमा 'तल्लो जात' भनी हेपिएर बस्नुपर्‍यो,
- जातीय अस्तित्व र स्वाभिमान रहेन, मावन मानववीच समानताको अनुभूति भएन,

**माथि उठाउने हो भने !**

अरु जातिजस्तै दलितलाई पनि छिट्टै माथि उठाउन सकिन्छ । सबैले यसमा मेहनत गर्नुपर्छ ।

समावेशी शिक्षाविना दलितको उत्थान हुन सक्दैन । गरिब, पिछडिएका दलित, जनजाति, महिला, अशक्त, अपांगता भएका, घरेलु श्रमिक, सडक बालबालिका आदिलाई पर्याप्तमात्रामा सम्बोधन गरी उनीहरूको रुचि र आवश्यकताअनुरुप शिक्षा दिनु समावेशी शिक्षा हो । त्यसैगरी विभिन्न कारणले शिक्षाको अवसर प्राप्त गर्न नसकेका प्रौढहरूलाई उनीहरूको आवश्यकताअनुरुप शिक्षा र तालिम दिने उपाय पनि समावेशी शिक्षा हो । अब उनीहरूलाई खास प्रकारको तालिम र समावेशी शिक्षा चाहिएको छ ।

दलितको भूमिसम्बन्धी कुनै आधिकारिक तथ्याङ्क देखिँदैन । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको २००६ को सर्वेक्षण अनुसार महोत्तरीमा ७३.९ प्रतिशत, सप्तरीमा ६७.१ प्रतिशत, कपिलवस्तुमा ८६ प्रतिशत, सुर्खेतमा ९ प्रतिशत, गुल्मीमा ८ प्रतिशत र बैतडीमा ७ प्रतिशत भूमिहिन रहेका छन् । त्यस अध्ययनअनुसार ११,६०५ मध्ये ३,८९० दलित घरधुरी सरकारी र सार्वजनिक जग्गामा घर बनाई बसेका छन् भने बैतडीमा ५६ रोपनी, गुल्मीमा ५१४ रोपनी, महोत्तरीमा ५७ रोपनी र सुर्खेतमा ६९ रोपनी मात्र दलितको भूस्वामित्वमा रहेको छ । त्यसैगरी राष्ट्रिय दलित आयोगको सर्वेक्षण अनुसार ५३.०३ प्रतिशत भूमिहिन रहेको छ । जसमा सिरहामा ७४.१४ प्रतिशत, धनुषामा ६३.१३ प्रतिशत, सप्तरीमा ५३.६२ प्रतिशत, महोत्तरीमा ५१.२१ प्रतिशत र कैलालीमा २२.५४ प्रतिशत भूमिहिन छन् । मानव विकास सूचकांकमा सप्तरी जिल्ला ७३ औं स्थानमा हुनु त्यहाँ लगभग ३० प्रतिशत दलित हुनु प्रमुख कारण मान्न सकिन्छ । अतः दलितलाई माथि उठाउन जग्गाजमिनको व्यवस्था हुनुपर्छ ।

**दलित समुदायको गरिबी न्यूनीकरणका लागि सुझावहरू**

- माछा दिनेभन्दा माछा मार्ने कला सिकाइदेउ भनी विज्ञहरूले भनेझैं दलितहरूका लागि वितरणमुखी क्षणिक सुविधाभन्दा दिगोरुपमा आय आर्जनका कार्यक्रममा बढी जोड दिनुपर्छ । यसका लागि वित्त नीतिभन्दा मौद्रिक नीति बढी प्रभावकारी हुन्छ ।
- विना ब्याज वा न्यून ब्याजदरमा बिना धितो ऋण र व्यवसायसम्बन्धी तालिम दिई दलितहरूलाई आय आर्जनका कार्यक्रममा सहभागी गराउनुपर्छ ।
- महिला घरमूली भएका घरहरूमा गरिबी कम हुने अध्ययनबाट देखिएको सन्दर्भमा आय-आर्जनका कार्यक्रमहरू सञ्चालन गर्दा महिलाको क्षमता विकास गरी दलित महिलाहरूलाई परिचालन गर्नुपर्छ ।
- दलित समुदायका लागि सञ्चालन गरिने गरिबी न्यूनीकरणका कार्यक्रमहरू यथार्थपरक हुनुपर्ने ।
- राजनीतिक दवावका आधारमा हुन नहुने र गरिबको पहिचान सही ढंगले गरी लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । लक्षित कार्यक्रमबाट गरिब बञ्चित हुने र गरिबी नभएकाहरू कार्यक्रममा समावेश हुने स्थितिको अन्त्य गर्नुपर्छ ।
- दलित समुदायमा लगिने कार्यक्रमको तर्जुमा गर्दा लक्षित समुदायका सरोकारवालाहरूलाई सहभागी गराउनु पर्दछ जसले कार्यक्रमको स्वामित्व लिन र सहभागी हुन लक्षित दलित समुदायलाई उत्प्रेरित गर्दछ ।
- पूर्वाधार विकासका कार्यक्रम र विकासका पूर्वाधार र सुविधामा दलितहरूको पहुँच बढाउने खालका कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्छ ।

नेपालको संविधान, २०७२ ले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित,

आदिवासी/जनजाति, मधेसी, मुस्लिम समुदाय, उत्पीडित समुदाय र पिछडिएका क्षेत्र र वर्गका समस्याहरुलाई सम्बोधन गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक, सङ्घीय शासन प्रणालीसहितको अग्रगामी पुनःसंरचना गर्ने उल्लेख गरेको छ ।

यो सपना साकार पार्नका लागि 'स्थानीय सरकार'को अहम् भूमिका छ । अब स्थानीय सरकारमा पनि थुप्रै दलित प्रतिनिधि पुगेकोले उनीहरूले नै आवाज र कार्यक्रम दलितमुखी बनाउनुपर्छ । आशा गरौं अबको ५ वर्षमा धेरै परिवर्तन देख्न पाइने छ । प्रदेश तथा केन्द्रका लागि हुने २०७४ मंसिरका चुनावमा पनि धेरैभन्दा धेरै दलित माननीयहरू छान्ने प्रावधान र वातावरण बनाइनुपर्छ । दलितको हित गर्न दलित प्रतिनिधि नै चाहिने कुरा अहिलेको समावेशी विकासका लागि बढी महत्वपूर्ण छ ।

**सन्दर्भ-सूची :**


- नेपाल सरकार (२०७३), **आर्थिक सर्वेक्षण, २०७२/७३,** अर्थ मन्त्रालय, काठमाडौं ।
- नेपाल सरकार (२०७३), **आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्य,** अर्थ मन्त्रालय, काठमाडौं ।
- राष्ट्रिय योजना आयोग (२०७३) **चौधौं त्रिवर्षीय योजना, २०७३/७४,–२०७५/७६,** नेपाल सरकार काठमाडौं ।
- पौडेल, ईन्द्रविलास (२०६७), लैंगिकतामा आधारित हिंसा (Gender Based Violence) सैद्धान्तिक पक्ष, **सशक्तीकरण,** वर्ष १०, अंक १, पूर्णाङ्क १५, आषाढ, नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- मल्ल, सपना प्रधान (२०६७), महिला अधिकारका सङ्घर्ष र नारी दिवस, **गोरखापत्र** ।
- त्रिपाठी, शिवराज (सन् २००९), किशोर-किशोरीहरूका समस्या र हाम्रो जिम्मेवारी, **जनसङ्ख्या शिक्षा गतिविधि,** संयुक्त राष्ट्र जनसङ्ख्या कोष, वर्ष २६, फेब्रुवरी, अङ्क ४२ ।


*(लेखक हाडा त्रिविवि/भक्तपुर बहुमुखी क्याम्पसका प्राध्यापक हुनुहुन्छ र नेपानका सदस्य हुनुहुन्छ । उहाँका ग्रामीण विकास तथा अर्थशास्त्रसम्बन्धी थुप्रै पुस्तकहरू प्रकाशित छन् ।)*
*E-mail: gambhirhada@gmail.com*


## ---नेपान स्रोतकेन्द्र प्रवर्द्धनार्थ---

- सहभागीमूलक विकाससम्बन्धी प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरुसँग आपसी आदान-प्रदान गर्ने गरी प्रकाशन प्रेषण गर्नका लागि आफूलाई जानकारी भएसम्मका प्रकाशकहरुसँग सम्पर्क बढाऔं र नेपान सचिवालयलाई जानकारी गराऔं ।
- आफूलाई उत्कृष्ट लागेका विकाससम्बन्धी सवालका पुस्तकहरुको विवरण उपलब्ध गराऔं ।
- जे-जसरी सकिन्छ, नेपान स्रोत केन्द्र प्रवर्द्धन गर्नका लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोत-केन्द्र अबदेखि नेपानको आफ्नै घरमा अझ व्यवस्थित बन्न लागेको जानकारी गराउन चाहन्छौं । यहाँको सहभागिता र सहकार्य अपेक्षित छ ।
- नेपान स्रोत-केन्द्र प्रयोगका लागि हाम्रो ढोका यहाँहरुका लागि सधैं खुला रहेको कुरा पनि जानकारी गराउन चाहन्छौं ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझ बढाऔं । नेपान एक स्वयंसेवी संस्था भएकोले स्वयंसेवा गर्न चाहने व्यक्तिहरुलाई हामी अझ प्रेरित गर्दछौं । नेपाल र नेपालीका लागि नेपान !

**- नेपान सचिवालय**

# विपद् व्यवस्थापन र स्थानीय तहको बढ्दो चुनौती



विनोद तिमिल्सेना

नेपालले पछिल्लोपटक दुई वर्षअगाडि वि.सं. २०७२ मा महाविनाशकारी भूकम्पको सामना गर्नु पर्‍यो। झण्डै ९ हजार जनाको ज्यान गयो। २२ हजारभन्दा बढी घाइते भए भने ६ लाखभन्दा बढी घर पूर्ण क्षति भए। सरकारले पीडितलाई घर बनाउन रकम दिने भने पनि त्यो रकमको पहिलो तथा दोस्रो किस्ता सबै पीडितका हातमा अहिलेसम्म पुग्न सकेको छैन।

अझ कति पीडितले त राहत पाउने सूचीमा नाम नै छुटेको गुनासो पनि गरेका छन्। सरकार परिवर्तनसँगै भूकम्प पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी फेर्ने राजनीतिक स्वार्थ तथा खिचातानीले पीडित जनतालाई थप पीडा भएको छ। पुनर्निर्माणको कार्यले अझै राम्री गति लिन सकेको छैन। यत्रो हानि-नोक्सानी भएर मानिसको जीवन र देश नै प्रभावित हुँदा पनि सरकारले विपद्पछिका कार्यमा ध्यान कम दिएको देखिन्छ। अहिले गएको बाढीको सवालमा पनि त्यस्तै भएको छ। करिब ३० जिल्ला प्रभावित भएका छन्, तर राहत, उद्धार र पुनःस्थापन गर्ने कार्य कछुवाको गतिमा चलिरहेको छ। अझ एकद्वार प्रणालीका नाममा गैसस तथा निजी क्षेत्रको स्वस्फूर्त काममा भाँजो हाल्ने काम भएको छ। सरकाले आफूले पनि तत्काल गर्न नसक्ने, अरुलाई पनि अघि बढ्न नदिने प्रवृत्तिले पीडितहरू झन् पीडा भोग्न बाध्य भएका छन्।

> प्राकृतिक विपद्लाई हामीले रोक्न सक्दैनौं, तर त्यसको प्रभाव कम गर्न भने अवश्य सकिन्छ। विपद्को पूर्व तयारी तथा व्यवस्थापन राम्ररी भएमा मानवीय क्षति निकै कम गर्न सकिन्छ।

यी कुराले नेपालमा विपद् व्यवस्थापन उचित रूपमा हुन नसकेको पुष्टि गरेको छ। देश संघीय संरचनामा गइसकेको अवस्थामा विपद्लाई स्थानीय तहले कसरी व्यवस्थापन गर्छन् भन्ने कौतुहलता आमजनतामा बढ्नु स्वाभाविक छ। यसबारे केही चर्चा गर्ने प्रयास यहाँ गरिएको छ।

### विपद् के हो ?

विपद् त्यस्तो अवस्था हो जहाँ मानिसहरूले बिताउँदै आएको सामान्य जीवनलाई एकाएक असामान्य र अस्तव्यस्त परिस्थिति सिर्जना हुन्छ, साथै मानवीय तथा भौतिक क्षति पनि हुन्छ। जसले गर्दा आफ्नो सन्निकटमा रहेकाहरूको जीउधन र जीविकाको रक्षा गर्न

सक्ने क्षमता व्यक्ति, समुदाय तथा देशसँग नभई बाह्य सहयोगको समेत आवश्यकता पर्नसक्छ ।

विपद् विभिन्न प्रकोपजन्य तत्व (सङ्कटहरू) का कारण सृजित हुन्छ । विपद् हुनको लागि तीन चीजले असर पर्छ : प्रकोपको सम्भावना, सङ्कटाभिमुख, र अन्तमा प्रकोपलाई धान्न सक्ने क्षमता । विपद् विभिन्न रूपमा आउन सक्छ, जस्तैः बाढी, पहिरो, भूकम्प, आगलागी, खडेरी, सडक/औद्योगिक/हवाई दुर्घटना, महामारी, चट्याङ, हुरी-बतास, द्वन्द्व वा युद्ध, असिना, हावाहुरी जङ्गली जनावरको आक्रमण, ज्वालामुखी, समुद्री आँधी, आतङ्कवाद आदि ।

## प्रकोप केलाई भन्ने ?

विपद् उत्पन्न गर्न सक्ने कुनै पनि सम्भावित घटना बाढी, पहिरो, भूकम्प, आगलागी, हावाहुरी, महामारी आदिलाई 'प्रकोप' भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा नदी किनारको कुनै बस्तीमा बाढी आउनु प्रकोप हो । त्यसबाट जनधनको क्षति भई उद्धार तथा राहतको लागि स्थानीय समुदायले धान्न सकेनन् भने त्यो 'विपद्'मा बदलिन्छ । तर, स्थानीयले त्यसलाई सामना गरी स्थिति सामान्य बन्यो भने त्यो विपद् नभई प्रकोपमात्र रहन्छ ।

विपद् मानवीय र प्राकृतिक दुवै कारणले हुन सक्छ । प्राकृतिक कारणमा भौगोलिक, भौगर्भिक, मौसम तथा वातावरणीय लगायत छन् । जसमा भूकम्प, ज्वालामुखी, पहिरो, बाढी, हिमताल विष्फोटन, हावाहुरी, अतिवृष्टि, अनावृष्टि, असिना आदि छन् । मानवीय कारणमा द्वन्द्व, युद्ध, औद्यौगिक कारणबाट उत्पन्न समस्या, आणविक हतियार, सडक तथा विमान दुर्घटना, भागदौड, आगलागी, महामारी, आतङ्कवादलगायत पर्दछन् । सामान्यरूपमा भन्नुपर्दा राज्यको सार्वजनिक नीति, अनुगमन निकाय र प्रविधिहरू असफल भएपछि गैरप्राकृतिक विपद् हुने गरेको पाइन्छ ।

यसको असर तत्कालीन र दीर्घकालीन रूपमा पर्छ । तत्काल हुने क्षतिमा मानवीय तथा भौतिक संरचनाको क्षति, कृषि तथा पशुपंक्षीको नोक्सानीलगायतका कुरा पर्दछन् भने दीर्घकालीन क्षतिमा व्यक्तिगत, सामाजिक, आर्थिक, मनोवैज्ञानिक, राजनीतिक, मानव संशाधन आदिमा असर परी वर्षौंसम्म समुदाय तथा देश-विकास पछाडि धकेलिन सक्छ ।

## नेपालमा विपद्को अवस्था

नेपालमा वि.सं. १९९० सालको महाभूकम्पले धनजनको ठूलो क्षति भयो । यसपछि पनि त्यो भन्दा कमका धेरै भूकम्पहरू आए, साथै अन्य विपद्का घटना पनि भएका छन् । नेपालका पछिल्ला ठूला विपद्हरूमध्ये कोसीको बाढी, महाकालीको बाढी, जुरेको पहिरो, रसुवाको पहिरो, कर्णालीको बाढी, अनेक सडक तथा विमान दुर्घटना र २०७२ वैशाख महिनाको महाविनाशकारी भूकम्पलाई मुख्य रूपमा लिन सकिन्छ ।

नेपालमा हरेक वर्ष विपद्मा परेर एक हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ । विपतको कारण करिब डेढ खर्बभन्दा बढीको आर्थिक क्षति हुने गरेको छ । नेपाल विश्वका १९८ वटा मुलुकमध्ये भूकम्पीय जोखिमको हिसाबले ११ औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३०औं र जलवायु परिवर्तन प्रभावका हिसाबले छैठौं स्थानमा रहेको विभिन्न अध्ययनले देखाएका छन् । यसैगरी हिमताल विष्फोटको जोखिम पनि नेपालमा उत्तिकै छ । अर्कोतर्फ विभिन्न सरुवा रोगहरू, झाडा पखाला, बर्डफ्लु, स्वाइनफ्लु आदि रोगबाट पनि मानिसहरू धेरै नै प्रभावित भएका छन् । नेपालमा औसत तापक्रम वृद्धि विश्वका अरु भागभन्दा बढी रहेको पाइएको छ । यही क्रम रहेमा सन् २०३० मा हाम्रा धेरै हिमनदीहरू सुक्ने तथ्यहरू सार्वजनिक भएका छन् ।

हामीले विभिन्न कालखण्डमा ठूला विपद्को सामना गर्नु परेर जनधनको निकै क्षति भयो । प्राकृतिक विपद्लाई हामीले रोक्न सक्दैनौं, तर त्यसको प्रभाव कम गर्न भने अवश्य सकिन्छ । विपद्को पूर्व तयारी तथा व्यवस्थापन राम्ररी भएमा मानवीय क्षति निकै कम गर्न सकिन्छ । यसको ज्वलन्त उदाहरण सन् १९७० मा बंगलादेशमा आएको समुद्री आँधीले ५ लाख मानिसको मृत्यु भएको घटना हो । तर सन् २००७ को नोभेम्बरमा उत्तिकै क्षमताको आँधी आउँदा जम्मा ४ हजार मानिसको मात्रै मृत्यु भयो । यसको मुख्य कारण पूर्वतयारी, विपद् व्यवस्थापन र जनतामा आएको सोचको परिवर्तनलाई मानिएको छ ।

हामीले राम्रोसँग व्यवस्थापन गर्न नसके 'विपद्सिर्जित विपद्' अर्थात् एउटा विपद्ले अर्को विपद् उत्पन्न हुन सक्छ । जस्तै, बाढीले तहसनहस परेको ठाउँमा शुद्ध खानेपानी लगायत सरसफाइ नपुगेर अन्य रोग फैलिएर महामारी हुन सक्छ । यसतर्फ हामी बेलैमा सचेत हुनुपर्छ ।

## अन्तर्राष्ट्रिय परिवेश

अन्तर्राष्ट्रिय मानवीय मान्यताअनुसार जीविकोपार्जनसहित सुरक्षित जीवन बिताउन पाउनु हरेक मानिसको नैसर्गिक अधिकार हो । यसको लागि अन्तर्राष्ट्रिय रूपमा मापदण्डहरू बनेका छन् । त्यसमा 'स्फेयर' महत्वपूर्ण मापदण्डको रूपमा लिइन्छ ।

सन् २०१५ जापानमा भएको अन्तराष्ट्रिय सम्मेलनले *सेन्डाई फ्रेमवर्क फर डिजास्टर रिस्क रिडक्सन* अवधारणा पारित गरेको छ । यसले विपद्लाई न्यूनीकरण कार्यमा महिला तथा युवाको उल्लेख्य भूमिकालाई उजागर गर्नुका साथै समावेशी मान्यता, वैज्ञानिक नीतिको प्रयोग, स्थानीय सरकार, सामुदायिक सङ्गठनहरूले निभाउनुपर्ने भूमिका र निजी क्षेत्रको सहभागितालाई समावेश गरिएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१५ मा नै दिगो विकास लक्ष्य तय गऱ्यो । यसमा राज्यले नागरिकका आधारभूत सेवाहरूलाई प्रत्याभूति गर्नुपर्ने विषय समेटिएको छ । जसमा खानेपानी, सरसफाइ, स्वास्थ्य, शिक्षा, ऊर्जालगायतका विषय छन् । यस्ता अनिवार्य सेवाहरू भएका र नभएका समुदायको बीच विपद्सँग जुध्ने क्षमता पनि फरक पर्ने भएकोले आफ्ना नागरिकलाई यी सेवा उपलब्ध गराउन राज्यहरूलाई जोड दिइएको छ ।

त्यसैगरी, सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले जलवायु परिवर्तनको प्रभाव न्यून गर्न सेण्डाई अवधारणा, दिगो विकास लक्ष्य र जलवायु परिवर्तनले ल्याउने विपद् एकअर्कासँग अन्तरसम्बन्धित सवाल भएकोले यसको उचित व्यवस्थापनमा जोड दिएको छ ।

## राष्ट्रियस्तरमा भएका प्रावधान र व्यवस्था

*नेपालको संविधान २०७२* ले आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँचको सुनिश्चितता गरेको छ । संविधानमा सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभको उल्लेख गरिएको छ । त्यसैगरी स्थानीय तहको अधिकारमा पनि विपद् व्यवस्थापनको विषय समेटिएको छ ।

विपद् व्यवस्थापनको क्षेत्रमा नेपालमा प्रचलनमा आएका ऐन, नियम तथा दस्तावेजहरूमा दैवीप्रकोप उद्धार ऐन २०३९, स्थानीय स्वायत्त शासन ऐन २०५५ (अब छिटै परिवर्तन हुने), प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड २०६४, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ छन् । त्यसैगरी, दैवीप्रकोप उद्धार ऐन २०३९ लाई नयाँ परिवेशमा अनुसार प्रतिस्थापन गर्न विपद् व्यवस्थापन ऐन, केही वर्षअगाडि छलफल भएर मस्यौदा तयार भए पनि यो अहिलेसम्म छलफलकै क्रममा रहेको छ ।

बदलिँदो राज्य-संरचना अनुसार यसलाई थप परिमार्जन गरी ऐन बनाउने कार्य भइरहेको छ । अब बन्ने ऐनले नयाँ संरचना अनुसार अहिलेको मागलाई सम्बोधन गरी राज्यले जनतालाई विपद्को बेलामा सहयोग पुऱ्याई उनीहरूले राहतको अनुभव गर्न सकून् भनेर सरोकारवाला निकायहरूलाई झक्झक्याउनु अहिले नितान्त आवश्यक छ ।

## विपद् र गरिबीबीचको अन्तरसम्बन्ध

विपद र गरिबीबीच निकै गहिरो अन्तर्सम्बन्ध हुन्छ । गरिबीले गर्दा विपद् संकटासन्न अवस्थामा बाँच्नुपर्छ भने राम्रै आर्थिक अवस्था भएको मानिस पनि विपद्पछि आफ्नो सम्पत्ति, आम्दानी गर्ने व्यक्ति/ जीविकोपार्जनका आधारहरू गुमाएर/ विस्थापित भएर र अरु धेरै कारणले गरिब भएका थुप्रै उदाहरण भेट्न सकिन्छ ।

दुई वर्षअघि गएको विनाशकारी भूकम्पले गर्दा करिब ७ लाख मानिस फेरि गरिबीको स्थितिमा पुगेको कुरा केही समयअगाडि सार्वजनिक भएको छ । यसले गर्दा विपद् व्यवस्थापन र न्यूनीकरणमा आवश्यक कार्य नगरे नेपालले हासिल गरेका विकासका उपलब्धिहरू गुमी हाम्रो स्थिति तल झर्ने तथ्यलाई पुष्टि गरेको छ ।

गरिब परिवार तथा समुदायमा विपद्को सामना गर्ने क्षमता ज्यादै न्यून हुन्छ । विपद्ले कमाउने मानिसको मृत्यु तथा उत्पादन साधनको विनाश भएर मानिसलाई विपन्न र गरिब बनाउँछ । गरिबी अवस्थामा बाँचेका मानिसले बाध्य भएर विभिन्न प्राकृतिक स्रोतको अतिदोहन गर्न थाल्छन् र खतरायुक्त काम गर्न पनि तत्पर हुन्छन् । उदाहरणका लागि जीविकोपार्जनको लागि वन फडानी गर्ने, गिट्टी बालुवा मनपरी किसिमले निकाल्ने, वन्यजन्तु मार्ने आदि गर्छन्, जसले फेरि अर्को विपद्लाई निम्त्याउँछ । विपद्मा परेका मानिस विस्थापित भएर झन जोखिमपूर्ण स्थान, खोलाको तिर, पहिरो जाने स्थानमा बस्नुपर्ने हुन्छ जसले नयाँ प्रकोपको जोखिम अझै बढाउँछ । त्यसैले संकटासन्न निकट भएका स्थानमा 'गरिबी' विपद्को कारण पनि हो र परिणाम पनि हो ।

## विपद् व्यवस्थापन र जनसहभागिता

विपद्लाई हटाउन सकिँदैन, तर यसबाट पर्ने प्रभावलाई घटाउन अवश्य सकिन्छ । यसको लागि उपयुक्त व्यवस्थापन हुनु आवश्यक छ । विपद् व्यवस्थापन चक्रलाई हेर्दा विपद, उद्धार तथा राहत, पुनर्स्थापना, पुनर्निर्माण, रोकथाम, न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचनालाई लिइन्छ । नेपालमा विपद्को सामना गर्न सक्ने क्षमताको विकास उचित रूपमा हुन सकेको छैन । विद्यमान कानुनी व्यवस्थाअनुसार विपद् व्यवस्थापनका प्रमुख क्षेत्रहरू पूर्वतयारी, प्रतिकार्य वा राहत तथा उद्धार र पुनर्स्थापनामध्ये प्रतिकार्यलाई मात्र प्राथमिकतामा राखिएको छ ।

अहिलेसम्म विपद् भएपछिका कार्य मात्र गरिएको छ । विपद् हुनुअगावै गर्नुपर्ने रोकथाम, न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचनामा खासै ध्यान दिएको पाइँदैन । फेरि अर्को विपद् आउन सक्छ भनेर हेक्का लिएर भएका कमी-कमजोरीहरूलाई सुधार गरी आवश्यक भौतिक तथा संरचनागत व्यवस्थाको साथै कानुनी प्रावधानहरूलाई समय सुहाउँदो बनाइएको त्यति पाइँदैन । त्यसैले गर्दा हामी नेपालीले हरेक खालका विपद्बाट धेरै क्षति व्यहोर्नु परेको छ ।

समुदायमा आधारित विपद् व्यवस्थापन गर्नु दीर्घकालीन उपाय हुन्छ । यस क्रममा समुदायलाई सचेतीकरण, उनीहरूको सक्रिय सहभागिता, पूर्वतयारी, क्षमता अभिवृद्धि, जोखिम पहिचान तथा न्यूनीकरण, सुरक्षित वसोवास, खाद्यान्न भण्डार, खानेपानी संरक्षण, औषधी तथा स्वास्थ्य सेवा, पूर्वसूचना, उद्धार तथा राहतको सामग्री वस्तुवस्तीको आपतकालिन योजना बनाउँदा समुदायलाई हरेक क्रियाकलापसमा सक्रिय सहभागी गराउनुपर्छ । विपद्मा विशेष गरेर अपाङ्ग, वृद्ध, असक्त, बालबालिका तथा महिलाहरू बढी प्रभावित हुने भएकोले उनीहरूलाई राहत, उद्धार तथा पुनर्निर्माणमा पहिलो प्राथमिकता दिई ती समुदायमैत्री नीति, नियम, संरचना तथा सेवा दिने प्रणालीको विकास गर्नुपर्ने हुन्छ ।

कविता

## आपत्माथि विपत् !

**रामकृष्ण ढकाल**

सुन फल्ने मैदान हाम्रो तराईको फाँट
बाढीले पो बगाइ लग्यो जनताको आँट
घर बगे, गोठ बगे सुके तालु ओठ
हामी गरिब जनतालाई चोटमाथि चोट !

खाटो पनि नबस्दैमा 'भूकम्पको घाउ'
त्यसैमाथि बाढी-पैह्रो बन्न थाल्यो 'राहु'
विकास छैन गाउँ-गाउँमा बिग्रे भत्के बाटा
शक्तिमस्त नेताहरु आफैँमात्र टाठा !

अशक्त र अनाथलाई हेरिदिने कसले ?
भत्किएका विद्यालय बनाइदिने कसले ?
पूर्वदेखि पश्चिमसम्म एउटै दशा लाग्यो
राहत दिने सरकार पनि कतातिर भाग्यो ??

चितवन; हाल: शिवनगर, कीर्तिपुर-३, काठमाडौँ ।
E-mail: sisnopani@gmail.com

### स्थानीय तहमा विपद् व्यवस्थापनको प्रावधान

संविधानले व्यवस्था गरेअनुसार केन्द्रका कतिपय अधिकार अब स्थानीय तहमा पुगेका छन् । २०७३ फागुन २७ गतेबाट सरकारले स्थानीय तहको घोषणा गरी देश निकै अगाडि बढेको छ ।

संविधानले सङ्घ र प्रदेशमा जस्तै स्थानीय तहमा पनि कार्यपालिका र व्यवस्थापिकाको व्यवस्था गरेको छ । भाग १७ र १८ मा स्थानीय तहमा गठन हुने गाउँ र नगरसभाले संविधानले दिएको अधिकार प्रयोगका लागि आवश्यक कानुन बनाउन सक्ने अधिकार दिएको छ । संविधानमा स्थानीय तहले प्रयोग गर्न पाउने **२२ वटा अधिकार अनुसूची ८ मा** उल्लेख भएअनुसार त्यसमा विपद् व्यवस्थापन पनि परेको छ । अनुसूची ९ अनुसार १५ वटा साझा अधिकार व्यवस्था गरिएको छ ।

नयाँ संविधानमा व्यवस्थापिका र कार्यपालिकाको समेत अधिकार दिएर स्थानीय तहको व्यवस्था गरिएको छ । जसले गर्दा अब सानो योजना, कामको लागि पनि जिल्ला र केन्द्र धाउनुपर्ने अवस्थाको अन्त भएको छ । स्थानीय तहको व्यवस्थापिकाले आफ्नो अनुकुलको स्थानीय कानुनहरू बनाउन सक्ने प्रावधान संविधानमा रहेको छ ।

अब स्थानीय तहले आधारभूत तथा माध्यमिक शिक्षा संचालन गरी पाठ्यपुस्तक तयार गर्न पाउने छ । यसबाट हामीले आफ्नो भौगोलिक अवस्था, जनचेतनाको स्तर, आर्थिक, सामाजिक, साँस्कृतिकलगायतका विषयलाई मध्यनजर गरेर स्थानीय पाठ्यक्रम तयार गर्न सक्ने हुँदा यसको प्रचुरमात्रामा उपयोग गर्दै विपद् व्यवस्थापनको लागि पनि आवश्यक विषय पाठ्यक्रममा राख्न सकिने अवस्था छ । परिवेश सुहाउँदो आवश्यक कानुनहरू आफैँले बनाउन सक्ने भएकोले सङ्घ र प्रदेशको मुख ताकिरहनु नपर्ने देखिन्छ, जसले गर्दा छिटोछरितो काम गरी जनातालाई राहत दिन प्रशासनिक र झन्झटिलो समस्या हट्ने छ ।

स्थानीय तहले आधारमूत स्वास्थ्य, आधारभूत तथा माध्यमिक शिक्षा र विपद् व्यवस्थापनसँग सम्बन्धित कानुन बनाउन सक्ने अधिकार पाएको हुँदा यसबाट धेरै लाभ लिन सक्ने अवस्था देखिन्छ । सिंहदरबारबाट बनाएको कानुनले स्थानीयको भावना समेट्न नसकिरहेको हालको परिवेशमा जनताको दैलोमा अधिकार पुगेको छ । यस परिपेक्ष्यमा स्थानीय तहको क्षमताअनुसार विपद्मा परेका समुदायको लागि आवश्यक सहयोग गर्न, बाहिरि सहयोग जुटाउन स्थानीय तह सक्रिय भएर जनतालाई राहत दिन सक्छ ।

## चुनौतीहरू

नयाँ संविधानले प्रचलित जिल्ला विकास समितिभन्दा पनि स्थानीय तहलाई विविध खालका अधिकार दिएको छ । यो अधिकारलाई जनतासम्म पुऱ्याउन र जनताले त्यसको महसुस गर्ने अवस्थासम्म पुग्न थुप्रै चुनौतीहरू छन् ।

हाम्रा चुनौतीहरूमा स्थानीय तहले परिकल्पना गरेको भौतिक पूर्वाधारहरूको निर्माण, संस्थागत क्षमताको व्यवस्था, स्रोत साधन तथा बजेटको व्यवस्था गर्ने मुख्य हुन् । त्यसैगरी, परिवर्तित सम्बन्धमा उचित नीति, नियम तथा कानुन बनाई लागू गर्नु पनि त्यत्तिकै चुनौतीपूर्ण छ । यस क्रममा विपद्का सम्भावित घटनालाई आकलन गरी त्यसलाई सम्बोधन हुने किसिमका कार्यक्रम तथा बजेट जनताको सहभागितामा वार्षिक योजना तयार गरी दक्ष जनशक्ति उत्पादन गर्नु अर्को चुनौतीको रूपमा रहेको छ ।

विपद् व्यवस्थापनको क्षेत्रमा चेतनाको कमी, गरिबी, विपद् व्यवस्थापनका पुरातन तौरतरिका, पर्याप्त नीतिगत व्यवस्था नहुनु, भएका प्रावधानहरू पनि लागू नहुनु, बजेटको कमी, राजनीतिक प्रतिवद्धताको कमी आदि प्रमुख रूपमा रहेका छन् । त्यसैगरी, विपद् व्यवपस्थापनलाई प्राथमिकतामा नराखिनु, सहयोगको सही सदुपयोग नहुनु, स्थानीय तहको संरचना पूर्णरूपमा लागू हुन लामो समय लाग्न सक्ने देखिनु पनि चुनौतीको रूपमा रहेका छन् ।

चुनौतीहरूलाई मसिनो गरी केलाउँदा अन्य धेरै कुराहरू आउँछन् । मुख्य रूपमा हेर्दा सुशासन तथा पारदर्शिताको अभाव टड्कारो रूपमा देखिएको छ । दुई वर्षअगाडि गएको विकासकारी भूकम्पपछिको अवस्था हेर्दा हामीले पाएको सहयोग पनि व्यवस्थितरूपमा वितरण गर्न नसकेको तीतो अनुभव छ । उद्धार तथा राहत पारदर्शी नभएर अनियमितता भएको, को बढी पीडितभन्दा पनि को आफ्नो मानिस वा आफ्नो पार्टीको मानिस भनेर त्यस्तो विपत्तिमा समेत नागरिकहरूलाई भेदभाव गरिएको, कसैले धेरै पटक सहयोग पाउने कसैले एक पटक पनि नपाउनेलगायतका प्रवृत्ति देखिएका थिए, छन् ।

## लिनुपर्ने कार्यदिशा

संविधानले स्थानीय तहलाई पर्याप्त अधिकार दिएको छ । त्यो अधिकारलाई समुचित रूपमा प्रयोग गर्न जनसहभागितालाई जोड दिँदै अगाडि बढ्नुपर्ने हुन्छ । अहिले सुरुवाती अवस्था छ, यसवेलादेखि नै विपद् व्यवस्थापनको सवाललाई ठूलो विपद् नपरी चासो नराख्ने हाम्रो परम्परागत बानीमा सुधार गर्नुपर्छ । यस क्रममा गर्नुपर्ने कार्य धेरै नै छन् । केही बुँदाहरूलाई यहाँ उल्लेख गरिएको छ ।

१. संकटकालीन अवस्थामा जनधनको क्षति सकेसम्म कम गराउनको लागि पहिले नै यस्तो समयमा कसले के गर्ने, कस्तो भूमिका निभाउने भनेर बनाइएको संकटकालीन योजना हरेक स्थानीय तह (सरकार) ले तयार गर्नुपर्ने हुन्छ । यसमा समुदाय तथा आफ्नो क्षेत्रको वरिपरिको वस्तुस्थिति विश्लेषण गरी आउन सक्ने विपद्को पूर्व आकलन गर्नुपर्छ, समुदायका मानिसहरू बसी सहभागीमूलक तरिकाले संकटकालीन योजना पनि बनाउनु पर्छ । उक्त योजनामा खोज तथा उद्धार, प्राथमिक उपचार, आवास तथा खानपानको व्यवस्था, सुरक्षा र सञ्चार तथा सम्पर्क स्थापित कसरी गरिने छ भनेर स्पष्ट खाका बनाइनु पर्छ ।

२. आफ्नो क्षेत्रमा विकास निर्माण गर्दा तथा ठूला भौतिक संरचनाहरू बनाउँदा वातावरण प्रभाव मूल्याङ्कनको साथै विपद् मूल्याङ्कनसमेत गर्नु आवश्यक छ । विकासले ल्याउने विपद्लाई कम गर्न स्थानीय सरकारमा पनि नीतिगत व्यवस्था हुनुपर्छ । विपद् न्यूनीकरणको लागि प्रभावकारी संस्थागत संरचना/संयन्त्र, आवश्यक नीति, नियम र बजेटसहित सर्वदलीय राजनीतिक प्रतिवद्धता हुनु नितान्त आवश्यक छ ।

३. राम्रो विपद् व्यवस्थापन गर्न पूर्वतयारीमा लगानी, उद्धार तथा राहत, पुनःस्थापना तथा पुनर्निर्माणको क्रममा नयाँ जोखिम सिर्जना नहुने गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनेतर्फ ध्यान दिनुपर्छ ।

४. प्रकोपका घटना र समाजका विभिन्न अन्तरवस्तुबीचको सम्बन्धले विपद्को स्तर निर्धारण गर्छ । राजनीतिक, सामाजिक एवं शासनपद्धतिमा अपनाइएका तौरतरिकाले प्रकोप बढाउने वा घटाउने कार्य गर्ने हुँदा यस्ता कुरामा स्थानीय तहदेखि सङ्घसम्मका सरोकारवाला निकाय संवेदनशील भएर प्राथमिकता दिई आवश्यक कार्यहरू गर्नुपर्छ ।

५. अन्त्यमा, हामीलाई यो थाहा भयो कि विपद्लाई निमिट्यान्न पार्न सकिँदैन तर व्यवस्थापन गर्न सकिने हुँदा यसको लागि आकष्मिक कोषको व्यवस्था, संस्थागत क्षमता अभिवृद्धि, प्रभावकारी सञ्चार, विपद् न्यूनीकरण गर्ने खालका पूर्वाधार निर्माणमार्फत् विपद् व्यवस्थापन गर्न सकिन्छ । हामीले आकस्मिक मानवीय सहयोगको लागि हरदम तयारी अवस्थामा बस्नु पर्ने हुन्छ । यसरी प्रभावकारी व्यवस्थापनले जनधनको नोक्सानीलाई कम गर्न सकिन्छ ।

*(लेखक तिमिल्सेना नेपाल सदस्य हुनुहुन्छ र हाल काठमाडौँमा स्वतन्त्र विकास परामर्शदाताको रूपमा सक्रिय हुनुहुन्छ ।)*
*E-mail: binod.timilsena@gmail.com*

# स्थानीय सरकारले वातावरणमैत्री विकास कसरी व्यवस्थापन गर्ने ?



एकराज सिग्देल

> नेपालको संविधान २०७२ मा प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिको क्षतिपूर्ति पाउने हकसमेत स्थापित गरिएको छ र विकास र वातावरणबीच समुचित सन्तुलन कायम गर्न कानुनी व्यवस्था गर्न सकिने, अन्तरपुस्ता समन्यायको मान्यताअनुरूप स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूलन दीगो रुपमा उपयोग गर्ने कुरा संविधानमा उल्लेख छ ।

वातावरणमैत्री संरक्षणमा आधारित दिगो विकासको नमुना अगाडि बढाइएको खण्डमा त्यो टिकाउ हुनुका साथै किफायतीसमेत हुन्छ र वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० मा उल्लिखित विभिन्न सूचकको आधारमा वातावरणमैत्री घर, टोल, वार्ड र समग्र नगर तथा गाउँपालिका घोषणा गर्ने पद्धतिलाई अभियानको रुपमा अगाडि बढाउन सकिन्छ । यसो भएको खण्डमा यसले समृद्ध नगर र गाउँपालिकाको विकास व्यवस्थापन र जनताको समृद्धिको सपनालाई साकार बनाउन पनि सकिन्छ । स्थानीय सरकारले वातावरणमैत्री क्रियाकलापहरूको पहिचान गरी त्यसलाई वार्षिक तथा आवधिक विकास योजनामा मूलप्रवाहीकरण गरी कार्यान्वयन गरेको खण्डमा स्थानीय विकासका सवै प्रक्रिया दिगो हुनुका साथै गरिबमैत्री, महिलामैत्री, समुदायमैत्री पनि हुन सक्छन् ।

अत: त्यसका लागि अपनाउनुपर्ने केही व्यावहारिक उपायहरू यो छोटो लेखमा चर्चा गरिने छ।

## 'वातावरणमैत्री दिगो विकास' नै किन ?

वातावरण, विपद् र जलवायु परिवर्तनलाई पूर्वाधार विकासको अभिन्न अङ्गको रुपमा हेरेको खण्डमा हाम्रो विकास-निर्माणका संरचनाहरू थप मजबुत र किफायती हुनुका साथै लामो समय टिक्ने समेत हुन्छन् । साथै, जैविक विविधता र पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन र त्यसबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने परिपाटी बसालेको खण्डमा त्यसले अहिलेको मात्रै नभएर भावीपुस्ताको समेत समुन्नत भविष्यलाई सुनिश्चितता प्रदान गर्दछ । वातावरणमैत्री दिगो विकास नेपालको विकास योजनाका प्रमुख उद्देश्य हुनुका साथै संयुक्त राष्ट्र सङ्घको दिगो विकासको लक्ष्य (एसडीजी २०३०) समेत रहेको छ । नेपालले पनि आफ्नै 'एसडीजी २०३०' लक्ष्यहरू तय गरिसकेको छ । अहिले हामी तिनै लक्ष्यहरूमाथि काम गरिरहेका छौं ।

नेपालको संविधान २०७२ मा प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिको क्षतिपूर्ति पाउने हकसमेत स्थापित गरिएको छ र विकास र वातावरणवीच समुचित



Labor based road construction in Jogimara, Dhading

सन्तुलन कायम गर्न कानुनी व्यवस्था गर्न सकिने, अन्तरपुस्ता समन्यायको मान्यताअनुरूप स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूलन दीगो रुपमा उपयोग गर्ने कुरा संविधानमा उल्लेख छ । साथै, जलश्रोतको जनसहभागितामा आधारित बहुउपयोगी विकास, नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र उपयोग, औद्योगिक तथा भौतिक विकासबाट प्रकृति, वातावरण एवम् जैविक विविधता तथा पारिस्थिकीय प्रणालीमा पर्न सक्ने जोखिम वा नकारात्मक प्रभावलाई निर्मूल वा न्यूनीकरण गर्ने कुराहरूसमेत हाम्रो संविधानमा उल्लेख गरिएको छ ।

नेपालको संविधानले परिलक्षित गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धि सङ्घीय संरचनामार्फत् कार्यान्वयन गर्न सेवा प्रवाह, विकास तथा वातावरणसम्बन्धी कार्यहरू राज्यका तीनवटै तह (सङ्घ, प्रदेश तथा स्थानीय) तथा साझा अधिकारका सूचीमा समेत समावेश गरिएको छ ।

गरिबी निवारणको लागि नीति, योजना तथा कार्यक्रमको तहबाट विगत लामो समयदेखि सम्बोधन गर्ने विभिन्न प्रयासहरू हुँदाहुँदै पनि यसतर्फ अपेक्षित सफलता प्राप्त हुन सकिराखेको छैन । अतिचरिचरन, प्राकृतिक स्रोतको अत्यधिक दोहन, वातावरणमैत्री पूर्वाधार विकासको अभाव, अव्यवस्थित खेतीपाती तथा बसोबास आदिका कारण वन तथा पारिस्थिकीय प्रणालीमा आएको गुणात्मक क्षयीकरणले निम्त्याउने बाढी तथा पहिरोले गर्दा नेपालमा हरेक वर्ष उल्लेख्य जनधनको क्षति हुने गरेको छ, जसका कारण आगामी दिनमा विपद् र गरिबी झन् बढ्ने निश्चित छ । तसर्थ, गरिबी न्यूनीकरणको मुद्दालाई साँच्चै प्रभावकारी रूपमा सम्बोधन गर्ने हो भने त्यसको लागि वातावरणमैत्री, जलवायु उत्थानशीलता र विपद्-प्रतिरोधात्मक क्रियाकलापहरूलाई स्थानीय विकास योजनामा मूलप्रवाहीकरण गर्नुपर्दछ र एकीकृत रूपमा कार्यान्वयन गर्नु नितान्त आवश्यक छ ।

## राजनीतिक पार्टीहरूको वातावरणीय चासो र चिन्ता

नेपालका मूलधारका राजनीतिक पार्टीहरूले पनि वातावरणमैत्री विकासलाई जोड दिने गरेका छन् । यो राम्रो कुरा हो । नेकपा एमालेको स्थानीय तह निर्वाचन, २०७४ घोषणापत्रमा राजधानीलगायत सबै सहर र गाउँका पूर्वाधारहरू वातावरणमैत्री बनाउने, फोहोरमैलाको दिगो व्यवस्थापन, पार्क तथा बगैँचा निर्माण, वृक्षरोपण, हरियाली प्रवर्द्धन र सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ ।

त्यस्तै नेपाली कांग्रेसको स्थानीय तह निर्वाचन २०७४, घोषणापत्रमा जलवायु परिवर्तन प्रभाव न्यूनीकरण तथा अनुकूलन, प्रदूषण नियन्त्रण, वातावरणमैत्री पूर्वाधार निर्माणका क्रियाकलाप कार्यान्वयन गर्ने, स्थानीय सडकहरूको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिइने, डोजरजस्ता ठूला मेसिनको जथाभावी प्रयोगलाई नियन्त्रण र निरुत्साहित गरिने कुराहरू उल्लेख गरिएका छन् । नेकपा एमाले तथा नेपाली कांग्रेसले जस्तै अन्य प्रमुख पार्टीहरूले पनि आफ्ना घोषणापत्रहरूमा वातावरणीय चासो र चिन्ता देखाएको पाइन्छ । तर घोषणापत्रका कुरा लागू गर्न भने सबैजसो पार्टीहरू चुकेका छन् । अब स्थानीय सरकारबाट ती प्रतिबद्धता पूरा गर्ने प्रयास गर्नुपर्छ ।

## स्थानीय सरकारका राम्रा उदाहरण

स्थानीय निर्वाचनपश्चात् केही स्थानीय तहहरूले वातावरणमैत्री विकास कार्यान्वयनमा अग्रतासमेत देखाएका छन् । पोखरा लेखनाथ महानगरपालिकाको आ.व. २०७४/७५ को नीति तथा कार्यक्रममा अरु विषयहरूको अलावा यी २ पक्षमा विशेष जोड दिएको पाइयो :

१) नदी, खोला, ताल तथा जलाधार संरक्षण गरी सबै खाले प्रदूषण नियन्त्रणमार्फत् पर्यावरण सन्तुलन गर्ने र 'क्लिन सिटी', 'ग्रीन सिटी'को रूपमा महानगरलाई विकास गरिने छ,

२) वातावरणमैत्री दिगो विकासको लागि भूउपयोग गुरुयोजना तर्जुमा गरी आवास क्षेत्र, सार्वजनिक क्षेत्र एवम् हरियाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि तथा सुरक्षित क्षेत्रहरूको पहिचान गरी कार्यान्वयनमा ल्याइने छ ।

साथै यस महानगरपालिकाले वातावरण तथा विपद क्षेत्रतर्फ आ.व. २०७४/७५ का लागि १३ करोड ६५ लाख १० हजार रुपैयाँ विनियोजनसमेत गरेको छ । यो राम्रो उदाहरण हो । अब कार्यान्वयन पक्ष हेर्नु छ ।



तस्विर : लेखक

त्यसैगरी, तनहूँ शुक्लागण्डकी नगरपालिकाको बजेट नीति तथा कार्यक्रम अन्तर्गत २०७४/७५ को लागि ६० करोड १३ लाख रुपैयाँको बजेट सार्वजनिक गरिएको छ । जसमा वातावरण तथा विपद् व्यवस्थापनमा १ करोड रुपैयाँ छुट्ट्याइएको छ र तनहूँकै भिमाद नपाको २०७४/७५ को वार्षिक बजेट प्रस्तुतिमा २०७६/७७ भित्र वातावरणमैत्री नगरपालिका बनाउने लक्ष्य लिएको छ। यस्तै अर्को उदाहरण : नमोबुद्ध नगरपालिकाले आगामी ५ वर्षभित्र नगरपालिकाका सम्पूर्ण भागलाई वातावरणमैत्री घोषणा गर्ने लक्ष्य लिएको छ। केही उदाहरणमात्र यहाँ प्रस्तुत गरिएको हो । यी राम्रा कामको प्रशंसा गरौं । अब हामीले अरु  मनपा, उप मनपा, नपा तथा गापाहरूको पनि वातावरणमैत्री चासो र योजनाको अध्ययन गर्नुपर्छ र राम्रा उदाहरणहरू एक ठाउँबाट अर्को ठाउँमा 'सेयर' गर्नुपर्छ ।

## वातावरणमैत्री शासन पद्धतिको आवश्यकता

वातावरणलाई विकास प्रक्रियाको अभिन्न अङ्गको रूपमा सम्बोधन गर्नुपर्दछ भन्ने अभिप्रायबाट  नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वातावरणमैत्री स्थानीय साशन प्रारूप, २०७० जारी गरेको छ। सोही प्रारूपको अधिनमा रही विभिन्न क्रियाकलापहरू कार्यान्वयन गर्दै आएको पनि छ। यस प्रारूपले वातावरणमा परेका र पर्न सक्ने नकारात्मक असरहरूको न्यूनीकरण, विपद् व्यवस्थापन र प्रतिरोधनशीलता, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, धुलो-धुवाँ तथा ध्वनि प्रदूषण नियन्त्रण, जैविक विविधता संरक्षण तथा वातावरण संरक्षणका कार्यलाई आधारभूत तहदेखि नै सबैलाई जिम्मेवार बनाउन खोजेको छ ।

वातावरण, जनसङ्ख्या, गरिबी र विकासमा समन्वय तथा सहकार्यलाई प्रोत्साहित गरी वातावरणको दिगो व्यवस्थापनका लागि यी बहुपक्षीय आयामहरूलाई स्थानीयकरण गर्दै समुदायको स्वामित्व बढाउन विभिन्न क्षेत्रगत ऐन, नियम र नीतिमा छरिएर रहेका विषयहरूलाई सरल र मापनयोग्य सूचकसहित एकीकृत रुपमा हेर्नुपर्ने कुरामा यो प्रारूपले जोड दिएको छ। यस प्रारूपले स्थानीय तहको नेतृत्वदायी भूमिकामा विभिन्न आधारभूत तथा विकसित सूचकहरू हासिल गरी घरपरिवार, टोलबस्ती, वडा, गाउँ तथा नगर, जिल्ला, प्रदेश हुँदै देशलाई नै वातावरणमैत्री बनाउने लक्ष्य राखेको छ ।

## वातावरणमैत्री विकास प्रक्रियाका मूल कडीहरू

समग्रमा वातावरणमैत्री, जलवायु परिवर्तन उत्थानशील, विपद् प्रतिरोधात्मक क्रियाकलापहरूलाई मध्यनजर राख्दै स्थानीय सरकारले विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्नु अति आवश्यक छ। विकास योजना तर्जुमा गर्ने सिलसिलामा आवश्यक प्राकृतिक स्रोत नक्साहरू बनाउँदा आफ्नो नगर/गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेको जल, जमिन, जङ्गल, जैविक विविधता आदिको उपलब्धता आकलन गर्नुपर्दछ। साथै, जलवायु परिवर्तन सन्निकट क्षेत्रहरूको पहिचान, विपद संवेदनशील क्षेत्रको अवस्थिति तथा गरिबी र वातावरणबीचको अन्तरसम्बन्धका तथ्याङ्कहरू सङ्कलन गर्नुपर्दछ र विश्लेषण गर्नुपर्दछ ।

वातावरणमैत्री, विपद न्यूनीकरण हुने र जलवायु उत्थानशीलताका क्रियाकलापहरूलाई विशेष प्राथमिकताका साथ बार्षिक तथा आवधिक विकास योजनामा समावेस गर्नुपर्दछ । ती क्रियाकलापहरूको कार्यान्वयन सुनिश्चितताको लागि आवश्यक बजेटसमेत विनियोजन गर्नु पर्दछ र विकास क्रियाकलापहरूको सम्भाव्यता अध्ययन गर्दा वातावरणीय पक्ष, जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई समेत ध्यान दिनुपर्ने हुन्छ ।

स्थानीय विकास पूर्वाधारको डिजाइन तथा लागत अनुमानमा वातावरण, जलवायु उत्थानशील र विपद् न्यूनीकरणका विस्तृत क्रियाकलापहरू पहिचान गरी तिनीहरूको व्यवस्थापन योजना (Environment Management Plan) बनाउनु पर्दछ । र, यसरी तयार गरेको *वातावरणीय व्यवस्थापन योजना*को कार्यान्वयन सुनिश्चितताको लागि आवश्यक रकम पनि पूर्वाधार विकासको डिजाइन लागत अनुमानमै समेटेको हुनुपर्छ ।

अन्तमा, एउटा कुरा फेरि भनौं : वातावरण, विपद् र जलवायु परिवर्तनलाई पूर्वाधार विकासको अभिन्न अङ्गको रुपमा हेरेको खण्डमा हाम्रो विकास-निर्माणका संरचनाहरू थप मजबुत र किफायती हुनुका साथै लामो समय टिक्ने समेत हुन्छन्। टिकाउने खालको विकास गर्नु सबै स्थानीय तहको अहम् दायित्व हो ।

*(लेखक सिग्देल वातावरणमैत्री स्थानीय शासनविज्ञ हुनुहुन्छ ।)*
*E-mail: ekrajsigdel@hotmail.com*

# नेपानको २२ औं कार्यकारिणी

## १) उत्तम उप्रेती (अध्यक्ष)



नेपानका आजीवन सदस्य श्री उप्रेती यस संस्थाका वर्तमान अध्यक्ष हुनुहुन्छ। यो कार्यकालअघि दुईपटक नेपान कार्यसमिति सदस्य भई योगदान गर्नुभएका उप्रेतीले नेपानका विभिन्न उप-समितिहरूमा रही सक्रिय रूपमा योगदान पुऱ्याउँदै आउनुभएको छ। हाल स्वतन्त्र परामर्शदाताका रूपमा कार्यरत उहाँसँग २६ वर्ष नागरिक समाजका संस्थाहरूको क्षमता अभिवृद्धिसम्बन्धी अनुभव छ। यसै सन्दर्भमा नेपाललगायत दक्षिण र दक्षिण-पूर्व एसिया र अफ्रिकाका गैरसरकारी तथा सरकारी कर्मचारीहरूलाई परियोजना चक्र व्यवस्थापनका विविध चरणसँग सम्बन्धित तालिमहरू पनि उहाँले प्रदान गर्नुभएको छ। त्रि.वि.वि.बाट तथ्याङ्कशास्त्रमा एम.एस्सी. तथा समाजशास्त्र/मानवशास्त्रमा एम.ए. अध्ययन गर्नुभएका उप्रेती हाल काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा विद्यावारिधि गरिरहनु भएको छ।

## २) श्री ब्रह्मध्वज गुरुङ्ग (पदेन सदस्य, पूर्व अध्यक्ष)



नेपानमा सन् १९९६ देखि आवद्ध श्री गुरुङ्ग यस संस्थाको आजीवन सदस्य हुनहुन्छ। उहाँले विभिन्न समयमा नेपानको कार्यसमितिमा रही तीन कार्यकाल पूरा गरिसक्नुभएको छ र कार्यसमितिमा नरहँदा पनि नेपानका विभिन्न उप-समितिहरूमा रही यस संस्थामा योगदान पुऱ्याउँदै आउनुभएको थियो। हाल सुआहारा कार्यक्रम हेलेन केलर इन्टरनेसनलमा कार्यरत श्री गुरुङ्ग रूपान्तरण नेपाल, नेपाल स्वीस सामुदायिक वन परियोजना र पाखीबास कृषि केन्द्र, धनकुटामा कृषि अनुसन्धान तथा विकास, कृषि क्षेत्रको दिगो विकास, सामुदायिक वन, जलवायु परिवर्तन, सामाजिक परिचालन, सुशासन तथा संस्थागत विकास, जीविकोपार्जन सुधार, ग्रामीण विकास, योजना तर्जुमा तथा अनुगमन, परियोजना व्यवस्थापन आदि विषयमा ३० वर्षभन्दा बढीको अनुभव बटुल्नुभएको छ। कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुरबाट कृषिमा बी.एस्सी. गर्नुभएका श्री गुरुङ्ग सन् १९८७ मा युनिभर्सिटी अफ इष्ट एङ्गलिया, बेलायतबाट 'एग्रिकल्चरल रिसर्च एण्ड डेभ्लप्मेन्ट' मा एम.एस्सी.गर्नुभएको हो।

## ३) श्री तेजबहादुर सुनार (कोषाध्यक्ष)



नेपानका साधारण सदस्य तथा वर्तमान कोषाध्यक्ष श्री तेजबहादुर सुनार सन् २००७ देखि नै नेपानसँग आवद्ध रहँदै आउनुभएको छ। उहाँ हाल संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशीकरण विज्ञको रूपमा सेवारत हुनुहुन्छ। उहाँले समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ र उहाँसँग जाइका, लुथरन वर्ल्ड फेडरेसन, दलित गैरसरकारी संस्था महासङ्घ, स्पेस, उत्पीडित समुदाय उत्थान केन्द्रलगायतका निकायहरूमा झण्डै २० वर्ष काम गरिसकेको अनुभव छ। परियोजना व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण, स्थानीय शासन तथा सामुदायिक विकास, संस्थागत विकास तथा व्यवस्थापन, सशक्तिकरण तथा पैरवी, अध्ययन-अनुसन्धान तथा नीतिगत सुधार एवम् तालिमजस्ता क्षेत्रमा उहाँमा विशेष दक्षता छ।

## ४) डा. सञ्जु कोइराला (सदस्य)



गैरापाटन पोखरा, कास्कीमा स्थायी घर भएकी डा. कोइराला हाल काठमाडौंमा बस्दै आउनुभएको छ। डा. कोइरालाले युनिभर्सिटी अफ ओटेज न्युजिल्यान्डबाट मानव भूगोलमा विद्यावारिधि हासिल गर्नुभएको छ। उहाँले विद्यावारिधि प्राप्त गर्न 'Hydopower Induced Displacement in Nepal' विषयमा अनुसन्धान गर्नुभएको थियो। डा. कोइरालाले विगत १० वर्षदेखि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूमा आवद्ध भएर युवा सशक्तिकरण, गरिबी निवारण, प्राकृतिक प्रकोप व्यवस्थापनमा काम गर्नुभएको छ। हाल उहाँ सोसल साइन्समा अनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ।

## ५) श्री पद्मा शाक्य (सदस्य)



सन् २०१३ देखि नै नेपानको सदस्य हुनुभएकी शाक्यको स्थायी घर ओखलढुङ्गा हो। उहाँ विगत १५ वर्षदेखि तालिम संयोजकका रूपमा काठमाडौं तालिम केन्द्रमा सामाजिक परिचालन तालिम दिने काममा आवद्ध हुनुहुन्छ र समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। विशेषगरी नेपालका युवाहरूलाई सीपयुक्त तथा क्षमतावान बनाएर सामाजिक परिचालनको क्षेत्रमा योगदान पुऱ्याउने अभियानमा उहाँ सक्रिय हुनुहुन्छ।

## ६) श्री रणबहादुर रम्तेल (सदस्य)



श्री रम्तेल सन् २००९ देखि नेपानसँग आवद्ध हुनुहुन्छ। उहाँ हुम्ला जिल्लावासी हुनुहुन्छ र विकास, पत्रकारिता र अनुसन्धानलगायत दलित तथा मानवअधिकार र सामाजिक समावेशीकरणको क्षेत्रमा लामो समयदेखि संलग्न हुनुहुन्छ। त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्रमा स्नातकोत्तर गर्नुभएका रम्तेल दुई दशकभन्दा बढी समयदेखि दलित अधिकारका मुद्दामा सक्रिय हुनुहुन्छ। साथै उहाँ नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानको कोषाध्यक्ष र जनउत्थान प्रतिष्ठानको उपाध्यक्षको रूपमा पनि कार्यरत हुनुहुन्छ। 'जनउत्थान' मासिक पत्रिकाको प्रधान-सम्पादकसमेत रहनुभएका रम्तेलले राजनीतिमा पनि विशेष चासो राख्नुहुन्छ।

## ७) श्री केशवप्रसाद नेपाल (सदस्य)



श्री नेपाल सन् २००१ देखि नै नेपानसँग आवद्ध रहँदै आउनुभएको छ। उहाँले भारतको मुम्बैबाट बीएचएम/बीकम गर्नुभएको छ। उहाँ गै.स.स. जिल्ला शाखा काभ्रेमा एक कार्यकाल सदस्य रहनुभएको थियो। साथै, उहाँ विभिन्न गै.स.स. र सहकारीमा आवद्ध हुनुहुन्छ। उहाँले सहभागीमूलक अनुगमन तथा मूल्यांकन, अधिकारमा आधारित विकास, लैंगिक समता, मानव बेचबिखनविरुद्धको अभियान, प्रशिक्षक प्रशिक्षण, प्रस्तावना लेखन, पिएलए (दिल्ली), द्वन्द्व व्यवस्थापन, सहकारी व्यवस्थापन आदिजस्ता विभिन्न विषयमा तालिमहरू लिनुभएको छ।

## ८) डा. अनोज क्षेत्री (सदस्य)



डा. क्षेत्री विगत २५ वर्षदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसङ्स्थाहरू, सरकारी तथा शैक्षिक क्षेत्रमा संलग्न हुनुहुन्छ। उहाँले जीविकोपार्जन, खाद्य सुरक्षा र कृषि क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिद्वारा नतिजामुखी परियोजना चक्र व्यवस्थापन विषयमा विशेषज्ञता हासिल गर्नुभएको छ। नेपालबाट कृषि विषयमा स्नातक तह, बेलायतबाट कृषि सूचना व्यवस्थापन विषयमा स्नातकोत्तर तह पूरा गरी हालै ICT in Agri Management विषयमा विद्यावारिधि पूरा गर्नुभएको छ। उहाँको जीविकोपार्जन ढाँचा, समावेशी आर्थिक वृद्धि, विपद् व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अनुभवहरूलाई प्रभावशाली तथा अन्तर्दृष्टिपूर्ण ढंगले प्रस्तुत गर्नसक्ने क्षमता रहेको छ। क्षेत्रीले नेपाल, पाकिस्तान, भारत, बेलायत तथा थाइल्याण्डमा काम गर्नुका साथसाथै एसिया, युरोप, अस्ट्रेलिया तथा अफ्रिका महादेशका विभिन्न देशहरू भ्रमण गर्नुभएको छ।

# समितिको चिनारी

## ९) श्री चेतनाथ कणेल (सदस्य)



सन् १९९७ देखि नेपानको सदस्य रहनुभएका श्री कणेल (गुल्मी) सन् २००० देखि आजीवन सदस्य बन्नुभएको हो । सन् १९९९ डिसेम्बरदेखि सन् २००२ को अप्रिलसम्म करिब सवा दुई वर्ष उहाँले नेपानको सचिवालय संयोजक भएर पनि सेवा गर्नुभएको थियो । सदस्य भएदेखि नै उहाँले नेपानको प्रकाशन समितिमा अविच्छिन्नरूपमा र बेलाबेलामा कार्यकारिणी सदस्यको रूपमा पनि योगदान पुऱ्याउँदै आउनुभएको छ । सहभागीमूलक विकास पद्धति, गरिबमुखी ग्रामीण पर्यटन तथा सहभागीमैत्री तालिम व्यवस्थापनमा उहाँ विशेष चासो राख्नुहुन्छ र ती विषयमा अध्ययन, स्थलगत अभ्यास, लेखन तथा तालिम पनि प्रदान गरेको करिब ३० वर्षको अनुभव छ । स्रोत व्यवस्थापन विषयमा बेलायतको एडिनबरा विश्वविद्यालयबाट तथा जनप्रशासन विषयमा त्रि.वि.वि.बाट गरी दुई विषयमा स्नातकोत्तर गर्नुभएका श्री कणेलले सन् २०१४ देखि काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययन (विपन्नमैत्री पर्यटन) विषयमा पिएचडी गर्दै हुनुहुन्छ । विकास, शिक्षा र पर्यटनसम्बन्धी उहाँका सयौं लेख तथा केही पुस्तक पनि प्रकाशित छन् । नेपाल सरकार, ओडीए/डीएफआईडी (पाखीबास), यूएनडीपी, एक्सनएड नेपाल, एसियाली विकास बैंक आदिजस्ता विभिन्न संस्थामा लामो समय काम गर्नुका अतिरिक्त अन्तर्राष्ट्रिय परामर्शदाताको रूपमा भियतनाम सरकारका लागि पनि उहाँले विशेषज्ञ सेवा प्रदान गर्नुभएको छ । सहभागिताका प्रधान-सम्पादकसमेत रहनुभएका श्री कणेलले नेपाली तथा अङ्ग्रेजी दस्तावेज सम्पादन गर्ने विशेष दखल राख्नुहुन्छ ।

## १०) श्री शान्तालक्ष्मी श्रेष्ठ (सदस्य)



श्री श्रेष्ठ नेपानका एक संस्थापक एवम् आजीवन सदस्य हुनुहुन्छ । उहाँले काम गर्नुभएका नेपालका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू (Redd Barna –Nepal, Lutheran World Federation , Britain Nepal Medical Trust, World Education, LWW -Eritrea, DCA -Tanzania & Zambia ) को निर्णायक पदहरूमा कार्यरत रही सन् १९९० देखि नै सहभागीमूलक पद्धतिको अभ्यास गर्दै, वकालत गर्दै र तालिम दिँदै आउनुभएको छ । नेपालबाहिर पनि अफ्रिका महादेशको इरिटेरिया, तान्जानिया र जाम्बियामा सात वर्ष अन्तर्राष्ट्रिय पदमा कार्यरत रहनुभएको थियो । यसबाहेक उगाण्डा, इथियोपिया, मालावी, इन्डोनेसिया आदि देशहरूमा परामर्शदाताको रूपमा पनि सेवा गरिसक्नुभएको छ । उहाँ बियोण्ड बेजिङ्ग कमिटी नामक राष्ट्रिय सञ्जालको सन् २०१४ देखि अध्यक्षसमेत हुनुहुन्छ । हाल उहाँ नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका लागि गठित विज्ञसमूहको सदस्य हुनुहुन्छ । साथै, नेपालमा युएन विमन लाई सल्लाह दिन गठित नागरिक समाज परामर्श समिति (CSAG) को सदस्य पनि हुनुहुन्छ । नेपालमा दिगो विकासको लक्ष्यहरू लैङ्गिक उत्तरदायित्वका साथ कार्यान्वयनमा सघाउन स्थापित Women Major Group for Sustainable Development in Nepal (WMG-SDN) को कन्भेनर अभियन्ता हुनुहुन्छ । उहाँले UN Commission on Status of Women का थुप्रै बैठकहरूमा र High Level Political Forum -2016 and 2017 मा भाग लिँदै आउनुभएको छ ।

## ११) श्री अनिरुद्धनाथ शुक्ल (सदस्य)



सन १९९६ देखि नेपानको सदस्य रहनुभएका श्री शुक्ल (कपिलवस्तु) सन् २००० देखि नेपानको आजीवन सदस्य हुनुहुन्छ । हाल उहाँ दोस्रोपटक नेपानको कार्य समिति सदस्य हुनुहुन्छ । उहाँले बी.एस्सी. कृषि भारतबाट तथा समाजशास्त्रमा त्रि.वि.वि बाट स्नातकोत्तर गर्नुभएको छ । उहाँले मौरीपालन विषयमा International Course on Bee-keeping and Extension- Israel बाट गर्नुभएको छ । वि.स. २०४० सालमा सरकारी सेवामा प्रवेश गरी कृषि विभागअर्न्तगत व्यावसायिक कीटविज्ञान आयोजना खोपासीमा सहायक व्यावसायिक कीटविज्ञ (तृतीय श्रेणी अधिकृत) भई सेवा सुरु गरी क्रमश: मौरीपालन तालिम तथा प्रसार सेवा आयोजना SNV-Nepal द्वारा सञ्चालित परियोजनामा सहायक मौरीविज्ञ रही काम गरिसक्नुभएका श्री शुक्लसँग इसिमोड मौरीपालन प्रोजेक्टमा मौरी विशेषज्ञ/मौरी प्रसारकर्ता भई १५ वर्ष काम गर्नुभएको अनुभव छ । इसिमोडपछि बहुराष्ट्रिय कम्पनी डाबरको समेत उहाँमा अनुभव छ । हाल उहाँ मौरीपालन विषयका स्वतन्त्र परामर्शदाता हुनुहुन्छ । भुटान, बंगलादेश, भारत, अफगानिस्तान, पाकिस्तान आदि देशहरूमा प्रमुख मौरी प्रशिक्षक भई उहाँले विभिन्न प्रशिक्षणहरू प्रदान गर्नुभएको छ । मौरीपालन क्षेत्रमा उहाँसँग ३४ वर्षको अनुभव छ । लुम्बिनी एपिकल्चर सेन्टरका सञ्चालक एवम् कार्यक्रम निर्देशक श्री शुक्ल नेपालका एक वरिष्ठ मौरी विशेषज्ञ हुनुहुन्छ र उहाँका अनुसन्धानसम्बन्धी विभिन्न लेख, रचना तथा पुस्तकहरू प्रकाशित छन् ।

## १२) श्री मीनाक्षी दाहाल (सदस्य)



प्रारम्भिक बाल विकास र शिक्षा क्षेत्रमा विगत १७ वर्षदेखि कार्यरत नेपानकी आजीवन सदस्य श्री मीनाक्षी दाहालले त्रिभुवन विश्वविद्यालयबाट प्राणीशास्त्रमा स्नातकोत्तर र काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशनबाट विकास अध्ययनमा एमफिल गर्नुभएको छ । उहाँ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूमा परामर्शदाता तथा अनुसन्धान कार्यमा पनि सक्रिय हुनुहुन्छ र यसअघि पनि नेपानमा कार्यकारी सदस्यका रूपमा काम गरिसक्नु भएको छ । हाल काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशनबाट विकास अध्ययनमा विद्यावारिधि गर्दै हुनुहुन्छ । उहाँका अनुसन्धानसम्बन्धी विभिन्न लेख-रचनाहरू पुस्तक, जर्नल तथा पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उहाँ प्रारम्भिक बाल विकासकी ज्ञाता हुनुहुन्छ र संयुक्त राज्य अमेरिकास्थित संस्था Association for Childhood Education International (ACEI) मार्फत् बाल अधिकारको Advocacy दूत (Ambassador) का रूपमा पनि कार्यरत हुनुहुन्छ ।

## १३) श्री गोविन्दराज पौड्याल (सदस्य) (२०७२ भदौदेखि २०७३ पुससम्म)



रामपुर कृषि क्याम्पसबाट कृषिमा स्नातक गरी फिलिपिन्सको युनिभर्सिटी अफ लसब्यानसबाट २००१ मा कृषिशिक्षा विषयमा स्नातकोत्तर गर्नुभएका श्री पौड्याल नेपानका आजीवन सदस्य हुनुहुन्छ र यसअघि पनि नेपानमा कार्यकारी सदस्यका रूपमा काम गरिसक्नु भएको थियो । १० वर्षभन्दा बढी प्राविधिक शिक्षा तथा तालिम परिषद्/टीआईटीआईमा वरिष्ठ प्रशिक्षक र करिब १२ वर्ष वर्ल्ड भिजन इन्टरनेसनलमा क्षमता विकास प्रबन्धकको रुपमा काम गरिसक्नुभएका पौड्याललले हाल काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा एमफिल गरिरहनुभएको छ । २०७३ पुसदेखि नेपान कार्यसमितिबाट राजिनामा दिई उहाँ नेपान सचिवालयमा यूएसआईडी र एफएचआई ३६० डिग्री संस्थासँगको संयुक्त साझेदारीमा सञ्चालित नागरिक समाज पारस्परिक जवाफदेहिता परियोजनामा संयोजकको रुपमा सेवारत हुनुहुन्छ ।

## १४) श्री फटिक थापा (पदेन सचिव), कार्यकारी निर्देशक



सन् २००१ देखि नेपानसँग आवद्ध हुनुभएका श्री थापा (गुल्मी) जुलाई २३, २००८ देखि नेपान सचिवालयमा संयोजक/कार्यकारी निर्देशकको पद सम्हाल्दै आउनुभएको छ । पूर्वाञ्चल विश्वविद्यालयबाट 'रिजनल डेभ्लपमेन्ट प्लानिङ एन्ड डेभ्लपमेन्ट' विषयमा स्नातकोत्तर गर्नुभएका श्री थापाले गुल्मी जिल्लाबाट सन् १९९९ मा नेपालको प्रतिनिधिसभामा सांसदको रुपमा प्रतिनिधित्वसमेत गर्नुभएको थियो । सामाजिक विज्ञानको क्षेत्रमा विशेष रुचि राख्ने श्री थापाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी तथा सम्मेलनमा भाग लिनुभएको छ । उहाँले संयुक्त राज्य अमेरिका, स्वीडेन, बेलायत, फान्स, जर्मनी, बेल्जियम, नेदरल्याण्डस्, कम्बोडिया, फिलिपिन्स, भारत, चीनलगायतका थुप्रै देशहरूको भ्रमणसमेत गर्नुभएको छ । उहाँका लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

अध्ययन–भ्रमण

# हाम्रो दृष्टिमा सिक्किम : स्थानीय सरकार र विकासको अब्बलता



एविन्द्रप्रसाद न्यौपाने

> भौगोलिक क्षेत्रफलको हिसाबले सिक्किम राज्य नेपालभन्दा २१ गुना सानो र जनसङ्ख्याको दृष्टिले ४२ गुना सानो भइकन पनि अत्यधिक नेपाली मूलका मानिस बसेको क्षेत्रमा नेपाली मूलका मुख्यमन्त्रीको नेतृत्वमा भएका राम्रा पक्षहरूबाट हामीले सिक्नुपर्ने धेरै कुराहरू पाइयो ।

करिब साढे ६ लाख जनसङ्ख्या भएको, सात हजार एक सय वर्गकिलोमिटर क्षेत्रफल ओगटेको भारतीय पहाडी भूभाग सिक्किममा भएको व्यवस्थित विकास प्रणालीको बारेमा केही लेख्न मन लाग्यो । त्यहाँको बारेमा असाध्यै धेरै सुनिएको थियो । जाने मौका मिलेको थिएन । सिक्किम भारतमा विलय हुनुभन्दा अगाडिको र पछिको परिवर्तनका बारेमा जान्ने जिज्ञासा बल्ल यसपटक (२०१७ मा) मेट्ने मौका पाइयो ।

अध्ययन र अवलोकनका लागि सिक्किमको अलि लामो भ्रमण जाने निर्णय गरिएता पनि केही प्राविधिक कारणले थोरै समयको भ्रमण भएकोले शैक्षिक भ्रमण नभई त्यो 'पर्यटकीय भ्रमण' हुन गयो । हाम्रो टोली ७ जनाको थियो (हे. बक्स) । तर पनि चासो भएपछि पर्यटकले पनि अध्ययन गर्न र लेख्न सक्छ भन्ने यसपटक महसुस भयो ।

### देखेको रौनक

हामीले सिक्किम बजारदेखि तलको ताम्चेको चार धाम, Tsomgo Lake, Denzong Cinema Road of Gangtok, Botanical Garden, Museum, Hindu Temples, Bauddha Bihars, Tea Gardens र अन्य रमणीय स्थलहरूको अवलोकन गरियो । थोरै समयमा गरिएको अवलोकन र सीमित व्यक्तिहरूबाट प्राप्त जानकारीको आधारमा थोरै कुरामात्र सिकिएकाले सो सिकाइले दिमागमा जस्तो प्रभाव पाऱ्यो सोको आधारमा यो लेख तयार पारिएको छ । स्थानीय विकास र शासन सम्बन्धमा मनमा लागेका अनुभूति पोख्नु मेरो खास उद्धेश्य हो । धेरै 'रिफरेन्स' हेरेर समीक्षामूलक 'डकुमेन्ट' बनाउने चाहना हाम्रो होइन । यो लिखत अब साधारण प्रतिवेदनमात्र पनि रहेन । हामी टोलीमा भ्रमण गरेकोले र भ्रमणको अन्त्यमा दार्जिलिङमा सामूहिक समीक्षासमेत गरी केही बुँदा निकालिएकोले यो लेखमा मेरो नाम भए पनि मेरा साथीहरुका भावना पनि समेटिएका छन् । म सबै साथीहरूप्रति आभारी छु । यो काममा अझ 'सहभागिता'का प्रधान–सम्पादक तथा लेखक चेतनाथ कणेलले घच्घच्याएपछि र बारम्बारको अभ्यासपछि लेखको यो रूप पाएको हो । म कृतज्ञ छु । सिक्किमको स्थानीय विकास तथा व्यवस्थापनले पाठकवर्गमा पनि केही प्रभाव पार्न सक्यो भने हामीले आफूलाई धन्य सम्झने छौं ।

**भ्रमण टोलीका सदस्यहरू**
(सिन्धुपाल्चोक, नेपाल)

१. लालप्रसाद न्यौपाने, पूर्व शिक्षक
२. किशोर नेपाल, व्यवसायी/समाजसेवी
३. रामचन्द्र तिमल्सिना, शिक्षक एवं सामाजिक संस्थाका अध्यक्ष
४. केशव नेपाल, शिक्षक एवं सामाजिक संस्थाका सचिव
५. चकबहादुर बस्नेत, पूर्व शिक्षक एवं सहकारी संस्थाका अध्यक्ष
६. नवराज सुवेदी, सामाजिक संस्थाका संयोजक एवं सहकारी संस्थाका अध्यक्ष
७. एविन्द्रप्रसाद न्यौपाने, (लेखक), सामाजिक संस्थाको संस्थापक एवं पूर्वनिर्देशक।

## अति भिरालो जमिन भएर पनि सडक व्यवस्थापन र हरियालीको कारणले भूक्षय न्यूनीकरण

भिरालो जमिन भएकोले त्यहाँबाट भूक्षय नहोस् भन्नको लागि सडक निर्माण गर्दा सम्भव भएसम्म कम करालो (Slope minimize) गरेको पाइयो। कतै कतै धेरै भिरालो सडक भएको ठाँउहरूमा कच्ची सडक नभएर कालोपत्रे गरेका छन्। यदि कतै कच्ची सडक छन् भने भिरालो नभएको क्षेत्रमा मात्र पाइयो।

भूक्षय न्यूनीकरणको लागि त्यहाँका जनता र सरकार कति संवेदनशील रहेछन् भन्ने कुरा यी दृश्यले स्पष्ट पार्दछ। हाम्रो देश नेपालको तुलनामा अझै पहाडी तथा भिरालो जमिन भएता पनि नाङ्गा जमिन प्रायः नभएको कारणले होला भूक्षय या पहिरो नेपालमा जस्तो देखिएन। खेतीयोग्य जमिनमात्र नभएर वनको दृश्यसमेत फरक पाइयो। भारतको क्षेत्र जतिमा घना जङ्गल पाइन्छ, नेपालको वन उराठलाग्दो पाइन्छ। उदेक लाग्छ।

## सवारी व्यवस्थापन

भिरालो र घुम्ती सडकहरू प्रशस्त हुनको साथै सडकहरू साँघुरा भएर पनि कतै पनि गाडी दुर्घटना भएको, चालकहरूबीच झगडा भएको सुन्न या देख्न पाइएन। साँघुरो सडकमा गाडीको चाप धेरै भएर पनि विहान कार्यालय या विद्यालय लाग्ने समय र बेलुका छुट्ने समयबाहेक सडकमा गाडी जाम भएको पनि पाइएन।

गाडी चालकले यात्रुलाइ बढी भाडा लिएको या अपशब्द गरेमा स्वतः कार्वाही हुन्छ भन्ने कुरा सुनियो। व्यस्त सडकमात्र नभएर ग्रामीण क्षेत्र या पातलो बस्ती भएको क्षेत्रमा पनि मानिस या पशुले बाटो काटेको या कसैबाट सवारी साधनमा अवरोध पुऱ्याएको देख्न पाइएन। दिनको समयमा त सडक सुनसानै थियो। बेलुका कार्यालय या विद्यालय छुटेपछिको समयमा मात्र सडकमा मानिसको चहलपहल पाइयो। जुन बजारमा जति बेला ग्राहकहरूको भीड हुन्थ्यो त्यो समयमा त्यस ठाँउमा गाडी चलाएको पाइएन। सहरको मध्यभागमा निश्चित क्षेत्रमा गाडी पार्किङ्ग गरिएको पाइयो भने पातलो बस्ती भएका ठाँउहरूमा सडकको छेउमा गाडीहरू त्यतिकै राखेको पाइयो।

नेपालमा पनि गाडीवालाहरूले यात्रुलाई के कस्तो सेवा सुविधा दिनुपर्ने, यदि आवश्यक सेवा सुविधा नभएर अनावश्यक दुःख दिएमा कहाँ उजुरी गर्ने, उजुरी उपर कार्वाही के हुने भन्ने सम्बन्धमा व्यवस्था भएमा यस्तो अवस्थामा अवश्यक हुने थिएन। के यहाँ पनि सिक्किमको जस्तै मर्यादित बोली व्यवहार हुन सम्भव छैन ?

## खाद्यान्न तथा तरकारी फलफुलमा विषादीरहित तथा प्राङ्गारिक

सिक्किमलाई प्राङ्गारिक राज्य अर्थात् Organic State घोषणा गरिएको कुरा सुने पनि छोटो भ्रमण हुनाले प्राङ्गारिक खेतीको बारेमा अध्ययन गर्ने अवसर पाइएन। केही मानिसलाई सोधेको आधारमा जानकारी भएअनुसार त्यहाँ खाद्यबाली तथा तरकारीमा विषादी प्रयोग गर्न सरकारले रोक लगाएको कुराले कत्तीमा विषादीरहित खाद्यपदार्थ हुन्छ भन्ने कुराको जानकारी भयो।

विषादीले स्वास्थ्यमा हानि गरेको कुरा नेपालमा व्यापक भएर पनि किन यसको नियन्त्रण गरिँदैन? केन्द्रीय सरकारको तर्फबाट प्रयास नभएपनि अब स्थानीय सरकार, गै.स.स.र सहकारी संस्थाहरूको पहलबाट पनि आफ्नो क्षेत्रमा नमुना देखाउनु आवश्यक देखिन्छ। अब प्रयास गरौं।

## स्वदेशी पर्यटक र नेपाली भाषा प्रयोग

नेपालमा नेपाली नै नेपाली स्रोता भएमा पनि केही प्रस्तुत गर्दा अंग्रेजीमा ठस-ठस कनेर बोल्ने गरेको पाइन्छ भने सिक्किम भारतको प्रान्त र दार्जिलिङ्ग पश्चिम बङ्गालको जिल्ला भएर पनि हामीसँग सबैले हिन्दी या अंग्रेजी नमिसाइकन नेपालीमा बोलेको पाइयो। उनीहरू नेपाली बोलेको निकै मिठो लाग्यो।

नेपालमा कतै कतै भानुभक्तको आधा शरीरमात्रको प्रतिमा देखेका



थियौं भने दार्जिलिङ्गमा पूरा शरीर उभिएको देख्न पाउँदा त्यहाँका बासिन्दामा नेपाली भाषाप्रति गौरव रहेछ भन्ने लाग्यो । सायद भारतको संविधानले नेपाली भाषालाई राष्ट्रिय भाषाको सूचीमा राखेकोले होकि जस्तो पनि लागेको छ ।

### मन्दिरको सरसफाइ एवम् पर्यटकीय आकर्षण

ताम्चेको चारधामलगायत अन्य मन्दिरहरू र बुद्ध विहारमा प्रवेश गर्दा छुट्टै किसिमको आनन्द या शान्तिको अनुभव प्राप्त भयो । जुत्ता फुकालेर मोजामात्र लगाएर पूरा मन्दिर परिसर घुम्दा पनि मोजामा त्यतिको फोहोर नहुनाले जुत्ता लगाउन सहज थियो । मूर्तिहरू कलात्मक पाइए । नेपालमात्र नभएर भारतका मन्दिरभन्दा उत्तम मन्दिरको रुपमा कहलाएको पशुपतिनाथको मन्दिरमा त्यतिको सफा वातावरण पाउन सकिँदैनथ्यो । केही वर्ष पहिला त मन्दिर क्षेत्रमा दिसापिसाब गर्ने गरेको पनि पाइन्थ्यो । नेपालमा ८१% भन्दा बढी हिन्दू भएको देशमा भएका मन्दिरको तुलनामा सिक्किममा शिवजीको आकर्षक मूर्ति देख्न पाइयो ।

हिन्दू सभ्यता संसारको सबैभन्दा पुरानो सभ्यता हो र संस्कृत भाषा संसारको सबैभन्दा पुरानो र थोरै शब्दमा धेरै अवधारण प्रस्तुत गरिने भाषा भएर पनि हाम्रो समाजमा संस्कृत भाषालाई मृतभाषाको रुपमा लिँदै त्यसलाई पनि विद्यालयको पाठयपुस्तकबाट हटाइएको छ । हिन्दू ग्रन्थ र संस्कारभित्र धेरै कुरा लुकेको छ, जसको खोजी र उजागर गर्न सकेमा समाज, देश र पर्यावरणको लागि फाइदा हुन्छ । हिन्दू नै हिन्दूको बाहुल्य भएको देश नेपालको तुलनामा भारतका विभिन्न स्थानमा हिन्दू देवताको आकर्षण हुनु पनि हाम्रो लागि सिक्नलायक विषय हो । यसमा सुधार गर्न हामीलाई केले छेकेको छ ?

### जिम्मेवारी पूरा गरेका र समय व्यवस्थापनका केही उदाहरणहरू

सबै ठाँउमा सबै गाडीहरू प्रवेश गर्न नपाउनको कारणले निश्चित क्षेत्रमा ठूला गाडी पुऱ्याएर त्यहाँबाट भित्र जानको लागि साना गाडीमा जानुपर्ने प्रावधान भएकोले यात्रीहरूलाई कुन ठाँउमा लिन आउनु भनेको हो सो ठाँउमा तोकेको समयमा गाडी पुगेको पाइयो । हामीलाई गाडीको प्रतीक्षा गर्नको लागि एक मिनेट पनि कुर्नु परेन । नत गाडी पुग्न चाँडो या ढिला भएको प्रतिक्रिया सुन्न पाइयो । समय अति राम्रो पालन गरेको पाइयो । समय पालन गर्नको लागि युरोप या अमेरिकाजस्तो विकसित र सम्पन्न हुनै पर्दो रहेनछ भन्ने पाठ पनि सिकियो ।

ठिक समयमा ठिक काम गर्नको लागि नेपालीबाट पनि सम्भव हुँदोरहेछ भन्ने कुरा त्यहाँबाट पुष्टि भयो । तर नेपालमै रहेका नेपालीहरूमा यो संस्कार आउने कहिले ? के समयपालन गर्ने परिपाटीको विकास गर्नको लागि अंग्रेजले नै शासन गर्नुपर्ने हो ?

### सार्वजनिक क्षेत्रमा धुम्रपान, मद्यपान निषेध

सिक्किमदेखि पशुपतिनगर (नेपालको सिमाना) सम्म गाडीमा ल्याउने गाडी-चालकले भनेअनुसार कसैले मदिरा बेच्दछ भने वर्षको ५० हजार भारु कर तिरेर सडकबाट ५०० मिटरभन्दा टाढा मात्र बेच्न पाउँदछ भन्ने सुनियो । सहरी क्षेत्र, सडक तथा सार्वजनिक क्षेत्रमा स्वस्थ्यजन्य पेयपदार्थको साथै सुर्तीजन्य वस्तुको किनबेच र धुम्रपान निषेध गरेको कुरा सुन्न पाइयो । सवारी चालकहरू या यात्राको क्रममा यात्रीले धुम्रपान या मद्यपान नगर्ने मात्र होइन कि गाडीबाट ओर्लेर पनि सहरमा धुम्रपान वा मद्यपान गर्न नपाइँदो रहेछ । सवारी चालकहरू अनुशासित हुनुको साथै प्रहरीले कतै पनि मादक पदार्थ सेवन (मापसे) गरेको छ कि भनेर जाँच गरेको, सवारी चालकको अनुमतिपत्र खोसेको देख्न पाइएन ।

### प्राकृतिक स्रोत-साधनको सदुपयोग

जुन क्षेत्रमा जे सम्भव छ त्यसको सदुपयोग गरी पर्यटकलाई आकर्षित र सम्मान गरी पर्यटकहरूबाट आम्दानी लिन सफल भएको पाइयो; जस्तैः बगैंचा, झरना, मन्दिर या गुम्बा, विभिन्न पोशाकमा याक र नाकको प्रदर्शन, हिमाली क्षेत्रमा ताल, चिया खेती इत्यादि । अन्नबाली लगाउन असजिलो हुने क्षेत्रहरूमा चिया लगाउनको साथै धेरै भिरालो ठाउँमा पनि रमणीय संरचना बनाएको पाइयो । भीरमा पनि अग्लो गारो लगाएर त्यसमाथि रमणीय भौतिक संरचना तयार पारेको पाइयो । प्राकृतिक

स्रोत-साधनलाई सदुपयोग गर्ने प्रयास गरेमा पर्यटक भित्र्याएर आम्दानी बढाउने सम्भावना धेरै हुँदोरहेछ भन्ने कुरा पनि सिक्किम र दार्जिलिङ्गको उदाहरणबाट सिकियो ।

### विधिको शासन एवं आफ्नो देशको व्यवस्थाप्रति प्रतिक्रिया

बजारमा या यातायातमा ठगेको, अपमान गरेको पाइएन । खाना सफा र स्वस्थ पाइयो । बासी खाना भएर कसैलाई बिसन्च भएमा खाना दिनेलाई सरकारले कार्वाही गर्ने व्यवस्था भएको कुरा सुन्न पाइयो । पसलमा जाँदा पसलेहरूले गरेको बोली व्यवहारको साथै होटेल व्यवस्थापक र सवारी चालकहरूले सिष्ट एवं मर्यादापूर्ण किसिमले बोल्ने गरेको पाइयो ।

सामान्य मानिसलाई पनि देश र शासन व्यवस्थाप्रति गौरवको अनुभूति गर्नको साथै सकारात्मक प्रतिक्रिया पाइयो । त्यहाँको शासन या प्रशासनप्रति कसैले नकारात्मक प्रतिक्रिया व्यक्त गरेको सुन्न पाइएन । यसलाई पनि त्यहाँका नागरिकमा अनुशासनको भावना भएको कुरा महसुस भयो । छुट्टाछुट्टै अवस्थामा छुट्टाछुट्टै व्यक्तिहरूलाई सिक्किममा राजाको शासन हुँदा र भारतमा विलय भएपछि के अन्तर छ भनेर सोधिएका प्रश्नको जवाफमा भोटे राजा हुँदाको अवस्थामा हामी नेपालीहरूलाई कमाराको व्यवहार गरिएको थियो, अहिले व्यक्तिको शासन नभएर विधिको शासन छ र नागरिकको अधिकार पाएका छौं भन्ने एकै किसिमको उत्तर पाइयो ।

### निष्कर्ष

थोरै समयको यात्रामा थोरै मानिसको मुखबाट थोरै कुराहरू सुनेको आधारमा जे-जति कुरा थाहा पाइयो त्यति कुरा प्रस्तुत गर्दा कुनै विषयमा अपूरो जानकारीको कारणले केही कुरा अपष्ट भएमा या केही कुरा फरक परेमा क्षमायाचना गर्दछौं । तर जति देख्न या अवलोकन गर्न पाइयो त्यो वास्तविक भएकोले सोको आधारमा केही सिकाइको साथै नेपालको सन्दर्भमा वहसको रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

युरोप, अमेरिका, अष्ट्रेलिया, एसियाकै जापान, चीन, हङ्कङ्ग, दक्षिण कोरिया, सिंगापुर, फिलिपिन्स, इजरायल आदि देशहरूको तुलना गर्ने हो भने ती देशहरूको अर्थसामाजिक अवस्था र भौतिक पूर्वाधार फरक भएकोले त्यहाँबाट सिकेका पाठहरू नेपालको सन्दर्भमा फरक पर्नाले कार्यान्वयन गर्न सकिंदैन भनेर पन्छाउन सम्भव होला । तर भौगोलिक क्षेत्रफलको हिसाबले सिक्किम राज्य नेपालभन्दा २१ गुना सानो र जनसङ्ख्याको दृष्टिले ४२ गुना सानो भइकन पनि अत्यधिक नेपाली मूलका मानिस वसेको क्षेत्रमा नेपाली मूलका मुख्यमन्त्रीको नेतृत्वमा भएका राम्रा पक्षहरूबाट हामीले सिक्नुपर्ने धेरै कुराहरू पाइयो ।

देशमा कति झिलिमिली छ, कुन स्तरको विज्ञान र प्रविधि छ भन्नेभन्दा विकट भौगोलिक क्षेत्रका निम्नस्तरको अर्थसामाजिक अवस्थाबाट गुज्रेको समाजमा पनि व्यवस्थित र विधिको शासन रहेछ भन्ने कुरा महत्वपूर्ण भएकोले ती कुरा हाम्रो लागि उपयोगी होला भन्ने अपेक्षा छ । धन्यवाद !

*(लेखक न्यौपाने विकास अभियन्ता हुनुहुन्छ र नेपानका आजीवन सदस्य हुनुहुन्छ । साथै उहाँले विकास तथा व्यवस्थापन विषयमा करिब आधा दर्जन पुस्तक लेख्नुभएको छ ।)*
E-mail: ebindraneupane@gmail.com

**सहभागिताको आउँदो अङ्क अर्थात् पूर्णाङ्क ५२**
**'युवा सहभागिता विशेषाङ्क'**
**को रूपमा प्रकाशन हुने भएकोले यसका लागि लेखरचना उपलब्ध गराइदिनुहुन सम्पूर्ण लेखक महानुभावहरूमा नेपान सचिवालय हार्दिक अनुरोध गर्दछ ।**
**लेखरचना आइपुग्नुपर्ने अन्तिम मिति : २०७४ फागुन मसान्त ।**

अन्तर्वार्ता

# 'स्थानीय विकास निर्माणले अब गति लिने अवस्था बनेको छ'



**बालानन्द पौडेल**
**पूर्व अध्यक्ष, स्थानीय तह सीमा तथा सङ्ख्या निर्धारण आयोग**

***नेपान : स्थानीय तहको सङ्ख्या र सीमा निर्धारण आयोगको पूर्व अध्यक्षको नाताले, स्थानीय तहको सङ्ख्या र सीमा निर्धारण गर्न अपनाइएका विधि र प्रक्रिया के के थिए ?***

**बालानन्द पौडेल :** प्रथमतः स्थानीय तहको सङ्ख्या र सीमा निर्धारण आयोग संविधानमै व्यवस्था भएको एक संवैधानिक आयोग थियो । यसले मूलतः दुईवटा काम गर्नुपर्थ्यो । पहिलो, गाउँपालिका र नगरपालिकाहरूको सीमा र सङ्ख्या निर्धारण गर्ने । दोस्रो, तिनैभित्र पनि विशेष संरक्षित तथा स्वायत्त क्षेत्रको सङ्ख्या र सिमाना निर्धारण गर्नुपर्ने थियो । यो काम गाउँपालिका र नगरपालिकाको सीमाभित्रै रहेर निर्धारण गर्नुपर्ने थियो । यो सबै काम गर्नलाई नेपाल सरकारले दिएको मापदण्डभित्र बसेर थप परिभाषित गर्‍यौं । त्यसको 'बेञ्चमार्क' तयार गरियो । त्यसबाट कार्यप्रक्रिया र कार्यविधि तयार पार्ने काम भयो ।

यो काम गर्दैगर्दा गाउँपालिका र नगरपालिकाको सङ्ख्या र सीमा निर्धारण गर्ने हिसाबले वास्तवमा सङ्ख्या निर्धारण आफैँले गर्नुपर्ने थियो । त्यसका आधारहरू के हुनसक्छन् भनेर तयार पार्नेबारेमा विभिन्न कोणबाट विश्लेषण गरेका थियौं । त्यसका लागि सर्वप्रथम हामीले बनाउन गएको गाउँपालिका र नगरपालिकाको सम्बन्धमा संविधानले गरेको व्यवस्था के के छ भन्ने बारेमा हेर्‍यौं । स्थानीय तहको भूमिका के हो, के के जिम्मा दिइएको छ, यसले गर्नुपर्ने काम र यसले जनतालाई दिने सेवाका बारेमा संविधानले के व्यवस्था गरेको छ भनेर पनि अध्ययन गर्ने काम गर्‍यौं । त्यसपछि संसदमा रहेका राजनीतिक दलहरू, विभिन्न विषयगत विशेषज्ञहरू र यसमा काम गरिरहेका विभिन्न व्यक्तिहरूसँग व्यापक छलफल गर्‍यौं । त्यसका आधारमा पहिलो कुरा त कामको आधारमा संरचना परिभाषित हुनुपर्छ भन्ने निचोडमा पुग्यौं । काममा समष्टिकरण (कन्सोलिडेसन) भएको देखियो । कामको समष्टिकरणले संरचनाको समष्टिकरण माग गरेको देखियो । यसबाट काम सम्पादन गर्न सजिलो हुने देखियो ।

दोस्रो, सङ्घीयतामा जाँदाको आधारलाई हेरियो । यसको मुख्य सिद्धान्त भनेकै जनतालाई सहज र सुलभ तरिकाले सेवा-सुविधा सकेसम्म नजिक पुर्‍याउने भन्ने नै हो । जनताले विगतमा पाइरहेको सेवा-सुविधा कसरी नजिक पुग्न सक्छ भनेर ध्यान दिइयो । विगतमा पाइआएको सेवा-सुविधा अहिले टाढा नपरोस् भनेर अत्यन्त सजगता अपनाइएको थियो । जसरी पनि जनताले पाउने सेवा-सुविधा नजिक परोस् भनेर **सन्निकटताको सिद्धान्त** लागू गरेका थियौं । साविकका एकभन्दा बढी गाउँ विकास समितिहरूलाई एकठाउँमा मिसाएर एउटा गाउँपालिका बनाउने भएको कारणले विगतको भन्दा अहिलेको गाउँपालिकाको भौगोलिक क्षेत्र र सेवा प्रदान गर्ने केन्द्र केही टाढा पर्न जाने भए पनि पहिले जिल्ला सदरमुकामबाट प्राप्त हुने सेवा-सुविधा गाउँपालिकामै प्राप्त गर्नसक्ने हुनाले त्यसलाई खासै समस्याको विषय मान्ने कुरा थिएन । त्यसमा पनि साविकको एउटा गाउँ विकास समितिलाई कम्तीमा एउटा वार्ड कायम गर्ने र वार्डलाई सेवा-प्रवाहको केन्द्र बनाउने विषयमा विशेष ध्यान दिएका थियौं ।

तेस्रो पक्ष, स्थानीय तह आफैंमा सरकार भएकोले यसले आफ्नो कानुन आफैं बनाउँछ । न्याय सम्पादन आफैंले गर्दछ । आफैं राजस्व संकलन गर्न सक्दछ । तर पनि कतिपय स्थानीय तहलाई केन्द्रीय सरकारको कतिपय सहयोगबिना चल्न समस्या पर्ने अवस्था रहन्छ । त्यसैले आफूले **धान्न सक्ने क्षमता** (आयतनको लाभ) लाई पनि आधार बनाएका थियौं । त्यस आधारमा हाम्रो देशका लागि स्थानीय तह ३५० देखि ४०० सम्मको सङ्ख्यामा हुँदा उचित हुन्छ भन्ने हाम्रो ठम्याइ थियो । तर देशको भौगोलिक तथा अन्य विशिष्टतासँगै राजनीतिक दलहरूको सङ्ख्या बढाउने तीव्र चासोका कारण उक्त सङ्ख्यालाई कार्यान्वयन गर्न सकेनौं ।

चौथो पक्ष, प्रतिनिधित्व र पहुँचको विषयलाई पनि हेरिएको थियो । आफ्नै गाउँपालिका तथा नगरपालिकाभित्र पनि स्थानीय जनताको उचित प्रतिनिधित्व र उनीहरूको समान पहुँच हुनसक्छ कि सक्दैन भन्ने सवालमा पनि ध्यान दिएका थियौं । गाउँपालिकाभित्र सबै जनताको समान प्रतिनिधित्व र पहुँच कामय हुन सकोस भनेर पनि विशेष

**'हाम्रो देशका लागि स्थानीय तह ३५० देखि ४०० सम्मको सङ्ख्यामा हुँदा उचित हुन्छ भन्ने हाम्रो ठम्याइ थियो ।'**

ख्याल गरेका थियौं । जनसङ्ख्या र भूगोललाई आधार बनाएर पनि प्रतिनिधित्वको सवाललाई हेरेका थियौं । किनकि हुम्ला, डोल्पाजस्ता अति विकट जिल्लाहरूको हकमा भूगोललाई आधार बनाइएन भने ठूलो मर्का पर्न सक्दछ भन्ने कुरामा हामी सतर्क थियौं ।

राष्ट्रियसभा गठनको लागि निर्वाचन मण्डलमा स्थानीय तहका प्रमुख र उपप्रमुख रहने संवैधानिक व्यवस्थाका कारणले पनि भूगोल र जनसङ्ख्यालाई ध्यानमा राख्न अति जरुरी थियो । अर्को कुरा हाम्रो देशको भूबनोट विशिष्ट खालको छ । जस्तैः समुद्री सतहदेखि ६० मिटरको उचाइमा रहेको झापाको केचनादेखि ८,८४८ मिटरको उचाइमा रहेको सगरमाथा हाम्रै देशमा छ । यो खालको विशिष्टता विश्वमा अरु कुनै पनि मुलुकमा पाइँदैन । अतः यो विशिष्टताका आधारमा नेपाललाई हिमाल, पहाड, भित्री मधेस र तराई गरेर चार भागमा बाँडेका थियौं । त्यसैकारण पनि मुस्ताङको दालमी गाउँपालिकाको १४ सय जनसङ्ख्याको एउटा गाउँपालिका बनेको छ भने १० लाख जनसङ्ख्या भएको काठमाडौँको एउटा महानगरपालिका बनेको छ ।

पाचौं पक्ष, समावेशिताको सिद्धान्तलाई पनि ध्यान दिएका छौं । भाषिक, सांस्कृतिक तथा जातीय क्लस्टरलाई पनि ध्यानमा राखेर सीमा निर्धारण गर्ने गरेका छौं ।

छैटौं, भौगोलिक निरन्तरतालाई पनि स्थानीय तहको सीमा निर्धारणको आधार बनाएका छौं । अहिले हेर्दा एकअर्को बस्तीसँग भूगोल टाढा देखिएको भए पनि बस्ती विकास हुँदै जाँदा भोलि एकआपसमा जोडिन सक्ने प्रबल सम्भावना रहेका बस्तीहरूलाई सकभर अहिले नै एकठाउँमा मिलाएर राख्ने आधार पनि बनाएका थियौं । यसलाई 'प्रिन्सिपल अफ् कन्टोभेसन' भनिन्छ । यही आधारमा हामीहरू आयोगको तर्फबाट बुटवल र भैरहवालाई मिलाएर एउटा महानगरपालिका, कोहलपुर र नेपालगञ्जलाई मिलाएर एउटा महानगरपालिका बनाउन चाहेका थियौं । तर, राजनीतिक तथा अन्य कारणले सफल हुन सकेनौं ।

सातौं, प्राकृतिक स्रोतको उपलब्धतालाई हेरेर र पानी ढलोलाई समेत आधार बनाएर स्थानीय तहको इकाइ निर्धारण गर्ने भनेका थियौं ।

***नेपाल : तत्कालीन आयोगले तयार पारेको आधार र मापदण्ड के के थिए र सो मापदण्ड अनुसार नै स्थानीय तह निर्धारण भएका थिए भन्ने विषयमा तपाई कतिको विश्वस्त हुनुहुन्छ ?***

**बालानन्द पौडेल :** विशेष गरेर माथि उल्लेख गरिएका आधारहरूमा टेकेर नै मापदण्ड तोकेका थियौं । हिमाल, पहाड, भित्री मधेस र तराईलाई आधार बनाएर स्थानीय तहको मापदण्ड तयार पार्यौं ।

जनसङ्ख्याको बेञ्चमार्क र भूगोलको बेञ्चमार्क तयार गरेका थियौं । डोल्पा हुम्लाजस्ता भौगोलिक विकटतामा रहेका जिल्लाका कतिपय स्थानहरूका बस्तीहरू बाहिरबाट हेर्दा नजिकै देखए पनि सेवा प्राप्त गर्न सजिलो नहुन पनि सक्ने विषयमा समेत अध्ययन गरेका थियौं । अनि आफ्नो सामाजिक सांस्कृतिक सम्बन्ध भएका स्थानमा स्थानीयवासीहरू कतातर्फ मिलेर बस्न चाहन्छन् भन्ने विषयलाई पनि ख्याल गरेका थियौं । भविष्यमा पनि यो विषयमा स्थानीय बासिन्दालाई स्वइच्छामा छोडिदिनु पर्दछ । यसबाट भविष्यमा स्थानीय तहको सङ्ख्यामा कमी आउन पनि सक्दछ ।

केन्द्रमा आयोगले विभिन्न आधारहरू तयगरी प्रत्येक जिल्लामा तत्कालीन स्थानीय विकास अधिकारीको नेतृत्वमा प्राविधिक समिति गठन गरिएका थिए । ती समितिले जिल्लामा रहेका राजनीतिक दल र अन्य सरोकारवालाहरूलाई सहभागी गराई राय-सुझाव लिने काम भएको थियो । ती स्थानीय प्राविधिक समितिले जिल्लाबाट पठाएको स्थानीय तहको सीमा तथा सङ्ख्यालाई नै धेरैजसो कायम गरिएको थियो । यसो भनिरहँदा देशभरिका सबै स्थानीय तहहरू सीमा र सङ्ख्याका हिसाबले समान छन् भन्ने होइन ।

हामीले अपवादको सिद्धान्त पनि अपनाएका थियौं । किनभने हामीलाई साविकका जिल्ला, गाउँ विकास समिति र वडाको सिमानामा सीमित रहनुपर्ने बन्देज थियो । अर्थात् विगतका गाउँ विकास समितिका वडालाई विभाजन गर्न नपाउने भनेर किटान गरेको थियो । एक जिल्लामा कम्तीमा एकहजार वर्गकिलोमिटरको सेरोफेरोमा स्थानीय तह निर्माण गर्ने भनेका थियौं तर सबैमा यो सम्भव थिएन । उदाहरणका लागि, हुम्लाको नाम्खा गाउँपालिकाको क्षेत्रफल २,४२० वर्ग किलोमिटर छ भने महोत्तरीको सम्सी गाउँपालिकाको क्षेत्रफल २४ वर्गकिलोमिटरमात्र छ । केही विशिष्टतालाई सम्बोधन गर्ने सवालमा अपवादको रूपमा केही स्थानमा स्थानीय तहको इकाइ फरक ढंगले निर्माण गर्नुपर्ने बाध्यता पनि रहेका थिए । तर पनि समष्टिगत हिसाबले आयोगले तयार पारेको विधि, प्रक्रिया र मापदण्डकै आधारमा स्थानीय तहको निर्धारण भएका छन् ।

***नेपाल : कतिपय स्थानीय तहको निर्धारण गर्दा आयोगले तोकेको मापदण्डभन्दा पनि मापदण्ड नै नपुगेका स्थानमा पनि राजनीतिक प्रभावमा भएका छन् भन्ने गुनासाहरू पनि सुन्नमा आएका थिए, यसमा तपाईको भनाइ के रहेको छ ?***

**बालानन्द पौडेल :** समग्रतामा भन्नुपर्दा राजनीतिक दलहरूको प्रभावमा परेर उनीहरूको अनुकूलका स्थानीय तह बनेका छन् भन्न मिल्दैन । राजनीतिक दलहरूले आफ्नो अनुकूलका स्थानीय तह बनाउने प्रयत्न अवश्य पनि भएका थिए । यसमा **राजनीतिक 'जेरिमेन्डरिङ्ग'** (निहित स्वार्थ) ले काम गरेको होला । यो अस्वाभाविक पनि होइन ।

राजनीतक दलहरूले आफ्नो राजनीतिक हारजीतको कुरालाई लिएर पनि प्रयत्न भएको होलान् । त्यसलाई नराम्रो नै भन्न सकिँदैन, तर आयोगको तर्फबाट त्यस्ता प्रभावबाट सकेसम्म मुक्त हुने प्रयत्न

**'एक जिल्लामा कम्तीमा एक हजार वर्गकिलोमिटरको सेरोफेरोमा स्थानीय तह निर्माण गर्ने भनेका थियौं, तर सबैमा यो सम्भव थिएन । उदाहरणका लागि, हुम्लाको नाम्खा गाउँपालिकाको क्षेत्रफल २,४२० वर्गकिलोमिटर छ भने महोत्तरीको सम्सी गाउँपालिकाको क्षेत्रफल २४ वर्गकिलोमिटर मात्र छ ।'**

गरिएको थियो । तैपनि आयोगका कामहरू राजनीतिक प्रभावबाट पूरै अछुतो नै रहेका छन् भन्न पनि सकिँदैन । कतिपय राजनीतिक दलहरूले आयोगसँग राजनीतिक रुपमै कुरा नगरेका भएपनि विभिन्न सामाजिक तथा भौगोलिक सवालको उठान गरेर पनि आफ्नो अनुकूल सीमा र सङ्ख्या निर्धारण गर्ने धेरै प्रयत्न गरेका थिए । तर कतिपय स्थानमा **भूगोलको 'जेरिमेन्डरिङ'**ले पनि काम गरेको थियो ।

यसमा पनि **यार्सागुम्बा 'जेरिमेन्डरिङ'** सबैभन्दा खतरनाक थियो । विगतदेखि यार्सागुम्बा कुनै एउटा वा दुईवटा गाउँ विकास समितिको क्षेत्रभित्र उनीहरूको मात्र अधिनमा थियो भने अब धेरै गाउँ विकास समिति एक ठाउँमा जोडिने अवस्था बनेपछि थप गाउँ विकास समितिको पनि यार्सागुम्बामा बराबर भाग लाग्ने भयो भन्ने चिन्ताले सकभर पुरानै गाउँ विकास समितिलाई नै कायम गर्ने प्रयत्न भएका थिए । सुरुमा आयोग यसबारेमा स्पष्ट भएन । तर यसमा राजनीतिक दलहरूले पनि स्वीकार गरेको कुरा आयोगलाई पछि थाहा भयो ।

भूगोलको जेरिमेन्डरिङसँगै **सामाजिक तथा सांस्कृतिक जेरिमेन्डरिङ**ले पनि प्रभाव पार्ने कुरामा पनि ध्यान दिइएको छ । भूगोललाई नाङ्गो आँखाले हेर्दा टाढा देखिए पनि सांस्कृतिक हिसाबले एकआपसमा निकट रहेका बस्तीहरूलाई सकेसम्म एकआपसमा जोडिने गरेर सीमा निर्धारण गर्नु पर्ने विषयमा पनि ध्यान दिइएको छ । यसकारण आयोगले तय गरेका विधि प्रक्रिया र मापदण्डकै आधारमा प्रायःजसो स्थानीय तहको निर्धारण गरिएको छ भन्न सकिन्छ ।

***नेपाल : देशमा हाल कायम गरिएको स्थानीय तहको सङ्ख्याका बारेमा तपाईंको भनाइ के रहेको छ ? जुन प्रावधान गरिएको छ, यसलाई तपाईंले कसरी हेर्नुभएको छ ?***

**बालानन्द पौडेल :** देशमा कायम गरिएको स्थानीय तहको सङ्ख्या एकदमै बढी हो । यो सङ्ख्यालाई मुलुकले धान्न सक्दैन । आयोगले ५४ वटा जिल्लाको काम सम्पन्न गरिसकेको अवस्थामा आयोगसँग सरसल्लाह नै नगरी तत्कालीन सरकारले मापदण्ड परिवर्तन गरेर आयोगलाई दियो । जसले गर्दा आयोगले फेरि शून्यबाट काम थाल्नी गर्नुपरेको थियो । देशको धान्न सक्ने क्षमतालाई मध्यनजर गर्दा करिब ४०० सङ्ख्याको हाराहारीमा स्थानीय तहको निर्धारण हुनुपर्ने थियो । तर राजनीतिक दबावले गर्दा नचाहेर पनि सङ्ख्या बढाएर अघि जान बाध्य भएका हौं । यसको जिम्मेवारी सरकारले नै लिनुपर्दछ ।

यसो भनिरहँदा सरकारको दवाबमा भए पनि आयोगले सङ्ख्या निर्धारण गरेको हुनाले आयोगको पनि जिम्मेवारीमा पर्न आउँछ । कतिपय स्थानीय तहका भवन छैनन्, जग्गा छैन, स्थानीय स्रोतको अभाव छ, कर्मचारीको यथोचित व्यवस्थापन भएको छैन । प्रशासनिक खर्चमा बढी रकम खर्चिनुपर्ने अवस्था छ । जसले गर्दा जनताका विकास-निर्माणका काम प्रभावित हुने देखिन्छ ।

**'देशमा कायम गरिएको स्थानीय तहको सङ्ख्या एकदमै बढी हो । यो सङ्ख्यालाई मुलुकले धान्न सक्दैन । राजनीतिक दबावले गर्दा नचाहेर पनि सङ्ख्या बढाएर अघि जान बाध्य भएका हौं । यसको जिम्मेवारी सरकारले नै लिनुपर्दछ ।'**

यतिबेला ठूलो सङ्ख्यामा स्थानीय तह निर्धारण भएता पनि भविष्यमा स्थानीय तहहरूलाई **स्वैच्छिक मिलान ('भोलेन्टरी मर्जर')** मा जान दिने नीति अवलम्बन गर्नुपर्दछ । त्यस्तो बाटोमा अघि बढ्न प्रेरित गर्नका लागि सङ्घ तथा प्रदेशबाट अनुदानमा सहयोग गर्ने व्यवस्ता पनि मिलाउनु पर्दछ । यसो भएमा स्थानीय तहको सङ्ख्या घटाएर मुलुक सुहाउँदो पनि बनाउन सकिन्छ ।

जे होस् लामो समयदेखि रिक्त रहेको स्थानीय तहको निर्वाचन सम्पन्न हुनु अत्यन्त राम्रो पक्ष हो । यसबाट संविधानमा व्यवस्था गरिएको तीनवटा तहमध्ये महत्वपूर्ण तहको निर्वाचन सम्पन्न भई संविधान कार्यान्वयनमा ठूलो सघाउ पुगेको छ । स्थानीय जनताका धेरै काम स्थानीयस्तरमै सम्पन्न हुने बाटो खुलेको छ । साथै स्थानीय विकास-निर्माणले पनि गति लिने अवस्था बनेको छ ।

***नेपाल : संविधानले व्यवस्था गरेअनुसार स्थानीय तहलाई दिइएका अधिकारहरू कार्यान्वयन हुने सवालमा तपाई के भन्नुहुन्छ ?***

**बालानन्द पौडेल :** स्थानीय तह 'शासन गर्ने निकाय' हुन् । संविधानले नै कानुनको अधिनमा रही स्थानीय शासन व्यवस्थाको सञ्चालन, निर्देशन र नियन्त्रण गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । यसबाट स्थानीय तहलाई संविधानतः गहन जिम्मेवारी प्राप्त भएको छ । जति अधिकार दिएको छ त्यति नै जिम्मेवारी दिएको छ भनेर बुझ्न सक्नु पर्दछ ।

सर्वप्रथम स्थानीय जनप्रतिनिधिहरूले संविधानमा व्यवस्था भएका अधिकारका बारेमा राम्ररी अध्ययन गर्नुपर्दछ । साथै स्थानीय तहसँग सम्बन्धित अन्य महत्वपूर्ण विषयका बारेमा र आफ्नो पदीय काम-कर्तव्यका बारेमा राम्रो जानकारी प्राप्त गर्नु पर्दछ ।

हतारमा कम उपलब्धिको काम गर्नुभन्दा पनि राम्रो अध्ययन, छलफल, सोचविचार गरी जनताको लागि उपलब्धिमूलक काम दुई महिना ढिलो भएर केही बिग्रँदैन । सङ्घ र प्रदेशले केही वित्तीय अनुदान उपलब्ध गराउने व्यवस्थाबाहेक अरु कानुन निर्माण गर्ने, स्थानीय साधन-स्रोत जुटाउने, राजस्व संकलन गर्ने, न्यायिक नियमन गर्ने, आफ्नो बजेट आफैं निर्माण गर्ने, विकास-निर्माणका कार्यक्रमको प्राथमिकीकरण गर्नेलगायतका गहन अधिकार स्थानीय तहलाई नै भएकोले विशेष तयारीका साथ कम्तीमा पाँचवर्षे कार्ययोजना निर्माण गरेर प्रभावकारी कार्यान्वयनमा लाग्न सक्नुपर्दछ ।

सबै जानेको कोही पनि छैन र हुँदैन पनि । जानेको प्रयोगमा ल्याउँदै गर्ने र नजानेको कुरा सिक्दै अघि बढ्ने कुरा नै हो । जनप्रतिनिधिले पनि नजानेका कुरा सिक्नु पर्दछ। विभिन्न विषयमा तालिम दिनुपर्दछ। यसो गर्दै अघि बढेमा स्थानीय तहले आफ्नो अधिकार कार्यान्वयन गर्न नसक्ने विषय नै हुँदैन । तर स्थानीय तहले आफ्नो अधिकार कार्यान्वयन गर्न सक्दैनन् कि भनेर धेरै ठाउँबाट प्रश्न उठाउने गरेको देखिन्छ। यो प्रश्न नै गलत छ ।

विशेषगरी यो केन्द्रमा रहेर हालिमुहाली गरिरहेका र **केन्द्रीकृत सोच** भएकाले बढी उठान गरेको पाइन्छ । यो केन्द्रीकृत मानसिकताको उपज हो भन्न सकिन्छ। पहिलो कुरा केन्द्रमा रहेकाहरूले राम्रो काम नगरेको कारणल नै सङ्घीय संरचनामार्फत् अधिकार तल दिइएको हो। यस अर्थमा सबैभन्दा कामको कार्यान्वयन नभएको क्षेत्र त केन्द्र हो।

त्यसैले स्थानीय तहले काम गर्न सक्दैनन् कि भनेर प्रश्न उठाउने अधिकार केन्द्रमा कार्यरत जिम्मेवार व्यक्ति वा हामीजस्ता 'रिटायर्ड व्यक्ति'लाई छैन । यस्तो प्रश्न गर्ने अधिकार त गाउँका जनतालाई मात्र छ। अत: स्थानीय तह सक्षम र सबल बन्नका लागि सर्वप्रथम आफ्नै हात छ भन्ने कुरामा स्पष्ट हुन जरुरी छ। साथै केन्द्र र प्रदेशले पनि स्थानीय तहको कार्यक्षमता वृद्धि गर्न गराउनका लागि सहयोगी भूमिका खेल्नुपर्दछ । सबैका लागि सङ्घीयता नयाँ विषय भएकोले सबै तहका लागि तालिमको जरुरत छ। अझ बढी तालिम केन्द्रका व्यक्तिलाई आवश्यक छ, किनकि हिजोको केन्द्रीकृत व्यवहारमै उनीहरू अभ्यस्त छन् । अत: नियमित रूपमा सबैका लागि तालिमको जरुरत

> **'स्थानीय सरकारको अगुवा नेता नै जनप्रतिनिधि भएकाले अहिलेका जनप्रतिनिधिहरू कार्यदक्षता, अनुभव, ज्ञान, व्यवहार र चरित्रका हिसावले पनि सक्षम हुनुपर्ने आवश्यकता छ।'**

छ भन्ने पिययमा हेक्का राख्नुपर्दछ। विकसित देशहरूमा त दुईतीन महिनाको अन्तरालमा कर्मचारीहरूलाई नयाँ विषयमा 'अपडेट' गर्नका लागि तालिमहरू नियमित रुपमा दिने गरिएको हुन्छ।

***नेपान : स्थानीय तहको निर्वाचनमा राज्य, राजनीतिक दलले खेलेको भूमिका र स्थानीय जनताले देखाएको सहभागिताका बारेमा यहाँको अनुभव के रहेको छ ?***

**बालानन्द पौडेल :** स्थानीय तहको निर्वाचनमा सबै पक्षबाट खेलेको भूमिका देखेर व्यक्तिगत रूपमा अत्यन्त उत्साही बनेको छु। यसलाई सकारात्मक रुपमा हेर्छु। साँच्चै भन्ने हो भने यसले राजनीतिक तहमा र जनतामा एकखालको तरङ्ग ल्याएको छ । अझ जनतामा झनै तरङ्ग ल्याएको देखिन्छ।

बीस बर्षदेखि स्थानीय तहको निर्वाचन नभएको र पन्ध्र बर्षदेखि कर्मचारीलेनै चलाएको र जनताले आफ्ना जनप्रतिनिधि नपाइरहेको अवस्थामा नयाँ संरचना अनुसारको यो निर्वाचन सम्पन्न हुनु अत्यन्त महत्वपूर्ण काम हो । सबै पक्षले आआफ्नो ठाउँबाट राम्रो र जिम्मेवारीपूर्वक भूमिका खेलेका हुनाले पनि निर्वाचन उत्साहजनक ढंगले सम्पन्न भएको छ। यहाँनेर राजनीतिक दलहरूले के कस्ता व्यक्तिलाई उम्मेदवार बनाउनुभयो भन्ने बारेमा टिप्पणी गरिहाल्ने



अवस्थामा म छैनँ । तर पनि स्थानीय सरकारको अगुवा नेता नै जनप्रतिनिधि भएकाले अहिलेका जनप्रतिनिधिहरू कार्यदक्षता, अनुभव, ज्ञान, व्यवहार र चरित्रका हिसाबले पनि सक्षम हुनुपर्ने आवश्यकता छ । उपयुक्त व्यक्तिको चयन हुन सकेको अवस्थामा मात्र जनताको सही अगुवाइ गर्न सक्दछन् । यसतर्फ राजनीतिक दलहरूले पनि विशेष ध्यान दिनु जरुरी छ । जे होस् अहिलेसम्म सम्पन्न भएका स्थानीय तहका दुईवटै निर्वाचनमा जनताहरूले देखाएको सक्रिय सहभागिताको सम्मान राजनीतिक दलहरूले गर्न सक्नु पर्दछ ।

***नेपान : स्थानीय सरकारहरूलाई अझ सक्षम र सबल बनाउनका लागि कस्ता कस्ता पक्षमा बढी ध्यान दिनु जरुरी ठान्नुहुन्छ ?***

**बालानन्द पौडेल :** स्थानीय सरकार सर्वप्रथम संविधानलेनै आफ्नो लागि व्यवस्था गरेका अधिकारका बारेमा राम्ररी प्रस्ट हुनुपर्दछ । आफूले के के अधिकार पाएका छौं भन्ने बारेमा राम्ररी अध्ययन गर्नुपर्दछ । ती अधिकार कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन निर्माणको काममा यथासक्य छिटो लागिहाल्नु पर्दछ । यी कानुन निर्माण गर्नका लागि पनि आफ्नो कार्यप्रकृति मिल्ने निकायहरू जस्तै: गाउँपालिका महासङ्घ, नगरपालिका महासङ्घलगायतका संस्थाहरूसँग सहकार्य गरेर पनि कानुनका ड्राफ्ट निर्माण गरी परिमार्जन गरेर मूर्तरुप दिने काममा ध्यान दिन सक्नुपर्दछ ।

सङ्घ, प्रदेश र स्थानीय तह एकआपसमा परिपूरक तथा समपूरक भएकाले यी तीनै तहले एकअर्कोसँग सम्पर्क एवम् समन्वय गरी सहकार्यमा ध्यान दिनुपर्दछ । सङ्घ र प्रदेशले वित्तीय हस्तान्तरणमार्फत् स्थानीय सरकारलाई केही बजेट अनुदान दिन्छन् । तर बजेट निर्माण तथा कार्यक्रमको वर्गीकरण गर्ने सम्पूर्ण अधिकार स्थानीय सरकारलाई नै छ । अत: स्थानीय आवश्यकता एवम् वास्तविकतालाई ध्यानमा राखेर स्थानीय सरकारले साधन स्रोत जुटाउन, व्यवस्थित कार्ययोजना निर्माण गरेर कार्यान्वयनमा लाग्नका लागि स्थानीय तहलाई पूर्ण अधिकार भएकोले यसको सदुपयोग गर्नसक्नु पर्दछ ।

अहिले हतारमा बजेट ल्याउने परिस्थिति बनेको भए पनि आगामी **पाँच बर्षका लागि पूर्ण बजेट** ल्याउने कुरामा ध्यान दिनुपर्दछ । तर आफूलाई पूरा अधिकार छ भन्ने नाउँमा एक्लै हिंड्ने गर्नाले पनि निरङ्कुशतातर्फ गइन्छ भन्ने कुराको पनि हेक्का राख्नु पर्दछ । सम्बद्ध र सम्बन्धित निकायसँग समन्वय र सम्पर्क गरेर अघि बढ्ने विषयमा पनि ध्यान दिनुपर्दछ । धेरै र गहन अधिकारसँगै हत्कडी पनि आएको छ भनेर बुझ्नु पर्दछ । वित्तीय अनुशासनमा विशेष ध्यान दिनुपर्दछ । सम्पूर्ण आर्थिक कामको लेखाजोखा महालेखा परीक्षकले गर्ने व्यवस्था छ भने भ्रष्टाचार एवम् अनियमितताको छानविन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने छ र नजिकै मतदाता रहेकाले उनीहरूले हरेक कुरामा प्रश्न उठाउने छन् ।

प्रशासनिक खर्च घटाउने र विकास निर्माणमा खर्च बढाउने विषयमा पनि ध्यान पुऱ्याउनु पर्दछ । अबका दिनमा चुनावलाई भड्किला बनाउनबाट रोक्न सक्नु पर्दछ र फजुल खर्चलाई सकेसम्म घटाउने अभियानमा लाग्नु पर्दछ । अनिमात्र विकासको बजेट बढ्न सक्छ ।

**अन्तर्वार्ताकार : गोरखबहादुर बोगटी** (तुलसी सापकोटाको प्राविधिक सहयोगमा, मिति: २०७४ साउन २० गते),

तस्विर स्रोत: अनलाइन खवर र रिपब्लिका/गुगल


राजधानी
मंगलबार २० भदौ २०७४
Tuesday 5 September 2017

स्थानीय तहमा
३७ हजार २० नेता


**सहभागिता मा विज्ञापन प्रकाशित गर्नेबारे सूचना**

**"सहभागिता" मा धुम्रपान तथा मध्यपानजस्ता व्यावसायिक विज्ञापनबाहेक आ–आफ्ना संघसंस्थाको कार्यक्रम, गतिविधि आदिको सूचना तथा कार्यालयको प्रशासनिक एवम् आर्थिक क्रियाकलापसम्बन्धी सूचनामूलक सामग्रीहरु तपसीलमा उल्लेखित दररेटमा छपाउन सकिने व्यवस्था भएको हुँदा यहाँहरू सबैलाई सहर्ष जानकारी गराउँदछौं ।**

| विज्ञापनको प्रकार | दररेट (रु.) |
| --- | --- |
| अन्तिम आवरण पूरा पृष्ठ -रंगीन | १०,०००/- |
| अन्तिम आवरण आधा पृष्ठ -श्याम/श्वेत | ५,०००/- |
| भित्री आवरण पूरा पृष्ठ -श्याम/श्वेत | ५,०००/- |
| भित्री आवरण आधा पृष्ठ -श्याम/श्वेत | ३,०००/- |

अन्तर्वार्ता

# 'स्थानीय तहको निर्वाचनमा देखिएको जनसहभागिता अति उत्साहप्रद छ र यसले धेरै सन्देश पनि दिएको छ'

उत्तम उप्रेती, अध्यक्ष, नेपान



***प्रश्न: नेपालको नयाँ संविधान २०७२ अनुरुप अगाडि बढेको सङ्घीय संरचनामा स्थानीय तहको जुन प्रावधान गरिएको छ, यसलाई तपाईंले कसरी हेर्नुभएको छ ?***

✐ यो प्रावधानको एउटा पक्ष त्यति व्यावहारिक छैनजस्तो लाग्छ। संविधानको ५६(१) मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनी व्यवस्था गरिएको छ । स्थानीय तहमा पर्याप्त अधिकार प्रत्यायोजन गरिएको अवस्थामा प्रदेशको संरचना जरुरी थिएन कि भन्ने लाग्छ ।

***प्रश्न: स्थानीय तहलाई दिइएका अधिकारहरूबारे के भन्नुहुन्छ ?***

✐ स्थानीय तहमा व्यापक अधिकार प्रत्यायोजन गरी संवैधानिक हक तथा अधिकारहरू उपयोग गर्ने आमनागरिकहरूको चाहनालाई मूर्तरूप दिनका लागि नै लोकतान्त्रिक गणतन्त्र नेपालमा सङ्घीयताको आवश्यकता महसुस गरिएको हो । सुशासनको अनुभूति गर्न नपाएको लामो पीडाबाट मुक्तिको अचुक औषधिका रुपमा सङ्घीयतालाई स्वीकार गरिएकाले अधिकारको व्यापक प्रत्यायोजनबिना स्थानीय सरकारले सुशासन दिन सक्दैन । तसर्थ, अधिकारको प्रत्यायोजन एउटा अत्यावश्यक कदम थियो यही आवश्यकतालाई सम्बोधन गर्नका लागि नै कानून निर्माण गर्ने, स्थानीय साधन-स्रोत जुटाउने, राजस्व संकलन गर्ने, न्यायिक नियमन गर्ने, आफ्नो बजेट आफैं निर्माण गर्ने, विकास निर्माणका कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका गहन अधिकार स्थानीय तहलाई दिइएको छ ।

***प्रश्न: के अहिलेको अवस्थामा स्थानीय तहलाई दिइएका अधिकार र जिम्मेवारी पूरा हुन सक्लान् ?***

✐ मुख्य कुरा जनताले आफ्ना संवैधानिक हक-अधिकारहरूको निर्बाध उपभोग गर्न पाउनु नै हो । केन्द्रीकृत शासन प्रणालीमा त्यो सम्भव नभएकाले नै सङ्घीय संरचनामार्फत् अधिकार तल दिइएको हो भन्ने कुराको हेक्का राख्नुपर्छ । संरचनागत सवाल र आवश्यक कानूनहरूको अभावमा केही समय अन्योल कायम रहन सक्छ र अधिकार र जिम्मेवारी पूरा हुन कठिनाइ आउन सक्छ। यद्यपि यही कमी-कमजोरीलाई देखाएर स्थानीय सरकारका काम कर्तव्यलाई कटौती गर्ने प्रयत्नसमेत हुन लागेको आभाष हुन्छ । क्षमता विकास एउटा लामो यात्रा हो, जुन कामका सन्दर्भमा समेत हासिल हुँदै जान्छ र नयाँ पद्धतिको विकास गर्ने र त्यसलाई संस्थागत गर्ने कुरा रातारात हुने पनि होइन । तर त्यही निहुँमा अधिकारमा धावा बोल्ने कुरा सत्य हुँदैन । लामो रिक्ततापछि आएको निर्वाचित सरकारबाट जन-अपेक्षा धेरै हुनु अन्यथा होइन । यसका निम्ति कानून निर्माण गर्ने र विकास निर्माणका कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका कामहरू तत्काल सुरु गर्नु जरुरी छ भने निर्वाचित प्रतिनिधिहरूको क्षमता विकास पनि गर्दै जानु जरुरी छ ।

***प्रश्न: स्थानीय तहको निर्वाचनमा देखिएको जनसहभागिता र समावेशिताबारेमा यहाँको अनुभव के छ ?***

✐ बीसौं बर्षदेखि स्थानीय तहको निर्वाचन नभएको र लामो समयदेखि कर्मचारीले नै चलाएको अनि जनताले आफ्ना जनप्रतिनिधि नपाइरहेको अवस्थामा नयाँ संरचनाअनुसार भएको यो निर्वाचनका क्रममा देखिएको सहभागिता उत्साहप्रद थियो । सतहमा राजनीतिप्रति देखिएको वितृष्णाको बावजुद यो निर्वाचनमा भएको सहभागिताले जनता राजनैतिक रूपमा नै समस्याको समाधान खोज्न तत्पर छन् भन्ने सन्देश दिएको छ । यसका अलावा, समावेशिताको पक्षमा समेत यो निर्वाचन एउटा कोशेढुङ्गा हो भन्ने लाग्छ । यसमा क्रमश: सुधार हुँदै जान्छ भन्ने मलाई विश्वास छ ।

***प्रश्न: स्थानीय सरकारहरूलाई अझ सक्षम र सबल बनाई जनकेन्द्रित सहभागीमूलक विकास तथा सुशासनका लागि कस्ता कस्ता पक्षमा अझ***



तस्विर सौजन्य : चन्द्र सतुङ्गे / प्रकाश पन्त

***बढी ध्यान दिनु जरुरी ठान्नुहुन्छ ?***

व्यापकरूपमा प्राप्त अधिकारहरूको प्रयोग गर्ने काम स्थानीय सरकारका निम्ति अवसर तथा चुनौती दुवै हो। जिम्मेवारी बहन गर्ने क्षमताको अभावमा प्राप्त जिम्मेवारीबाट सकारात्मकभन्दा नकारात्मक असर पर्ने सम्भावनासमेत रहन्छ। तसर्थ, सम्बन्धित पदाधिकारीहरूको क्षमता विकासले पहिलो प्राथमिकता पाउनु पर्छ। सुशासनका लागि सहभागिता एउटा अनिवार्य शर्त हो। प्रक्रियामा हुने सहभागिताले नै सुशासनका प्रतिफलहरूमा अपनत्व सिर्जना गर्छ भन्ने कुरा पटक-पटक प्रमाणित भइसकेको छ। त्यसकारण, क्षमता अभिवृद्धिको एउटा प्रमुख विषय जनकेन्द्रित सहभागीमूलक विकास तथा सुशासन नै हुनुपर्छ।

***प्रश्न: सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको बदलिँदो परिवेशमा नेपानको बदलिँदो दायित्व र भूमिकालाई कसरी हेर्नुभएको छ ?***

सहभागीमूलक पद्दतिको प्रवर्द्धनमार्फत् सबै समुदायको सहभागितालाई सुनिश्चित गर्ने नेपानको ध्येयको सान्दर्भिकता झनै प्रखर भएको छ र समयले त्यो कति आवश्यक रहेछ भन्ने कुरा प्रमाणित गरेको छ। विगतमा केन्द्रीयस्तरमा गरिएको पैरवीको सफल अनुभवको सिकाइका आधारमा बदलिँदो परिवेशमा स्थानीय सरकारसँग सहकार्य गरी उनीहरूको क्षमता विकाससमेत गर्नुपर्ने आवश्यकता छ।

***प्रश्न: अब अन्त्यमा अलि फरक प्रसङ्ग, तपाईंको २ वर्षे कार्यकाल यही भदौ २४ गतेदेखि पूरा हुँदैछ, त्यसै दिन नयाँ कार्यसमिति पनि गठन हुँदैछ। अतः आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को २ वर्षे अवधिका लागि गठन हुने नेपानको नयाँ कार्यसमितिले के के कुरा प्राथमिताका साथ गरोस् भन्ने चाहनुहुन्छ ?***

नयां कार्यसमितिले नयाँ परिवेशका नयाँ अवसरहरूलाई सम्बोधन गर्नुपर्दछ। नेपानको रणनीतिक योजना तर्जुमा गर्दा यो कुराले प्राथमिकता पाउनु पर्छ। स्थानीय सरकारसँगको हाम्रो सहकार्यलाई सहजीकरण गर्ने स्पष्ट कार्यक्रम बनाउनु राम्रो हुन्छ। यसैगरी, नागरिक समाजका संस्थाहरूका लागि उपयुक्त कानूनी वातावरण तयार गर्ने कुरामा पनि पैरवी गर्नका लागि अन्य सङ्घ-संस्थाहरूसँग सहकार्य तथा उनीहरूको पैरवी क्षमता अभिवृद्धि गर्न ध्यान दिनु अति जरुरी छ।

*(अन्तर्वार्ता/प्रस्तुति : 'सहभागिता' सम्पादक मण्डल)*






नेपानबाट प्रकाशित हुने
Participation
Annual Peer Reviewed English Journal
ISSN: 2565-4853
नियमित पढ्ने गरौं ।
प्राज्ञिक व्यक्तित्वबाट अनुसन्धानात्मक लेखको अपेक्षा गर्दछौं ।

## जातीय भेदभाव तथा छुवाछूतविरुद्धका

# संवैधानिक तथा कानुनी व्यवस्था र कार्यान्वयनको अवस्था



समिरराज घिमिरे

> कूल जनसङ्ख्याको १३.६ प्रतिशत जनसङ्ख्या रहेको नेपालका दलित समुदायलाई २६ जातजातिमा सूचीकृत गरिएको छ । राष्ट्रिय दलित आयोगले पहाडका ७ र मधेसका १९ गरी २६ जातजातिलाई दलित समुदायभित्र समेटेको छ । अधिकांश दलित भूमिहीन छन् ।

जातीय छुवाछूत प्रथा आजभन्दा करिब तीनहजार वर्षपहिले सुरू भएको मानिन्छ । वर्णव्यवस्थाको आधारमा यसलाई विस्तारै व्यवस्थित गरिएको इतिहास छ । विशेषत: मनुस्मृतिकाल (ई.पू.२००–सन् ३००) मा छुवाछूत प्रथालाई लिखित रूपमा अपरिवर्तनीय बनाई सामाजिक संरचना निर्माण गरियो । जातीय भेदभाव तथा छुवाछूत हिन्दू वर्णाश्रम व्यवस्थाका आधारमा विकसित भएको पाइन्छ । मुलत: लिच्छवीकाल (सन् २००–८७९) मा हालको भारतीय भूमिबाट नेपालमा छुवाछूत प्रथा प्रवेश गरेको पाइन्छ (किसान, २०५८) ।

जयस्थिति मल्ल, राम शाह हुँदै शाहवंशीय शासन व्यवस्थामा प्रधानमन्त्री भीमसेन थापाले (वि.सं. १८६३–१८९६) छुवाछूत प्रथालाई व्यवस्थित गर्ने काम गरे । त्यसमा अझ कठोरताका साथ जङ्गबहादुर राणाले वि.सं. १९१० मा मुलुकी ऐन जारी गरेर छुवाछूतलाई अनुउल्लङ्घनीय बनाए । अझ कठोर र व्यवस्थित बनाए । पहिलेदेखि अछुत बनाइएका दलितलाई पानी नचल्ने जात भनी कानुन बनाए र दण्ड सजायको पनि व्यवस्था गरिदिए ।

छुवाछूतसहितको वर्ण व्यवस्थालाई लिखितरूपमै व्यवस्थित र संस्थागत गरे (आहुति, २०६७) । जसको परिणाम २१ औं शताब्दीमा पनि दलित समुदाय मानव भएको अनुभूति गरेर जिउन पाइरहेका छैनन् । शोषण, दमन, अन्याय र उत्पीडनका शिकार हुन बाध्य छन् । अधिकारबाट बञ्चित छन् । वर्ण व्यवस्थाले ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रजस्ता वर्ग विभाजन गरी दलितमाथि जातीय विभेद गरिरहेको छ । फलस्वरूप दलित समुदाय राज्यको मूलप्रवाहबाट अझै पनि बाहिर छन् । आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक, सांस्कृतिकलगायतका व्यवहारमा समावेश हुन नसकिरहेको तीतो यथार्थ हाम्रासामु जीवित छ ।

कूल जनसङ्ख्याको १३.६ प्रतिशत जनसङ्ख्या रहेको नेपालका दलित समुदायलाई २६ जातजातिमा सूचीकृत गरिएको छ । राष्ट्रिय दलित आयोगले पहाडका ७ र मधेसका १९ गरी २६ जातजातिलाई दलित समुदायभित्र समेटेको छ । अधिकांश दलित भूमिहीन छन् ।

एक तथ्यांक अनुसार २३ प्रतिशत दलितहरू पूर्णरूपमा भूमिहीन छन् भने, पाँच रोपनीभन्दा कम जमिन भएका दलित ४८.७ प्रतिशत रहेका छन्। मधेसमा ९५ प्रतिशत दलित भूमिहीन छन्। २०६८ सालको जनगणना अनुसार दलितको साक्षरता दर ५४ प्रतिशत पुगेको छ। दलितभित्र पनि मधेसी दलितको साक्षरता दर ३४ प्रतिशत छ, भने दलित महिलाको ४५ प्रतिशत साक्षरता छ। उच्च शिक्षामा बल्ल ०.८ प्रतिशत दलितहरू पुगेका छन्।

शिक्षा आर्जन गर्नबाट वञ्चित गरिएका कारण बेरोजगारीको सङ्ख्यामा दलितहरू नै धेरै छन्। निजामती प्रशासनमा जागिर गर्ने दलितको सङ्ख्या २ प्रतिशत नाघ्न सकेको छैन। भूमिहीन हुनुका साथै समाजमा जातीय भेदभाव कायम रहँदा दलित समुदाय आर्थिक विकासबाट वञ्चित हुँदै आएका छन्। गरिबीको रेखामुनिको ठूलो हिस्सा दलित समुदायको छ। ४२ प्रतिशत दलितहरू अहिले पनि गरिबीको रेखामुनि छन्। राजनीतिक क्षेत्रमा दलितको पहुँचको सवाल पनि यी तथ्याङ्कभन्दा फरक छैन। त्यसैले जातीय भेदभाव तथा छुवाछूतका कारण दलित समुदायको समाजका कुनै पनि क्षेत्रमा न्यायपूर्ण तरिकाले अझै पनि पहुँच हुन सकिरहेको छैन। दलितले आफूमाथि लादिएको विभेदले अमानवीय जीवन भोगेका मात्र छैनन् नागरिकले पाउनुपर्ने हकअधिकारसमेत उपभोग गर्न पाइरहेका छैनन्। वञ्चितीकरणमा पारिएको छ यो वर्गलाई।

## नेपालको संविधान २०४७ र दलित मुद्दा

वि.सं. २०१७ सालदेखि २०४६ सालसम्म अर्थात् २९ वर्ष नेपालमा पञ्चायत शासन चल्यो। यस अवधिमा जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि नीतिगत पहलहरू भएनन्। २०४६ सालको राजनीतिक परिवर्तनपछि आएको नेपालको संविधान २०४७ ले छुवाछूत गर्न नपाइने व्यवस्था संविधानमा उल्लेख गऱ्यो। संवैधानिक रूपमा छुवाछूत गर्न नपाइने व्यवस्था भएको यो पहिलोपटक थियो। तर सार्वजनिक स्थानमा जातीय विभेद गर्न नपाईने व्यवस्था भएकाले नीजि स्थानमा छुवाछूत गर्नेलाई भने ०४७ सालको संविधानले छुट दिएको थियो।

वि.सं. २०४७ को संविधान कार्यान्वयन हुँदैगर्दा तत्कालीन नेकपा (माओवादी) ले जनयुद्ध सुरू गऱ्यो। ०६२ सम्म सञ्चालन भएको माओवादी जनयुद्धकालमा सरकारले राष्ट्रिय दलित आयोगसम्म गठन गऱ्यो तर नीतिगत रूपमा छुवाछूत अन्त्यको पहल प्रभावकारी रहेन। तर नेकपा (मओवादी)ले भने ग्रमिणस्तरमा जातीय भेदभाव तथा छुवाछूत अन्त्यको पहल गरेको पाइन्छ। छुवाछूत गर्नेलाई कारवाही र अन्तरजातीय विवाहलगायतका अभियानहरू सञ्चालनमा थिए। जसले गर्दा १० वर्षे अवधिमा ग्रामीणस्तरमा छुवाछूत थिएन भन्ने दावी पनि गरिएको छ (परियार, २०६८)।

## अन्तरिम संविधान–२०६३ र दलित मुद्दा

वि.सं. २०६३ सालको जनआदोलनपछि नेपालको अर्को संविधान जारी भयो। अन्तरिम संविधान २०६३ ले छुवाछूतका सवालमा ०४७ कै निरन्तरता दिएपनि समावेशीकरणको सवाललाई उदारताका साथ संबोधन गरेको पाईन्छ। अन्तरिम संविधानको सबैभन्दा महत्वपूर्ण पक्ष समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरिएको थियो। २०६३ साल जेठ २१ गते पुनर्स्थापित प्रतिनिधिसभाले नेपाललाई छुवाछूत मुक्तराष्ट्र घोषणा समेत गरेको थियो। अन्तरिम संविधानको धारा १४ मा छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हकको व्यवस्था गरियो। चारवटा उपधारामध्ये उपधारा (१) मा "कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन। यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुने र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ" भनी व्यवस्था गरिएको थियो। पीडितले क्षतिपूर्ति पाउने व्यवस्था पनि नयाँ थियो।

## भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन–२०६८

वि.सं. २०६८ जेठ १० गते व्यवस्थापिका संसदले जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन–२०६८ पारित गऱ्यो। अन्तरिम संविधान–२०६३ अनुसार ऐन जारी गरिएको हो। ऐनले कसैले कसैलाई कुनै पनि स्थानमा जातीय भेदभाव तथा छुवाछूत गर्न नपाइने व्यवस्था गऱ्यो। यसअघि सार्वजनिक स्थानमामात्र विभेद गर्न नपाइने व्यवस्था भएकोमा ऐनले नीजि वा सार्वजनिक कुनै पनि स्थानमा गर्न नपाइने बनाएको थियो। त्यसो गरेमा तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजारदेखि २५ हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था गरेको छ। ऐनमा पीडितलाई क्षतिपूर्तिको हकको व्यवस्था छ। साथै, छुवाछूत गर्न मद्दत गर्ने वा उक्साउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने र सार्वजनिक पद धारण गरेको व्यक्तिले छुवाछूत गरेमा निजलाई तोकिएको सजायको ५० प्रतिशत थप सजाय हुने व्यवस्था छ।

घटनाको अनुसन्धानमा कसैले बाधा विरोध गरेमा अनुसन्धान गर्ने अधिकारीको प्रतिवेदनका आधारमा निजलाई कसूरदारलाई हुने

सजायको आधा सजाय हुने पनि व्यवस्था गरेको छ । तत्कालीन प्रधानमन्त्री झलनाथ खनालको पालामा पारित भएको सो ऐन २०६८ जेठ १८ गते राष्ट्रपति डा.रामवरण यादववाट लालमोहर लागेपछि कार्यान्वयन भएको हो । नेपाली दलित आन्दोलनको सात दशक लामो इतिहासमा यो नै छुवाछूत–भेदभाव विरोधी पहिलो सम्पूर्ण ऐन थियो ।

## नेपालको संविधान र दलित मुद्दा

नेपालमा पहिलो पटक संविधानसभाबाट नेपालको संविधान जारी भयो । २००७ सालदेखिको राजनीतिक आन्दोलनको माग बन्दै आएको संविधानसभाको निर्वाचन २०६४ चैत्र २८ गते भएको थियो । पहिलो संविधानसभाले संविधान निर्माण नगरी अवसान भएपछि २०७० सालमा पुनः संविधानसभाको निर्वाचन भएको थियो । २०७२ असोज ३ गते जारी गरिएको संविधानले दलित समुदायका विभिन्न सवालहरूलाई संबोधन गरेको छ । विगतका संविधानको तुलना यसलाई उत्कृष्ट भन्न सकिने अवस्था छ । संविधानको प्रस्तावनामा "सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने" संकल्प गरिएको छ ।

संविधानमा मौलिक हक अन्तर्गत छुवाछूत तथा भेदभाव विरुद्धको हक र दलितको हक व्यवस्था गरी दलित समुदायका मुद्दाहरूलाई संबोधन गरिएको छ । धारा २४ को छुवाछूत तथा भेदभावविरुद्धको हकमा पाँचवटा उपधाराहरूको व्यवस्था गरिएको छ । ती उपधारामा संविधानले मुख्यतः कुनै पनि स्थानमा जातीय छुवाछूत वा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ ।

## धारा ४० मा दलितको हक

राज्यको सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ । ७ बुँदामध्ये, यस धाराका अन्य बुँदामा शिक्षा, स्वास्थ्य, पेशागत, भूमि, आवास आदि अधिकार हुने भनिएको छ ।

यसैगरी, संवैधानिक **राष्ट्रिय दलित आयोग**को व्यवस्था धारा २५५ मा गरिनुका साथै सङ्घीय संरचनाहरूमा समावेशी सिद्धान्तका आधारमा दलितको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । तर राज्यका सबै अङ्ग तथ निकायहरूमा समानुपातिक प्रतिनिधित्वको सवाल भने सुनिश्चित हुन सकिरहेको छैन ।

दलित अधिकार संरक्षणका लागि गठन भएका संयन्त्रहरू

सरकारले दलित समुदायमा प्रत्यक्ष काम गर्नका लागि विभिन्न निकायहरूको गठन गरेको छ । जसमा राष्ट्रिय दलित आयोग, उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान समिति र वादी समुदाय उत्थान विकास समिति मुख्य रूपमा क्रियाशील छन् । ती सबै संस्थाहरूको छोटो परिचय **बक्स**मा दिइएको छ ।

### बक्स : दलित अधिकार संरक्षणका लागि गठन भएका संयन्त्रहरू

**उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान समिति**

दलित समुदायको शैक्षिक, आर्थिक, सामाजिक र राजनीतिक स्तरमा सुधार गरी उनीहरूलाई देशको मुल प्रवाहमा सामेल गराउने उद्देश्यले २०५४ साल असोजमा उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिको स्थापना भएको थियो । विकास समिति ऐन–२०१६ अन्तर्गतको गठन आदेशमार्फत स्थापित यस समिति दलित समुदायको पक्षमा काम गर्ने विकास सम्वन्धी संस्था हो । यसले दलितको आर्थिक विकासका लागि शीपमूलक व्यवसायका क्षेत्रमा काम गर्दै आएको छ । साथै दलितको शिक्षा क्षेत्रमा पनि यसले छाववृत्ति वितरणको काम गर्दै आएको छ । हालसम्म झण्डै २ हजार दलित विद्यार्थीहरू छात्रवृत्तिवाट लाभान्वित भएका छन् । ७५ जिल्लामा समितिको जिल्ला समन्वय समिति छन् ।

**राष्ट्रिय दलित आयोग**

जातीय आधारमा विद्यमान आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक तथा साँस्कृतिक विभेदको अन्त्य गरी दलित समुदायलाई मानव विकास सूचांकका दृष्टिवाट सशक्तिकरण गर्दै राज्यका हरेक अंग, तह र निकायमा समानुपातिक सहभागिता, समाजमा सम्मानपूर्ण जीवनयापतको वातावरण विकास गर्ने उद्देश्यले वि.सं. २०५८ सालमा राष्ट्रिय दलित आयोगको गठन गरिएको थियो । आयोग दलित समुदायको संवैधानिक तथा कानुनी अधिकार र मानवअधिकारको क्षेत्रमा क्रियाशील रहदै आएको छ ।

**वादी समुदाय उत्थान विकास समिति**

नेपाल सरकारले वादी संघर्ष समितिसँग विभिन्न समयमा गरेको सहमति र प्रतिवद्धतानुरूप २०६९ सालमा वादी समुदाय उत्थान विकास समिति गठन गरेको छ । समिति वादी जातिको हक अधिकारका साथै उनीहरूको आर्थिक, सामाजिक विकासको पक्षमा क्रियाशील छ ।

**अन्य संयन्त्रहरू :**

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८

सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्वन्धी अन्तराष्ट्रिय महासन्धि, १९६५

जातीय भेदभाव विभेद विरुद्धको विश्व सम्मेलन, १९७८



तस्विर सौजन्य : चन्द्र सतुंइगी/कविता शर्मा

## कार्यान्वयनको अवस्था

जातीय भेदभाव तथा छुवाछूतका विरुद्धमा व्यवस्था भएका संवैधानिक तथा कानुनी व्यवस्थाहरूको कार्यान्वयनको अवस्था हेर्ने हो भने सन्तोषजनक मान्न सकिदैन । जातीय भेदभाव तथा छुवाछूतका घटनाहरू समाजमै प्रहरीद्वारा मिलापत्र गराइदिने प्रचलनले गर्दा पनि अधिकांश घटनाहरू कानुनी दायरामा आउनै नपाउने अवस्था छ ।

घटना प्रहरी समक्ष पुऱ्याउन पनि दलितलाई सामाजिक रूपमा ठूलो चुनौति खडा गरिन्छ । जातीय भेदभाव तथा छुवाछूतका घटनाहरूलाई अन्यत्र मोडिदिने (जस्तोः गाली बेइजती, कुटपीटका घटनामा दर्ता गरिदिने) प्रचलन पनि विद्यमान देखिन्छ । २०४७ सालदेखिका संवैधानिक व्यवस्थाहरूको कार्यान्वयनलाई हेर्दा प्रभावकारी हुन सकिरहेको छैन । २०६३ सालपछि भने छुवाछूतका केही घटनाहरू अदालतसम्म पुग्न सफल भएको छन् । तर ती सीमित छन् ।

जातीय विभेद तथा छुवाछूत कसुरलाई वर्तमान संविधानले नै गम्भीर सामाजिक अपराधको रूपमा परिभाषित गरी विशेष ऐन (जातीय विभेद तथा छुवाछूत कसुर तथा सजाय ऐन, २०६८) जारी भएता पनि ऐन कार्यान्वयनको अवस्था अत्यन्त कमजोर देखिन्छ । जातीय विभेद तथा छुवाछूत कसूरको घटनाबारे अदालतमा न्यूनमात्रामा मात्र मुद्दा दर्ता छन् । अर्कोतर्फ कसुरदारहरू पनि कसुर कायम हुन नसकी सफाइ पाएको देखिन्छ । अन्तर्राष्ट्रिय रूपमा सरकारले गर्दै आएको प्रतिबद्धताहरू पनि पूर्ण कार्यान्वयन हुन नसकिरहेको अवस्था छ ।

यू.एन.अन्तर्गत मानवअधिकार काउन्सिलको सर्ट समितिलाई सबै प्रकारका जातीय भेदभाव उन्मुलनसम्बन्धी अन्तर राष्ट्रिय महासन्धिअनुसार सरकारले प्रत्येक ४/४ वर्षमा पेश गर्नुपर्ने प्रतिवेदनसमेत सन् २००२ देखि २०१४ सम्म नबुझाएको घटनाबाटै सरकार छुवाछूतको मुद्दामा कति गम्भीर छ भने कुरा थाहा हुन्छ ।

## निष्कर्ष

जातीय विभेद तथा छुवाछूतलाई फौजदारी मुद्दा र अपराधभन्दा पनि केवल सामाजिक सांस्कृतिक समस्या ठान्ने गरिएको पाइन्छ । जसका कारण प्रहरीमा जाहेरी दर्ता गर्नसमेत निक्कै कठिन छ दलितलाई । नेपालको दलित आन्दोलनले पनि व्यवस्था भएका ऐन कानुनहरूको कार्यान्वयनका लागि प्रभावकारी अभियानहरू सञ्चालन गर्न जरुरी देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू :


किसान, यामबहादुर (२०५८), **नेपालमा दलित जातीय मुक्ति आन्दोलन**, जनउत्थान प्रतिष्ठानः काठमाडौं ।

आहुति (२०६७), **नेपालमा वर्णव्यवस्था र वर्ग संघर्ष**, सम्पादक : राजेन्द्र महर्जन, समता फाउण्डेसनः ललितपुर ।

दर्नाल, लक्ष्मण (२०७२०, **संविधानसभामा दलित मुद्दा**, समता फाउण्डेसनः ललितपुर ।

परियार, तिलक (२०६८), **मार्क्सवाद, दलित र विशेषअधिकार,** रत्नमाया दलित साहित्य संरक्षण समिति : धरान ।

नेपाल सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (२०६३), **अन्तरिम संविधान,** कानुन किताव व्यवस्था समिति, काठमाडौं ।

नेपाल सरकार (२०७२), **नेपालको संविधान,** संविधानसभा सचिवालय, सिंहदवार, काठमाडौं ।

श्री ५ को सरकार (सन् १९९८), मानव अधिकार, नेपाल पक्ष भएका **मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको संग्रह,** परराष्ट्र मन्त्रालय, काठमाडौं ।

श्री ५ को सरकार (२०४९), **सरकारवादी मुद्दा सम्बन्धी ऐन,** कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति, काठमाडौं ।


*(लेखक दलित विषयका अध्येता तथा अभियन्ता हुनुहुन्छ ।)*
*E-mail: samirghimire2011@gmail.com*

# नेपाल किन बन्न सकेन ?



पेशल आचार्य

> देश बनेन भनेर मात्र सुगा-रटाइ गर्ने होइन कि देश के गरी बनेन किन बनेन ? क-कसले बनाउन दिएनन् भनेर पनि गहिरिएर हेर्नुपर्छ । अति सरल र सामान्य अर्थमा लिने हो भने जहिले पनि यथास्थितिवादी शक्तिहरूले नै देशलाई अधोगतितिर धकेलेका छन् ।

नेपाल किन बन्न सकेन ? अहिले यो बहसले नेपालका प्रमुख अखबार, टेलिभिजन, डिजिटल पत्रपत्रिकाहरूमा लेखिएका विभिन्न बौद्धिक वर्गका लेखरचना र चिन्तनमा निक्कै हल्लीखल्लीका रूपमा स्थान पाएको विषयवस्तु भएको छ । हो, पनि आफ्नो देश नबनेको चिन्ता सबैलाई हुन्छ नै । पढेका हुन् या अशिक्षित धनी देशको नागरिक बन्ने सपना कसले सँगालेको हुँदैन र ? अहिलेका दैनिक पत्रिकाहरू खासगरी राजधानीकेन्द्रित पत्रिकाहरूले एक प्रकारले सामाजिक जिम्मेवारीमय पत्रकारिता गर्दै आइरहेका छन् । यो सन्दर्भ राम्रो पनि हो ।

## 'ज्ञान' भित्रको विपन्नता !

सबैमा ज्ञान भएकै कुरा हो । नेपाल नबन्नुका पछाडि निकै कारणहरू रहेका छन् । त्यो सबै विषयलाई अहिलेको यो सानो शीर्षकमा न्याय गर्न सकिन्न । पछि कुनै स्थानमा लामै बहस गर्नु पर्ला । किन बनेन भन्दा पनि हामीले किन बनाउन चाहेनौं भन्ने कुरा नै अहिलेको प्रमुख चिन्ता र चासोको विषय हो ।

नेपालीहरूले इतिहासमा कसैको उपनिवेश भएर रहनु परेन । यो नेपालीहरूका लागि खुसीको कुरा हो । तर यही कुराले नै सायद हाम्रा मनमा बास गरेर होला नेपाल बन्न नसकेको पनि । हामीले वैरीका विरुद्ध क्रान्तिको धावा बोल्नै परेन अनि हामीमा त्यो ' इख' पनि पलाएन जसरी भारतीयहरूमा अङ्ग्रेजका विरुद्ध पलाएको थियो ।

## अरु कसरी बने ?

देश त्यसै कहाँ बन्छ र ? देश कसरी बन्छ भन्ने कुरा जान्नका लागि हामीले जापानको इतिहास पढ्नु पर्छ । नेपालले अहिले जति विकास गरेको छ त्यो उसको आफ्नो बलबुतामा भन्दा पनि विदेशको सहयोग र अनुदानमा भएको विकासको प्रतिफल हो । देश त्यसै कहाँ बन्छ र ?

देश कसरी बन्छ भन्ने बुझ्नका लागि हामीले चीनको पनि इतिहासलाई धुलिसात पारेर

खार्नुपर्छ। अनि देश कसरी बन्छ भनेर बुझ्नका लागि त हामीले सिङ्गापुरको इतिहास अझ खासगरी लि क्यानको जीवनीलाई पानापानामा गढेर पढ्नु पर्छ। भारत कसरी बन्यो ? बेलायत कसरी बन्यो ? अमेरिका कसरी बन्यो ? युरोप, क्यानाडा र अष्ट्रेलिया कसरी बने ? पहिले त त्यो हेर्नुपर्छ अनि मात्र हाम्रो देश बनाउन सकिन्छ। चिया र रक्सीको चुस्कीमा देश बन्ने हो भने उहिल्यै नै नेपाल बनिसक्ने थियो। हैन त ?

देश बनेन भनेर मात्र सुगा-रटाइ गर्ने होइन कि देश के गरी बनेन किन बनेन ? क-कसले बनाउन दिएनन् भनेर पनि गहिरिएर हेर्नुपर्छ। अति सरल र सामान्य अर्थमा लिने हो भने जहिले पनि यथास्थितिवादी शक्तिहरूले नै देशलाई अधोगतितिर धकेलेका छन्। अनि नेपालमा हुने भारतीय निर्देशनका क्रान्तिहरू र क्रान्ति व्यवस्थापन गर्न नसक्ने अदूरदृष्टि भएका नेताहरूको क्रियाकलापकै कारणले पनि देश नबनेको हो। देश बनाउन त नेतृत्व तहमा एउटा दृढ सङ्कल्प चाहिन्छ। प्रचुर सपना र आस्था चाहिन्छ। स्पाती व्यक्तित्वका नेताहरूले जब दस, बीस या तीस वर्षका कार्ययोजनाका खाकाहरू तयार गरेर टिम-स्पिरिटमा हिँडन-हिँडाउन सक्छन् अनि मात्र देश बन्छ।

सबैभन्दा मुख्य कुरा त नेतृत्व तहमा बस्ने नेताले आफूले त्याग गर्न सक्नु पर्‍यो। आफूले त्याग गर्न र अनुशासनमा बस्न सकेको छ भने मात्र अरूलाई भन्न वा अह्राउन सकिन्छ। २०४६ सालको क्रान्ति सफल भैसकेपछि राजा वीरेन्द्रले कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहलाई प्रधानमन्त्रीको 'अफर' गरेका थिए तर गणेशमानले त्यो 'अफर'लाई ठाडै अस्वीकार गरेर एकै सासमा हुन्न भनिदिए। उनले मभन्दा कृष्णप्रसाद भट्टराईलाई बरू विश्वास गर्नुस् भनेर राजालाई सल्लाह दिए। त्यो उनको दूरदर्शीपना थियो। नेपालमा सबैभन्दा खतरा रोग के छ भने म अरूभन्दा जान्दछु। म जति त यो धर्तीमा अरू कोही पनि जान्दैन। रोग यहीं छ।

गाउँको एउटा सामान्य राजनीतिक कार्यकर्ता पनि म अन्य विरोधी पार्टीका कार्यकर्ताभन्दा बढी जान्दछु, भन्छ। मैले जति त त्यसले पढेकै छैन भन्दछ। हो, हाम्रो समस्या यहीँनेर छ। आफू पढ्दै नपढी अरूलाई अर्तीबुद्धि दिने संस्कार जो छ, त्यो अत्यन्त खराब संस्कार छ। पहिले त आफूले पढ्नु पर्‍यो अनि मात्र अरूलाई भन्न मिल्छ। यो रोग जिल्ला तहका नेताहरूमा पनि छ। यही रोग महारोग भएर प्रदेश र केन्द्र तहका नेतामा पनि लागू हुन्छ। नेपालमा अहिले पढ्ने नेताहरू त सफलताको सिँढीमा क्रमशः चढ्दै गरेका पनि छन्।

## साँच्चिकै पढन्ता कि मनगढन्ता ?

नेपाली राजनेताहरूमा धेरथोर मात्रामा कोही न कोही 'पढन्ता'मा गनिएका छन्। तर मैले यहाँ सामान्य र समकालीन पत्रपत्रिका, किताबहरू र घटनाहरू पढ्ने या कुनै गोष्ठी या भेलामा जाँदा मैले यो पढेको छु भनेर गफका शैलीमा डिङ हाँक्नेलाई मात्रै पढन्ता भनेको होइन। पढ्नु भनेको त विश्वको परिवर्तनशील चरित्रलाई दिमागमा आँक्नु हो। विश्वको अर्थ व्यवस्था र बदलिँदो सामाजिक जीवन शैली र परिस्थितिको विश्लेषण गरेर आफ्नो देशका आवश्यकताहरूलाई छनोट गरी विकास र निर्माणका कुराहरूमा तरक्की गर्न सक्नु हो।

नेपालमा केही नभएको भने छैन। नयाँ नयाँ तरकिब र ढाँचामा नेपालमा काम पनि आरम्भ भएका छन्। विदेशमा गएर आएर सिकेका कुरालाई 'एप्लाइ' गरेर पनि नेपालीहरूले निकै नै तरक्की गरेका छन्। सरकारी रोजगारीमा पनि विद्वान् र पढन्ता मानिसहरू छन्। पूर्व मुख्यसचिव लीलामणि पौडेल, पूर्व अर्थसचिव रामेश्वर खनाल, गर्भनरहरू, बैंकरहरू, प्राध्यापकहरू, शिक्षकहरू पनि छन् जसका अनुभव राज्यले लिन सकेको छैन। यो हुनुपर्ने कुरा तर नभएको दुःखद् कुरा हो।

## सिक्ने प्रवृत्ति खोई ?

प्रतिबद्धता भएको एउटा राजनेताले कसरी आफ्नो माटोलाई माया गर्छ भन्ने कुरा धेरै टाढा गएर सिक्नै पर्दैन। छिमेकी भारतको बिहारका मुख्य मन्त्री नितिशकुमारको विकास शैलीलाई हेरे पुग्छ। लालुप्रसाद यादवले खग्रास पारेको बिहारलाई नितिशकुमारले जसरी विकासे छलाङ मारेर अहिलेको परिवर्तनशील बिहार बनाए, हो त्यस्तो राजनेता अहिलेको नेपाललाई चाहिएको छ।

हुन त नेपालमा अहिले पनि कछुवाको तालमा आफ्नै तालका विकासका कार्यहरू भैरहेका छन्। तर त्यस्ता विकासका कार्यले नेपालको कायापलट गर्ने सम्भावना म कम देखिरहेको छु। यस्तो परिस्थितिमा भन्न खोजिएको चाहिँ के भने यहाँ विकास र निर्माणका कुरामा आँधीहुरी ल्याउन खोज्ने नेता नै चाहिएको छ। दस वर्षको विद्रोहपछि पनि कतिपय नेतामा त्यो प्रतिबद्धता र विश्वास देखिएन। उनीहरू पनि पैसा र सुखसयलमा चुके। परिवार, स्वास्नी छोराछोरीलाई काखी च्यापेर हिँड्नाले उनीहरूको अहिले राजनीतिक छवि ह्वात्तै घटेको छ। अब नेपाली जनताले एकपटक पनि सत्तामा नगएका त्यागी, जनतासँग भिजेका र जनपरिचालनमा अनुभवी नेता छानेर हेर्नुपर्ने छ। अब तिनले बनाउँछन् कि देश ?

अहिले भएका सबै पार्टीका नेताहरू अबको ५० या १०० वर्षलाई 'टार्गेट' गरेर हिँड्ने खालका छैनन् । सबै आफ्नो र आफ्ना परिवारहरूको खुसी र सुखका लागि मात्र हिँडेजस्ता छन् । बाबुराम अर्थमन्त्री हुँदा जसरी वाहवाह भएका थिए प्रधानमन्त्री भएर देशको वागडोर सम्हाल्दा त्यस्तो भएनन् । अरु नेताको पनि हालत त्यस्तै देखियो, देखिँदैछ । किन ? प्रश्न यहींनेर छ । किनकि हाम्रा देशका सबै दलका नेताहरू आफ्नो बुद्धि र अक्कलले भन्दा विदेशीको दवाव र अक्कलमा काम गर्छन् । यो ऊ भनेर नतोकौं, सबै पार्टीका सबै नेताहरूको त्यही हालत व्याप्त छ । क्लान्त छन् सबै ।

**पानी, खानी र बानी !**

तुलोमा हालेर हेर्नें हो भने अब नेपालमा समकालीन राजनीतिमा क्रियाशील नेताहरूले विकासको क्रान्तिलाई नेतृत्व गर्न सक्दैनन् । यो सोह्रै आना सत्य हो । यहाँ नेपालमा पनि भारतमा जस्तै आम आदमी पार्टीको खाँचो छ । भारतमा आपका नेता अरविन्द केजरीवालले जसरी ४९ दिनको सत्तारोहणमै दिल्लीमा तहल्का मचाएर गए । हो, त्यसैगरी नेपालमा पनि अब हरेक पार्टीका असल र भिजनेवल नेताहरूले सामूहिक रुपमा मिलेर एउटा नयाँ सोच समझको पार्टी खोल्नु आवश्यक भैसकेको छ । यो समयको माग भैसक्यो । अहिलेको तालले नेपाल कछुवाको गतिमा हिँडेको छ र यो कहीं पनि पुग्दैन । त्यसैले समय छँदै नेपालमा विभिन्न पेसा र रोजगारीमा भएका मानिसहरूले पनि एक ठाउँमा एकट्ठा भएर राष्ट्रोन्नतिका खातिर एउटा नयाँ र नितान्त राजनीति इतर विकासवादी पार्टी खोलेर सँगसँगै जाने बेला भैसक्यो । हुन त यो कुरा झट्ट सुन्दा असम्भवजस्तो लाग्न सक्छ तर संसारमा असम्भव भन्ने कुरो केही हुँदैन । गरेर हेरे हुन्छ, अनि मात्र नेपाल बन्छ ।

नेपाल बनाउनका लागि भाषण गरेर मात्र हुँदैन । कामै गरेर देखाउनु पर्छ । जनताले पत्याएका इमानदार र दूरदृष्टि भएका प्रवुद्धवर्ग एकैस्थानमा उभिएर देशको माटो हातमा लिई कसम खाएर नयाँ नेपालको निर्माणमा नवीन खालको चिन्तन बोक्ने संस्थाको अभ्युदय नगरेसम्म नेपाल बन्न सक्दैन ।

नेपालको पानी, नेपालका खानी र नेपालीको बानी नसुध्रिएसम्म एक दुई तीन नेपाल बन्न सक्दै सक्दैन । नेपाल बनोस् यो लेखकको पनि चाहना यही हो । सबैमा चेतना भया !

---

*(लेखक मन्थली उमावि मन्थली, रामेछापमा अध्यापनरत हुनुहुन्छ । लेख सौजन्य : 'इन्डिजिनस भ्वाइस')*
*E-mail: peshalacharya@gmail.com*

## सहभागिताका हालसम्मका विशेषाङ्कहरू

| | |
|---|---|
| पूर्णाङ्क-१३ (वर्ष ५/अङ्क १/२, असोज २०५६): | जनसहभागिता र विकास प्रक्रिया विशेषाङ्क |
| पूर्णाङ्क-१६ (वर्ष ६/अङ्क १, असार २०५७): | स्थानीय विकास विशेषाङ्क |
| पूर्णाङ्क-२१ (वर्ष ७/अङ्क २/३, चैत्र २०५८): | ज्येष्ठ नागरिक विशेषाङ्क |
| पूर्णाङ्क-२२ (वर्ष ७/अङ्क ४, असार २०५९): | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन विशेषाङ्क |
| पूर्णाङ्क-२४ (वर्ष ८/अङ्क २, पुष २०५९): | बालसहभागिता विशेषाङ्क |
| पूर्णाङ्क-२५ (वर्ष ८/अङ्क ३, चैत्त २०५९): | रजत अङ्क |
| पूर्णाङ्क-२६ (वर्ष ९/अङ्क ४, असार २०६०): | लैङ्गिक विशेषाङ्क |
| पूर्णाङ्क-३३ (वर्ष १०/अङ्क १/२, पुष २०६२): | सामाजिक समावेशीकरण विशेषाङ्क |
| पूर्णाङ्क-३४ (वर्ष १०/अङ्क ३/४, असार २०६३): | लोकतन्त्र, शान्ति र विकास विशेषाङ्क |
| पूर्णाङ्क-३५ (वर्ष ११/अङ्क १/२, पुष २०६३): | सहभागीमूलक विधि विशेषाङ्क |
| पूर्णाङ्क-३६ (वर्ष ११/अङ्क ३, चैत्र २०६३): | जनमुखी शिक्षा विशेषाङ्क |
| पूर्णाङ्क-३७ (वर्ष १२/अङ्क १, असोज २०६४): | ज्येष्ठ नागरिक विशेषाङ्क |
| पूर्णाङ्क-३९ (वर्ष १२/अङ्क ३/४, असार २०६५): | दलित विशेषाङ्क |
| पूर्णाङ्क-४० (वर्ष १३/अङ्क १/२, पुष २०६५): | विकास सञ्चार विशेषाङ्क |
| पूर्णाङ्क-४१ (वर्ष १३/अङ्क ३/४, असार २०६६): | सहभागीमूलक संविधान निर्माण विशेषाङ्क |
| पूर्णाङ्क-४६ (वर्ष १६/अङ्क १, चैत्र २०६९): | जलवायु परिवर्तन विशेषाङ्क |
| पूर्णाङ्क-४७ (वर्ष १७: संयुक्ताङ्क), वैशाख-असोज, २०७० | स्थानीय विकास र सहभागीमूलक योजना तर्जुमा विशेषाङ्क |
| पूर्णाङ्क-४८ (वर्ष १८: संयुक्ताङ्क), ज्येष्ठ २०७१ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विशेषाङ्क |
| पूर्णाङ्क-४९ (वर्ष १९: संयुक्ताङ्क), आषाढ २०७२ | नेपालको नयाँ संविधान निर्माण विशेषाङ्क |
| पूर्णाङ्क ५० वर्ष २० (संयुक्ताङ्क), भदौ २०७३ | विनाशकारी भूकम्प २०७२ विशेषाङ्क |
| पूर्णाङ्क ५१ वर्ष २१ (संयुक्ताङ्क), भदौ २०७४ | स्थानीय तह विशेषाङ्क (पाठकको हातमा) |

# नयाँ नेपालको परिकल्पना : यसो गरे कसो होला ?



यज्ञराज ज्ञवाली

कल्पना भन्नु नै विकासवादी सोच हो। किनभने विनाकल्पना कुनै पनि योजना तयार हुँदैन। युग परिवर्तनशील छ। मानिसका चाहना र आवश्यकताहरू दिनानुदिन फेरिँदै छन्। अन्तरराष्ट्रिय जगत्लाई हेर्दा विकासको गतिले निकै फड्को मारिसकेको देखिन्छ।

देशमा न्यायिक सुशासन र जन–चाहना अनुरूपको राज्य–व्यवस्थाको आकाङ्क्षामा सङ्गठित भएका राजनीतिक दलहरू नै बाहिरी चल–खेलको चपेटा र आर्थिक प्रलोभनमा परेर आफ्ना नैतिक आचरण गुमाइदिनाले जनताले फेरी पनि धोका पाएका छन्। केही शक्तिशाली नेताहरूको चल–खेलकै कारण स्वच्छ विचार भएका राजनीतिकर्मीहरू पनि ओझेलमा परेका छन्। पार्टीका कर्तुत पहिचान गर्न नसक्नाले सिधासाधा जनताहरू चिप्ला भाषणकै भुलभुलैया परेर अझै पनि यिनैका झण्डा र झोला बोकेर ज्यानको आहुति दिन, आन्दोलनका अग्रपंक्तिमा उँभिदै तिनै नेताको संरक्षण गर्दै आएका छन्।

> आन्दोलनलाई मात्र निकासको आधार मान्ने हो भने देशलाई कहिलेसम्म आन्दोलनहरु र निरन्तर आन्तरिक कलह तथा अघोषित गृहयुद्ध जस्तोमा धकेल्दै लैजाने ?

आन्दोलनलाई मात्र निकासको आधार मान्ने हो भने देशलाई कहिलेसम्म आन्दोलनहरु र निरन्तर आन्तरिक कलह तथा अघोषित गृहयुद्ध जस्तोमा धकेल्दै लैजाने ? आन्दोलनमा नउत्रिने हो भने यिनै दलको नेतृत्वविना देशमा परिवर्तन ल्याउने अर्को उपाय पनि छैन। जनताका यिनै मजबुरीको फाइदा उठाउँदै आएका नेताहरूले संविधानसभाको समयावधिलाई लाइसेन्स नवीकरण गरेजस्तो गरी नवीकरण गर्दै आए।

कुनै बेला हास्यकलाकार मनोज गजुरेलद्वारा क. प्रचण्डको अभिनयमा दिनुभएको अन्तर्वार्तामा भन्नुभएको "दश वर्षपछिको नयाँ नेपाल" जस्तो सपनाको नयाँ नेपाल के यिनै नेताहरूद्वारा संभव होला ? नेताहरूको चरित्र देख्दा जनतालाई कर तिर्न पनि जाँगर लाग्दैन। कर भनेको जनताको पसिनाको

सङ्कलन भएकोले यो जनताको रगत हो। करको दुरुपयोग गर्नु भनेको जनताको रगतमा खेलिने होली हो। कार्यालयमा हाकिमले अतिरिक्त सेवा दस्तुरको आशा नराखेर आफ्नो कर्तव्यप्रति ईमानदार भइदिने हो भने घरमा नुन–तेलको जोहो गर्न नसक्ने परिचरले पनि आफ्नो हैसियत अनुसार पाउने रु १०।- को आशा गर्दैन। त्यसैले प्रशासन–सुधारमा कर्मचारीलाई परिष्कृत गर्नुभन्दा पनि राजनीतिक स्तरबाट नै निखार ल्याउनु जरूरी छ।

बाटो, पुल, स्कुल, खेलका मैदान जे–जति बनेका छन्, विदेशी सहयोगविना कुनै एउटा योजना पनि बनेको उदाहरण छैन । यतिसम्म कि जनताका ट्वाइलेटसमेत विदेशी सहयोगमा बनिरहेका छन् । जे गर्न पनि विदेशीकै मुख ताक्नुपर्ने बाध्यता छ । "जसका सीता खाई, उसका गीता गाई" भनेजस्तो यही बजेटको आशाले गर्दा हामी मदारीका चटकी बाँदरजस्ता भएका छौं । टेबुलमुनिबाट दिइने घुसको विकास भएर डाँक बढिबढाउमा आइपुगेको छ । देश जति तहसनहस हुँदै गए पनि राजनीतिकर्मीहरूको आचरणमा स्वच्छता नआएसम्म यहाँ सुधारात्मक रूपरेखा कोरिनेवाला पनि छैन । यी समस्याहरू जति लम्ब्यायो उति लम्बिन्छन् । विकल्प भनेको स्वच्छ निर्वाचनद्वारा सुयोग्य राजनीतिज्ञको चयन गरी सरकारसंगको मध्यस्थकर्ताको भूमिकामा जनप्रतिनिधिलाई जनताप्रति जवाफदेही बनाउनु हो । निर्वाचनको समयमा जति सम्झौता र बाचा–कबुल गराए पनि निर्वाचनपछि जनताको हातबाट लगाम चुडिन्छ र खेल सधैं दोहोरिइरहन्छ ।

बाहिरी देशको भ्रमण गर्दाको प्राप्त अनुभवको आधारमा हामीलाई कस्तो लाग्छ भने त्यहाँ वस्ती बसाउन पहिले वस्तीको निमित्त आवश्यक वस्तुहरूको पूर्वाधार तयार गर्न गुरुयोजना (रोडम्याप) तयार गरि निर्माण कम्पनीहरूको प्रतिस्पर्धामा निर्माणसम्बन्धी प्रक्रिया पूरा गरेर मात्र बसोबासको निमित्त आह्वान गरिन्छ । जसमा वस्ती बसाउनुभन्दा अगावै बाटो, पानी, ढल, बत्ती, फोन, इन्टरनेट, टिभी, सोलारजस्ता आधुनिक सुविधाले सुसम्पन्न भएका घरहरूको निर्माणकार्य सम्पन्न भइसकेका हुन्छन् । ग्राहकहरूले तयारी संरचनामध्ये आफूलाई उपयुक्त हुने स्थान, क्षेत्रफल, घरको मोडेल, छनोट गरेर आफ्नो रोजाइ अनुसार बुक गर्ने प्रचलन हुन्छ ।

नागरिकसंग पहिले कार्यदक्षताको निमित्त आवश्यक शिक्षा र तालिम हुनुपर्‍यो । सेवाको निमित्त योग्य भइसकेपछि जागिरको निमित्त सरकारकै प्रतिनिधिको रोहबरमा रहेर वा नरहेर पनि आफ्नो योग्यताले पुग्नेसम्मका सेवाहरूमा आवेदन गरिएको हुन्छ । यसरी सरकारी वा स्वैच्छिक क्षेत्रका विज्ञापनहरूमा आवेदन दिने र परीक्षामा सहभागी हुने क्रम जारी रहन्छ । जबसम्म जागिर पाइँदैन, तबसम्म उसको परिवारिक आयस्रोतको आधारमा आवश्यक पर्ने जति बेरोजगार भत्ताको रूपमा आर्थिक सहयोग पनि उपलब्ध गराउँदै आएको हुन्छ । रोजगारी प्राप्त भएपछि त्यही रोजगारीबाट प्राप्त हुने आयस्रोतको आधारमा निजले चाहेमा २० देखि ३० वर्षको अवधिसम्म आंशिक रूपमा भुक्तानी हुने गरी सहुलियत कर्जा र योजना हेरी आर्थिक अनुदानसमेत समायोजन गरी न्यूनतम ब्याज–दरमा घर, जग्गा वा ब्यावसायिक कर्जा पनि लगानी गर्छ । यसरी एउटा रोजगारी प्राप्त हुने ब्यक्तिकै आवासको निमित्त मानिसमा हौसला जागेर आउँछ र एउटा बास र जीवननिर्वाहको निमित्त आयस्रोतको लागि अरूसंग निर्भर रहनुपर्दैन ।

स्वास्थ्योपचारको मामिलामा पनि स्वास्थ्य–बिमा गरिएको हुन्छ । शिक्षाक्षेत्रमा आफ्नो वस्ती र इलाकाका बालबालिकालाई प्राथमिकतामा राखेर गुणस्तरीय शिक्षाको व्यवस्था मिलाइएको हुन्छ । सरकारी विद्यालयमा सिट पाउँदासम्म निजी स्तरबाट खोलिएका विद्यालयहरूमा पढाउन पठाउने प्रचलन हुँदैन । शिक्षालाई पूर्वप्राथमिक कक्षादेखि नै प्रयोगात्मक र व्यावसायिक बनाइएको हुन्छ । यसरी नागरिकप्रति सरकार स्वयं जिम्मेवार रहने हुनाले मानिस राष्ट्रप्रति पनि वफादार र उत्तरदायी बनेका हुन्छन् । सरकारी नियम कानूनको पूर्णरूपमा पालना गरिएको हुन्छ । प्रत्येक नागरिकले आफ्नो पदीय जिम्मेवारीलाई पूर्ण रूपमा पालना गरेको हुन्छ । यसरी विदेशमा रहने जनताले राष्ट्रप्रति वफादार रही एउटा विकसित र कानूनी राज्यको अनुभूति गर्न पाएको हुन्छ । साथै सुरक्षित र समृद्ध जीवन बिताउन पाएकोमा आफूलाई गौरवान्वित ठानेको हुन्छ ।

यी माथिका अनुभवको आधारमा हाम्रोजस्तो मुलुकमा उपयुक्त हुने खालको उपायको खोजीमा चिन्तन गर्दा विदेशमा देखेजस्तो नियम–कानूनको व्यवस्थापन गर्न र विकासको संरचना निर्माण गर्न उपयुक्त हुने खालका मुख्य–मुख्य बुँदाका रूपमा लिइएका निम्न बुँदाहरूको छनौट गरी प्रस्तुत गरेको छु । हुन त नेपालको राजनीतिमा आफ्ना पार्टीका सिद्धान्तबाहेक अरुका विचारधारा जतिसुकै राम्रा भए पनि कदर गर्ने प्रचलन छैन तैपनि जनचेतना र भावनात्मक समर्थनको निमित्त भए पनि आफ्ना विचारहरूलाई जनताका सामु राख्ने जमर्को गरेको हुँ । यी विचारहरूलाई एउटा वैचारिक अनुभवको आदान–प्रदानकै माध्यमबाट भए पनि मेरो आशयलाई बुझिदिनु हुन अनुरोध गर्दछु ।

(१) प्रथम त हामीले बाहिरी मुलुकमा देखेका वा हामीलाई उपयुक्त लागेका कुराहरूको आधारमा हाम्रो चाहना अनुरूपको विकासको निमित्त गुरुयोजना तयार गर्नुपर्‍यो र उक्त योजनालाई सम्पन्न गराउन आवश्यक पर्ने कानूनी पूर्वाधारको निमित्त कानूनमासमेत संशोधन गर्नुपर्‍यो ।

(२) हालसम्म भएका भ्रष्टाचारको हकमा यस्ता भ्रष्टाचारबाट प्राप्त गरिएका अकूत सम्पत्ति निमिट्यान्नै हुने गरी निर्मूल गर्न मुद्रा–प्रणालीमा नै परिवर्तन गर्नुपर्ने हुन्छ । यसको निमित्त नीति–निर्माणका आवश्यक प्रक्रिया पूरा गरी नयाँ मुद्रा–प्रणाली लागू गर्ने र जनताको मौज्दातमा रहेको स्रोतको विनिमय अनुमतिको निमित्त आयस्रोतको वैधानिकता खुलेको प्रमाणपत्रको आधारमा विनिमय अनुमतिपत्र जारी गर्ने व्यवस्था अपनाउनु पर्‍यो । यसले भ्रष्टाचारबाट प्राप्त हुने कालो धन स्वतः समाप्त हुनेछ ।

(३) धर्मको सम्बन्धमा पनि सबै क्षेत्रका धर्मावलम्बीहरूलाई एकत्र गराई धार्मिक सहभागिताको (जनगणनाको आधारमा प्राप्त जनमत अनुसार) आधारमा प्रतिनिधित्व हुने गरी संयुक्त मोर्चा गठन गरिनुपर्छ र अरूको धर्ममा कुनै किसिमको क्षति नपुर्‍याउने किसिमको प्रतिबद्धता जाहेर गरी आ–आफ्ना प्रतिबद्धतासहितका आचारसंहिता तयार गरी

पारित गराउनुपर्दछ। अनि सबै धार्मिक समुदायको प्रतिनिधित्व रहने गरी एउटा संयुक्त धर्म–समितिद्वारा धर्मका सीमालाई सीमाङ्कन गरिनुपर्दछ। यसरी खडा गरिएको धार्मिक समितिमा कुनै किसिमबाट पनि राजनीतिक हस्तक्षेप हुनु हुँदैन। देशले अवलम्बन गरेको धार्मिक नीतिलाई सम्बोधन गर्दा पनि सबैले आफ्ना-आफ्ना क्षेत्रबाट पालना गर्दै आएको धर्मलाई समेट्ने गरी सम्मान गरिने भएकोले राष्ट्रले अवलम्बन गर्ने धर्मको नीतिलाई पनि हिन्दु धर्मबाट परिवर्तन गरी "सनातन धर्म"को नामले सम्बोधन गरिनु उचित हुनेछ। किनभने यो सनातन नाम राखिनुका पछाडि पनि यसका आधारभूत कारणहरू छन्, जसले सबै धर्मलाई साझा रूपमा समेट्न सक्दछ। यो कुरा पुष्टि हुने आधारहरूको बारेमा छुट्टै खालका प्रमाणहरू भएकोले पछि आवश्यकतानुसार पेश गर्ने गरी यहाँ यसै सन्दर्भलाई प्राथमिकतामा राख्न चाहन्छु।

(४) योजना लागू हुने प्लटहरूमा प्लानिंग गर्न समुच्च जग्गालाई एकीकरण गर्नुपर्ने हुन्छ। त्यसैले योजनामा पर्ने जग्गा जति योजना–अवधिभरिको निमित्त अधिग्रहण गर्नुपर्ने भएकोले विभिन्न विवादहरू उठ्न सक्ने हुँदा यसको समाधानको निमित्त राज्यले दिन सक्ने सुविधा र उक्त प्लटमा हुने विकासका पूर्वाधारको सम्बन्धमा योजना स्पष्ट र प्रतिबद्ध हुनु जरूरी छ। यसैले उक्त विकसित आवासक्षेत्रमा उपलब्ध हुन सक्ने सुविधाका बारेमा र त्यो स्थानमा वसोवास गर्ने वासिन्दाले अवलम्बन गर्नुपर्ने नीति–नियमको बारेमा राज्य पहिले नै स्पष्ट हुन सक्नुपर्दछ।

(५) योजना कार्यान्वयन हुने वस्तीमा जग्गाको अधिकतम र न्यूनतम क्षेत्रफलको सीमांकन निर्धारण गर्नुपर्ने हुन्छ। त्यसैले हदभन्दा माथिको जग्गालाई उचित मुआब्जा र न्यूनतम सीमांकनसम्म पनि नआएका जग्गालाई सहुलियत मूल्याङ्कन र न्यूनतम व्याजदरको व्यवस्था मिलाई व्यक्तिको आयस्रोत र क्षमताको आधारमा राज्यबाट दिन सकिने अधिकतम सुविधा उपलब्ध गराएर वसोवास उपलब्ध गराउने नीति अवलम्बन हुनुपर्दछ। विकसित वस्तीहरूको निर्माण गर्दा उक्त स्थानमा वसोवास गर्ने व्यक्तिहरूको निमित्त अधिकतम सुविधा प्रदान गर्ने नीति–अनुरूप सुविधासम्पन्न बनाउन विद्यालयहरू, खेलकुदका मैदान, मनोरञ्जनात्मक स्थानहरूको व्यवस्था, पार्कहरू, योगशालाहरू, सिर्जनात्मक प्रतिभाका प्रशिक्षण गराउने स्थलहरू, स्विमिंग पुलको व्यवस्था, अत्याधुनिक सुविधासम्पन्न चिकित्सालयहरू, सतसंग, प्रवचन, सभा–सम्मेलन गर्ने खालका सुविधा–सम्पन्न हलहरू, बेसहारा वृद्ध–वृद्धाहरूको निमित्त उचित आवासीय प्रबन्ध, व्यापारिक कम्प्लेक्सहरू, यातायातको सुविधा, सोलार सिस्टमको व्यवस्था, पानी, ढल,बाटो, टेलिफोन, इन्टरनेटजस्ता आधुनिक सुविधाका कुरालाई मध्यनजरमा राखी वस्तीको विकास गरिएको हुनुपर्दछ र त्यसै अनुरूपको विकास अन्य स्थानहरूमा पनि अनुकरण गर्दै लगिनुपर्दछ।

(६) सर्वप्रथम योजनाको कार्यान्वयनको निमित्त कुनै एक खाली क्षेत्रलाई छनौट गरी त्यसमा योजना मुताबिकको पूर्वाधार सम्पन्न गरेर एउटा नमुना वस्ती तयार गर्ने। यस्ता योजनाका वस्तीभित्र वसोवास गर्ने वासिन्दाका हकमा पनि उनीहरूलाई अनुशासित र व्यावहारिक बनाउन उनीहरूले पालना गर्नुपर्ने नीति–नियमको तर्जुमा गरी उनीहरूद्वारा नै कार्यान्वयन गराउन जनचेतना जगाउनेदेखि पालना गराउनेसम्मको जिम्मेवारीका निमित्त, विभिन्न सङ्गठनहरू गठन गरी अधिकार प्रत्यायोजन गर्ने, अनुशासित र मर्यादित जीवनको अनुभूति दिलाउने खालका आचरणको अवलम्बन गर्ने वातावरणको विकास गर्ने। नयाँ परिवर्तित नियमानुसार वसोवास गराइने सुविधासम्पन्न वस्तीहरूमा लागू हुने राष्ट्रिय नीति–नियम र सुविधाका बारेमा सर्वसाधारणमा पनि जानकारी गराउन, चोक–चोकमा सूचना बोर्डहरू र प्रचार–प्रसारका पुस्तिकाहरूको सर्वसुलभ व्यवस्था मिलाइदिने ताकि सर्वसाधारण पर्यटकहरूले नमुना वस्तीको बारेमा प्रत्यक्ष अनुभव लिन सकुन् र आफूहरू पनि त्यसप्रति सकारात्मक बन्न सकून् भन्ने आम अपेक्षा हो।

(७) अन्य क्षेत्रलाई पनि विकासका मामिलामा उत्प्रेरित र जागरूक बनाई विनाअवरोध स्वत: स्फूर्त जनसहभागिता जुटाई उनीहरूकै जनचाहना र मागको आधारमा कार्यान्वयन गर्ने परिपाटीको विकास गर्न योजना छनोटको बटम अप एप्रोच अवलम्बन गर्दा योजनाको प्रतिफल, प्रभावकारिता र दिगोपन बलियो हुन्छ।

यी उपरोक्त बाध्यताहरूको आधारमा आवश्यक नीति–नियम तर्जुमा गरी योजनालाई जनसमक्ष प्रस्तुत गर्न सकिएमा यस सम्बन्धमा राष्ट्रिय स्तरमै छलफल गरी योजना तर्जुमा गर्नुपर्ने हुनाले जनचाहना बुझ्न अनौपचारिक (अनलाइन) जनमत लिन पनि सकिन्छ। यसरी जनचाहना अनुरूप योजना लागु गर्न सकिएमा मात्र देशमा सुशासनको वातावरण बन्न सक्दछ र देश पनि छोटो समयमा नै द्रुतगतिले विकासित हुन सक्दछ। यो भनाइमा लेखकको नितान्त व्यक्तिगत विचारधारा रहेको हुनाले सर्वसाधारण सबैको जनचेतनाको निमित्त मात्र आफ्ना अभिमत जाहेर गरेको हुँदा यहाँहरू समक्ष त्यही कुरा विश्वस्त गराउन चाहन्छु।

*(लेखक आध्यात्मिक चिन्तक हुनुहुन्छ र प्रतिबिम्ब, हाम्रो धार्मिक आस्थालगायतका पुस्तकका लेखक हुनुहुन्छ)*
*E-mail: gyawaliyagyaraj@gmail.com*

**सहभागिता** का हरेक अङ्क-विशेष अङ्क बनाउनमा हामी प्रयासरत छौं।
- सम्पादक मण्डल

छापाछापादै

# राष्ट्रिय योजना आयोगबाट 'राष्ट्रिय विकास'का १३ बुँदे समस्या पहिचान

- राधा चालिसे

राष्ट्रिय योजना आयोगले राष्ट्रिय विकासका १३ बुंदे समस्या पहिचान गर्दै ती समस्या समाधान गर्ने उपाय र समयसीमासहित सम्बन्धित निकायलाई निर्देशन दिएको छ । योजना आयोगअन्तर्गत *राष्ट्रिय विकास समस्या समाधान समिति*को ४०औं बैठकमा आयोगका उपाध्यक्ष डा. स्वर्णिम वाग्लेले विभिन्न मन्त्रालयसँगको चरणबद्ध छलफलपछि समयसीमासहित समाधानका उपायहरू प्रस्तुत गर्नुभएको हो ।

समिति बैठकमा स्थानीय तहको प्रशासनिक संरचना स्पष्ट नहुँदा जनशक्ति व्यवस्थापन र सेवाप्रवाहमा समस्या भएको भन्ने सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समस्या समाधान गर्न १५ दिनभित्र सामान्य प्रशासन मन्त्रालयको संयोजनमा सरोकारवाला विभिन्न मन्त्रालयको प्रतिनिधित्व हुने गरी स्थानीय तहको अन्तरिम संरचना तयार गर्ने र सामान्य प्रशासन मन्त्रालयले जनशक्ति खटाउने उपाय निकालिएको छ । त्यस्तै गाउँपालिका तथा नगरपालिकामा वैदेशिक सहयोग परिचालन र स्रोत व्यवस्थापनमा द्विविधा कायम रहेको समस्याको समाधान गर्न **दुई महिनाभित्र वैदेशिक सहयोग परिचालन र स्रोत व्यवस्थापन**को स्पष्ट मार्गचित्र तयार गर्न र आयोग, अर्थ मन्त्रालयसँग समन्वय गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विकास साझेदारहरूको बैठक आयोजना गर्ने समितिले सुझाएको छ ।

त्यस्तै गाउँपालिका तथा नगरपालिकाको भवन नहुँदा प्रशासनिक कार्यमा देखिएको समस्या समाधान गर्न **सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वडा कार्यालयसमेत गाउँपालिका तथा नगरपालिकाका भवनहरू चरणबद्ध रूपमा निर्माण गर्न दुई महिनाभित्र कार्ययोजना बनाउने र चार वर्षभित्र कार्यान्वयन गर्ने** आयोगले उपाय सुझाएको छ । त्यस्तै, **स्थानीय तहको प्राविधिक क्षमता विकास र अन्तरस्थानीय तह पूर्वाधार निर्माणका लागि संरचनागत व्यवस्था गर्न स्थानीय पूर्वाधारसम्बन्धी सबै क्षेत्रलाई एकीकृत गरी प्रदेशस्तरीय संरचना, प्राविधिक एकाइ र अन्य निकायसँग समन्वय गर्ने संयन्त्र** सङ्घीय मामिला तथा स्थानीय विकासलाई दुई महिनाभित्र गरिसक्न आयोगले निर्देशन दिएको छ ।

भूकम्पपीडितको निजी आवास निर्माणका लागि सहुलियतपूर्ण ऋण र सामूहिक जमानीमा तीन लाख रुपियाँसम्मको निर्व्याजी ऋण उपलब्ध गराउन एक महिनाभित्र अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कबाट नीतिगत व्यवस्था गरी वाणिज्य बैङ्कलाई निर्देशन दिन आयोगले सुझाव दिएको छ । त्यस्तै भैरहवाको विशेष आर्थिक क्षेत्रमा नियमित विद्युत् आपूर्ति गर्न ऊर्जा मन्त्रालयबाट प्राधिकरणलाई निर्देशन दिएर दुई महिनाभित्र समस्या समाधान गर्न निर्देशन दिइएको छ । आयोगले प्राविधिक धारतर्फका विद्यालयमा कम शैक्षिक योग्यता भएका शिक्षकबाट अध्यापन गराउनुपर्ने समस्या समाधानका लागि विभिन्न विश्वविद्यालयबाट प्राविधिक विषयमा अध्ययन गरेका तथा **सरकारी छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीलाई त्यस्ता विद्यालयमा स्वयम्सेवकका रूपमा खटाउने** काम दुई महिनामा गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको बैठकमा आयोग उपाध्यक्षले माथिल्लो त्रिशूली थ्री ए जलविद्युत् आयोजनामा ऋण अवधि नबढाउने चीनको एक्जिम बैङ्कबाट जानकारी प्राप्त भएको सन्दर्भमा परामर्शदातालाई उपलब्ध गराउने रकम नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारले उपलब्ध गराई आयोजना कार्यान्वयन एक महिनाभित्र अगाडि बढाउने उपाय पनि सुझाएको छ । त्यस्तै विभिन्न मन्त्रालय अन्तर्गत रहेका बोर्ड समिति प्रतिष्ठान, आयोग र अन्य निकायको पुनःसंरचना गर्न सम्बन्धित मन्त्रालयले कात्तिक मसान्तसम्म त्यस्ता निकायका सङ्गठन, साधन, संरचना, जनशक्ति आदिलाई प्रथम चौमासिक अवधिभित्रै पुनःसंरचना, हस्तान्तरण वा खारेजी गर्न पनि निर्देशन दिइएको छ । आयोगले विज्ञानप्रविधिको क्षेत्रमा दीर्घकालीन स्रोत तथा रणनीति तर्जुमा गर्न आगामी मङ्सिरसम्ममा मन्त्रालय र आयोगको सहकार्यमा रणनीति तयार गर्ने जनाएको छ । सङ्घीयता अनुरूप योजना प्रणाली, योजना सङ्गठन र तहगत सुधारका योजनाबीच अन्तरसम्बन्ध स्थापना गर्न र आवधिक तथा वार्षिक योजनासम्बन्धी क्षमता विकास गर्न आयोगले **आगामी सन् २०३० सम्मको दीर्घकालीन सोचको मस्यौदा** तयार गर्ने, विज्ञ संस्थाका रूपमा आयोगको पुनःसंरचना गर्न दिग्दर्शन तयार गर्ने डा. वाग्लेले बताउनुभयो । स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने आयोजना हालसम्म पनि हस्तान्तरण नभएको सम्बन्धी समस्या समाधान गर्न आयोगले भदौ मसान्तभित्र विनियोजन ऐन-२०७४ को दफा ५ अनुसार स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने आयोजना सम्बद्ध मन्त्रालयले हस्तान्तरण गरी सोको विवरण अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउन निर्देशन दिएको छ ।

दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (डीएफएस) तयार गरेको कोरियन कम्पनीले करिब ३५ करोड रुपियाँसहित थप रकम माग दाबी गरेको र भुक्तानी नदिएमा आर्बिट्रेसनमा जाने अवस्था रहेकाले यसअघिको बैठकको निर्णय अनुसार असोजभित्रमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत रकम भुक्तानीसम्बन्धी टुङ्गो लगाउन पनि निर्देशन दिएको छ । बैठकमा आर्थिक दायित्व थपिने केही प्रस्ताव पनि प्रस्तुत गरिएको थियो । यस्ता प्रस्तावहरूमा सन् २०१९ मा हुने १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगिताका लागि पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि बजेट विनियोजन गर्नुपर्ने, भूकम्पले क्षति पुऱ्याएका विद्यालय पुनःनिर्माणका लागि करिब १० अर्ब रुपियाँ बजेट आवश्यक पर्ने लगायत थियो । (**गोरखापत्र, काठमाडौं, भदौ २० गते, २०७४**) ।

स्थानीय तहमा पर्यटन

# सहरी गरिबी न्यूनीकरणका लागि पर्यटनमुखी उद्यम विकास : केही अनुभव



दलबहादुर जी.सी.

> यस क्षेत्र (ललितपुर महानगरपालिका, पाटन क्षेत्र वडा ११, १६ र २०) मा बसोबास गर्ने नेवार जातिहरू (शाक्य, बज्राचार्य र महर्जन) ले यो पेशा परम्परादेखि नै धान्दै आएका छन् । तर पनि व्यापकरुपमा हुनुपर्ने सहभागितामा अझै कमी छ । यो सहभागिता र दक्षता बढाउन सकियो भने पर्यटनका माध्यमबाट सहरी क्षेत्रमा रहेको गरिबीको अवस्था कम गर्न ठूलै मद्दत पुग्ने देखिन्छ । यो पीआरयूपीपी परियोजना "परीक्षण परियोजना" (पाइलट प्रोजेक्ट) भएकोले सिकाइको दस्तावेजीकरण पनि महत्वपूर्ण हुन आउँछ ।

पर्यटकलाई थप आकर्षित गर्न पर्यटनजन्य अन्य सामग्री र शिल्पकलाको प्रवर्द्धन गर्न सकेमा एकै स्थानबाट विविध प्रकारका सामग्री बेचबिखन गरी स्थानीय बासिन्दाको आयआर्जनमा वृद्धि गर्न मद्दत पुग्ने देखिन्छ। पर्यटनबाट बढीभन्दा बढी स्थानीय जनतालाई कसरी लाभ पुऱ्याउन सकिन्छ भन्ने चासो अहिले सर्वत्र बढ्दै गएको छ। पर्यटनलाई गरिबमुखी र दिगो बनाउने सोचले विस्तारै मान्यता पाउँदै गएको छ।

## सहरमा चलेको एउटा परियोजना

माथि उल्लेख गरिएको सन्दर्भलाई थप व्यवहारमुखी बनाउनका लागि नेपालकै एउटा प्रसिद्ध पर्यटकीय गन्तव्य (पाटन) मा विश्वबैंकको सहयोगमा सञ्चालन गरिएको एउटा परियोजना (पीआरयूपीपी) र त्यसबाट सिक्दै गरेका पाठको बारेमा यहाँ सङ्क्षिप्त प्रकाश पार्ने प्रयास गरिएको छ। ललितपुर उपमहानगरपालिका (हाल महानगरपालिका) ले सन् २०१६ र २०१७ को अवधिमा विभिन्न संस्थाहरू परिचालन गरी समुदायस्तरमा सञ्चालन गरेका पर्यटनमुखी क्रियाकलापहरूको झलक र ती संस्थाहरूमध्ये एक साझेदार संस्था स्टेप नेपाल (सशक्तिकरण समाज- नेपाल) को अनुभवलाई मात्र यस छोटो आलेखमा बढी जोड दिइएको छ।

ललितपुर महानगरपालिकाको मुटुको रुपमा रहेको मङ्गलबजार र वरिपरिका क्षेत्रहरू (साविकका वडा १६, १८, २१ र २२; हालका १६, २० र ११ वडाहरू) परम्परागत स्थानीयकला विशेषत: घरेलु हस्तकलाका सामग्रीहरू उत्पादन र बिक्री गर्ने पर्यटकीय थलो बनेको छ। यस क्षेत्रमा बसोबास गर्ने नेवार जातिहरू (शाक्य, बज्राचार्य र महर्जन) ले यो पेशा परम्परादेखि नै धान्दै आएका छन्। तर पनि व्यापकरुपमा हुनुपर्ने सहभागितामा अझै कमी छ। यो सहभागिता र दक्षता बढाउन सकियो भने पर्यटनका माध्यमबाट सहरी क्षेत्रमा रहेको गरिबीको अवस्था कम गर्न ठूलै मद्दत पुग्ने देखिन्छ। यो पीआरयूपीपी परियोजना 'परीक्षण परियोजना' (पाइलट प्रोजेक्ट) भएकोले सिकाइको दस्तावेजीकरण पनि महत्वपूर्ण हुन आउँछ।




तस्बिर : गुगल

## विशेष लक्षित समूहको खोजी र बहुसाझेदारिता

लपु महानगरपालिकाका माथि उल्लिखित चारवटै वडाका स्थानीय बेरोजगार, अर्धबेरोजगार युवा तथा युवतीहरू एवम् घरमै बस्ने गृहिणीहरूलाई विभिन्न प्रकारका पर्यटनसम्बद्ध क्रियाकलापमा संलग्न गराउन उत्प्रेरित गर्ने र सहरी गरिबी न्यूनीकरण गर्न मद्दत पुग्ने खालका कार्यहरू सञ्चालन गर्नुका लागि यस संस्थाले वडा कार्यालय, स्थानीय समूह, टोल सुधार समिति र ललितपुर हस्तकला सङ्घसँग समन्वय एवम् सहकार्य गरेको छ ।

हाल उत्पादित धातुका सामानभन्दा पृथक हस्तकलामा आधारित शिल्पकला-सामग्री (जस्तै, लोक्ताजन्य कागजका उत्पादन, क्रिस्टलबाट निर्मित सामग्री, झोला, नेपाली संस्कृति झल्काउने टिर्सट प्रिन्ट, सेरामिक्सका विविध सामग्री, आदि उत्पादन तथा व्यापार गर्ने सीप र कला विकासमा जोड दिइएको छ। सामान्य लगानीबाट पनि स्थानीइ बासिन्दाले व्यवसाय सञ्चालन गर्न सकून् भन्ने कुरामा विशेष जोड दिइएको छ । स्थानीयस्तरमा उत्पादन नभए पनि कच्चा पदार्थ अन्यत्रबाट ल्याएर ती सामग्रीमा विशेष सीप र कला देखाई पर्यटकले रुचाउने खालका आकर्षक र ठिक साइजका बनाउने र घरमै बसी बसी पनि मूल्य जोडेर ('भ्याल्यू एड' गरेर) अतिरिक्त आम्दानी गर्न सकिने कुरामा परियोजनाले विशेष जोड दिएको छ ।

सकेसम्म परिवारका सबै सदस्य संलग्न भई पारिवारिक आम्दानी बढाउनमा सहयोग पुगोस् भनेर लुकेर रहेका सीप र प्रतिभालाई पनि बाहिर ल्याउने प्रयास भएको छ । थोरै लगानीबाट चलाउन सकिने सानो उद्यमको अनुभवबाटै हरेक व्यक्ति भोलिका दिनमा ठूलो व्यवसायी बन्न सक्छ भन्ने मान्यता यस 'पीआरयूपीपी परियोजना'ले राखेको छ । उदाहरणका लागि, अर्गानिक जडीबुटीजन्य नेपाली चिया प्याकेजिङ गर्ने, सिस्नोको पाउडर प्याकेजिङ गर्ने र बिक्रेतासम्म पुऱ्याउने कार्य पनि परियोजनामा समावेश गरिएको छ । कामहरू भर्खर आरम्भ भएका छन् ।

कच्चा पदार्थ पाटनमा उत्पादन नभए पनि अन्यत्रबाट ती वस्तु ल्याएर व्यवस्थित ढंगले प्रशोधन, ग्रेडिङ तथा प्याकेजिङ गरी तिनलाई आकर्षक बनाई नाम र ब्रान्डसहित पर्यटकलाई बेच्दा बढी लाभ लिन सकिने रहेछ भनेर स्थानीयले अहिले बुझ्दैछन् । ठूलठूला मूर्ति र काष्ठकलामात्र होइन, सानातिना हस्तकलामुखी काम गरेर हातको सीप र खाली समय सदुपयोग गरेर पनि आफ्नो आम्दानी बढाउन सकिन्छ भन्ने कुरा अहिले ती 'लुकेका प्रतिभा'हरूमा पुग्न थालेको छ ।

सही व्यक्तिको छनोट गरी प्राविधिक तालिम अर्थात् 'उत्पादन कसरी गर्ने' भन्ने विषयमा तालिम दिने, त्यसलगत्तै व्यवसाय सृजना र प्रवर्द्धन तथा बजारीकरण कसरी गर्ने भन्ने विषयमा थप तालिम दिने र अन्त्यमा, उत्पादित सामग्री बेच्नका लागि स्थानीय व्यापारीहरूसँग लिंक गराउने काम यस परियोजनाको व्यवसाय विकास कार्यक्रमअन्तर्गत स्टेप नेपाल संस्थाले गरिरहेको छ ।

स्थानीयस्तरमा आफ्नै थलोमा उत्पादन भएका सामान बेच्न पाउँदा स्थानीय बासिन्दालाई लाभ त भइहाल्छ, त्यसबाहेक पाटन क्षेत्रमा घुम्न आउने विदेशी तथा स्वदेशी पर्यटकहरूका लागि पनि अतिरिक्त आनन्द आउँछ । यो मूल अभिप्राय नै व्यवसायमुखी क्रियाकलापको मुख्य ध्येय हो ।

## परियोजनाका प्रमुख क्रियाकलापहरू, चरणहरू र अपेक्षित उपलब्धिहरू:

१. **सहभागी छनोट :** सबै सरोकारवालाहरूसँगको बृहत् बैठकबाट सबैमा कार्यक्रमबारे सुसूचित गराइएको साथै स्थानीय समूह, अगुवा, टोल सुधार समिति र सामाजिक कार्यकर्ताको सिफारिसमा सहभागीहरूको छनोट भएको थियो ।

**बक्स १: परियोजना क्षेत्रमा स्टेप-नेपालबाट सञ्चालित**

**गरिबमुखी पर्यटन तालिम (र प्रशिक्षार्थी सङ्ख्या)**

- नेपाली हाते कागजबाट डायरी, क्यालेण्डर, भित्ते चित्र कोर्ने (२२)
- हाते तानमा आधारित कपडाको झोला बनाउने (१२)
- सुती कपडा तथा टिर्सटमा विशेष प्रिन्ट हान्ने (१२)
- क्रिस्टल र स्टोनबाट माला र औंठीहरु बनाउने (२४)
- काठका बुट्टेदार पर्यटकीय सामग्री बनाउने (१३)
- सेरामिक्सका मुकुन्डोलगायतका सामग्रीहरु बनाउने (९)
- उनीका सामग्री बुनाइ गर्ने (१५)
- सिस्नो पाउडर र अर्गानिक जडीबुटी चियाको प्याकेजिङ गर्ने (१४)
- व्यवसाय सिर्जना तथा विकास तालिम (माथिकै मध्ये : ९१ जना) ।

**स्रोत : पीआरयूपीपी-स्टेप नेपाल अफिसियल अभिलेख, २०१७ ।**

## पीयुआरपीपी परियोजनाबारे थप कुरा

**गरिबमुखी सहरी पुनरुत्थान नमुना परियोजना** (Pro-Poor Urban Regeneration Pilot Project : PURPP) **का उद्देश्यहरू**

- गरिब र जोखिममा रहेका बासिन्दालाई लक्षित गरी पर्यटनजन्य सामग्री उत्पादनको सीपमूलक तालिमको तर्जुमा गर्ने ।
- परियोजनाको औचित्यबारे जानकारी गराई सीप विकास कार्यक्रममा समावेश हुन लक्षित समूहलाई उत्प्रेरित गर्ने ।
- लक्षित वर्गलाई सीपमूलक तालिममा सहभागी बनाई सामग्रीहरू उत्पादन गर्न सक्षम बनाउने ।
- परियोजना क्षेत्रका पर्यटन सामग्री व्यवसायमा संलग्न व्यापारीहरूलाई नयाँ सामग्री उत्पादन र बिक्री-वितरण गर्ने कार्यमा सहयोग गर्न उत्प्रेरणा जगाउने ।
- सीपमूलक तालिमप्राप्त व्यक्तिहरूलाई व्यवसाय विकाससम्बन्धी तालिम प्रदान गर्ने ।
- तालिमप्राप्त लक्षित समूहका व्यक्तिहरूलाई स्वरोजगार (सामग्री उत्पादन र बिक्री) वा रोजगारीमा संलग्न गराई नियमित तथा थप आयआर्जन प्राप्त गर्न मद्दत गर्ने ।
- व्यवसायसँग सम्बन्धित सरकारी तथा अन्य सरोकारवाला संस्थाहरूसँग समन्वय गरी उक्त संस्थाबाट प्राप्त हुन सक्ने सेवा सुविधा उपलब्ध गराउन मद्दत गर्ने ।
- परियोजनाले ल्याएको परिवर्तन बारेमा सफलताका कथाहरू र असल अभ्यासहरूको अभिलेख र प्रकाशन गर्ने ।

यस परियोजनाले सहरी गरिबलाई सक्रिय सहभागी गराउने समाव्यता कामका आधारमा प्रमाणित र सिद्ध गर्ने प्रयास गरेको छ स्थानीय सम्पदा संरक्षणका लागि समुदायमा चेतना अभिवृद्धि गर्ने पनि यसको एउटा अभिन्न उद्देश्य हो । यो परियोजनाका लागि जापान सोसल डेभलपमेन्ट फन्डले वित्तीय सहायता उपलब्ध गराएको छ र विश्व बैंकले सञ्चालनको प्रबन्ध गरेको छ । यो १८ महिने परीक्षण परियोजना हो र यही सेप्टेम्बर २०१७ मा पूरा हुने भएको छ । यस अनुदान अवसर (Window 3) ले सहभागितामुलक योजना मार्फत परियोजना क्षेत्र ४ वटा वडाका लागि अनुमोदित निम्न प्राथमिकताका परियोजनालाई योगदान पुऱ्याउने क्रियाकलापहरूलाई सहयोग प्रदान गर्दै आएको छ ।

**प्राथमिकता ४:** धातुको कामबाहेक अन्य उत्पादित वस्तुका सामग्रीहरूको समेत व्यावसायिक कारोबारबाट भाडा तिर्नुपर्ने स्थान वा ठाउँको अधिकतम उपयोग हुने गरी थप व्यावसायिक क्रियाकलापहरू समेत समावेश गर्ने, र

**प्राथमिकता ६:** बजारीकरण, मूल्य निर्धारण र प्याकेजिङ्ग जस्ता राम्रा उपायहरूमा ध्यान दिई उनीहरूको उत्पादन बिक्रीको साथै स्थानीय कालिगढहरूको क्षमता अभिवृद्धि गर्ने ।

उल्लेखित प्राथमिकता क्षेत्रमा कार्य गर्नको लागि विभिन्न गैससहरूसँग सहकार्य गर्ने क्रममा ललितपुर महानगरपालिकासँगको सम्झौता अनुरुप *विन्डो ३* अन्तर्गतको व्यावसायिक पहलको लागि प्राथमिकता नं. ४ र ६ लाई टेवा पुऱ्याउने उद्देश्य राखी सशक्तिकरण समाज नेपाल (स्टेप) ले **सहरी गरिबी न्यूनीकरणका लागि पर्यटनमुखी व्यवसाय प्रवर्द्धन** कार्यक्रम सन्चालन गर्दै आएको छ । सोही कार्यक्रमको अनुभवलाई यस लेखमा समावेस गरिएकोछ ।

(स्रोत : पीआरयूपीपी अफिसियल दस्तावेज, २०१६)

२. **सीप विकास** : लक्षित समूहका व्यक्तिहरूले परियोजनाबाट स्वीकृत भएको कुनै विषयको सीपमूलक तालिममा सहभागी भई उपयुक्त सीप हासिल गर्ने अवसर दिइएको ।



तस्बिर सौजन्य : स्टेप नेपाल

३. **व्यवसाय सिर्जना तथा विकास:** सीप हासिल गरेका व्यक्तिहरूको लागि व्यावसायिक ज्ञान र कलाको विकासको निम्ति अलग-अलग स्लटमा विशेषज्ञहरूमार्फत् तालिम प्रदान । सो तालिमबाट आफूले उत्पादन गर्ने वस्तुलाई कसरी बजारीकरण गर्ने भन्ने बारेमा उद्यमशीलतासम्बन्धी थप तालिम तथा सिकाइ व्यवस्था भएको । स्टेप नेपालबाट मात्र विभिन्न ८ विषयमा (**बक्स १** पनि हेर्नोस्) करिब ५ महिनाको अवधिमा **१२१ जनालाई** तालिम प्रदान । जसमा महिलाको संख्या अत्यधिक अर्थात् झण्डै ८० प्रतिशत छ ।

४. **स्वरोजगार/रोजगारीको अवसर सिर्जना** : सीप हासिल गरी उद्यमशीलताबारे पनि ज्ञान प्राप्त गरेका व्यक्तिहरू सामग्री उत्पादन र बिक्री स्वयम् गर्न सक्ने बन्नका लागि त्यस्ता व्यक्तिहरूलाई स्थानीय व्यवसायीहरूले रोजगारी दिई वा उनीहरूले उत्पादन गरेका वस्तु बेचिदिएर उनीहरूलाई आफनो व्यवसाय बिस्तार/प्रवर्द्धन गर्न सघाउ । यसका लागि परियोजनाबाट सहजीकरण, बैठक, नेटवर्किङ विस्तार (हाल जारी) ।

**बक्स २: घटना अध्ययन : 'तालिमले पलाएको आशा'**

**श्री सानुमाया बज्राचार्य,** ५०, ललितपुर महानगरपालिका वडा नं ११, इखाच्छेँ (साविक २२ वडा) का स्थानीय वासिन्दा हुन्। उनका श्रीमान्, १ छोरा र ३ छोरी छन्। दुई छोरीको विवाह भैसकेकाले उनीसँगै अहिले ४ जनाको परिवार छ। उनीहरू अहिले २०७२ को भूकम्पबाट क्षति भएको घरमा नै बसोवास गर्दै आएका छन्। नयाँ घर बनाउने क्षमता नभएकोले त्यसरी पुरानै घरलाई मरम्मत गरी बसेको कुरा उनीहरू बताउँछन्। सानुमायामा चाँदीका इअररिंग (एर्लिङ्ग), टिर्सट प्रिन्ट, काठको बुट्टेदार फ्रेम, र सिलाइबुनाइ गर्ने विभिन्न सीप छन् । उनले यी सीपमाससानो मात्रामा काम गर्दै आएकी छन्। हालै उनी सशक्तिकरण समाज नेपालले सहरी गरिवी न्यूनीकरणका लागि पर्यटनमुखी व्यवसाय प्रवर्द्धन कार्यक्रमअन्तर्गत सञ्चालन गरेको ८ दिने **सेरामिक्सका सामान उत्पादन गर्ने तालिममा** सहभागी भइन् । त्यस तालिमपछि अब उनले फ्रेम बनाउने, अस्टमङ्गल तथा ड्राईगन मूर्ति पनि झनै राम्रोसँग बनाउन सक्छिन् । साथै सोही कार्यक्रमअन्तर्गत ५ दिने व्यवसाय सिर्जना तथा विकाससम्वन्धी तालिममा पनि उनी सहभागी बनिन् । यो तालिमले उनको व्यवसाय गर्ने क्षमताको विकास र उत्प्रेरणा समेत मिलेकाले उनी थप उत्साहित भएको बताउँछिन्। 'अब सेरामिक्सलगायत आफूले जानेका सीपहरूलाई व्यवसायमा ढाल्दै एक सफल उद्यमी बन्न चाहन्छु' उनी भन्छिन्। सशक्तिकरण समाज नेपालले गरेको प्रयासलाई धन्यवाद ज्ञापन दिँदै उनी थप्छिन्, 'तालिम पाइयो, अब उत्पादित सामानको बिक्री वितरणको लागि पनि सहयोगको आशा राखेका छौं ।'

**स्रोत : स्थलगत अन्तर्वार्ता, २०७४ भदौ । विजयसिंह गुरुङबाट)**

५. **नियमित आम्दानी /थप आम्दानीको बाटो** : स्वरोजगार भएर वा स्थानीय रोजगारीका माध्यमबाट विस्तारै प्रशिक्षित जनशक्ति पर्यटन व्यवसायतर्फ उन्मुख रहेको अवस्था । यस कार्यको हाल निरन्तर सहजीकरण र अनुगमन भइरहेको छ । स्थानीय सहजकर्ताहरूबाट नियमित भेट, प्रोत्साहन तथा लिंकेज गराउने काम भएको छ। संलग्न व्यक्तिहरूले अब गर्ने नियमित आम्दानी र त्यसको प्रभावको अनुगमन तथा अभिलेखीकरण गरिँदैछ। यो कार्यमा सम्वन्धित महानगरपालिका कार्यालय र वडाहरूलाई पनि अद्यावधिक गरिँदैछ ।

६. **घरधुरी/पारिवारिक जीवनस्तर अभिवृद्धि** : व्यक्तिको आयवृद्धि भएपश्चात् उसले घरपरिवारलाई सहयोग गर्नुका साथै बचत गर्ने बानीको पनि सुरुवात गर्नेछ भन्ने अपेक्षा परियोजनाको छ। भैपरी आउने खर्च धान्नुका साथै भविष्यको लागि पनि लगानी गर्ने वातावरण बनाउन प्रशिक्षित व्यवसायी सफल हुँदै गएमा त्यसले अगाडिको बाटो पनि देखाउने छ ।

हालसम्म धेरै सफलता हात नलागे पनि शुभलक्षणहरू भने देखिन थालेका छन्। तालिमपछिको अवधि धेरै भएको छैन । केही समय पर्खिनै पर्छ। पाटन सहरका गरिबहरूमा आशा पलाएको छ अहिले। गरे हुँदोरहेछ भन्ने भावना पलाएको छ। पर्यटन व्यवसाय भनेको ठूलाले मात्र गर्ने व्यवसाय होइन रहेछ, सानातिना सिपालु मान्छे पनि संलग्न हुन सक्दारहेछन् भन्ने आत्मविश्वास विस्तारै बढ्दै गएको छ। पाटन इखाछेँ टोल (हाल वडा ११) की लक्ष्मी शाक्य भन्छिन्, 'तालिमपछि मेरो आत्मविश्वास निकै बढेको छ। अब त हामी बुढाबुढी नै पर्यटन व्यवसायमा संलग्न हुन सक्ने सम्भावना बढेको छ। मेरो सिलाइ व्यवसाय र श्रीमानको सेरामिक्स तथा मूर्ति उत्पादन व्यवसाय भयो भने हामीलाई घर चलाउन गाह्रो नपर्ला भन्ने लागेको छ । अब त छोराहरूलाई पढाउने खर्च जुटाउन पनि गाह्रो नपर्ला कि !' लक्ष्मीजस्तै सानुमाया बज्राचार्य, ज्ञानी बज्राचार्य, चन्द्रतारा शाक्यले पनि एकै स्वरमा भने, 'हो, हामीले



तस्बिर : गुगल


तस्बिर सौजन्य : स्टेप नेपाल

पनि अब केही गरेर अगाडि बढ्न सक्छौं कि भन्ने लागेको छ। हामीलाई अझै थप तालिम र लगानीमा सहयोग गर्ने संस्थाको भने खाँचो छ।' लक्ष्मीका ४९ वर्षे श्रीमान केदार शाक्यले भने, 'सकेसम्म हामी समूह बनाएर अघि बढ्ने सोचमा छौं।' (**बक्स २ मा घटना अध्ययन पनि हेर्नोस्**)

परियोजना पहलको दिगोपनाका लागि पर्यटन व्यवसायसँग सम्बन्धित व्यापारीहरूँग सुसम्बन्धको विकास भइराखेको छ। रोजगारी दिने लगायत स्वरोजगार र उद्यम विकासको लागि पनि स्थानीय व्यवसायीहरूको सहयोग अपरिहार्य रहेको र स्थानीय र बाहिरि व्यवसायीहरूसँग कच्चा पदार्थको लागि पनि समन्वय भैरहेको छ।

स्थानीय सरकारी र निजी संघसंस्थाहरू र सेवा प्रदायकहरू (जस्तै, घरेलु तथा साना उद्योग विकास कार्यालय, ललितपुर हस्तकला सङ्घ, वडा कार्यालयहरू, टोल सुधार समिति, गुठी तथा ल्कबहरू, तालिम प्रदायक संस्था र व्यक्तिहरू र बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै अघि बढ्नको लागि सशक्तिकरण समाज नेपालले सहयोग प्रदान गरिरहेको छ।

## सिकाइ र अबको बाटो

सहभागीहरूलाई पीआरयूपीपी परियोजनाले धेरै केही दिएको छैन। सामान्य चेतना र तालिमले पनि उनीहरूमा अपार उत्साह र भरोसा जगाएको छ। सहरका गरिब मान्छेसँग काम गर्ने परिपाटी नेपालमा अझ पनि टाढाकै विषय भएको छ। तर सहरी क्षेत्रको गरिबी गाउँको भन्दा पनि अझ दर्दनाक हुने देखिएको छ। यो बुझाइ पनि अहिलेको ठूलो पाठ हो।

तर गाउँमा भन्दा सहरमा अवसर प्रशस्त हुन्छन्। पाटनमा पनि अवसर धेरै छन्। अहिलेसम्म पर्यटकीय लाभ प्रत्यक्ष पाउन नसकेका त्यस्ता अवसरविहीन वर्गसँग काम गर्ने यो खालको प्रयास विश्व बैंकको सहयोगमा महानगरपालिकामार्फत् गैससहरू परिचालन गरी हुनु एउटा सुखद् पक्ष हो। काम गरेर नै सिकिने हुँदा अब हामीले पनि पर्यटनमा सहरी गरिब परिवारलाई कसरी सहभागी गराई हौसला भर्न सकिन्छ भन्ने कुरा सिकेका छौं। उत्पादनको बजारीकरणमा अझ कस्ता कस्ता समस्या भोग्नुपर्ने हो, त्यो सिक्नै बाँकी छ। यदि त्यसमा पनि सफलता हात लाग्यो भने हामीले नेपालका अन्य सहरका स्थानीय सरकारसँग काम गर्न सकिने सम्भावना देखेका छौं। अब पाटनका सहभागीहरूलाई नै नमुनाका रुपमा अन्यत्र लगेर प्रस्तुत गर्न पनि सकिन्छ कि भन्ने पनि हामीलाई लागेको छ। परियोजना अवधि समाप्तिपछि पनि ललितपुर महानगरपालिकाको नियमित कार्यक्रममा नै यस खालका क्रियाकलाप र कार्यक्रमहरू आबद्ध गर्दै लैजान पनि हाम्रो सहजीकरण र सहयोग जारी रहने छ। स्थानीय तहमा पर्यटन व्यवस्थापन र नियमनमात्र होइन, विकासको कार्यक्रम पनि बनाउन यस परियोजनाले बाटो देखाएको छ। हिंड्नपर्ने बाटो भने लामै छ।

सहरी क्षेत्रमा महिला सहभागिता उल्लेख्य हुन सक्ने, परम्परागत सीपका अतिरिक्त केही नयाँ खालका सीप पनि खोजी हुनुपर्ने, व्यवसाय सिर्जना र विकास तालिम बेस्सरी काम गरिरहेका व्यवसायीलाई पनि नौलो लाग्ने, सामूहिक भावना पैदा गर्नसमेत यस्ता तालिम उपयोगी हुने, सानो सहयोग र नियमित सम्पर्क गर्नाले उत्साह मरेका मान्छेलाई पनि सहजै समूहमा ल्याएर काम गराउन र उत्साह पैदा गराउन सकिने, महिलाको समय राम्रोसँग विश्लेषण गरेर फुर्सदको समयमा तालिम चलाइदिन सके र स्थानीय चाडपर्वलाई समेत ख्याल गरी तालिम आयोजना गर्न सके सहभागिता बढ्ने, वास्तविक गरिब र विपन्नमा पुग्न स्थानीय सहजकर्ता र नेतृत्व वर्गले धेरै नै मेहनत गर्नुपर्ने, तथा सहरी क्षेत्रमा उल्लेख्य प्रभाव देखाई ठोस अनुभवका लागि कम्तीमा ३ वर्षको परियोजना डिजाइन हुनुपर्ने हाम्रो अहिलेसम्मको सिकाइ रहेको छ। यो सिकाइ थपिने क्रम जारी छ।

स्थानीय सरकारलाई यस परियोजनाको सफलताको उदाहरणहरूको प्रस्तुति गरी थप सहयोगको लागि अनुरोध गरिने योजना बनेको छ। (**पर्यटनविद्हरू रविजङ्ग पाण्डे र चेतनाथ कणेलको सहयोगमा**)

*(लेखक जी.सी. स्टेप नेपालका अध्यक्ष तथा स्टेपका तर्फबाट पीआरयूपीपी परियोजनाका निर्देशक हुनुहुन्छ।)*
*E-mail: gc_dal@hotmail.com*

# स्थानीय तहमा आर्थिक विचलनको सम्भावना



रत्न प्रजापति

> जेजसरी भए पनि धनसम्पत्ति जोड्न सक्नेलाई सम्मान गर्ने (कु)संस्कार समाजमा विद्यमान रहुन्जेल भ्रष्टाचार निवारण कठिन र चुनौतीपूर्ण हुनेछ । भ्रष्टाचारीलाई "यो त भ्रष्टाचारी हो" भनेर औंलो सोझ्याउने साहस समाजका कोहीकसैले गर्न नसकेसम्म कानुनी प्रयासले मात्रै भ्रष्टाचार निवारण हुनसक्दैन ।

स्थानीय तह निर्वाचनका विजयी जनप्रतिनिधिहरूले आफ्नो कार्यभार पनि सँभालिसके। गाउँपालिकादेखि महानगरपालिकासम्मका जनप्रतिनिधिले चुनावी लडाइँ जितिसकेपछि आआफ्नो क्षेत्रको विकासमा आफूलाई समर्पित गर्ने प्रतिवद्धता पनि सार्वजनिकरूपमै व्यक्त गरिसके। देश र देशवासीको नाउँमा शपथ खाएका जनप्रतिनिधिले आआफ्नो क्षेत्रको विकास गर्ने आफ्नो कर्तव्य रहेको अझै पनि दोहोऱ्याइरहेका छन्। सबैले विकासमा जोड दिएका छन्। कसैले केको विकास गर्छु भनेका छन्, कसैले केको। तर धेरैजसोले चाहिँ बाटोघाटो, सडक, यातायात, खानेपानी, सिँचाइ आदिको विकास गर्छु भनेका छन्। गाउँका जनप्रतिनिधिले स्थानीयस्तरमा अत्यावश्यक देखिएका बाटोघाटो, सडक, खानेपानी, सिँचाइ आदिको विकास गर्छु भनेका छन् भने नगर र महानगरका जनप्रतिनिधिले चाहिँ मेट्रो रेल र स्मार्ट सिटीसम्म बनाउने प्रतिवद्धता जनाएका छन्। उपत्यकाका चार स्थानमा स्मार्ट सिटी बनाउने उद्देश्यले जग्गाको कित्ताकाटसमेत रोकिएको उपत्यका विकास प्राधिकरणले जनाएको छ। उपत्यकाका चार स्थानमा झन्डै १ लाख ३० हजार रोपनी जग्गालाई समेटेर स्मार्ट सिटी बनाउने योजनाले यतिखेर निकै ठूलो चर्चा पनि पाइरहेको छ। मन्त्रिपरिषदको जेठ २२ गते सोमबारको बैठकले यस्तो निर्णय गरेको थियो। सरकारको यो निर्णयले जनप्रतिनिधिहरुले जनतासामु व्यक्त गरेका प्रतिवद्धताहरुलाई थप विश्वसनीय बनाउन मद्दत पुगेको चर्चा पनि हुँदैछ।

चुनाव जित्नुअघि यसो गर्छु र उसो गर्छु भनेका जनप्रतिनिधिहरूले जितपछि विजयजुलूसका क्रममा अथवा सार्वजनिकरूपमा बधाइज्ञापनका क्रममा अथवा कार्यभार सँभाल्ने क्रममा पनि उसैगरी यसो गर्छु र उसो गर्छु भनेका छन्। जनताले चाहेजस्तो र जनताले खोजेजस्तो मीठोमीठो प्रतिवद्धता प्रायः सबै जनप्रतिनिधिले व्यक्त गरेका छन्। तर तीमध्ये पनि सबैभन्दा बढी जनताले चाहेको र खोजेको एउटा प्रतिवद्धता भने एकाध जनप्रतिनिधिले मात्रै व्यक्त गरेका छन्। धेरै जनताले बढी चाहेको प्रतिवद्धता भ्रष्टचार गर्दिनँ अथवा भ्रष्टाचार हुन दिन्नँ भन्ने नै हो। तर समाज र सिंगो देशलाई नै भ्रष्टाचारले जर्जर बनाएको अवस्थामा म भ्रष्टाचार गर्दिनँ अथवा भ्रष्टाचार गर्न दिन्नँ भन्ने प्रतिवद्धता

जनाउने जनप्रतिनिधिहरू औँलामा गन्न सकिने अवस्थामा पनि भेटिएनन् । यो नै सबैभन्दा ठूलो विडम्बना भएको छ । यसले गर्दा जनप्रतिनिधिहरूले संविधानप्रदत्त अधिकारलाई प्रयोग गर्दै जनताको सेवा र स्थानीय विकासका लागि पाएको महत्वपूर्ण अवसरलाई दुरुपयोग पो गर्ने हुन् कि भन्ने आशंका पनि उब्जाएको छ । यसअघि सिंहदरबारमा केन्द्रित आर्थिक अधिकार अब गाउँपालिकासम्मै पुगेको अवस्थामा जनप्रतिनिधिहरुबाट त्यस्तो अधिकारको दुरुपयोग नहोला भन्न सकिने अवस्था पनि छैन ।

उम्मेदवार तय गर्ने राजनीतिक दल र स्वयं उम्मेदवारहरूले पनि भ्रष्टाचारलाई आफ्नो घोषणापत्र अथवा आफ्नो सार्वजनिक प्रतिबद्धतामा विशेषरूपमा समेट्न नचाहनुले उनीहरू मुलुकमा व्याप्त भ्रष्टाचार न्यूनीकरणमा जिम्मेवार बन्न नखोजेको महसुस हुन्छ । मध्यपुर थिमी, सूर्यविनायक, नमोबुद्ध, कमलामाईलगायतका केही नगरपालिकाका प्रमुखहरूले मात्रै आफ्नो नगरलाई भ्रष्टाचार मुक्त बनाउने घोषणा गरेका छन् । जनतासँग प्रत्यक्ष सरोकार राख्ने जनप्रतिनिधिहरू नै मुलुकमा व्याप्त भ्रष्टाचारप्रति उदासीन बन्नु र त्यसको निवारणमा कुनै चासो र चिन्ता व्यक्त नहुनुले आगामी दिनमा मुलुकमा भ्रष्टाचार अझै बढ्ने सार्वजनिक चिन्ता बढेको छ । अहिले मुलुकका हरेक निकायमा व्याप्त भ्रष्टाचार समाज र देशको अर्थतन्त्रका लागि पनि गम्भीर चुनौतीको रूपमा रहेको अवस्थामा यसप्रति जनप्रतिनिधिहरूको चासो र प्रतिबद्धता नआउनु खट्किने विषय नै हो । अहिले कुनै एउटा भ्रष्टाचारी कानुनद्वारा दण्डित हुँदा पनि सार्वजनिकरूपमै खुसी मनाउनुपर्ने अवस्था छ । यही अवस्थाले नै जाहेर गर्छ मुलुकमा व्याप्त भ्रष्टाचारको चरम अवस्थालाई ।

पछिल्लो पटक आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्मालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको आरोपमा पक्राउ गरेको खबरले भ्रष्टाचारबाट आर्जित जनताले खुसी महसुस गरेका छन् । यसैगरी भ्रष्टाचारकोअभियोगमा दोषी ठहर भई फरार रहेको भनिएका नेपाल प्रहरीका दुई पूर्व महानिरीक्षक हेमबहादुर गुरुङ र ओमविक्रम राणा, पूर्व अतिरिक्त महानिरीक्षक दीपकसिंह थाइदेन र श्यामसिंह थापा र पूर्व नायब महानिरीक्षक दीपक श्रेष्ठ तथा वरिष्ठ उपरीक्षक रविप्रताप राणाले सर्वोच्च अदालतसामु आत्मसमर्पण गरेपश्चात् जेल चलान गरिएको खबरले भ्रष्टाचारविरुद्धको अभियान प्रभावकारी बन्दै गएको मात्रै देखिएको छैन, भ्रष्टाचारबाट आर्जित आमनेपाली जनताले सार्वजनिकरुपमै खुसीको अनुभूति पनि गरेका छन् । यद्यपि यस्तो खुसीको अवसर निकै कममात्रै प्राप्त हुने गरेको छ । धेरैजसो ठूला भ्रष्टाचारीहरूले राजनीतिक र प्रशासनिक संरक्षणमा उन्मुक्ति पाउँदै आएका छन् । भ्रष्टाचारको आरोपमा पक्राउ परे पनि पछि राजनीतिक तथा प्रशासनिक दबाब र प्रभावबाट छानबिनलाई प्रभावित तुल्याएर आरोप पुष्टि हुन नसकेको भन्दै सफाइ पाउने अवस्था सिर्जना हुने अथवा गरिने हुँदा भ्रष्टाचारीले ससम्मान उन्मुक्ति पाउँछन् । यस्तो अवस्थाले भ्रष्टाचारीको मनमा वास्तविक डर नै पैदा हुन सकेको छैन । जसरी पनि उन्मुक्ति पाइहाल्छु भन्ने मानसिकताले गर्दा भ्रष्टाचारीको मनोबल उच्च रहिआएको छ । जेलबाट छुटेका भ्रष्टाचारीलाई युद्ध विजय गरी फर्केको बहादुर सेनालाई जस्तो फूलमाला लगाई जयजयकार गर्ने (कु)संस्कारले गर्दा पनि भ्रष्टाचारीहरुमा सामाजिक भय उत्पन्न हुन नसकेको अवस्था छ । भर्खरै निर्वाचित जनप्रतिनिधिहरूको हकमा पनि यही अवस्था दोहोरिनसक्ने सम्भावना छ ।

निर्वाचनका क्रममा राजनीतिक दल र दलबाट जनप्रतिनिधिका दावेदारहरूले विकासका एजेन्डाहरूलाई निकै जोडतोडका साथ उठाएका छन् । झन्डै २० वर्षसम्म स्थानीय विकास र निर्माणको अनुभवबाट वञ्चित हुँदै आएका जनता त्यस्तो मीठो अनुभव सँगाल्न आतुर रहेकाले विकास र निर्माणका यस्ता एजेन्डाहरूबाट निकै आकर्षित र प्रभावित पनि भएका छन् । सिंहदरबारको अधिकार गाउँसम्म आउने संवैधानिक व्यवस्था र जनप्रतिनिधिहरूमार्फत् नै त्यस्तो विकास र निर्माणमा सरकारले उपलब्ध गराउने निसर्त अनुदान अर्थात् बजेटको परिचालन हुनेहुँदा जनताका नजरमा स्थानीय प्रतिनिधि अझै अधिकारसम्पन्न हुने भएका छन् । यस्ता अधिकारसम्पन्न जनप्रतिनिधिले भ्रष्टाचार निवारणमा सघाउनुको सट्टा आफैं त्यसमा संलग्न हुनथाले भने भ्रष्टाचारको अवस्था हालको भन्दा थप गम्भीर बन्ने निश्चित छ । विकासनिर्माणको बजेट सेवासुविधा वृद्धिमा उपयोग गर्न जनप्रतिनिधिहरूले गर्न थालेका तदर्थ निर्णयहरूले स्थानीय तहमा आर्थिक विचलन बढ्ने संकेत पनि देखिएका छन् । अब त झन् स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको तलबभत्तालगायत सेवासुविधा स्थानीय सरकार आफैंले गाउँ र नगरसभाबाट पारित गरेर तोक्नसक्ने भएकाले आर्थिक विचलन बढ्नसक्ने सम्भावना थप बढेको छ । आफ्नो हात जगन्नाथ भनेझैं आफ्नै निर्णय चल्ने भएपछि जनप्रतिनिधिले आफ्नो हित र स्वार्थअनुकूल निर्णय गर्नु स्वाभाविक नै हुन्छ ।

निर्वाचनका बेला स्वाभाविकरुपमा सबै उम्मेदवारहरुले मन खोलेर खर्च गरेका छन् । मतदाताहरुलाई आफूप्रति आकर्षित गर्न र आफूलाई विजयी गराउन सबै उम्मेदवारहरुले मन खोलेर

खर्च गरेका हुन्। विगतदेखि नै सबै प्रकारका निर्वाचनहरुमा यसरी पैसाकै बलमा निर्वाचनमा आफू विजयी हुने अभ्यास सबै राजनीतिक दलका उम्मेवारहरुले गर्दै आएका छन्। स्थानीय तहको निर्वाचनमा पनि यही प्रवृत्तिलाई पछ्याएको देखिन्छ। निर्वाचन आचारसंहिता र निर्वाचन आयोगले तोकिदिएको सीमालाई उल्लंघन गर्दै प्राय सबै उम्मेदवारहरुले आफूखुसी खर्च गरेको पाइन्छ। निर्वाचनका वेला कालोधनसमेत बाहिर आउने हुँदा यो बेलामा बजारमा अनौपचारिक माध्यमबाट नगदप्रवाह समेत बढेको पाइन्छ।

निर्वाचन मर्यादित होस् र निर्वाचनमा आर्थिक विसंगति नबढोस् भन्ने हेतुले निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागू गरेको थियो र खर्चको सीमा पनि तोकिदिएको थियो। जसअनुसार जनप्रतिनिधिका उम्मेवारले आयोगले तोकेअनुसारको मात्रै खर्च गर्न पाउने सीमा थियो। आयोगले तोकेको सीमाअनुसार महानगरपालिकाका प्रमुख र उपप्रमुखले ७ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकिएको थियो। महानगरपालिकाका वडा अध्यक्ष र सदस्यले भने ३ लाख रुपैयाँसम्म खर्च गर्न पाउँथे । यसैगरी उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखले ५ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउँथे भने वडा अध्यक्ष र सदस्यहरुले २ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउँथे।

उता नगरपालिकाका प्रमुख तथा उपप्रमुखले चाहिँ ४ लाख ५० हजार रुपैयाँसम्म र वडा अध्यक्ष तथा सदस्यहरुले २ लाख रुपैयाँमात्रै खर्च गर्न पाउँथे। यसैगरी गाउँपालिकाका प्रमुख र उपप्रमुखले ३ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउँथे भने वडा अध्यक्ष तथा सदस्यहरुले १ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउँथे। यसैगरी जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखले २ लाख ५० हजार रुपैयाँ र सदस्यका उम्मेदवारले १ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउने सीमा निर्वाचन आयोगले तोकेको थियो। सबै उम्मेदवारले तोकिएको रकम मतदाता नामावली खरिद, सवारी साधन र प्रचारप्रसार सामग्री, ढुवानी, कार्यकर्ता परिचालन, कार्यालय सञ्चालनलगायतमा खर्च गर्न पाउँथे। निर्वाचन सकिनासाथ सबै उम्मेदवारले सीमाभित्र रही गरेको खर्चको बिलभर्पाइ सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पेश गर्नुसमेत उल्लेख गरिएको थियो। तर उम्मेदवारहरुले तोकिएभन्दा बढी खर्च गरेका छन्। आफ्नो जित सुनिश्चित गर्नकै लागि आर्थिक लगानी गरेका उम्मेदवारहरुले आफू विजयी भइसकेपछिको अवस्थामा त्यस्तो लगानीको प्रतिफल पाउने प्रयत्न अवश्य गर्नेछन्। यस्तो प्रयत्नले स्थानीय तहमा आर्थिक विचलन बढाउने निश्चित छ। जनप्रतिनिधिको ध्यान स्थानीय जनताको सेवा तथा सुविधामा भन्दा आफ्नो लगानी उठाउनेतिर केन्द्रित भयो भने त्यस्तो सेवा तथा सुविधामात्रै प्रभावित हुने होइन समग्रमा स्थानीय विकासको कार्य नै प्रभावित हुन सक्नेछ।

स्थानीय तहका जनप्रतिनिधिहरुका लागि राज्यले उपलब्ध गराउने सेवा तथा सुविधाले उनीहरुको दैनिकी सहज नहुने अवस्थाले पनि आर्थिक विचलनतिर जनप्रतिनिधिहरु आकर्षित हुनसक्ने सम्भावना छ। जनताको अपेक्षाअनुसार दिनरात खट्नुपर्ने स्थानीय जनप्रतिनिधिहरुले कुनै पेशा वा व्यवसायमा समय दिन नसक्ने हुँदा नियमित आयको अभावमा राज्यले उपलब्ध गराउने सीमित सेवा र सुविधाबाट मात्रै दैनिक सहज नहुने र जनप्रतिनिधिको हैसियत कायम राख्न पनि सम्भव नहुने हुँदा जानीनजानी अधिकारको दुरुपयोग गर्दै आर्थिक अनियमिततामा संलग्न हुनसक्ने सम्भावना प्रबल छ।

विकाससँगै जोडिएर आउने अर्को पक्ष भनेको बजेट हो। अनि यो बजेटसँगै जोडिएर आउने अर्को पक्ष भनेको आर्थिक अनियमितता नै हो। जति ठूलो बजेट उति नै ठूलो आर्थिक अनियमितता हुने गरेको छ। पहिलो पटक संघीय बजेट आएको अवस्थामा गाउँगाउँसम्म सिधै बजेट विनियोजन हुने र गाउँपालिकादेखि महानगरपालिका आफैँले पनि स्रोत जुटाउनसक्ने भएकाले जनप्रतिनिधिहरू आर्थिक अधिकार सम्पन्न बनेका छन्। जनप्रतिनिधिहरू त्यस्तो अधिकार प्रयोग गर्न लालायित पनि देखिन्छन्। स्थानीय तहले सेवा प्रवाह र विकास निर्माणका कार्यक्रमहरू आफैं सञ्चालन गर्नसक्ने गरी पर्याप्त स्रोत र साधन उपलब्ध गराइने भएकाले गाउँ अथवा नगरमा सिंहदरबारको अनुभूति हुने र साविकमा विषयगत मन्त्रालयहरूबाट भइरहेका तर संविधानको अनुसूची ८ मा व्यवस्था भएका अधिकांश कार्यहरू स्थानीय तहबाटै सञ्चालन हुनेगरी वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहलाई स्रोत उपलब्ध गराइएको बजेट वक्तव्यमा उल्लेख गरिएको छ।

पहिलो संघीय बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार हरेक गाउँपालिकाले रु. १० करोडदेखि ३९ करोडसम्म निसर्त अनुदान पाउने भएका छन् भने रु. १ करोड २० लाखदेखि रु. १७ करोड २२ लाखसम्म ससर्त अनुदान पनि पाउन सक्नेछन्। यसैगरी हरेक नगरपालिकाले रु. १५ करोडदेखि ४३ लाखसम्म निसर्त अनुदान पाउनेछन् भने रु. ३ करोड ९५ लाखदेखि ३१ करोड २७ लाखसम्म ससर्त अनुदान पनि पाउन सक्नेछन्। उपमहानगरपालिकाले रु.

४० करोडदेखि ६३ करोडसम्म निसर्त अनुदान पाउनेछन् भने रु. १४ करोड ८० लाखदेखि ३१ करोडसम्म ससर्त अनुदान पनि पाउन सक्नेछन्। यसैगरी महानगरपालिकाले रु. ५६ करोडदेखि १ अर्व २४ करोडसम्म निसर्त अनुदान पाउनेछन् भने रु. २८ करोड १२ लाखदेखि ७८ करोड ३९ लाखसम्म ससर्त अनुदान पाउनसक्ने व्यवस्था पनि बजेटमा गरिएको छ। यसरी ठूलो परिमाणमा बजेटको परिचालन गर्न पाउने अधिकार पाएकाले स्थानीय जनप्रतिनिधिहरू आर्थिकरूपमा अधिकारसम्पन्न भएका छन्। त्यो अधिकारको अलिकति मात्रै दुरूपयोग भयो भने पनि भ्रष्टाचारले अझ बढी बढावा पाउने निश्चित छ।

जनप्रतिनिधिहरूले भ्रष्टाचारको विषयलाई महत्व नदिएको र अबका दिनमा उनीहरू आफैं पनि भ्रष्टाचार गर्नसक्ने अवस्थामा पुगेकाले जनताले भ्रष्टाचारको विषयलाई थप चासोपूर्वक नियाल्नुपर्ने परिस्थिति सिर्जना भएको छ। जनप्रतिनिधिहरूले पहिलो पटक ठूलो बजेट हातमा खेलाउन पाउने अधिकार संविधानले नै दिएकाले विचलनको अवस्था आउन सक्ने प्रबल सम्भावना छ। स्थानीय तहमा आर्थिक अनियमितता सुरु भएका समाचार पनि आउन थालिसकेका छन्। यस्तो अनियतिताका कारण स्थानीय जनताले पाउने सेवासुविधा प्रभावित हुन्छ। जनताका माग र समस्या सम्बोधनका लागि र स्थानीय विकासका लागि भनेर राज्यले प्रदान गरेको सहयोगको ठूलो रकम हात पर्दा त्यसलाई उपयोग गर्ने उपाय नजान्दा दुरूपयोग बढ्ने सम्भावनाप्रति जनप्रतिनिधि आफैं सजग र सचेत हुनु जरुरी छ। यस्तो अवस्थामा जनप्रतिनिधिहरूमा लोभ र पाप पलायो भने विकास र निर्माणको काम प्रभावितमात्रै नभई जनताका आशा र अपेक्षामाथि कुठाराघात पनि हुनेछ।

अधिकारप्राप्त व्यक्तिले त्यस्तो अधिकारको दुरूपयोग चरमरूपमा गरेका उदाहरण प्रशस्त छन्। कानुनलाई सिधै चुनौती दिएर आर्थिक अनियमिततामा चुर्लुम्म डुब्ने अधिकारवालाहरूले समाज र देशलाई गरिवी, पछौटेपन र अविकासको खाडलमा चुर्लुम्म डुबाएका छन्। तर सबै दोषीहरू अझै पनि कानुनी दायरामा आएका छैनन्। कानुनी दायरामा आएकाहरूले पनि अपराधको तुलनामा थोरै सजाय भोगेर उन्मुक्ति पाइरहेका छन्। न्यायिक अदालतले दोषी ठहर गरेका ठूला भ्रष्टाचारीलाई पक्राउ गर्ने साहससमेत सरकारले गर्न नसकेको अवस्थाले भ्रष्टाचारीहरूको मनोबल झन् बढ्ने गरेको छ। पछिल्लो उदाहरणलाई हेर्ने हो भने सुडान घोटालाका अभियुक्तहरूलाई अदालतले दोषी ठहर गर्दा पनि पक्राउ गर्न सकेको छैन। दोषीहरूको हाइप्रोफाइल पृष्ठभूमि र राजनीतिक संरक्षणसमेतले गर्दा भ्रष्टाचारीहरूले शिर निहुराउनुपर्ने अवस्था अझै आउन सकेको छैन। अनि भ्रष्टाचारीले शिर निहुराउनुपर्ने वातावरणको सिर्जनामा समाज आफैं पनि चुक्दै आएको छ। जेजसरी भए पनि धनसम्पत्ति जोड्नसक्नेलाई सम्मान गर्ने (कु)संस्कार समाजमा विद्यमान रहुन्जेल भ्रष्टाचार निवारण कठिन र चुनौतीपूर्ण हुनेछ। भ्रष्टाचारीलाई 'यो त भ्रष्टाचारी हो' भनेर औंलो सोझ्याउने साहस समाजका कोहीकसैले गर्न नसकेसम्म कानुनी प्रयासले मात्रै भ्रष्टाचार निवारण हुनसक्दैन। कानुनलाई दबाउने अथवा कानुनी कार्यान्वयनलाई निस्तेज पार्ने काम भ्रष्टाचारीले त्यही भ्रष्टाचारबाट आर्जित सम्पत्तिकै बलमा गर्दै आएकाले अब प्रभावकारी कानुनसँगसँगै भ्रष्टाचारीलाई कमजोर पार्ने मुख्य हतियारको रूपमा सामाजिक बहिस्कारको कदमलाई नै उपयोग गर्नुपर्ने आवश्यकता पनि छ।

संघीय बजेटमार्फत् पहिलो पटक जनप्रतिनिधिहरू आर्थिक अधिकारसम्पन्न हुँदै गरेको अवस्थामा भ्रष्टाचार निवारणको संयन्त्र कमजोर अथवा निस्प्रभावी भइदियो भने स्थानीयस्तरबाटै आर्थिक विचलन मौलाउनसक्ने सम्भावना छ। त्यसैले अब आर्थिक अधिकारसम्पन्न स्थानीय जनप्रतिनिधिबाट आर्थिक अधिकारको दुरूपयोग हुन नदिन र त्यसको निगरानी गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगले थप संयन्त्र परिचालन गर्नुपर्ने आवश्यकता पनि देखिएको छ।

---

*(लेखक प्रजापति विकास, सुशासन, युवा रोजगारी आदिजस्ता विषयमा नियमितरूपमा कलम चलाउनु हुन्छ।)*
*E-mail: ratna.prajapati@gmail.com*



## २० वर्षदेखि निरन्तर सम्पादन

**नेपानका आजीवन सदस्य तथा पूर्व संयोजक श्री चेतनाथ कणेलले 'सहभागिता' (त्रैमासिक) पत्रिकाको विगत २० वर्षदेखि (सन् १९९८ अगष्ट – सन् २०१७ सेप्टेम्बर) सम्पादक/प्रधान सम्पादकको हैसियतले निरन्तर सम्पादन गरी पुऱ्याउनुभएको योगदानको कदर गर्दै हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।**

**– अध्यक्ष उत्तम उप्रेती, कार्यकारी निर्देशक फटिकबहादुर थापा**
**तथा समस्त नेपान परिवार**

गाउँपालिका र नगरपालिकाहरूलाई

# खुला दिसामुक्त बनाउन गर्नुपर्ने मूल कामहरू



भोला शिवाकोटी



गोपालप्रसाद घिमिरे

> “नगरपालिका तथा गाउँपालिका तहमा हुने नगर/गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति ठूलो हुने भएकाले छोटो समयमा र बाक्लो बैठक बस्न गाह्रो हुन सक्दछ, तसर्थ बढीमा ५ सदस्यीय कार्यदल बनाउने र नगरपालिकाको तर्फबाट सोको संयोजकमा “फोकल” व्यक्ति (सम्पर्क सूत्र) लाई जिम्मेवारी दिन सकिन्छ, जुन गुरुयोजनामा पनि स्पस्ट व्यवस्था छ ।”

एक्काईसौं शताब्दीमा स्वच्छता र शुद्ध खानेपानी मानिसको जीवनको अति महत्वपूर्ण पक्षको रूपमा लिने गरिन्छ । कमजोर सरसफाइको अवस्था र असुरक्षित आनिवा( नीका कारण अहिले पनि समुदायस्तरमा विभिन्न किसिमका सरसफाइजन्य रोगहरूले समुदाय आक्रान्त छ भने यसकै कारण परिवार साथै देशले ठूलो आर्थिक र मानवीय क्षतिसमेत व्यहोर्न परिरहेको छ ।

कमजोर सरसफाइको अवस्था तथा सरसफाइसम्वन्धी अनुपयुक्त बानी-व्यहोरा मानिसको स्वास्थ्यको लागि खतरापूर्ण अवस्था हो । सरसफाइ तथा यससम्वन्धी अनुपयुक्त बानी-व्यहोराका कारण विभिन्न सरुवा रोगहरूको प्रकोप बढ्दछ, जुन शिशु तथा बाल मृत्युदर बढाउने प्रमुख कारण हो ।

## सरसफाइ ‘स्वस्थ’ रहनमात्र चाहिने होइन !

सरसफाइ स्वस्थ जीवनसँग मात्र सम्वन्धित नभएर यो मानिसको इज्जत, प्रतिष्ठा र सन्तुष्टिसँग समेत जोडेर हेर्न थालिएको छ । त्यसैले सरसफाइलाई पनि गाँस, आवास, कपास, शिक्षा र सुरक्षाजस्तै मानिसको आधारभूत आवश्यकताकै रूपमा लिन थालिएको छ । सरसफाइको पूर्वाधारमा विकास गर्ने र उपयुक्त बानी-व्यहोरा पनि अपनाउँदा स्वस्थ जीवन तथा उत्पादनशील समाजको निर्माण गर्न अनि समुदायको आत्मसम्मान वृद्धि गर्न पनि सहयोगी हुन्छ ।

नेपालमा सरसफाइलाई अलग विकासको क्षेत्रको रूपमा महसुस गर्न थालिएको धेरै भएको छैन । सन १९८० को दशकबाट खानेपानी आयोजनाहरूमा एकीकृत गरी चर्पी निर्माणमा सहयोग गर्न सुरु गरिएको भएता पनि एक अलग्गै विकास एजेण्डाको रूपमा भने सन् १९९० (२०४६) को राजनैतिक परिवर्तनपछि मात्र सुरु भएको देखिन्छ । सरकारले सरसफाइलाई एक अलग विकासक्षेत्र (सवाल) को रूपमा लिई योजनाबद्ध विकास सुरु गरेपछि सन् १९९० मा ६ प्रतिशतमा सीमित रहेको सरसफाइ कभरेज हाल ८० प्रतिशतको हाराहारीमा पुगेको छ । साथै, नेपाल सरकारले सन् २०१७ को अन्तसम्ममा देशका

सबै घरधुरी तथा संस्थागत स्थलहरूमा सरसफाइ पूर्वाधारको सुनिश्चितता गरी देशलाई खुल्ला दिसामुक्त अवस्थामा पुऱ्याउने लक्ष्य राखेको छ ।

सरसफाइको राष्ट्रिय लक्ष्यप्राप्तिका लागि सन् २००० को हाराहारीबाट विभिन्नस्तरमा खुल्ला दिसामुक्त अभियान सुरु गरिएकोमा सरसफाइ गुरुयोजना-२०६८ ले गाविसलाई खुल्ला दिसामुक्त अभियानको न्यूनतम इकाइ मानेको छ । नेपालले सरसफाइ गुरुयोजनाको यसै मार्गदर्शनलाई आधार मानेर तत्कालीन गा.वि.स., जिल्ला तथा अञ्चललाई खुल्ला दिसामुक्त घोषणा गर्दै आइरहेको छ ।

### नयाँ परिवेश, नयाँ आवश्यकता

२०७२ असोज ३ देखि नेपालमा नयाँ संविधान लागू भएपछि स्थानीयस्तरका संरचनाहरूमा व्यापक फेरबदल आएको छ । पहिलेको स्थानीय निकाय (३१५७ गाविस तथा २१७ नगरपालिका) नयाँ संरचना लागू भएपश्चात् ७४४ स्थानीय तह (६ महानगरपालिका, ११ उपमहानगरपालिका, २४६ नगरपालिका र ४८१ गाउँपालिका) मा रूपान्तरित भएका छन् । पहिले रहेका गाविसहरू नयाँ संरचनामा गाउँपालिका वा नगरपालिकाको वडाको रूपमा रूपान्तरित भएका छन् । यसरी रूपान्तरण हुँदा कुनै गाविस पूरै कुनै वडाको रूपमा रुपान्तरित छ भने कुनै गाविस भिन्नाभिन्नै वडा तथा गाउँपालिकामा रूपान्तरित भएका छन् । यस परिप्रेक्ष्यमा नयाँ बनेका स्थानीय संरचना धेरैजसो खुल्ला दिसामुक्त अवस्थामा पुगे पनि तत्कालीन विभिन्न गाविसको समायोजनका कारण अझै पनि उल्लेख्य मात्रामा गाउँपालिका तथा नगरपालिका खुल्ला दिसामुक्त अवस्थाबाट टाढा छन् ।

### हालको अवस्था : खुल्ला दिसामुक्त कि खुल्ला दिसायुक्त ?

नेपाल सरकारको सन् २०१७ सम्ममा देसभित्रका सम्पूर्ण घरधुरीलाई आधारभूतस्तरको खानेपानी तथा सरसफाइका सुविधामा पहुँच पुऱ्याउने लक्ष्यलाई प्राप्त गर्दै खुल्ला दिसामुक्त अवस्था हासिल गर्नका लागि बहुक्षेत्रगत सरोकारवालाहरूसँग सहकार्यको रणनीति लिएको छ । सरसफाइ गुरुयोजनाले तयार गरेको संस्थागत संरचनाको नेतृत्व, स्थानीय जनसमुदायको अपनत्व कायम गराउँदै गैरसरकारी सङ्घसंस्थाहरूले यस क्षेत्रमा सहजीकरण गर्दै आइरहेका छन् । यिनै प्रयासहरूको फलस्वरूप हालसम्म ४१ जिल्ला तथा तत्कालीन २५५२ गाउँ विकास समिति (३१५७ मध्ये) र १३६ नगरपालिका (२१७ मध्ये) ले खुल्ला दिसामुक्त अवस्था हासिल गरिसकेका छन् । तर अरु तह भने अझै पनि 'खुल्ला दिसायुक्त' नै छन् । खुल्ला दिसामुक्त घोषित ठाउँमा पनि दिगोपनाको चिन्ता कायमै छ । ती पूर्णरूपमा मुक्त हुन सकेका छैनन् ।

### मापदण्डको कार्यान्वयन : तराई-मधेसमा झनै जटिल

न्यूनतम आधारभूतस्तरको सरसफाइका सुविधामा सबै जनताको पउँच पुऱ्याउने उद्देश्यप्राप्तिको लागि नेपाल सरकारले चर्पी निर्माणको न्यूनतम मापदण्ड तयार गरेको छ । जसअनुसार चर्पीको लागि प्यान्थ लेभल सम्मको (प्यान सिट राख्ने ठाउँ सम्म) को स्थायी संचरनामा जोड गरिएको छ ।

एकातिर विगतमा राज्यले अवलम्बन गर्दै आइरहेको अनुदानमुखी सरसफाइ कार्यक्रमलाई निरुत्साहित गर्दै व्यापक जनपरिचालन गर्दै छोटो अवधिमा यो लक्ष्य प्राप्त गर्ने महत्वाकांक्षी उद्देश्यलाई पूरा गर्नका लागि बनाइएको मापदण्ड हालका दिनमा क्षेत्रविशेषले थप परिमार्जन गर्दै आइरहेको छन् भने अर्कोतिर मानव सृष्टिदेखि बाहिर खुल्ला स्थानमा शौच गर्दै आइरहेको हाम्रो समुदाय विशेषगरी तराई-मधेसका भूभागमा चर्पी निर्माण र प्रयोग गर्ने विषय निकै चुनौतीको रूपमा रहिआएको देखिन्छ ।

तराई-मधेस क्षेत्रमा प्यान्थ लेभलसम्मको मात्र स्थायी संरचना र माथिल्लो संरचना कामचलाउ मात्र हुँदा समुदाय फेरि पुरानै ठाउँमा फर्कने सम्भावना ज्यादै देखिएको यथार्थ कसैबाट छिपेको छैन । विभिन्न समयमा गरिएका अध्ययनहरूले मानिसमा बानी-व्यहोराको विकास गर्नका लागि चर्पी निर्माणसँगै सरसफाइमा प्रवर्द्धनात्मक क्रियाकलापहरूको निरन्तरता जरुरी हुन आउँछ । जसमा कसैको पनि खासै ध्यान जान सकिरहेको पाइँदैन । हालसम्म सीमित क्षेत्रमा मात्र पूर्ण सरसफाइका लागि पहल हुँदै आइरहेको यथार्थ हामीसामु छ ।

यसरी एकातिर राष्ट्रिय लक्ष्यलाई समयमै पूरा गर्नुपर्ने दायित्व रहेको छ भने तत्कालै खुल्ला दिसामुक्त क्षेत्रका रूपमा विकास भएका गाउँ, नगर तथा जिल्लाहरूलाई दिगो सरसफाइको अवस्था प्राप्त गर्ने लक्ष्यतिर अगाडि बढन ढिलाइ भइसकेको महसुस सबै क्षेत्रमा भइरहेको छ ।

### खुल्ला दिसामुक्त क्षेत्र बाउनका लागि गर्नुपर्ने कार्यहरू

स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश-२०७४ ले गाउँपालिका वा नगरपालिकाको काम-कर्तव्य र अधिकारअन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाइ बुँदामा आधारभूत स्वास्थ्य र सरसफाइसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने भनी उल्लेख गरेको



तस्विर सौजन्य : इकार्डस नेपाल

छ । यसका अतिरिक्त सरसफाइमा चेतना अभिवृद्धि, सरसफाइ तथा फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्ने भनी उल्लेख गरेको छ । यस परिप्रेक्ष्यमा (गाउँपालिका तथा नगरपालिका) को सरसफाइ व्यवस्थापनसम्बन्धी सम्पूर्ण जिम्मेवारी स्थानीय तहमा नै देखिन्छ । आगामी दिनमा स्थानीय तहलाई खुल्ला दिसामुक्त अवस्थामा पुर्‍याई पूर्ण सरसफाइतर्फ अग्रसर गराउन स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) ले निम्न कार्य गर्नुपर्ने देखिन्छ :

### नीति–निर्माण तहमा :

१) हाल रहेका स्थानीय तहका आधारमा 'खानेपानी सरसफाइ तथा स्वच्छता समिति'हरूको पुनर्गठन गर्ने र समावेशी बनाउने ।

२) नगरपालिका तथा गाउँपालिकास्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी दिगो सरसफाइका लागि एकीकृत रणनीतिक योजना तयार गर्ने ।

३) रणनीतिक योजना कार्यान्वयनको लागि विभिन्न नीति र कानुनहरू तयार गर्ने, जसमा पुरस्कार, दण्ड तथा जरिवानाको स्पष्ट व्यवस्था समेत गर्ने ।

४) नगर तथा गाउँपालिकाको रणनीतिलाई कार्यान्वयनमा ल्याउनका लागि स्थानीयस्तरमा संस्थागत संरचनाहरू तयार गर्ने ।

५) स्थानीयस्तरमा उद्देश्य र लक्ष्यसहितको योजना निर्माण गर्ने र उद्देश्यप्राप्त गर्नका लागि आवश्यक बजेट विनियोजन गर्ने ।

६) सम्पूर्ण सरोकारवालाको बैठक बोलाई लक्ष्यसहितको प्रतिवद्धता हासिल गर्ने ।

### कार्यान्वयन तहमा :

१) सरोकारवालाहरूको पहिचान : आफ्नो नगर तथा गाउँपालिका क्षेत्रमा सरसफाइका क्षेत्रमा योगदान गर्न सक्ने सम्भावना भएका साझेदार संस्थाहरूको पहिचान : सकेसम्म बढीभन्दा बढी संघसंस्थाहरू, नेटवर्कहरू, समिति, महिला स्वयंसेविका, स्वास्थ्य कार्यालय, बालक्लब, विद्यालय, औपचारिक अनौपचारिक समूहहरूको पहिचान र विभिन्न चरणमा छलफल गरी कार्य योजना तयारी गर्ने ।

२) क्षमता अभिवृद्धि : पहिला खुल्ला दिसामुक्त तथा पूर्ण सरसफाइका विषयमा अभिमुखीकरण नभएको भएमा अभिमुखीकरण गर्ने, यदि भइसकेको छ भने पुनर्ताजगी गर्ने ।

३) नगरपालिका तथा गाउँपालिका तहमा हुने नगर/गाउँपालिकास्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति ठूलो हुने भएकाले छोटो समयमा र बाक्लो बैठक बस्न गाह्रो हुन सक्दछ, तसर्थ बढीमा ५ सदस्यीय कार्यदल बनाउने र नगरपालिकाको तर्फबाट सोको संयोजकमा 'फोकल' व्यक्ति (सम्पर्क सूत्र) लाई जिम्मेवारी दिन सकिन्छ, जुन गुरुयोजनामा पनि स्पस्ट व्यवस्था छ । यसले गरेका निर्णयहरू पूर्ण बैठकमा अनुमोदन गराउने पद्दति बसाल्ने ।

३) आवश्यकता अनुसार हरेक तहमा प्रि ओडीएफ कन्फेरेन्स (Pre ODF Conference) गर्ने । जसमा जिल्लाका प्रमुख जिल्ला अधिकारी, नगर प्रमुख, स्थानीय विकास अधिकारी, प्रहरी प्रसाशनका प्रमुखहरू, राजनैतिक क्षेत्रका अगुवाहरू तथा सामाजिक अगुवाहरूबाट यसको बारेमा दबावमुलक ढंगले बोल्न आग्रह गर्ने, साथै स्थानीयस्तरका अगुवाहरूलाई प्रतिबद्धता जनाउन लगाउने (ट्रिगरिङको लागि यसमा स्टेज नाटक प्रस्तति महत्वपूर्ण हुन्छ भन्ने कुरा इकार्डस् नेपालको अनुभवले बताएको छ ।) ।

४) समयसीमा दिएर पहिलो हुने वडालाई आकर्षक पुरस्कार राशि घोषणा गर्न सकिन्छ ।

५) वडास्तरका निर्वाचित प्रतिनिधि, वडा-सचिव र सामाजिक परिचालकहरूलाई अभिमुखीकरण गर्ने र आआफ्नो वडाको लक्ष्य तोक्न लगाई प्रतिवद्धता गर्न लगाउने, साप्ताहिक र मासिक प्रगति पेश गर्न लगाउने ।

६) नियमित फलोअप (अनुगमन वा अनुसरण) गर्नुपर्ने भएकाले नगर प्रमुखले समय दिन नसक्ने हुन सक्दछ, यस्तो अवस्थामा नगरपालिकाले यसको फलोअप गर्नका लागि सरसफाइ 'फोकल'

व्यक्ति तोकी जिम्मेवारी दिने (निर्णयहरू कार्यान्वयनमा आए नआएको र यससँग सम्बन्धित सबै विषयहरूमा फोकल व्यक्तिलाई निर्णय गर्ने जिम्मेवारी दिन सकिन्छ) ।

७) सहजीकरण पुगेको वा नपुगेको स्थानको पहिचान गरी साझेदार संस्थाहरूमार्फत् सो ठाउँमा सहजीकरण गर्न वातावरण तयार गर्ने । यसका लागि आवश्यकताअनुसार सहयोगी संस्थाहरू परिचान गरी तिनको परिचालन गर्ने ।

८) ट्रिगरिङ : टोल टोलमा गएर उत्प्रेरणा जगाउने (साझेदार संस्थाले) प्रतिबद्धता लिने कार्य गर्ने ।

१०) प्रतिबद्धताअनुसार कार्य प्रगतिमा छ-छैन नियमित फलोअप गर्ने साथै नियमित प्रतिवेदनको व्यवस्था गर्ने ।

११) घरदैलो कार्यक्रम गर्ने (स्थानीय राजनैतिक दल, वडा-सचिव, सामाजिक परिचालक, महिला स्वयंसेविका, सहजीकरण गर्ने संघसंस्थाका प्रतिनिधि) ।

१२) चर्पी नबनाएका घरधुरीबाट निश्चित समयमा बनाउँछु भनी प्रतिबद्धता लिने ।

१३) सरसफाइ समितिको निरन्तर बैठक, समीक्षा, समस्या पहिचान र समाधान गर्ने नीतिगत निर्णय गर्ने ।

१४) सहजीकरण गर्ने संस्थाहरूलाई काम गर्न सहज वातावरण तयार गर्ने ।

१५) स्थानीय निकायबाट प्रवाह हुने सेवा-सुविधा चर्पी नबनाउनेका लागि रोक्का गर्ने (तर अति संवेदनशील सेवा बाहेकलाई), र यसका लागि सरसफाइ परिचयपत्रलाई अनिवार्य सर्तको रूपमा कार्यान्वयनमा ल्याउने ।

१६) बाहिर दिसा गरेमा कारवाही हुने सन्देशसहित माइकिङ गर्ने ।

१७) बाहिर दिसा गर्न नदिनका लागि विहान-बेलुकी गस्ती गर्ने, दिसा गर्दै गरेको पाइएमा सामाजिक दण्ड गर्ने र चर्पी निर्माणका लागि प्रतिबद्धता गर्न लगाउने (योजनाको कम्तीमा ७० प्रतिशत उपलब्धि हासिलपश्चात् मात्र) ।

१८) टोल र टोलस्तरमा समीक्षा गर्ने र समस्याको पहिचान तथा समाधानका लागि पहल गर्ने ।

१९) दानवीरहरू खोज्ने र अति विपन्न घरधुरीलाई सहयोग गर्न प्रोत्साहित गर्ने (यस्ता दानवीरहरूलाई सम्मान गर्ने वातावरण तयार गर्ने) ।

२०) (कम्तीमा ८५ प्रतिशत उपलब्धिपश्चात् मात्र) बाहिर दिसा गर्न नदिनका लागि विहान गस्ती गर्ने र बाहिर दिसा गरेको गरिएको पाइएमा दिसा पुर्न लगाउने, समितिले निर्णय गरी जरिवाना असुल गर्ने । यसरी प्राप्त भएको जरिवानालाई सम्बन्धित क्षेत्रको अतिविपन्नलाई वा सरसफाइका लागि खर्च गर्ने ।

२१) खुल्ला दिसामुक्त क्षेत्र घोषणासभालाई पूर्ण सरसफाइको प्रारम्भिक-सभाको रूपमा मनाउने र पूर्ण सरसफाइको लागि सन्देश प्रवाह गर्ने । यस्ता अवसरमा सरसफाइको क्षेत्रमा योगदान दिने समाजका व्यक्ति, समूह तथा संस्थाहरूलाई सम्मान गर्ने व्यवस्था मिलाउने ।

## निष्कर्ष

कमजोर सरसफाइको अवस्था र असुरक्षित आनिवानीका कारण अहिले पनि समुदाय तहमा विभिन्न किसिमका सरसफाइजन्य रोगहरूले समुदाय आक्रान्त छ भने यसकै कारण परिवार साथै देशले ठूलो आर्थिक र मानवीय क्षति समेत व्यहोर्नु परिरहेको छ । यस अर्थमा मानवीय विकासको लागि सरसफाइको महत्व धेरै छ । तर हालसम्म सरसफाइको आधारभूत कुरा चर्पीको निर्माण र प्रयोग केवल ८० प्रतिशत घरधुरीमा मात्र सीमित रहेको छ। सरकारले शतप्रतिशत घरमा सरसफाइ पुऱ्याउने राम्रो लक्ष्य राखेको भए पनि सन् २०१७ भित्र नै (बाँकी ४ महिनामा) 'देशलाई नै खुल्ला दिशामुक्त अवस्था घोषणा' गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ । तर प्रयास गरेमा ४ को सट्टा १६ महिना नै लागे पनि नेपालका लागि त्यो ठूलो उपलब्धि हुनेछ । यसर्थ राष्ट्रिय लक्ष्य प्राप्तिका लागि स्थानीय तहहरूले चाँडोभन्दा चाँडो गाउँपालिका तथा नगरपालिका तहमा सरसफाइ रणनीतिक योजना बनाई कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ। माथि उल्लेख गरिएका चरणबद्ध कुरा लागू गर्दै गएमा सबै कुरो सम्भव छ भन्ने हामीलाई लाग्छ ।

## सन्दर्भ-सामग्रीहरू :

नेपाल सरकार (२०६८), **सरसफाइ गुरुयोजना,** काठमाडौं ।

नेपाल सरकार (सन् १९९८), **राष्ट्रिय सरसफाइ नीतिको खानेपानी आपूर्तिसम्बन्धी नीति,** काठमाडौं ।

नेपाल सरकार (२०७३), **चौधौं योजनाका लागि आधार-पुस्तक,** काठमाडौं ।

फ्रेसवाटर एक्सन नेटवर्क (२०१६), **दक्षिण एसियाली सरसफाइ सम्मेलन (साकोसान) हिजो आज र भोलि ।**

Website: ess.gov.np

*(लेखकहरू विगत डेढ दशकदेखि सामुदायिक विकासका क्षेत्रमा कार्यरत हुनुहुन्छ र उहाँहरूसँग सरसफाइ प्रवर्द्धन कार्यक्रममा एक दशकको अनुभव छ । उहाँहरू हाल इकाईस नेपाल नामक गैरसरकारी संस्थामा खुल्ला दिशामुक्त अभियानका लागि कार्यरत हुनुहुन्छ ।)*
*E-mail: bholashi@yahoo.com*

स्थलगत अध्ययन

# साझेदारी वन : समता र सहभागिताको दृष्टिमा स्थानीय बुझाइ



भोला भट्टराई

> समग्रमा नियाल्दा साझेदारी वन अझै पनि गरिबमुखी र समतामूलक बन्न सकेको छैन । आर्थिक उपार्जनका हिसावले वन व्यवस्थापन भए पनि आबद्ध समुदाय र सरोकारवालाहरूको आवश्यकता पूरा गर्नेतर्फ अझै ध्यान पुगेको छैन । साझेदारी वनको आन्तरिक सुशासनले नै यसको भविष्य निर्धारण गर्ने छ ।

वन व्यवस्थापनका विभिन्न पद्धतिहरूमध्ये साझेदारी वन पद्धति एक हो । समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको एक प्रमुख पाटोको रूपमा यो पद्धति कार्यान्वयनमा आएको छ। खासगरी तराई, चुरे तथा भित्री मधेसमा रहेका ठूला र चक्ला वनको व्यवस्थापनको लागि यो पद्धति शुरु भएको देखिन्छ। साझेदारी वन व्यवस्थापन भन्नेवित्तिकै विभिन्न साझेदारहरूको सहकार्यमा गरिने वन व्यवस्थापन प्रणाली भनेर बुझिन्छ (Carter & Gronow, 2005)।

नेपालमा साझेदारी वनको सुरुवात वि.स. २०५७ बाट भएको देखिन्छ। यद्यपि अन्य सहभागीमूलक वन व्यवस्थापन पद्धति पनि साझेदारीकै मोडेलमा व्यवस्थापन भएका छन्। पहाडी क्षेत्रमा सफल मानिएको सामुदयिक वन प्रणालीले तराईमा बसोवास गर्ने, खासगरी दक्षिणमा र वनबाट टाढा रहेका समुदायको पहुँच बढाउन नसकेको कारण सामुदायिक वनको विकल्पको रूपमा साझेदारी वनको अवधारणा शुरु भएको देखिन्छ (Mandal & Bhattrai, 2014)। यस लेखमा साझेदारी वनको वर्तमान अभ्यासलाई उजागर गरिएको छ।

समता (Equity) का विभिन्न आयामसँग साझेदारी वनको गतिविधिको विश्लेषण गर्नुपर्ने हुन्छ। त्यसैलाई ख्याल गरी खासगरी स्थानीय व्यक्ति तथा समुदायको बुझाइ र उनीहरूले प्राप्त गरेको लाभलाई आधारमा त्यस्तो विश्लेषण यहाँ गरिएको छ। यो लेख गुणात्मक अध्ययन विधिमा आधारित छ। यसको लागि प्रकाशित तथा अप्रकाशित अभिलेखहरूको समीक्षा गरिएको छ भने अध्ययनको क्षेत्र- वाह्वन साझेदारी वन कैलालीका १० जनाभन्दा बढी उपभोक्ता/प्रतिनिधिसँग पनि घनीभूत छलफल गरी तयार गरिएको छ।

### साझेदारी वनको मूल मर्म

वन ऐन २०४९ (दोस्रो सशोधन, २०७३) अनुसार स्थानीय समुदाय, स्थानीय सरकार र वन प्रशासनको त्रिपक्षीय समन्वयमा राष्ट्रिय वनको कुनै पनि भाग साझेदारी वनको रूपमा व्यवस्थापन गर्न सकिन्छ। साझेदारी वन कार्यक्रम हाल तराइका १२ वटा

जिल्लामा कार्यान्वयन भएको छ । हाल २८ वटा साझेदारी वन समूहहरूमार्फत् ७१ हजार हेक्टर वन क्षेत्रको व्यवस्थापन भएको छ। उक्त व्यवस्थापनबाट करिव ३८ लाख जनताले प्रत्यक्ष फाइदा पाएको देखिन्छ (वन विभाग, २०७३)। यसैगरी एकातर्फ तीनवटा प्रमुख साझेदारले साझेदारी वनको सम्पूर्ण प्रक्रिलाई सहजीकरण गर्छन् भने स्थानीयस्तरमा समुदायका विभिन्न भाषा-भाषी, जात-जाति, वर्ग, लिङ्ग आदिको प्रत्यक्ष सहभागिता हुने गर्दछ । धेरै सरोकारवाला निकाय संलग्न गर्दा वन व्यवस्थापनमा लाग्ने लागत पनि कम लाग्ने अनुमान गरिन्छ ।

खासगरी वनको पहुँचबाट अलग्गिएका मधेसी, दलित तथा आदिवासी जनजाति एवम् अन्य समूहको पहुँच बढाउने उद्देश्य साझेदारी वनले लिएको देखिन्छ ।

## समताको सवाल

पहिले छलफल गरौँ- समता भनेको के हो ? न्यायपूर्ण रूपमा सरोकारवालाबीच अवसर र स्रोतको बाडफाँड नै समता (भ्त्रगप्तथ) हो । अर्को शव्दमा भन्ने हो भने सबै सरोकारवालालाई न्यायपूर्ण ढङ्गबाट गरिने व्यवहार नै समता हो (RECOFTC, 2014: McDermott, Mahanty & Schreckenberg, 2012) । यसैगरी अक्सफोर्ड इङलिस डिक्सनरीको परिभाषाअनुसार 'समता एक किसिमको न्याय, असलग्नता, समान हुने योग्यतातर्फ बढ्नु नै न्याय हो" । समताको उल्टो अर्थ असमानता हुन्छ । असमानता खासगरी समाजमा रहेको विभेदकै कारण भएको देखिन्छ । वर्ग, धर्म, लिङ्ग भाषा, फरक आदिमा देखिने भिन्नताले नै अन्यायको बीउ रोप्छ र द्वन्द्व सिर्जना गर्दछ ।

नेपालको साझेदारी वन विशेष प्रकृतिको वन व्यवस्थापन पद्धतिको रूपमा देखिन्छ। तराई क्षेत्रमा बढी सम्भाव्य देखिएको यस पद्धतिले टाढाका उपभोक्ताको पहुँच र नियन्त्रणमा टेवा पुऱ्याउने अपेक्षा लिएको देखिन्छ । अर्कोतर्फ, यसको प्रक्रियामा समावेशीकरण, स्थानीय ज्ञान र सीपको पहिचान र लाभमा गरिब तथा पछाडि पारिएको हिस्सालाई सम्मान गर्नेछ ।

समुदायमा आधारित वन व्यवस्थापनको सफलता र प्रभाकारिताको मापन गर्ने उपयुक्त साधन समता हो (Mcless, 2006; Sunam & McCarthy 2010) । यसैगरी अन्य अध्ययनले पनी समता र न्यायले गर्दा समुदायमा आधारित वनहरू सफल भएको दावी गरेको पाइन्छ । ओस्ट्रमको तर्क छ कि समुदायले नै वनको व्यवस्थापन गर्ने भएकोले यसले समता, दक्षता र दिगोपनको सुनिश्चिता गर्दछ ९इकतयक, ज्ञढढ०० । साझेदारी वनको सम्वन्धमा विभिन्न विज्ञको को राय छ कि यो एउटा नयाँ मोडेल हो, जसले विभिन्न सरोकारवाला निकायलाई एंव टाढाका उपभोक्तालाई, महिला, आदिवासी, दलितलाई समावेश गरेको छ (Bamton, Ebrest & Bajade, 2007, pp. 30–43) ।

## स्थलगत अध्ययनका नतिजा र छलफल

### १) साझेदारी वन एक : बुझाइ अनेक

साझेदारी वनको व्यवस्थापनमा सलग्न ३ प्रमुख साझेदारहरूमध्ये दुईवटा मात्र सक्रिय छन्। स्थानीय सरकार नबनिसकेको (अध्ययन २०७४ वैशाख र असारका स्थानीय निर्वाचनहरूअगावै भएको थियो) अवस्थाको कारण स्थानीय समुदाय र जिल्ला वन कार्यालय मात्र सक्रिय छन् ।

साझेदारी वनभित्रको समताको सम्वन्धमा यी दुवैको बुझाइ फरक-फरक छ । जिल्ला वन कार्यालयका प्रतिनिधिहरू यो प्रक्रिया समावेशी, पारदर्शी भएको तर्क गर्छन् भने समुदायका प्रतिनिधिहरू यसको उल्टो रूपमा व्याख्या गर्दछन् । कूल **१० वटा सूचक**लाई आधार मानी दुवै निकायसँगको छलफलमा प्राप्त उनीहरूको बुझाइ निम्नप्रकार छ :



तस्विरहरु : लेखक



## साझेदारी वनमा समता : साझेदारहरूको बुझाइ (विश्लेषण)

| बिषय र सवाल | जिल्ला वन कार्यालयको बुझाइ | स्थानीय समुदायको बुझाइ |
|---|---|---|
| **१) समावेशीकरण** | साझेदारी वनमा तीनवटा प्रमुख र अन्य सरोकारवाला संलग्न हुने । साथै समितिमा महिला, दलित, जनजाति टाढाका उपभोक्ताको समावेशीकरणको व्यवस्था भएको । | समावेशीकरण देखाउने दाँतमात्र भएको देखिन्छ। निर्णय प्रक्रियामा जि.व.का. को भूमिका बढी हुन्छ। हजारौं जनाबाट १-२ जना राख्दैमा समावेशी भयो भन्न नमिल्ने । |
| **२) योजना निर्माण प्रक्रिया** | योजना निर्माण प्रक्रिया तलबाट माथि जाने हुन्छ। समुदायको राय-सुझावको आधारमा योजना बन्दछ। त्यही योजना वन विभागले स्वीकृत गर्दछ । | योजना निर्माण प्रक्रिया नै समावेशी छैन । वन प्रविधिकहरूले चाहेअनुसार बनाइन्छ र जबर्जस्ती थुपारिन्छ। कतिपय अवस्थामा त वन विभागले योजना निर्माण प्रक्रियामा हस्तक्षेप नै गर्दछ। यस्तो हस्तक्षेप खासगरी प्राविधिक विषयमा हुन्छ। यसलाई सामान्यीकरण गर्नुभन्दा जटिल बनाइन्छ । |
| **३) सहभागिता** | समुदायका मानिसहरू योजना निर्माण, कार्यान्वयन र लाभांश प्राप्तिमा राम्रोसँग सहभागी हुन्छन् । | साझेदारी वनमा स्थानीय व्यक्तिहरूको सहभागिता अत्यन्त न्यून छ । सबै कामहरू कार्यान्वयन इकाइ अर्थात् वन कार्यालयका कर्मचारीमार्फत् हुने गर्दछन् । |
| **४) साझेदारीको अवस्था** | साझेदारी वनको व्यवस्थापन त्यहाँको वन, मानिसको वसोबास, हैसियत, चाहना आदिलाई ध्यान पुऱ्याइन्छ । | साझेदारी वनहरू फरक-फरक जिल्लाको फरक-फरक स्थान र परिवेशमा छन् तर एउटै निर्देशिका, एकैखालको व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गराईदैछ। वनको अवस्था अनुसार फरक-फरक हुनुपर्ने हो । |
| **५) वन व्यवस्थापन प्रक्रिया** | प्रक्रिया पारदर्शी छ। नियम-कानुनअनुसार व्यवस्थापन हुने गर्दछ । अभिलेखहरू स्पष्ट छन् । | पूर्ण रूपमा प्राविधिक केन्द्रित छ। समुदाय/ समुदायका प्रतिनिधि साक्षी बस्ने मात्र हो । कागज दुरुस्त हुँदैमा पारदर्शी भयो भन्न मिल्दैन । |
| **६) लाभांश बाडफाँड र गरिबप्रतिको व्यवहार** | साझेदारी वनबाट उत्पादन भएको काठ-दाउरामध्ये ५० प्रतिशत उपभोक्तालाई, ४० प्रतिशत नेपाल सरकार र १० प्रतिशत स्थानीय तहमा जाने व्यवस्था छ भने अन्य वन पैदावार समूहले सशुल्क वा निःशुल्क वितरण गर्न पाउने प्रावधान छ । | स्थानीय समूहमा ५० प्रतिशत प्राप्त काठ-दाउरा अझै पनि गरिब तथा पछाडि पारिएका व्यक्तिहरूले पाउन सकेका छैनन् । जिल्ला वन पैदावार आपूर्ति समितिको दरभाउअनुसार बिक्री वितरण गर्नुपर्ने प्रावधानको कारण साझेदारी वन 'गरिबमुखी' हुन सकेको छैन । |
| **७) जैविक विविधताको संरक्षण** | वनको स्वास्थ्य (Forest health) को लागि जैविक विविधता संरक्षण कार्यलाई प्राथमिकता दिइएको छ । | साझेदारी वनको कार्ययोजनाअनुसार ८०-८५ प्रतिशत सालको प्रजाति प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ । यसले जैविक विविधता संरक्षणमा कम प्राथमिकता दिइएको छ। अर्कोतर्फ वनको वैज्ञानिक व्यवस्थापनको नाममा अन्य मूल्यवान प्रजाति नष्ट गरिँदै छ । |
| **८) विकासे योजना तथा निर्माण कार्य** | साझेदारी वनमार्फत् हुने विकास-निर्माणका कार्यक्रमहरू गरिबमुखी छन् । उनीहरूले रोजगारी पाउँछन् । | विकासको नाममा बनाइने फायरलाइन बाटो, भौतिक निर्माणले गरिबलाई फाइदा पुऱ्याउँदैन । उनीहरूको लक्षित कार्यक्रम न्यूनमात्रामा छ । |
| **९) निर्णय प्रक्रिया** | साझेदारी वनको निर्णय प्रक्रियामा धेरै सरोकारवालाहरूको सहभागिता रहन्छ। स्थानीय समुदायदेखि बहुसरोकारवाला पक्षहरू, वन कार्यालय /क्षेत्रीय निर्देशनालय र वन विभागको पनि भूमिका रहन्छ । | निर्णय प्रक्रियामा स्थानीय समुदाय, गरिब, दलित, जनजाति, महिलाको सहभागिता नाम मात्रको छ। स्थानीयस्तरको निर्णयमा समूहको संयोजक, वनका कर्मचारीहरूको र माथिल्लो स्तरको निर्णयमा त वन विभाग र मन्त्रालयको भूमिका नै बलियो देखिन्छ। |
| **१०) स्थानीय मूल्य-मान्यताको पहिचान** | वन व्यवस्थापन योजना निर्माणदेखि नै स्थानीय मूल्य-मान्यतालाई ध्यान पुऱ्याइन्छ । | योजना निर्माणमा स्थानीय समुदायका व्यक्तिहरूको सहभागिता हुँदैन, कार्ययोजना कार्यान्वयनमा पनि जि.व.का.को नै भूमिका ज्यादा हुने भएकोले स्थानीय मूल्य-मान्यताको पहिचान र सम्मान भएको छैन । |

स्रोत: लेखकबाट स्थानीयस्तरमा गरिएको छलफल, २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा के मूल कुरा देखिन्छ भने साझेदारी वनका साझेदारहरूबीच समताको विषयमा साझा बुझाइ बन्न सकेको छैन । सरकारी निकायले जर्बजस्ती रूपमा यो कार्यक्रम कार्यान्वयनमा जोड दिएजस्तो देखिए पनि सामाजिक परिचालनमा पर्याप्त ध्यान नपुऱ्याएको स्पष्ट छ । समुदायका गरिब तथा पछाडि पारिएका समुदायसम्म सूचनाको पँहुच पुगेको देखिँदैन । जसको फाइदा समूहमा १/२ जना अगुवा र वन प्रशासनका कर्मचारीले लिएको देखिन्छ । अर्कोतर्फ, वन व्यवस्थापनमा आयातित वैज्ञानिक नामको व्यवस्थापन मोडेलले पनि समाजको मूल्य-मान्यता, धर्म, संस्कृति जैविक विविधता प्रवर्द्धनमा भन्दा बढी आर्थिक उपार्जनमा माग केन्द्रित रहेको देखिन्छ ।

### (२) साझेदारी वन : 'काम गर्ने कालु, मकै खाने भालु'

*'साझेदारी वनले के दिन्, ? यो त काम गर्ने कालु, मकै खाने भालु जस्तै हो'* - साझेदारी वनका एक पुरुष उपभोक्ता, वर्ष ५५

अध्ययनको क्रममा एकजना पुरुष सहभागीले भनेको माथिको भनाइले स्पष्ट पार्छ कि फाइदा स्थानीय उपभोक्ताले होइन अरुले नै पाएको छ । छलफलका क्रममा सहभागीले बताए, 'बाह्वन साझेदारी वनको छेउछाउमा बस्ने बासिन्दाले वनबाट काठ, दाउरा पाउँदैनन् । हामी वन रुङ्छौ (संरक्षण गर्छौ), आगलागी नियन्त्रण गर्छौं, चोरी तस्करीबाट जोगाउँछौं तर जिल्ला वन कार्यालयले हामीलाई काठ/दाउरा बिक्री वितरण गर्न रोक लगाएको छ । साझेदारी वनको रकमले गरिने विकास-निर्माणमा पनि वन छेउछाउका बस्तीहरूले फाइदा पाएका छैनन् ।' यसका लागि तलका दुई कारण मुख्य जिम्मेवार देखिए :

**क) कानुनको मनलागी व्याख्या र प्रयोग :** प्रायः गरेर वनको फाइदा वनक्षेत्रनजिक रहेकाले बढी पाउने गरेको तथ्यतथ्याङ्कहरूले देखाउँछन् । तर अध्ययन गरिएको कैलालीको यो वन छेउछाउमा रहेका बस्तीहरू ऐलानी जग्गामा भएकोले व्यक्तिगत रूपमा लालपूर्जा नभई बसोबास गरेकोले यस्तो सुविधाबाट बञ्चित गरिएको तर्क जिल्ला वन कार्यालयको छ । अन्य ठाउँमा अर्थात् तराईका अधिकांश ठाउँहरूमा अतिक्रमित जमिनमा बजार निर्माण भईसकेको र तिनै ऐलानी जग्गामा बसोबास गरेकाहरूले वन समितिहरूमा बसी काठ-दाउरा बिक्री-वितरण गर्ने, लाभ लिने गरिरहेको सन्दर्भमा कैलालीमा यसरी बिभेद गर्नु सामाजिक न्यायका हिसाबले उपयुक्त देखिँदैन । अर्कोतर्फ जसले वन जोगाउँछ, जंगली जनावरसँगको द्वन्द्व भोग्नु परेको छ, त्यही समुदायलाई वन पैदावारबाट बञ्चित गरिनु सहभागिता र समताको हिसाबले उपयुक्त देखिँदैन । अर्कोतर्फ हेर्ने हो भने वन ऐनकै प्रावधानअनुसार बनेका सामुदायिक वन उपभोक्ता समूहहरूमा तिनै व्यक्तिहरू समितिमा बसेर वन व्यवस्थापन तथा वन पैदावारको बाँडफाँड राम्रोसँग गरिरहेका छन् भने साझेदारी वनमा रोक्नुको औचित्य के ?

**ख) साझेदारी वनमा गरिबमुखी तथा सोचकै अभाव :** यस साझेदारी वनले गरिब तथा पछाडि पारिएका समुदायलाई निःशुल्क वा कम शुल्कमा पनि वन पैदावार दिन सकेको छैन । यसैगरी वन संरक्षणमा लाग्ने आफ्ना उपभोक्ताभन्दा बाहिरका व्यक्तिहरूलाई पनि समान मूल्यमा काठ-दाउरा बिक्री-वितरण गर्ने गरेको छ । वनक्षेत्रनजिक ऐलानीमा बस्नेले पनि वस्तु तथा सेवा नपाउने, गरिब तथा निमुखाले पनि नपाउने, उपभोक्ताले पनि सहुलियत दरमा काठ-दाउरा नपाउने अवस्थामा साझेदारी वनले समतामूलक समाज निर्माणमा कसरी टेवा पुऱ्याउला ? प्रकोप तथा विपद् पीडितले केही काठ-दाउरा राहतस्वरूप पाउनेबाहेक अन्य सुविधाको व्यवस्था भएको देखिँदैन । अर्कोतर्फ वनमाथिको अधिकारको कुरा गर्दा वनमा आश्रित समुदायको अधिकारको सुनिश्चितता हुनुपर्नेमा झन् बढी बहिष्करण पो गरेको पाइयो । साझेदारी वनलाई गरिबमुखी नबनाउने हो भने यसमा समुदायको सलग्नता 'देखाउने दाँत'मात्र हुन सक्छ । काठ-दाउराको मूल्य बढी भएकै कारण पनि गरिबहरूले काठ दाउरा पाउन सकेका छैनन् ।

### ३) टाढाका उपभोक्ताको आफ्नै गुनासो

अध्ययनका क्रममा वनको कार्य समितिमा रहेकी एक महिलाले भनिन्, 'साझेदारी वनले सर्वसाधारणलाई न्याय दिन सकेको छैन' । यसै प्रसङ्गमा, वनक्षेत्रबाट जडिबुटी ल्याई परम्परागत औषधी उपचारमा संलग्न कैलाली भादागाउँका ७६ वर्षीय एक चौधरी पुरुष 'साझेदारी वनमा गरिएको व्यवस्थापनले मूल्यवान जडिबुटी नष्ट गरेको छ, वनक्षेत्रमा प्रशस्त पशु धनलाई चराउने, कन्दमूल ल्याउने, वनमा नै रमाउन पाउने वातावरण त सबै बिग्रियो नि !' भन्दै डुक्रिए ।

साझेदारी वनबाट काठ-दाउरा बिक्री गरी पैसामात्र जम्मा गर्ने सोचको कारण वन र मानिसको धार्मिक/सांस्कृतिक सम्बन्ध टुट्ने खतरा भएको चौधरीको थप तर्क छ । वनमा भएका प्रजातिहरू, पशुपंक्षी, जडिबुटी र त्यसको प्रयोगले हाम्रो ज्ञानको दायरा बढ्ने थियो तर यसरी वनलाई व्यापारीकरण गरियो भने त ज्ञान पनि मर्ने उनको भनाइ छ । उनले आफ्नाे थप कुरा यसरी राखे :

**'अब त हाम्रो परमपरामा पनि हस्तक्षेप हुन थाल्यो । बिगतमा मर्मन्सा/बडघरले गर्ने काम अनेक नामका समूह/संस्थामार्फत् पो हुन थाले । यो त बनाउने भन्दा पनि बिगार्ने चाला हो ।'**

भनाइको सार हो- टाढाका उपभोक्ताको हकमा ऐन तथा निर्देशिकाले प्राथमिकता दिए पनि कार्यान्वयन पक्ष भने कमजोर

देखिन्छ । साझेदारी वनको व्यवस्थापनमा, वनको संरक्षणमा, प्रतिनिधित्व तथा सहभागितामा र लाभमा उनीहरूको न्यायोचित समावेशीकरण हुन सकेको छैन । अझ चौधरीले भनेझैँ कतिपय स्थानीय मूल्य-मान्यतामा थप प्रभाव परेको छ ।

### ४) कार्ययोजनाको अभावमा वन व्यवस्थापन हुन सकेन

यो साझेदारी वनको कार्ययोजनाको अवधि सकिएको कारण हाल नयाँ योजना बनाइएको छ। वन व्यवस्थापन गर्ने हिउदँको समय सकिएको कारण गत वर्ष वनबाट काठ/दाउरा निकाल्ने काम भएन। गत ३/४ वर्ष देखि काठ-दाउरा वितरण नभएको कारण उपभोक्तामा व्यापक असन्तुष्टि छ। 'काठ/दाउराको माग ज्यादै धेरै छ। तर आपूर्ति गर्ने क्षमता कम छ', समूहका अध्यक्षको भनाइ छ। उनी थप्छन्, 'अब नयाँ कार्ययोजनाअनुसार काठ कटानी, झाडी सफाइ आदि कार्य अगाडि बढाउने समूहको योजना छ। तर वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको प्रक्रिया झन्झटिलो भएकोले अपेक्षा गरेअनुसार काम हुन सक्ने देखिएको छैन ।'

अर्कोतर्फ वन कार्यालयबाट खटाइने वन प्राविधिकको इच्छा र क्षमता पनि महत्वपूर्ण पक्ष रहने गरेको देखिन्छ। साझेदारी वनको कार्ययोजना प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न प्राविधिकमा भएको क्षमता र दक्षतामा भरपर्ने गरेको देखिन्छ ।

### निष्कर्ष

समग्रमा नियाल्दा साझेदारी वन अझै पनि गरिबमुखी र समतामूलक बन्न सकेको छैन । आर्थिक उपार्जनका हिसावले वन व्यवस्थापन भए पनि आवद्ध समुदाय र सरोकारवालाहरूको आवश्यकता पूरा गर्नेतर्फ अझै ध्यान पुगेको छैन । साझेदारी वनको आन्तरिक सुशासनले नै यसको भविष्य निर्धारण गर्ने छ।

वन व्यवस्थापनमा संलग्न साझेदारहरूबीच कामको जिम्मेवारी र अधिकारको पाटो स्पष्ट हुनुपर्छ। साथै, वनको स्रोतबाट टाढा पारिएका समुदायको पक्षमा काम हुने वातावरण निर्माण हुनु आवश्यक छ। टाढाका उपभोक्ता, दलित, जनजाति र महिलाको पहुँच र नियन्त्रण वढाउने दिशामा काम हुनुपर्ने देखिन्छ। लाभांश बाँडफाँडलाई सरल र सहज बनाई गरिब समुदायले पनि पाउने वातावरण बनाउन आवश्यक छ। सेवाग्राही र सेवा प्रदायकबीचको समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्दा मात्रै आर्थिक विकासको साथमा जैविक विविधताको संरक्षण र प्रवर्द्धन हुन सक्नेछ ।

द्रष्टव्य : यो अध्ययन मेरो एमफिल अध्ययनको क्रममा संकलित सूचनाका आधारमा तयार पारिएको हो । यसका लागि सहयोग गर्ने विश्व वन्यजन्तु कोष, नेपालप्रति म आभारी छु ।

### सन्दर्भ-सामग्रीहरू :

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७३), **वन ऐन २०७३,** (संशोधित), काठमाडौँ ।

वन तथा भू-संरक्षण मन्त्रालय (२०७१), **वन नीति, २०७१,** काठमाडौँ ।

वन विभाग (२०७३), **साझेदारी वनको तथ्याङ्क,** बबरमहल, काठमाडौँ ।

वन विभाग (२०६७), **साझेदारी वनको निर्देशिका, २०६७,** काठमाडौँ ।

Bampton, J. F. R., Ebregt, A. & Banjade, M. R. (2007). Collaborative Forest Management in Nepal's Terai: Policy, Practice and Contestation. ***Journal of Forest and Livelihoods*** 6(2)30-43.

Dept. of Forests (2011). ***Collaborative forest management guideline***. Kathmandu: Author.

Dept. of Forests (2016). ***Barahban collaborative forest management plan***. Kathmandu.

Carter, J., & Gronow, J. (2005). ***Recent experience in collaborative forest management.*** Jakarta, Indonesia: Center for International Forestry Research.

Mahanty, S., Fox, J., McLess, L., Nurse, M., & Stephen, P. (Eds.). (2006). ***Hanging the balance in community-based natural resource***. Hawai, USA: East West Center.

Mandal, R. A., & Bhattarai, B. (2014). ***Collaborative forest Issues, challenges & possible solutions***. Kathmandu: NAFAN and ACOFUN.

McDermott, M., Mahanty, S., & Schreckenberg, K. (2012). Social equity matters in payment for ecosystem services ?. ***Biosciences,*** 64(11).

Ostrome, E. (1990). ***Governing the commons: the evolution of institutions for collective actions.*** New York: Cambridge University Press.

Sunam, R. K., & McCarthy, J. F. (2010). Advancing equity in community forestry: recognition of poor matters. I***nternational Forestry Review.*** 12(4). 370-382. Commonwealth Forestry Assocciation.

*(लेखक भट्टराई वनविज्ञ हुनुहुन्छ र हाल काठमाडौँ विश्वविद्यालयबाट विकास अध्ययन विषयमा एमफिल गरिरहनुभएको छ। साथै उहाँले लिबर्टी कलेजमा पनि अध्यापन गर्नुहुन्छ।)*
E-mail: bhola_bhattarai@hotmail.com/ nafannepal8@gmail.com

# नेपालभरका स्थानीय तहमा बैङ्क सुविधा कसरी पुऱ्याउने ?



आभा सुवेदी

देशको विकास हुनु भनेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक सबै क्षेत्रको विकास र समृद्धि हुनु हो । देश विकासको आधारशीला भनेकै देशका कुनाकाप्चामा छरिएर रहेका जनताहरूको जीवनस्तरमा समुन्नति ल्याउन सक्नु हो । यस्तो समृद्धि र समुन्नतिका लागि स्थानीय तहको अहम् भूमिका हुन्छ ।

हाम्रो देशमा भर्खरमात्र स्थानीय निकायको निर्वाचन सम्पन्न भएको छ। देशको विकासको लागि अब  स्थानीय निकायको पूर्वाधार र क्षमता विकासमा बढी जोड दिनुपर्ने अवस्था आएको छ । स्थानीय निकायको विकासका विभिन्न आधारहरूमध्ये  आर्थिक समृद्धि र विकास प्रमुख आधार मानिन्छन् ।

> २०७२ मा आएको नेपालको नयाँ संविधानले स्थानीय आर्थिक प्रणालीअन्तर्गत स्थानीय सञ्चित कोषको व्यवस्था गरेको छ । स्थानीय तहअन्तर्गत रहेका गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने र त्यस्तो कोषमा स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारको राजस्व, केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, ऋणलगायत अन्य स्रोतहरूवाट प्राप्त हुने रकम जम्मा हुने प्रावधान रहेको छ ।

आर्थिक आधार बलियो नभएर नै गाउँबाट सहर पस्ने जनसङ्ख्यालाई रोक्न सकिएको छैन, जसका कारण गाउँहरू रित्तिन थालिसकेका छन् । अर्कोतिर विदेश पलायनको बाढी रोकिन सकेको छैन । अबको स्थानीय सरकारका मूल एजेण्डा भनेको देशमा आर्थिक समृद्धि ल्याउन पहल गर्नु हो । आर्थिक समृद्धि र विकासका लागि स्थानीय निकायका जनप्रतिनिधिको आर्थिक दायित्व र पारदर्शिताको प्रतिबद्धता मुख्य  मुद्दा हुन् । जबसम्म आर्थिकरूपमा पारदर्शी समाज निर्माण गर्न सकिँदैन जनप्रतिनिधिप्रति जनताको विश्वास गुम्दै जाने र अविश्वासको वातावरण सिर्जना भइरहन्छ ।

### विकास र पारदर्शिता : बैङ्कको आवश्यकता

प्रजातन्त्रको पुन:स्थापनापछि मौलाउँदै गएको भ्रष्टाचारले गणतन्त्र स्थापनापश्चात् झनै उग्र रूप लिएको छ । धन्न लामो समयपछि स्थानीय तहले अहिले जनप्रतिनिधि पाएका छन् । यसले जनउत्तरदायी भएर काम गर्न सकेको खण्डमा समाजमा सकारात्मक प्रभाव पार्ने कुरामा द्विविधा छैन । अबको समाज र विकास हाँक्ने स्थानीय तहका अगुवाहरूले समाजमा एउटै मात्र मुद्दा अगाडि सारेर अघि बढेमा पनि  समाज सभ्य, स्वावलम्बी, कर्तव्यनिष्ट र जनउत्तरदायी बन्न सफल हुनेछ । त्यो मुद्दा भनेको 'आर्थिक पारदर्शिता'को हो । आर्थिक पारदर्शितालाई संस्थागत गर्नका लागि सघाउने बैङ्क तथा वित्तीय संस्थाहरू नै हुन् ।

हरेक स्थानीय तहमा बैङ्क सुविधा पुऱ्याई प्रत्येक स्थानीय नागरिकलाई बैङ्किङ्ग प्रक्रियाबाट नै कारोबार गर्न लगाउने हो भने देशमा छिट्टै आर्थिक पारदर्शिताका व्यवहार देखिन थाल्ने छन् । स्थानीय तह र निकायका आम्दानी र खर्चका स्रोतहरू के के हुन् ? त्यसको सङ्कलन, व्यवस्थापन र लगानी तीनवटै क्षेत्रमा सर्वसाधारणले प्रष्ट देखिने गरी आर्थिक पारदर्शिताको व्यवस्था गरिनु पर्दछ । आर्थिक पारदर्शिताको एउटै बाटो भनेको आर्थिक कारोवार बैङ्किङ्ग प्रक्रियाबाट गर्नैपर्ने प्रावधान राखिनु हो । जबसम्म आर्थिक पारदर्शिता हुँदैन व्यक्ति तथा संस्थाप्रति नैतिकताको प्रश्न उठिरहन्छ ।

## सरकारी चासो : जनताको खाँचो

स्वच्छ र भ्रष्टाचारमुक्त समाज निर्माण गर्नु स्थानीय निकायका पदाधिकारी कर्तव्य दायित्व एवम् जिम्मेवारी सबैको हो । स्थानीय जनताबाट सङ्कलित करको रकम स्थानीय जनताकै रगत र पसिनाबाट आर्जित आयको अंश हो । विभिन्न स्रोतबाट सङ्कलित थोरैथोरै रकमको पनि दुरूपयोग भएमा भ्रष्ट आचरण मौलाउँछ । यसरी सङ्कलित रकमबाट अत्यधिक लाभ लिनका लागि समाजको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा लगानी गर्नुपर्ने हुन्छ । स्थानीय निकायबाट सङ्कलित साधन र स्रोतको सदुपयोग गर्न र केन्द्रबाट विनियोजित बजेट स्थनीयस्तरसम्म परिचालन गर्नका लागि सबैभन्दा बढी विश्वसनीय सरल र भरपर्दो माध्यम भनेकै बैङ्क नै । यसका लागि नेपाल सरकारको आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा समेत प्रत्येक गाउँपालिका र नगरपालिकामा कम्तीमा एउटा वाणिज्य बैङ्कको शाखा स्थापना गर्न आवश्यक व्यवस्था मिलाइने विषय उल्लेख भएको सन्दर्भमा सरकार केन्द्रीय बैङ्क र सरोकारवाला बैङ्कहरूले यसलाई तुरुन्तै कार्यान्वयमा ल्याउन र उत्पन्न कठिनाइका समाधानका लागि बेलैमा पहलकदमी लिन जरुरी भइसकेको छ ।

स्थानीय निकायमा चाँडै नै बैङ्कहरू स्थापना हुन् भन्ने चाहनास्वरूप नेपाल राष्ट्र बैङ्क तथा वित्तीय संस्था नभएका स्थानीय तहमा शाखा खोल्नका लागि अनुमति नचाहिने व्यवस्था गरेको छ । यसका लगि राष्ट्र बैङ्कले नेपाल बैङ्कर्स एसोसियसनको समन्वयमा स्थानीय तहको केन्द्र वा मुख्य बजारमा शाखा खोल्ने नीति पनि लिएको छ ।

बैङ्क खोल्न प्रोत्साहन गर्नका लागि भनेर राष्ट्र बैङ्कले एउटा पनि बैङ्का शाखा नभएका स्थानमा शाखा खोल्ने वाणिज्य बैङ्कहरूले विभिन्न सुविधा पाउने व्यवस्था गरेको छ । यस्तो स्थानमा बैङ्क शाखा स्थापना भएपछि ३ वर्षसम्म अर्को शाखा खोल्नका लागि अनुमति नदिइने पनि राष्ट्र बैङ्कले जनाएको छ । सरकारले सबै स्थानीय तहको कारोबार बैङ्किङ्ग प्रणालीबाट गर्ने र त्यसको लागि सबै स्थानीय तहमा कम्तीमा एउटा वाणिज्य बैङ्कको शाखा पुऱ्याउने नीति लिएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनाअन्तर्गतको तल्लो तहका रूपमा रहेको स्थानीय तह विगतका तुलनामा अझ बढी विस्तारित, अधिकारसम्पन्न र मान्यतायुक्त रहेका छन् । अब बढी स्वायत्त भएका छन् । विस्तारित अधिकार, उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहितासँगै अबको स्थानीय तहले ठूलो आकारको वित्तीय स्रोतको परिचालन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । तर आजसम्म पनि धेरै स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाहरूको पहुँच नभएका कारण कमजोर बैङ्क पहुँच स्थानीय तहका लागि ठूलो चुनौतीको रूपमा रहेको छ । करोडौं रकम जाने ठाउँमा बैङ्क नहुँदा के होला ? हामी सहजै अनुमान गर्न सक्छौं ।

## स्थानीय सञ्चित कोष र बैङ्क सेवाको अपरिहार्यता

२०७२ मा आएको नेपालको नयाँ संविधानले स्थानीय आर्थिक प्रणालीअन्तर्गत स्थानीय सञ्चित कोषको व्यवस्था गरेको छ । स्थानीय तहअन्तर्गत रहेका गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने र त्यस्तो कोषमा स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारको राजस्व, केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, ऋणलगायत अन्य स्रोतहरूबाट प्राप्त हुने रकम जम्मा हुने प्रावधान रहेको छ ।

त्यसैगरी सरकारले जारी गरेको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थासम्बन्धी आदेश-२०७४ ले स्थानीय तहमा रहने सञ्चित कोष खाता 'क' वर्गको बैङ्क पायक पर्ने स्थानमा उपलब्ध भएसम्म अन्य बैङ्कमा खोल्न नसकिने र सञ्चित कोषबाट रकम खर्च गर्न छुट्टै 'खर्च खाता' खोली त्यस्तो खातामा स्थानीय सञ्चित कोषबाट रकम स्थानान्तरण (ट्रान्सफर) गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी संवैधानिक र कानुनी व्यवस्थालाई हेर्दा हरेक स्थानीय तहमा 'क' वर्गको बैङ्क अर्थात् वाणिज्य बैङ्कका शाखाहरू रहनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ ।

## ३३२ स्थानीय तहले बैङ्कका शाखा पाउने कहिले ?

पछिल्ला वर्षहरूमा नेपालमा बैङ्क खोल्ने बाढी आएको छ । बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा-सञ्जाल देशका विभिन्न भागमा

विस्तार हुँदै गए पनि पूर्वाधारहरूको अभावमा मुख्यतः सहर र सुगमस्थलमा मात्र बैङ्कहरू केन्द्रित भइरहेका छन् । देशमा हालसम्म २८ वटा वाणिज्य बैङ्कहरू सञ्चालनमा रहेका छन् । यी बैङ्कहरूको शाखा देशभरिमा जम्मा २,०१३ वटा रहेको कुरा नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कले देखाउँदछ । तथ्याङ्कअनुसार देशमा कायम रहेका ७४४ स्थानीय तहमध्ये ४१२ स्थानीय तहमा मात्र बैङ्कको शाखा विस्तार रहेको र बाँकी ३३२ स्थानीय तहमा कुनै पनि बैङ्कको शाखा नरहेको देखिन्छ । संवैधानिक, कानुनी प्रावधानलाई जोड दिँदै स्थानीय निकायलाई पारदर्शी एवं वित्तीय स्रोत परिचालनमा सहज बनाउनका लागि वर्तमानमा बैङ्कको सुविधा नभएका स्थानीय तहहरूमा बैङ्कका शाखाहरू तत्काल विस्तार गर्नुपर्ने आवश्यकता । यसतर्फ सबैको ध्यान जानुपर्छ । सबै जिल्लाका स्थानीयस्तरमा पुनःनिर्माणको काम गर्न, किसानलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन, पर्यटन व्यवसायीलाई उत्साहित गर्न, बचत कार्यलाई प्रोत्साहन गर्न, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले सहजरूपमा रकम पठाउन, साना तथा मझौला उद्योग स्थापना गर्न, स्थानीय कर सङ्कलन तथा दाखिला गर्न, केन्द्रबाट छुटयाइएको रकम परिचालन गर्न र भ्रष्टाचारजन्य शङ्कास्पद क्रियाकलापहरू रोक्न पनि स्थानीय तहमा कम्तीमा एक बैङ्कको शाखा हुनु जरुरी छ ।

*(लेखिका सुवेदी त्रिविविअन्तर्गतको ग्रामीण आदर्श बहुमुखी क्याम्पस, नेपालटारमा व्यवस्थापन विषय प्राध्यापन गर्नुहुन्छ र बिजनेससम्बन्धी विभिन्न पुस्तककी लेखिका पनि हुनुहुन्छ ।)*
E-mail: abhapudasaini@yahoo.com

**नेपाल सहभागीमूलक कार्य समूह (नेपाल)**
**(सन् १९९५ - २०१७)**
**नेपालको स्थापनाकालदेखि हालसम्मका**
**अध्यक्षहरू**

- रमेश सिंह
- डा. शिवेशचन्द्र रेग्मी
- डा. विनोद भट्ट
- यशोधा श्रेष्ठ
- हुकुमबहादुर सिंह
- मानबहादुर थापा
- राघवराज रेग्मी
- डा. भोलाप्रसाद दाहाल
- तेजराज दाहाल
- डा. नानीराम सुवेदी
- छिडलमु शेर्पा
- ब्रह्मध्वज गुरुङ
- उत्तम उप्रेती
- चेतनाथ कणेल

**नेपालको स्थापनाकालदेखि**

**हालसम्मका**
**सचिवालय संयोजकहरू**

- हुस्नबान्नु शेख
- डा. कमल फुयाल
- द्रोण केसी
- चेतनाथ कणेल
- झविन्द्र भण्डारी
- बच्चुराम बस्नेत
- डम्बर ब. लोहोरुङ राई
- दलबहादुर जी.सी.
- फटिकबहादुर थापा




नेपानबाट प्रकाशित
**ज्येष्ठ नागरिकसँग नेपानको डेढ दशकको यात्रा (२०७३)**
पढ्नु भयो ?
**सचिवालयमा सम्पर्क राखी यसको प्रति प्राप्त गर्न सकिन्छ ।**
**मूल्य रु.१००/-**
(नेपान सदस्य रु.५०/-)

संस्था परिचय

# सशक्तिकरण समाज नेपाल (स्टेप-नेपाल) : हिजो, आज र भोलि

स्टेप-नेपाल आजभन्दा १७ वर्षअघि सन् २००० मा ललितपुरमा दर्ता भएको एक गैरसरकारी, गैरराजनैतिक तथा नाफारहित संस्था हो । यो संस्था सामाजिक तथा आर्थिक रूपले विपन्न/उपेक्षित समुदायबीचमा संवाद, सहमति र सहकार्यको वातावरण तयार पार्न सघाउने उद्देश्यले स्थापना गरिएको हो ।

विकास भनेको अर्काले गरिदिने वस्तु होइन, यो काम आफैं गर्नुपर्छ, र बाहिरका व्यक्ति वा संस्थाले सामान्य सहजीकरणमात्र गरिदिन सक्छन् भन्ने मूल मान्यता स्टेप-नेपालको रहेको छ । यही भावनाको विकास जनसमुदायमा समेत गराउनमा स्टेप-नेपाल तल्लीन छ ।

**स्टेप-नेपाल : सङ्क्षेपमा**

**स्थापना :** सन् २०००

**दर्ता:** जिल्ला प्रशासन कार्यालय, ललितपुर (द. नं. ११७६)

**आबद्धता :** समाज कल्याण परिषद् (द. नं. ११०९३/२०००)

**अन्य आबद्धता :**

- गैसस महासङ्घ
- एचआईभीविरुद्धको राष्ट्रिय नेटवर्क (नानगान)
- गैसस समन्वय समिति (एनजीओसीसी)
- सुरक्षित मातृत्व सञ्जाल (सेफर मदरहुड नेटवर्क)

### परिकल्पना

नेपालमा समतामूलक र समृद्ध समाजको स्थापना भएको देख्न चाहन्छ स्टेप-नेपाल ।

### ध्येय

स्टेप-नेपाल समतामूलक र समृद्ध समाज स्थापनाको लागि सामाजिक तथा आर्थिक रूपले उपेक्षित तथा विपन्न नागरिकको सशक्तिकरण गर्ने मुख्य ध्येयका साथ अघि बढिरहेको छ ।

### लक्ष्य/उद्देश्यहरू

गरिबीको रेखामुनि परेका विपन्न समुदायको उन्नतिका लागि सामाजिक तथा आर्थिक समृद्धिमूलक विशेष कामहरू गर्ने ।

महिला सशक्तिकरण, युवा रोजगारी प्रवर्द्धन, बाअधिकार, जनस्वास्थ्य आदिजस्ता विषयमा विशेष काम गरी जनसशक्तिकरणको क्षेत्रमा अलग्गै पहिचान बनाउने ।

दिगो विकासको मूल आधारको रूपमा रहेको वातावरण/जलवायु परिवर्तन र विपद् व्यवस्थापनमा कार्य गर्ने ।

महिला प्रजनन् स्वास्थ्यको सुदृढीकरण तथा एचआईभी सङ्क्रमण-क्रम घटाउने कार्यहरू गर्ने ।

महिला हिंसाविरुद्धका कार्यहरू गर्दै हिंसा न्यूनीकरणमा सघाउने ।

संस्थाको दिगोपनका लागि क्षमता अभिवृद्धिका विविध कार्यहरू गर्ने ।

**हालको कार्यसमिति**

**(२०७३-२०७६)**

| | नाम | पद |
|---|---|---|
| १ | दलबहादुर जी.सी. | अध्यक्ष |
| २ | रामकुमारी मानन्धर | उपाध्यक्ष |
| ३ | प्रीतिमाया राई | सचिव |
| ४ | विजयसिंह गुरुङ्ग | कोषाध्यक्ष |
| ५ | रमेश पाण्डेयै | सहसचिव |
| ६ | गोबिन्द श्रेष्ठ | सदस्य |
| ७ | पियारत्न महर्जन | सदस्य |
| ८ | सरोजनी श्रेष्ठ | सदस्य |
| ९ | लोकराज भट्ट | सदस्य |

“नेपालका ७ वटै प्रदेशमा कार्यक्रम विस्तार गर्ने स्टेप-नेपालको भावी सोच रहेको छ ।”

## स्टेप-नेपाल बाट हालसम्म सम्पन्न भएका मुख्य-मुख्य कार्यक्रम तथा क्रियाकलापहरू

| | कार्यक्रम | साझेदार संस्था | जिल्ला/गाविस/नपा | साल/अवधि |
|---|---|---|---|---|
| १ | महिला सशक्तिकरणका लागि क्षमता (सीप) विकास तालिम | जिल्ला विकास समिति, ललितपुर | प्युटार गाविस, ललितपुर | सन् २०१७ |
| २ | सहरी गरिबी न्यूनीकरणका लागि पर्यटन व्यवसायको प्रवर्द्धन कार्यक्रम नमुना परियोजना (पीआरयूपीपी) | ललितपुर महानगरपालिका | पाटन क्षेत्र, ललितपुर महानगरपालिका | सन् २०१७ |
| ३ | यौनकर्मी महिला र उनीहरूका ग्राहकहरूको निम्ति एच्.आई.भी न्यूनीकरण कार्यक्रम (साथसाथ र लिंकेज) | यू.एस्.एड, पेफार, लिंकेज, एफएचआई ३६० डिग्री | काठमाडौं जिल्ला | सन् ०११ देखि हालसम्म |
| ४ | सुकुम्बासी बस्तीका महिलाहरूका लागि क्रिस्टलका सामग्रीहरू बनाउने तालिम | संस्थाको आन्तरिक स्रोत | बाग्मती पुल पूर्वतर्फ, काठमाडौं | सन् २०१४ |
| ५ | ग्रामीण महिलाका लागि सीप विकास तालिम | जिल्ला विकास समिति, ललितपुर | गिम्दी गाविस, ललितपुर | सन् २०१२ |
| ६ | एचआईभी एड्स नियन्त्रणका लागि प्रशिक्षक-प्रशिक्षण कार्यक्रम | सिविन | काठमाडौं | सन् २०१० |
| ७ | एकल महिला सशक्तिकरण कार्यक्रम | जिविस, गाविसहरू | ललितपुर | सन् २००३-२०१० |
| ८ | अधिकारमुखी लैंगिक स्वास्थ्य तथा एच्.आई.भी एड्स सचेतना कार्यक्रम | लुथरन विश्व फेडरेसन नेपाल | काठमाडौं, ललितपुर बाँके, कैलाली | सन् २००२-२००९ |
| ९ | महिला हिंसाविरुद्ध अन्तरधार्मिक राष्ट्रिय सञ्जालको स्थापना | युनिफेम | ललितपुर | सन् २००७ |
| १० | कम्प्रिहेन्सिभ प्याकेज फर मोबाइल पपुलेसन एण्ड फेमिली | यूएनडीपी | कैलाली | सन् २००६ |
| ११ | घर निर्माणमा मुक्त कमैया सहयोग कार्यक्रम | ओकेन्डेन इन्टरनेसनल | गुलरिया, कोठिया, बर्दिया, | सन् २००४-२००५ |
| १२ | विपन्नवर्गका लागि सेवा पहुँच कार्यक्रम | डिफिड/ईएसपी/जिविस, ललितपुर | कैलाली र ललितपुर | सन् २००२-२००४ |
| १३ | लैंगिक तथा सशक्तिकरण तालिम | लुथरन बि.फे. नेपाल, जि.टि.जेड, फेडो | काठमाडौं, ललितपुर | सन् २००२-२००४ |
| १४ | साथी शिक्षा सहयोगी तालिम | विश्व शिक्षा | बिराटनगर | सन् २००४ |
| १५ | नेतृत्व विकास तालिम | फेडो | सिरहा | सन् २००३ |

## भावी सोच र कार्यक्रमः

- महिला सशक्तिकरण र स्थानीय नेतृत्व विकासका विशेष कार्यक्रम
- सहरी तथा ग्रामीण क्षेत्रमा पर्यटनको माध्यमबाट गरिबी घटाउने विशेष कार्यक्रम
- एकल महिला, ज्येष्ठ नागरिक, बालबालिका तथा बेरोजगार युवालक्षित विशेष कार्यक्रम
- नेपालको दिगो विकास लक्ष्य (एसडीजी) का लागि सरकारी, गैसस तथा निजी क्षेत्रसँगसमेत सहकार्य गरी विविध कार्य गर्ने ।
- नेपालका ७ वटै प्रदेशमा कार्यक्रम विस्तार । स्वयम्सेवा, सहयोग एवम् साझेदारिताका लागि हामी हार्दिक आह्वान र अनुरोध गर्दछौं ।

थप जानकारीका लागि सम्पर्क:
**सशक्तिकरण समाज नेपाल (स्टेप-नेपाल)**
कुपण्डोल, ललितपुर (राजधानी दैनिकसँगै जोडिएको रातो घरको दोस्रो तल्ला)
(परियोजना कार्यालय, बागबजार, काठमाडौं, रत्न पुस्तक भण्डारनजिक
फोन नं ०१- ४२३१२२६, ९८४१४९१९६५, ९८५१२२०३३१
इमेल : stepnepalpo@gmail.com वेबसाइट : www.stepnepal.org

१७ वर्षअघिको सहभागिताबाट

# हाम्रा बैठकहरू कसरी प्रभावकारी बनाउने ?



श्रीधर लामिछाने

व्यक्तिगत होस् वा सामूहिक, धेरै जनाको होस् वा थोरै जनाको, औपचारिक होस वा अनौपचारिक, कुनै न कुनै बैठकमा हामीहरू आफैं सहभागी भएका छौं वा अरु सहभागी भएको देखेका छौं । कुनै बैठक थोरै समय बसे पनि छोटो, मिठो र प्रभावकारी हुन्छ । कुनै बैठक ज्यादै लामो, हाई–हाई आउने, दिक्क लाग्दो, निर्णय नै नटुङ्गिने वा ज्यादै विवादग्रस्त भएर सकिएको पनि हुन्छ ।

हुन त बैठकलाई कति प्रभावकारी बनाउने भन्ने कुरा बैठकका हरेक सहभागीमा निर्भर गर्छ, तैपनि  बैठकलाई चुस्त र छिटो–छरितो बनाउने कुरामा धेरैजसो हात बैठकको नेतृत्वदायी वर्गको रहन्छ । अर्थात् अध्यक्ष, सभापति, संयोजक आदिको विशेष भूमिका रहन्छ ।

> बैठकका सहभागीहरू जुन पद वा संस्थाबाट सहभागी भएता पनि बैठक कक्षमा उत्तिकै महत्वपूर्ण हुन्छन् भन्ने कुरालाई ध्यान दिँदै एक आपसमा सबैले एक-अर्कालाई आदर-सम्मान गर्नुपर्दछ ।

यहाँ सामुदायिक संघसंस्था, व्यक्ति, विशेषतः स्थानीय तह/निकायहरू, गैरसरकारी संस्था, सहकारी, सामुदायिक वन उपभोक्ता समूह/समिति र अन्य विविध खालका संस्थाहरूका बैठकलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सन्दर्भमा केही छलफल चलाइएको छ । बैठकहरू कसरी प्रभावकारी बनाउने र छिटोभन्दा छिटो सक्ने भन्ने कुरामा सबैको चासो हुन्छ । तर चिन्ता हामी सबैको : कसरी ?

हामीले हाम्रा संस्थाका बैठक कहिले हप्तैपिच्छे, कहिले महिनैपिच्छे गर्ने गर्छौं । तर तीमध्ये कतिपय बैठक निर्णय नभइकन र कतिपय बैठकमा छलफल होइन ‘कोलाहल’ र ‘हात हालाहाल’ पनि मचिन्छ । बैठकहरूमा कचिङ्गलजस्तो भएर विवाद हुने र बैठक निर्णय भने अध्यक्ष र सचिवको वा नेताको खुशीले लेख्ने गरेको पनि पाइएको छ ।

यस्तो अवस्था हुन नदिन के गर्ने भन्ने कुरा नै अहिलेको सन्र्दभ हो । बैठक भन्नसाथ दुई वा दुईभन्दा बढी व्यक्तिहरू एउटा निश्चित स्थानमा भेला भई निश्चित विषयहरूमा छलफल गरी एउटा टुङ्गोमा पुग्नु हो । राम्रोसँग बैठक बसी उद्देश्य पूरा गर्नु पर्ने हुन्छ । जसले गर्दा बैठक समयमा नै सकिने र उपलब्धिमूलक हुनसक्छ । बैठकमा केही प्रक्रिया र चरणहरूलाई तल बुँदागत रूपमा छलफल गरिने छ ।



रेखाचित्र सौजन्य : गुगल

## बैठकका केही प्रक्रिया र चरणहरू

### १) बैठकपूर्व सहभागीलाई सूचना दिने कार्य अनिवार्य गर्ने

एउटा राम्रो बैठक सञ्चालन गर्न बैठक सञ्चालकले बैठकमा सहभागीहरूलाई बैठक हुने स्थान, मिति र समयबारे स्पष्ट जानकारी दिनुपर्दछ। कति अगाडि जानकारी दिने भन्ने कुरा भने आवश्यकतामा निर्भर गर्दछ। अझ सम्भव भए बैठकमा छलफल हुने मुख्य विषयहरू (एजेण्डा), सो सम्भव नभएमा कम्तीमा बैठकको उद्देश्यबारे स्पष्ट जानकारी दिइनु उपयुक्त हुन्छ। यसले गर्दा सहभागीले आफ्नो योजना बनाउन र छलफल हुने विषयमा आवश्यक भए अध्ययन गरी वा सूचना सङ्कलन गरी आफ्नो विचार, तर्कसहित उपस्थित हुन सक्छन् । यसले गर्दा बैठकको समय पनि कम लाग्छ र बैठक उपलब्धिमूलक हुन सक्छ ।

### २) शिष्टाचार र सम्बोधनमा ख्याल गर्ने

बैठक सञ्चालकले बैठकमा उपस्थित सहभागीलाई स्वागत गर्ने, सम्बोधन गर्ने, अभिवादन गर्ने र आरामविराम सोध्ने (सम्भव भएसम्म) गर्नुपर्छ । यस्तो कुराले व्यक्तिको मन छुन्छ । सम्बन्ध बढ्छ। यसो गर्दा/देख्दा औपचारिकता जस्तो लागे पनि सञ्चालक र सहभागीहरूबीच न्यानो सम्बन्ध बनाउन मद्धत पुग्दछ। जसले गर्दा बैठकहरू धेरै प्रभावकारी हुँदै जान्छन् ।

### ३) अघिल्लो बैठकका निर्णय पुनरावलोकन गर्ने

बैठकअघि बढाउने क्रममा नयाँ विषयमा प्रवेश गर्नुअघि अघिल्लो बैठकको निर्णय(हरू) पुनरावलोकन गर्नुपर्दछ। जसले गर्दा बैठक बैठकका लागिमात्र भन्दा पनि कार्यान्वनको लागि हो भन्ने बुझाइ बढ्ने र आगामी दिनमा जिम्मेवारी लिने व्यक्ति सजग भई निर्णय कार्यान्वयन शीघ्र र प्रभावकारी हुन मद्धत पुग्दछ ।

## बक्सः बैठक बसिरहेको बेला ध्यान दिनुपर्ने केही महत्वपूर्ण कुराहरू

बैठक बस्दा तलका ५ कुरामा हामीले अलिकति बढी ध्यान दिन सक्यौं भने पनि हाम्रा बैठकहरू बढी सहभागीमूलक र प्रभावमूलक हुन सक्छन्।

**१. आपसी आदर र सम्मानभाव :** बैठकका सहभागीहरू जुन पद वा संस्थाबाट सहभागी भएता पनि बैठक कक्षमा उत्तिकै महत्वपूर्ण हुन्छन् भन्ने कुरालाई ध्यान दिँदै एक आपसमा सबैले एक-अर्कालाई आदर-सम्मान गर्नुपर्दछ। बैठकमा आफ्ना विचार राख्दा भावनामा ठेस नपुऱ्याई बोल्नु, सबै सहभागीलाई प्रोत्साहित गर्ने र अपशब्द, गालीगलौज नगर्ने कुरा बैठक सुरु हुनुअघि नै समझदारी वा सहमति बनाउनु पर्दछ।

**२. सबैलाई आफ्ना विचार राख्ने अवसर :** बैठकमा उपस्थित सबै सहभागीहरूले सम्बन्धित विषयमा आ-आफ्नो विचार राख्न पाउनुपर्दछ। सञ्चालकले पनि कम बोल्नु राम्रो हुन्छ। बरु सहभागीहरूलाई बोल्न प्रोत्साहित गर्नुपर्दछ। कतिपय सहभागीहरू आफूमात्र कुरा गरी रहन चाहनेहरू हुन्छन् त्यस्तालाई तपाईं आफ्नो कुरा पछि राख्नहोला, निचोडभन्दा पहिला छोटकरीमा राख्न अनुरोध गर्नु उपयुक्त हुन्छ । बोल्दा सबैले *एकैचोटि नबोली पालैपालो बोल्ने अवसर मिलाउने र सकभर अर्काको कुरा काट्नुभन्दा आफ्*नो विचार राख्न सहभागीहरूलाई अनुरोध गर्नुपर्दछ।

**३. छलफलका विषयवस्तुमा ध्यान :** कहिलेकाहीं एउटा सहभागीले आफ्नो विचार प्रस्तुत गरिरहँदा अरु सहभागीले उसको विचारमा भन्दा हात, मुख, खुट्टा कपालमा हेर्ने वा हाउभाउमा हेर्ने गर्छन्, जसले गर्दा निजको विचार बुझ्न सकिँदैन । तसर्थ प्रस्तुतकर्ताको विचारमा केन्द्रित हुन बारम्बार आग्रह गर्नुपर्ने हुनसक्छ। यदि सहभागीले प्रस्तुत विषयवस्तुबारे व्यक्त गरेको विचारमा केन्द्रित भएमा छिटो बुझ्न, निचोड निकाल्न सजिलो हुनेछ। अझ आजकाल त मोबाइल चलाएर बस्ने गरेको पनि पाइन्छ । बैठकभरि यी कुरालाई निषेध गर्नु जरुरी देखिएको छ। १७ वर्षअघि यस्ता कुरा हाम्रा दिमागमा पनि थिएनन् । त्यतिबेला 'साइडटक' बढी हुन्थे, अहिले 'मोबाइलटक' बढी हुने गरेका छन् । यी अवरोध हुन् ।

**४. छलफलको वातावरण :** बैठकमा छलफल चलिरहेको बखत बैठक कक्षमा आउने जाने गरिरहने, अनावश्यक व्यक्तिहरू आएर छलफल भाँड्ने गर्दा सोचेअनुसार छलफल गरी सम्बन्धित विषयमा गर्नुपर्ने निर्णय नहुन सक्छ । त्यसकारण हेर्दा सानो लागे पनि यस्ता कुरामा ध्यान पुऱ्याउनु अत्यन्त जरुरी हन्छ ।

**५. विचारको कदर गर्ने :** छलफल गर्दा विभिन्न मत-मतान्तर हुने वा फरक विचार आउने गर्छन् । त्यस्ता फरक विचारले संस्थाको काम र विकासमा ठूलो गुणात्मक फरक ल्याउन सक्छ। त्यसकारण आफ्ना विचारभन्दा फरक विचार राख्नेहरूको विचारलाई पनि कदर गर्दै गरिने निर्णय प्रभावकारी हुन सक्छ।

(माथिको रेखाचित्र स्रोत : **गुगल डट कम**, २०७४ भदौ १९)

### ४) छलफलको बुँदा प्रस्तुति र प्राथमिकता निर्धारण गर्ने

बैठक शुरु हुनुअघि छलफलका बुँदाहरू बैठक सञ्चालकले प्रस्तुत गर्नुपर्छ । सहभागीहरूबाट अरू मिल्दोजुल्दो बुँदा भए थप्नु उपयुक्त हुन्छ । तर विचार गर्नुपर्ने कुरा के छ भने बैठकको जम्मा उपलब्ध समय निश्चित गरेर र विषयको गहनतालाई हेरेर प्राथमिकता तोक्नु राम्रो हुन्छ । अन्यथा ज्यादै महत्वपूर्ण बुँदामा छलफल गर्नै नभ्याइने वा त्यो विषय हलुका रूपमा जान सक्छ । तसर्थ सञ्चालकले सबै सहभागीको विषय समेट्ने र उपलब्ध समयअनुसार प्राथमिकता निर्धारण गरी बैठक अगाडि बढाउन सहभागीहरूलाई सहयोग गर्नुपर्दछ । (**बक्स पनि हेर्नुहोला**)

### ५) क्रमशः बुँदागत रूपमा छलफल गर्दै निर्णय लिँदै जाने

प्राथमिकता निर्धारण गरिसकेपछि निर्धारित बुँदाहरूमा एकपछि अर्कामा छलफल गर्दै निर्णय गर्दै जानुपर्दछ । हरेक बुँदामा छलफलका बुँदाको प्रस्तावकबाट बुँदाको पृष्ठभूमि स्पष्ट पार्नुपर्छ । यसले गर्दा सबैले त्यसको मर्म बुझ्न सजिलो हुनेछ । हरेक छलफलका बुँदाको महत्व र त्यसको कारण स्पष्ट भएपछि सबै उपस्थित सहभागीहरूलाई विचार लिइनुपर्दछ । सबैको विचारको सम्मान गर्दै एउटा सही निचोडमा पुग्नुपर्दछ । त्यसको अभिलेखन पनि तत्काल गर्नुपर्दछ । प्रस्तुत बुँदाको निर्णयबाट पर्नसक्ने सकारात्मक र नकारात्मक प्रभावसमेत खोजियो भने निर्णयबाट हुनसक्ने नकारात्मक प्रभाव र अनावश्यक विवादबाट मुक्त हुन सजिलो हुन्छ । नेतृत्ववर्गले यो कुरामा खुब ख्याल गर्नुपर्छ ।

### ६) आमसहमतिमा आधारित निर्णय लिने पद्धति बसाल्ने

सहभागीमूलक बैठक पद्धतिमा जहिलेसुकै पनि आमसहमतिको आधारमा निर्णय लिँदा निर्णयप्रति अपनत्व र जिम्मेवारी हुन सक्ने भएको हँदा यो प्रक्रियालाई राम्रो मानिन्छ । जुनसुकै र जस्तोसुकै स्तरको बैठक नै किन नहोस्, यो प्रक्रियाको अवलम्बनले सहभागीमूलक ढंगबाट निर्णय गर्न मद्धत पुग्दछ । हरेक संस्था वा समितिमा यो पद्धति बसाल्नु अति आवश्यक पनि छ । त्यसैले प्रस्तावित विषयमा सबैलाई राम्रो जानकारी दिई सबैको विचार मागी छलफल गरी निर्णय गर्नु उपयक्त हुन्छ ।

### ७) निर्णय लेखी हस्ताक्षर गराई अभिलेख राख्ने

आमसहभागीबाट निकालिएको निचोडको अभिलेख राख्नु आवश्यक हुन्छ । अभिलेख राख्दा माथि भनिएझैं विषय, छोटो पृष्ठभूमि र छलफलको निचोड उल्लेख हुनु अत्यन्त जरुरी हुन्छ । निर्णय लेने तरिका हरेक संस्थाका अलगअलग हुन सक्छन् । तथापि, जसले निर्णय लेखे पनि छुटाउनै नहुने कुरा भनेको के विषयमा के निष्कर्ष निस्क्यो र कहिले, कसले कायान्वयन गर्ने भन्ने नै हो । यी कुरा सबैले बुझ्ने गरी स्पष्टसँग लेख्नुपर्छ ।

यसरी केही कुरामा ख्याल गऱ्यौं भने हाम्रा बैठक पहिलाभन्दा धेरै प्रभावकारी र फलोत्पादक बन्न सक्छन् । स्थानीय तह /सरकारका अवका बैठकहरू अरू बढी प्रभावकारी बनून् भन्ने हाम्रो चाहना हो ।

(प्रोत्साहन र अद्यावधिकताका लागि चेतनाथ कणेलप्रति आभार व्यक्त गर्दछु । पुनःटङ्कणका लागि प्रियङ्का पाठक र लक्ष्मी चम्लागाईं बहिनीहरू धन्यवादका पात्र छन् । लेखको मूल स्रोत : *सहभागिता,* पूर्णाङ्क १८, २०५७ कार्तिक-चैत, संयुक्ताङ्क, नेपान अभिलेखालय । **-लेखक**)

---

*(लेखक १७ वर्षअघि अर्थात् यो लेख प्रकाशनताका नेपाल स्वीस सामुदायिक वन परियोजनामा कार्यरत हुनुहुन्थ्यो । हाल उहाँ ज्येष्ठ नागरिक सवालमा सक्रिय अभियन्ता हुनुहुन्छ । साथै नेपानको प्रारम्भदेखि नै आबद्ध हुनुहुन्छ र आजीवन सदस्य पनि हुनुहुन्छ ।)*

*E-mail: lamichhanes@gmail.com*

**नेपान सन् १९९६ देखि नै ज्येष्ठ नागरिकसम्बन्धी विशेष प्रकाशन, ज्येष्ठ नागरिकको सवालमा अनुसन्धान, जनवकालत, तालिम तथा स्थानीय संघसंस्था सुदृढीकरणमा लागिपरेको छ । यस सन्दर्भमा नेपानबाट ज्येष्ठ नागरिक सवालमा थुप्रै प्रकाशनहरू पनि प्रकाशित भएका छन् । तपाई त्यस्ता प्रकाशन अध्ययन गर्न चाहनुहुन्छ भने नेपान स्रोत केन्द्रमा आउनुहुनु अनुरोध छ । सम्पूर्ण प्रकाशनहरूलाई विद्युतीय माध्यम (डिजिटलाइज्ड भर्सन) मा लैजाने हाम्रो प्रयासमा तपाई पनि सहयोगी बन्न सक्नुहुनेछ ।**

**-नेपाल सचिवालय**

पुस्तक समीक्षा

# ‘नमुना विकास र राजनीति’




रातो पृष्ठभूमि भएको नेपालको नक्सालाई दुई हातले उचालेको स्केच-कम-फोटो । आकर्षक आवरण । शीर्षक पनि आकर्षक । एकपटक नपढी सुखै नपाइने !

वि.सं.२०७३ मङ्सिरमा बालकिशोर माझी प्रकाशक रहेको र हाइडल प्रेस डिल्लीबजारमा मुद्रण गरिएको पवन मदुश्रीको पुस्तक हो यो । विभिन्न समयमा निस्केका आलेख र केही नयाँ शीर्षकका आलेखसमेत राखी ***‘नमुना विकास र राजनीति’*** (भाग एक) नाम दिइएको यो पुस्तक विकास र राजनीतिसँग चासो राख्ने सबैलाई उपयोगी छ । आफ्नो चिन्तन र अनुभवलाई दुरुस्त प्रस्तुत गर्न खोजेका छन् लेखकले ।

कूलमा २३८ पेजको यो किताबलाई पाँच खण्डमा विभाजन गरी फरक-फरक स्वाद दिने ५० वटा रचनाहरू समेटिएका छन् । यस पुस्तकका बारेमा राजनीतिक यात्राको लामो अनुभव हासिल गरेका मूर्धन्य साहित्यकार/लेखक मोदनाथ प्रश्रित, सहभागीमूलक विकास पद्धतिका एक अभियन्ता तथा स्रष्टा चेतनाथ कणेल ‘हरित’ र स्थानीय निकाय कर्मचारी सङ्घ नेपालका अध्यक्ष हरिकुमार श्रेष्ठले पुस्तकको अग्रपृष्ठमा आफ्ना भनाइ लेखिदिएका छन् । लेखक स्वयम्ले पुस्तक-लेखनको पृष्ठभूमि राम्रोसँग लेखिदिएकाले पनि पाठकहरूलाई मूल विषयमा प्रवेश गर्दा नै आधाआदि पुस्तकका बारेमा ज्ञान मिल्दो रहेछ ।

पुस्तक : **नमुना विकास र राजनीति (भाग १)**
लेखक : पवन मदुश्री
प्रकाशक : बालकिशोर माझी
प्रकाशन वर्ष : २०७३ मङ्सिर
पृष्ठ सङ्ख्या : २३८+३४
मूल्य : रु. ४००।- (व्यक्तिगत), १,०००।- (संस्थागत)

सम्पादकीय कौशलताका कारण पुस्तकको अन्तिम पृष्ठमा तीनैजना समीक्षकका भनाइका सार खिचिदिँदा पुस्तक छान्न चाहनेहरूका लागि राम्रै मद्धत मिलेको छ । यी सबै आद्योपान्त पढी पुस्तकका दशवटै आयाम चिरफार गर्नेले दिएका सुझाव एवं समीक्षालाई समावेश गर्दै पवनले अब दोस्रो भाग पनि प्रकाशन गर्न सके पाठकलाई राम्रै न्याय हुनेछ ।

**स्थानीय सवालको राम्रो चिरफार**

वि.सं. २०५४ सालबाट आफ्नो लेखन सुरु गरेका पवनले बीस बर्ष नपुग्दै साहित्यिक पुस्तक *गाँउले* कवितासहित *नमुना विकास र राजनीति* पुस्तक लेखेर विकासे कार्यकर्ता र स्थानीय तहमा काम गर्न जुर्मुराइरहेका नवआगन्तुक विकासकर्मीहरूलाई राम्रो गुन लगाएका छन् । मध्यपश्चिमका विकास र राजनीतिको सेरेफेरोमा कुँदिएका उनका लेखहरूले नेपालको गणतन्त्र र संक्रमणकालमा स्थानीय तहमा झेलिएका समस्याहरूलाई छर्लङ्ग पारेका छन् । यसमा अनेक स्थानीय सवालहरूको राम्रो चिरफार भएको छ ।

विषेशगरी दुई दशकसम्म स्थानीय तह जनप्रतिनिधिविहीन हुँदाका बखत जनताले भोगेका समस्याहरू, दलीय सिण्डिकेट र कर्मचारीहरूको मनोमालिन्यलाई पवनले बडो कुटनीतिक पाराले प्रस्तुत गरिदिएका छन् ।

स्थानीय निकायलाई बेकम्मा बनाउनेहरूलाई इङ्गित गर्दै लेखक आफ्नो एक लेखमा एउटा लघुकथा लेख्छन् :

एकजना वैज्ञानिक साङ्लोमाथि परीक्षण गर्दै रहेछन् । एउटा खुट्टा उखेलेर उनले साङ्लोलाई भुइँमा छाडेर भनेछन्, हिँड्, साङ्लो खुरुखुरु हिंडेर परसम्म पुगेछ । वैज्ञानिकले डायरीमा नोट गरे, एउटा खुट्टो नहुँदा पनि साङ्लो हिँड्न सक्दोरहेछ । अर्को खुट्टा उखेलेर उनले फेरि आदेश गरे, हिँड् । साङ्लो फेरि पनि परसम्म हिँड्यो । अनि वैज्ञानिकले डायरीमा नोट गरे । दुईवटा खुट्टा नहुँदा पनि साङ्लो हिँड्न सक्दोरहेछ । एवम्

तरिकाले उनले बाँकी रहेका खुट्टा पनि उखेलेर तीनवटा मात्र खुट्टा बाँकी राखी साइलोलाई आदेश दिए, हिँड् । अब भने साइलो हिँड्न नसकेर जहाँको तहीँ पल्टियो । महान वैज्ञानिकले निष्कर्ष निकाले- सबै खुट्टा भिकिदियो भने साइलाले कान सुन्दो रहेनछ, बहिरो हुँदोरहेछ (पृ. १४७ र १४८) ।

यो पुस्तक पढ्दा लाग्छ, नेपाल सरकारको एक कर्मचारीले स्थानीय विकास मन्त्रालयको मातहत रहँदा कर्मचारीतन्त्र, राजनीतिज्ञ, विशेषज्ञ, स्थानीय जनताबीच हुने गरेका सम्वादहरूलाई लिपिबद्ध गरी प्रस्तुत गरिएको लेखहरूको एक सँगालो हो । सरकारले घोषणा गरेका नयाँ नयाँ नगरपालिकाका सम्बन्धमा स्थानीय विकास मन्त्रालयका उच्च अधिकारीहरूबीच भएको रोचक संवाद यसमा छ । एउटा सन्दर्भ हेरौं :

*मन्त्रालयका सचिवले रिक्त नगरपालिकाहरूमा कार्यकारी अधिकृतको व्यवस्थाको लागि गृहकार्य गर्न उपसचिवलाई निर्देशन दिँदै गर्दा उपसचिवले भन्नुभयो–सर, दुर्गम नगरपालिका जान कोही तयार हुँदैनन् । अब अध्याम, बाजुरा कालिकोट, मुगुजस्ता जिल्लामा एलडीओ र दुर्गम नगरपालिकालगायत नयाँ नयाँ नगरपालिकाका लागि कार्यकारी अधिकृत खरिदार पठाउने व्यवस्था गर्नुपर्ला (पृ. १०३) ।*

लेखकले सङ्घीयता रुचाएका छैनन् । तर उनको यस विषयमा गहिरो अध्ययन छ । विभिन्न खण्डमा समेटिएका लेखहरूले त्यो कुरा राम्रोसँग बताउँछन् । विभिन्न देशका उदाहरणहरू पनि उनले प्रस्तुत गरेका छन् (उदा. पृ. ६१, ६२) । हामी अहिले सङ्घीयताको अभ्यासमा छौं । अब हेर्दै जानुबाहेक अरु विकल्प छैन । स्थानीय तहको निर्वाचन नै ३ पटक/चरणमा गर्नुपर्ने कुराले एउटा भन्झटको दिइसकेको छ । जिल्ला र सीमाका कुरा अझ मिलिरहेका छैनन् । अहिलेसम्मको प्रगति हेर्दा लेखक ठिकै लाग्छन् ।

लेखकले समकालीन नेपाली समाजका युवाहरूको अवस्थाको चित्रण पनि राम्रोसँग गरेका छन् । उनी लेख्छन् :

*चोक र चौताराका गफिएर दिन बिताउने तन्नेरीहरू, जुवातास र जाँड-रक्सीमा लट्ठिएर सिर्जनशील उमेर गुजारेर बस्नेहरू, पाइन्टमा प्वाल पारेर रङ्गीबिरङ्गी कपालमा भौँतारिने किशोर-किशोरीहरू, हडताल र तोडफोड गरेर टायरको प्रदूषित धुँवा फैलिएर न्याय चाहने परिवर्तनकामी युवाहरू नै हाम्रो भविष्यका तस्बिर हुन् (पृ. १७३, बस्ला) ।*

त्यस्तै एक ठाउँमा एक बेजोड प्रस्तुति छ । उनले पञ्चातकालीन समयको धज्जी उडाएका छन् । जीवित छँदा फाँसी दिन माग गर्ने र पछि मृत्यु हुँदा समेत श्रद्धाञ्जली शब्द दिन बिर्सने हाम्रा कतिपय नेतालाई उनले खुब गाली गरेका छन् (पृ. १९४) । पवन प्रजातन्त्र र समतामूलक समाजका पक्षपाती देखिन्छन् । उनले नेतापति कडा व्यङ्ग्यसमेत गरेका छन् । समकालीन सिङ्गापुरका ली-क्वानले सत्ताको बागडोर सम्हालेको ३० वर्षे समय राष्ट्रको समृद्धिमा समर्पित गरे, देश नै भिलिमिली पारे, तर हाम्रा नेताहरूले जालभेल, षडयन्त्र, भ्रष्टाचार र सत्तालाई दुरुपयोग गरेर राजनीतिलाई फोहोरी खेलमा परिणत गराए भन्ने उनको गुनासो छ । कतिपय नेतापति उनी नराम्रोसँग खनिएका छन् । यसका लागि पाठकले पुस्तक नै पढ्नुपर्छ ।

नयाँ संविधानको कार्यान्वयनको चुनौतीबाट सुरु भएका लेखहरू अन्तमा सडक दुर्घटनाको नियमित नियति शीर्षकको लेखमा पुगेर पुस्तक सकिन्छ । पुस्तकमा समावेश गरिएका लेखहरू पहिल्यै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका भए पनि तिनीहरूको सान्दर्भिकता र महत्व अझै कायमै छ ।

**गणतान्त्रिक नेपालमा छद्म नाममा किन पुस्तक लेख्ने ?**

पुस्तकमा लेखकको नामै 'छदम् नाम' भएकाले उनको वास्तविक नाम, काम, अनुभव, शैक्षिक पृष्ठभूमि, संलग्नता र अवस्थाको परिचय नखुल्दा पाठकले आफ्ना सपनाका कुराहरू मात्रै प्रस्तुत गरेको अनुभूति गर्न सक्छन् । गालीमा सन्तुलन नभएको अनुभव गर्न सक्छन् । अझ कतिपय प्रसङ्गमा उनी आफू सङ्घीयताको पक्षमा नरहेको कुरा जसरी आफ्नो भनाइमा लेखेका छन् त्यसरी नै यसको औचित्य लेखहरूमार्फत् पुष्टि गर्न सकेका छैनन् ।

पुस्तक समीक्षकहरूले भाषा र विषयवस्तु सम्पादन गर्ने पेशाकर्मीहरूले भैँ कोडिङ्ग, डिकोडिङ्ग गरी सम्पादन गरेजस्तो नहुने हुँदा पुस्तक समीक्षकसँग पुस्तकमा समावेश गरिएका उनका लेखका विषयवस्तुहरूलाई अझ धेरै पर्गेल्न सक्ने अवस्था रहन्थ्यो जुन कुरा यो समीक्षकलाई जुरेन ।

**उपयोगिता भने अब्बल छ !**

नमुना विकास र राजनीति पढ्नेले एकैपटक धेरै बर्षहरूको सङ्क्रमणकालको नेपालको धरातलीय यथार्थ र मध्यपश्चिम नेपालको भौगोलिक, राजनीतिक र कर्मचारीतन्त्रको अवस्था बुझ्न र छाम्न सक्छन् । यो एउटा ऐना नै हो ।

लेखकले लामो समयसम्म सरकारी बजेटबाट हुने विकास निर्माण, राजनीति, समाज, अर्थव्यवस्था र समाजका विविध आयामहरूका बारेमा खुलेरै बहस गर्न सक्ने विषयवस्तु प्रस्तुत गरेका छन् छद्म नाममा नै भए पनि । उनको लेखकीय कला राम्रो छ । हरेक लेखको सन्दर्भ र उपयोगिता अब्बल छ ।

इमान्दार बुद्धिजीवी, प्राज्ञिक, कर्मचारी र पेशाकर्मीहरूको खडेरी रहेको अहिलेको नेपालमा पवनजस्ता लेखक एवं विकासे अभियन्ताको खाँचो छ । अन्त्यमा, मेरो सुझाव पवनलाई (म उहाँलाई चिन्दिनँ) 'जागिर छोड्नोस् र खुल्ला रूपमा लेखक, अभियन्ता र एक कर्मशील नागरिकको रुपमा अझै क्रियाशील हुनुहोस्' त्यसैमा छ तपाईंको इमान्दारिता र अत्यधिक सफलता ! गणतान्त्रिक नेपालमा थुप्रै पवन मदुश्रीहरूको खाँचो छ ! शुभकामना र बधाई !!

**– आकाश पुडासैनी 'जिलिङे'**

पुस्तक समीक्षा

# निम्नवर्गका पीडा बुझ्ने पुस्तक : 'नेपालमा वन श्रमिक'




वन विषयमा लामो अनुभव हासिल गरेका व्यक्ति हुन् भोला भट्टराई । उनले अरु दुईजना साथीहरू (कृष्ण अधिकारी, विष्णु ज्ञवाली) को साथ लिएर हालै एउटा अध्ययनमूलक पुस्तक निकालेका छन् । पुस्तकको नाम छ : *नेपालमा वन श्रमिक* । सायद नेपालमा वन-वातावरण क्षेत्रमा काम गर्ने निम्न तहका कर्मचारीमाथि लेखिएको यो नै पहिलो विस्तृत पुस्तक हो ।

यो पुस्तक अनुसन्धानमा आधारित छ । को हुन् वन श्रमिक ? कस्तो छ नेपालका वन श्रमिकको अवस्था ? वन श्रमिकबारे नेपालको कानुनले के भन्छ ? कस्ता कस्ता समस्या र चुनौती भोग्दैछ यो निम्नवर्ग ? विदेशतिर वन श्रमिकलाई कसरी हेरिन्छ ? दिगो विकास र वन श्रमिकको कामबीच कस्तो सम्बन्ध छ ? आदि आदि विषयमा खोजमूलक सामग्री प्रस्तुत गरेर लेखकहरूले एउटा प्रशंसनीय काम गरेका छन् । उनीहरूले थुप्रै सुझाव र सिफारिसहरू यस पुस्तकमा दिएका छन् । तर ती सुझाव टेबलमा बसेर धमाधम ब्राउनपेपर वा चार्टपेपरमा तयार पारिएका 'बुल्लेट पोइन्ट'का रूपमा नभई स्थलगत अध्ययनका आधारमा नै निष्कर्षको रूपमा व्यावहारिक तरिकाले सुझाउन सकेको देखिन्छ । यो पुस्तकको खास विशेषता पनि त्यही हो जस्तो लाग्यो मलाई ।

विश्व परिवेशको सन्दर्भसँग गाँस्दै नेपालको कानुनी तथा नीतिगत विश्लेषण पनि यसमा राम्रोसँग गरिएको छ । लेखकहरूले यस क्रममा कम्तीमा २५ वटा सन्दर्भ-सामग्री प्रयोग गरेको कुरा पुस्तक पढ्दा थाहा लाग्छ । नेपालको वन ऐनलगायत अन्य नीति तथा कानुनले पनि वन श्रमिक को हो भन्ने कुरा स्पष्टरुपमा लेख्न नसकेको सन्दर्भ कोट्याउँदै लेखकहरू भन्छन् : *'नेपालको वन ऐन, नियमावली तथा अन्य कुनै पनि कानुनले वनमा आश्रित मजदुर वा श्रमिकको बारेमा कुनै स्पष्ट परिभाषा गरेको छैन । स्पष्ट उल्लेख नहुँदा यसमा संलग्न लाखौं श्रमिकले न्यूनतम अधिकार र सुरक्षाको अनुभूति गर्न पाएका छैनन्'* (पृ. ६) ।

वास्तवमा पुस्तक प्रकाशन गर्नुको मूल अभीष्ट पनि यही यथार्थमा लुकेको छ । अब वन श्रमिक को हुन् भन्ने कुरा राज्यका दस्तावेजहरूमा स्पष्ट लेखिनुपर्छ, तिनका हितका लागि शीघ्रातिशीघ्र काम गरिनुपर्छ भन्ने कुरा नै लेखकहरूको विशेष आग्रह हो । यसका लागि उनीहरूले वन श्रमिकहरूको हकहितका लागि स्थापना भएको *नेपाल वन वातावरण श्रमिक सङ्घ*ले वन श्रमिकअन्तर्गत विभिन्न १९ थरी काम गर्ने श्रमिक पर्ने कुरा (पृ. ७ र ८) पस्केर छर्लङ्ग पार्ने प्रयास गरेका छन् । वन श्रमिकले भोग्नुपरेका अनेक समस्या केलाउँदै त्यस्ता समस्याहरूतर्फ सबैको चासो जानुपर्ने कुरा पनि पुस्तकमा राम्रोसँग लिपिबद्ध गरिएको छ । नीतिगतरुपमै कम्तीमा १५ विभिन्न कानुनी दस्तावेजमा वन

| | |
|---|---|
| **पुस्तक** | : *नेपालमा वन श्रमिक* |
| **लेखक** | : भोला भट्टराई, कृष्ण अधिकारी, विष्णु ज्ञवाली |
| **प्रकाशक** | : राष्ट्रिय जनवकालत मञ्च, काठमाडौं, नेपाल |
| **प्रकाशन वर्ष** | : २०७३ माघ |
| **पृष्ठ सङ्ख्या** | : ६८+१२ |
| **मूल्य** | : उल्लेख नभएको । |

श्रमिकका सवाल मौन रहेको सोदाहरण प्रसङ्ग कोट्याइदिएर नीतिनिर्माताहरूलाई अगाडि बढ्न सहज बनाइदिएका छन्।

हाल वन श्रमिकले भोग्नुपरेका मूल सम्स्या औंल्याउने क्रममा लेखकहरूले निम्न ९ समस्याको राम्रोसँग व्याख्या गरेका छन्: १) व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको अभाव २) कार्यथलोमा उपयुक्त वातावरणको अभाव ३) पोशाक तथा व्यक्तिगत सुरक्षा सामग्रीको अभाव ४) उपयुक्त भोजन तथा बासस्थानको अभाव ५) सङ्गठनको अभाव ६) ट्रेड युनियनको अधिकारबाट बञ्चित ७) पेशागत हक-अधिकारको सम्वर्द्धन ८) कम ज्याला, र ९) ज्ञान, सीप र तालिमको अभाव। समस्या दर्शाउने सन्दर्भमा ठाउँठाउँका लघु-घटना (केस-स्टडी) पनि राखिएका छन्। यसले पुस्तकलाई अझै रसिलो र खँदिलो बनाएको छ।

माथिका सबै समस्याहरू समाधानार्थ अब नीतिगत पैरवी गर्नुपर्ने कुरामा पनि पुस्तकले झक्झक्याएको छ। लेखकहरूले ७ बुँदे सुझाव (पृ. ५९) दिँदै अन्त्यमा भनेका छन् : *'वन श्रमिकको सीप र क्षमता अभिवृद्धि गर्न, श्रमिकको आत्मसम्मन र पेशागत स्वास्थ्य र सुरक्षाको सुनिश्चितता नभएसम्म वन वातावरणको दिगो व्यवस्थापन हुन सक्दैन।'*

यस पुस्तकले वास्तवमा वनक्षेत्रमा काम गर्ने निम्न तहका आवाज राम्रोसँग मुखरित गरेको छ। करिब ८० पृष्ठको (मूल्य नलेखिएको) यो पुस्तकको १३ औं पृष्ठमा भनिएअनुसार, *वन क्षेत्रमा क्रियाशील श्रमिकहरू अधिकांश कृषिमा संलग्न भएकोले पनि पूर्णकालीन र आंशिक श्रमिक कति छन् भन्ने कुराको यकिन तथ्याङ्क छैन। सन् २०११ मा गरेको एउटा अध्ययनले अनौपचारिक क्षेत्रअन्तर्गत सरकारी निकायमा १५ लाख १३ हजार र अनौपचारिक क्षेत्रमा १ लाख ४३ हजार श्रमिक वन वातावरण क्षेत्रमा क्रियाशील छन्। यसरी हेर्दा वन तथा वातावरण क्षेत्रमा सामान्यतः १६ लाखभन्दा बढी श्रमिकहरू कार्यरत रहेको अनुमान गर्न सकिन्छ।*

पुस्तकको यो पेटबोलीले पुस्तक निकाल्नुको सार्थकता पेश गरेको छ। पुस्तकमा दिइएका सुझावहरूले कम्तीमा १६ लाख मानिस र तिनका परिवारलाई असर पर्ने भएकोले यसमा उपयुक्त नीति र व्यवहार ल्याउनका लागि जनवकालत गर्ने अभिप्रायका साथ लेखकहरूले गरेको प्रयास स्तुत्य छ।

नेपालको संविधान-२०७२, वन नीति-२०७१ र वन क्षेत्रको नयाँ रणनीतिक योजना-२०७३ पनि आइसकेको सन्दर्भमा अबको गणतान्त्रिक नेपालमा कोही पनि ठगिएर, हेपिएर र अपमानित भएर बस्नु हुँदैन। कामका आधारमा कोही पनि सानो ठूलो हुँदैन। हरेक नागरिकले अधिकार पाउनुपर्छ। उचित सम्मान पाउनुपर्छ। कामले सम्मान पायो भनेमात्रै राष्ट्र उँभो लाग्ने हो।

लेखकहरूको यो मेहनत र प्रयासले अब यसतर्फ सबैका आँखा पुग्ने अपेक्षा गरौं। यति राम्रो अनुसन्धानात्मक पुस्तक प्रकाशन गर्ने राष्ट्रिय जनवकालत मञ्च- नेपाल (नफान) लाई पनि बधाई र धन्यवादका पुष्प अर्पण गरौं। बधाई !

पुस्तकमा अझ केही उपलब्धिका कथा प्रस्तुत गर्न सकेको भए, केही तस्विर राख्न सकेको भए, र भाषिक शुद्धाशुद्धिमा समेत ध्यान दिन सकेको भए अझै धेरै प्रशंसा पाउँथ्यो। आउँदा दिनमा त्यसतर्फ ध्यान जाने नै छ। धन्यवाद !

**– चेतनाथ हरित**


**सहभागिता मा**

**पुस्तक समीक्षा गराउन चाहने लेखकहरूले आफ्नो प्रकाशनको २ प्रति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं।**

**–सम्पादक मण्डल**

# सहभागिता पूर्णाङ्क १ देखि ५० (२०५१-२०७३) सम्म प्रकाशितस्थानीय निकाय, स्थानीय विकास, स्वायत्त शासन तथा सुशासनसम्बन्धी सामग्री तथा लेखकहरूको सूची

| | लेखक | लेख रचनाको शीर्षक | विधा | पूर्णाङ्क | प्रकाशित वर्ष, महिना र अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | अनिल अधिकारी | जलवायु परिवर्तन अनुकूलनका स्थानीय सहभागिता : केही रसुवाली सफल अभ्यासहरू | लेख | ४६ | २०६८, चैत, वर्ष १६, अङ्क १ | २४ |
| २ | अनिता श्रेष्ठ | गाविसको आवधिक योजनामा अनुकरणीय कार्य | लेख | ४३ | २०६६, माघ-चैत, वर्ष १४, अङ्क ३ | २ |
| ३ | अनोज क्षेत्री | स्थानीय स्वायत्त शासन कार्यक्रम : बारामा के हुँदैछ ? | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | २० |
| | | नेपालमा विकेन्द्रीकरण प्रक्रियाको विकासक्रम | लेख | १९ | २०५८, वैशाख-असार, वर्ष ६, अङ्क ४ | ५ |
| ४ | अश्विन पुडासैनी | स्थानीय स्वायत्त शासन ऐन २०५५ : संशोधनसहित कार्यान्वयनको खाँचो | लेख | १६ | २०५७, वैशख- असार, वर्ष ६, अङ्क १ | १४ |
| ५ | इन्द्रमणि राई (याम्फु) र डा. बालचन्द्र लुईंटेल | काठमाडौं महानगरपालिकाका सुकुम्बासी बालबालिकाहरूको शैक्षिक स्थिति : एक अध्ययन | लेख | ४९ | २०७२, असार (संयुक्ताङ्क), वर्ष १७, अङ्क १-४ | |
| ६ | इन्द्रविलास पौडेल | स्थानीय जनताको चाहना र मागअनुसारको स्थानीय सरकार | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | ९ |
| ७ | उद्धव पराजुली | सामुदायिक संस्थाहरूको पारदर्शिता : सार्वजनिक लेखापरीक्षण पद्धति | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | ३५ |
| ८ | एकराज सिग्देल | गरिबी र वातावरणमैत्री विकासमा स्थानीय निकायको भूमिका | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | २३ |
| ९ | एविन्द्रप्रसाद न्यौपाने | जनप्रतिनिधिविहीन स्थानीय निकायद्वारा गरिने योजना तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू र समाधानका उपायहरू | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | २९ |
| १० | कमल फुयाल | तलामाराङ गा.वि.स र पिआरए अभ्यास | लेख | ४ | २०५३, साउन-असोज, वर्ष २, अङ्क ४ | १५ |
| | | चित्रेपानी खानेपानी अनि सहभागीमूलक मूल्याङ्कन | लेख | १२ | २०५५, माघ-चैत, अङ्क १२ | १० |
| ११ | काशीनाथ पोखरेल | रामेछाप जिल्लामा सहभागितात्मक विकास | लेख | ३१ | २०६१, साउन-पुस, वर्ष १०, अङ्क ३१-३२ | ७ |
| १२ | कृष्ण अधिकारी | जनसहभागितात्मक लघु जलविद्युत विकासः बागलुङ बन्यो नमुना ऊर्जा जिल्ला | लेख | ३४ | २०६३, माघ-चैत, वर्ष १०, अङ्क ३/४ | ४० |
| १३ | कृष्णबाबु जोशी (डा.) | विवाद समाधानमा सहभागीमूलक विधिको प्रयोग : दाङको अनुभव | लेख | १५ | २०५६, माघ-चैत, वर्ष ५, अङ्क ४ | ५ |
| | | सामुदायिक संगठनहरूको क्षमता मूल्याङ्कन गर्न माकुराको जालो (ऋकुष्मभच ध्मद) विधिको प्रयोग कसरी ? | लेख | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ | २२ |
| | | स्थानीय निकायमा अनुगमन मूल्याङ्कन | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | २ |
| १४ | कृष्णप्रसाद जैसी | आ.व. २०५७/५८ को बजेटमा स्थानीय स्वायत्त शासन | लेख | १६ | २०५७, वैशाख-आसर, वर्ष ६, अङ्क १ | ५ |
| १५ | कृष्णप्रसाद सापकोटा | बदलिंदो अवस्थामा स्थानीय निकाय र सहभागिता | कार्यपत्र | ३२ | २०६२, आसार, वर्ष १०, अङ्क ३२ | २ |
| १६ | कृष्ण सुवेदी | जनलेखापरीक्षण : सहभागिताको बलियो जग | लेख | २५ | २०५९, माघ, वर्ष ८, अङ्क ३ | १४ |
| १७ | गम्भीरबहादुर हाडा, सहप्रा. | स्थानीय शासन, विकास व्यवस्थापन र सहभागीमूलक योजना तर्जुमा | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | ३४ |
| १८ | गणेशमान जीसी | जनकपुर क्षेत्रका विकास वाधक र गैरसरकारी संस्थाहरूको भूमिका | लेख | २८ | २०६०, कार्तिक-पुस, वर्ष ९,अङ्क २८ | ५ |
| १९ | गोरखबहादुर बोगटी | कर्णालीको प्रसङ्गमा कसरी परिभाषा गर्ने समावेशीकरणको ? | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | १८ |
| २० | चन्द्रबहादुर भुजेल | विकासको सन्दर्भमा सामाजिक परिचालन र यसका आवश्यक तत्वहरू | लेख | ३८ | २०६४, कार्तिक -पुस, वर्ष १२, अङ्क ३ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | चेतनाथ कणेल (हरित) | 'सुशासनका अवरोधहरू'ले थपेको नौलो आयाम (डा. नानीराम सुवेदीबाट लिखित पुस्तक) | पुस्तक समीक्षा | ३८ | २०६४, कार्तिक -पस, वर्ष १२, अङ्क ३ | ३० |
| | | अहा त्यो गाउँ ! | कविता | ४३ | २०६६, माघ-चैत, वर्ष १४, अङ्क ३ | २७ |
| | | पर्यटन विकासको योजना तर्जुमा, स्थानीय निकाय र संस्थागतता | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ (संयुक्ताङ्क) | १९ |
| | | कर्णालीमा विकास किन हुँदैन ? (राधा पौडेलबाट लिखित पुस्तक) | पुस्तक समीक्षा | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क) | ५४ |
| २२ | चेतनाथ कणेल र एकराज सिग्देल | सिरुबारीको सत्कार र सहभागीमूलक संरक्षणमुखी विकास | लेख | ३१ | २०६१, साउन-पुस, वर्ष १०, अङ्क ३१-३२ (संयुक्ताङ्क) | २७ |
| २३ | छिङलमु शेर्पा (लमु शेर्पा) | सकारात्मक सहभागीमूलक योजना तर्जूमा र कार्यान्वयन : मकालु-बरुण क्षेत्रको अनुभव | लेख | ११ | २०५५, साउन- असोज / कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ | ४२ |
| २४ | झविन्द्र भण्डारी | ग्रामीण विकासका लागि सामुदायिक सञ्चार | लेख | १७ | २०५७, साउन-असोज, वर्ष ६, अङ्क २ | २४ |
| २५ | डिल्लीराम अधिकारी | शासन, सुशासन र विकेन्द्रीकरण : भनाइ र गराइमा फरक | लेख | २७ | २०६०, साउन-असोज, वर्ष १०, अङ्क १ | १० |
| २६ | तेजराज दाहाल | कालिकोट जिल्लामा सहभागीमूलक विकास र सामाजिक समावेशीकरण : अवसर र चुनौतिहरू | लेख | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ | ४९ |
| २७ | दीपकराज चापा | जलाधार विकासमा स्थानीय स्वायत्त शासनको औचित्य | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | २२ |
| २८ | देवेन्द्र अर्याल 'आँसु' | सञ्चारले फेर्‍यो कागती गाउँ : विकास र सञ्चारले ल्याएको परिवर्तन | लेख | ४० | २०६५, साउन-असोज र कार्तिक-पुस, वर्ष १३, अङ्क १/२ (संयुक्ताङ्क) | २७ |
| २९ | देवेन्द्र अर्याल 'आँसु' | सङ्घीयता र प्राकृतिक स्रोतको बाँडफाँड | लेख | ४१ | २०६५, माघ-२०६६ असार, वर्ष १३, अङ्क ३/४ | २६ |
| ३० | द्रोण के.सी. | सहभागीमूलक कार्यबाट जुनी फेरेको कापे गाउँ | लेख | २५ | २०५९, माघ- पुस, वर्ष ८, अङ्क ३ | २४ |
| ३१ | धर्मराज डंगोल (डा.) | उच्च कृषि शिक्षामा सहभागीमूलक अध्ययन, अनुसन्धान र विकासका स्थानीय पहलहरू | लेख | ३८ | २०६४, कार्तिक -पुस, वर्ष १२, अङ्क ३ | ११ |
| ३२ | ध्रुव अधिकारी (कलाकार) | सुशासनको सौगात ? : (शब्द : बी. डी. गुरुङ) | कार्टुन | २७ | २०६०, साउन-असोज, वर्ष १०, अङ्क १ | |
| | | बटम-अप एप्रोच : (शब्द : बी. डी. गुरुङ) | कार्टुन | ३२ | २०६२, आसार, वर्ष १० | |
| ३३ | ध्रुव न्यौपाने | ग्रामीण क्षेत्रमा सामाजिक कार्य सहभागिताको सवाल र सम्पन्नता स्तरीकरण | लेख | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ | ३९ |
| ३४ | नरविक्रम थापा (डा.) | नेपालमा स्थानीय सुशासन : संक्षिप्त विश्लेषण | लेख | २७ | २०६०, साउन -असोज, वर्ष १०, अङ्क १ | १५ |
| ३५ | नवीनकुमार गुप्ता | बाँके जिल्लामा दलितको अवस्था | लेख | ३९ | २०६४, माघ-चैत र २०६५, वैशाख-असार, वर्ष १२, अङ्क ३/४ (संयुक्ताङ्क) | ४१ |
| ३६ | नानीराम सुवेदी (डा.) | सहभागीमूलक विकासका लागि सुशासन | लेख | २७ | २०६०, साउन-असोज, वर्ष १०, अङ्क १ | ३ |
| ३७ | नानीराम सुवेदी (डा.) | लोकतान्त्रिक नेपाल र सुशासन | लेख | ३४ | २०६२, माघ-चैत र २०६३, वैशाख-असार, वर्ष १०, अङ्क ३/४ (संयुक्ताङ्क) | १२ |
| ३८ | नानीराम सुवेदी (डा.) | सार्वजनिक लेखा परीक्षण : आवश्यकता र वास्तविकता | लेख | ४२ | २०६६, साउन-पुस, वर्ष १४, अङ्क १/२ | ३६ |
| ३९ | नारायणप्रसाद आचार्य सदानन्द उपाध्याय र नवराज उपाध्याय | जुम्लामा पिआरए : केही लोकोक्ति केही अनुभव | लेख | १२ | २०५५, माघ-चैत, अङ्क १२ | ८ |
| ४० | नारायणप्रसाद ढुङगाना | एउटा आयोजनाबाट सिक्नुपर्ने सुशासनको नमुना | लेख | ४३ | २०६६, माघ-चैत, वर्ष १४, अङ्क ३ | २१ |
| ४१ | निर्मल शर्मा | स्थानीय उत्पादनको बजार विस्तारमा सामुदायिक सहभागिता | लेख | ६ | २०५४, वैशाख-असार, वर्ष ३, अङ्क १ | २४ |
| | | सामुदायिक सहभागिताबारे समुदाय के भन्छ ? | लेख | ८ | २०५४, कार्तिक -पुस, वर्ष ३, अङ्क ३ | २२ |
| ४२ | नीलकलम क्षेत्री (श्रेष्ठ) | टीकाथलीमा पिआरए : विकास त हामी आफैंले गर्नुपर्ने रहेछ ! | लेख | २९ | २०६०, माघ-चैत, वर्ष १०, अङ्क २९ | १० |
| ४३ | नीलकलम क्षेत्री र तुला अधिकारी | आत्मनिर्भरताका सफल प्रयासहरू : महिला सहभागिताले उठाएको महेशपुर | रिपोर्ट | ३२ | २०६२, आसार, वर्ष १०, अङ्क ३२ | २८ |
| ४४ | नोरिमिचो तोयोमाने (डा.) र तेज सुनार | लैंगिक समानता तथा सामाजिक समावेसिकरण-उत्तरदायी स्थानीय विकासको ढाँचा : जेमसिप (जाइका) को अनुभव | लेख | ४८ | २०७१, जेठ, वर्ष १८, अङ्क ३ र ४ | ११ |
| ४५ | पदमप्रसाद भुसाल | ग्रामीण महिलाको सशक्तिकरण : लुम्बिनी क्षेत्रको अनुभव | लेख | ३६ | २०६३, माघ-चैत, वर्ष ११, अङ्क ३ | ७ |
| ४६ | प्रेमराज न्यौपाने | रामेछापका माझीको आर्थिक उत्थानमा एउटा सानो प्रयास | लेख | ४३ | २०६६, माघ-चैत, वर्ष १४, अङ्क ३ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | फटिकबहादुर थापा | सञ्चार माध्यम र विकास :कोसी ब्यारेज फुट्दाको सन्दर्भ | लेख | ४० | २०६५, साउन -असोज, र कार्तिक - पुस, वर्ष १३, अङ्क १/२ (संयुक्ताङ्क) | ५ |
| ४८ | फर्सुराम पन्थ | डोल्पामा समुदामुखी सहभागीमूलक ग्रामीण पर्यटन विकास | लेख | ३२ | २०६२, असार, वर्ष १०, अङ्क ३२ | ३० |
| | | रुकुममा सहभागितात्मक एवम् समावेशीकृत गाँउ विकास कार्यक्रमका सिकाइहरू | लेख | ३५ | २०६३,साउन-पुस, वर्ष ११, अङ्क १ र २ | २९ |
| ४९ | बच्चुराम बस्नेत | प्लान मकवानपुरमा सहयोगी परिवारको छनौटमा स.ग्रा.ले. | लेख | ४ | २०५३, साउन-असोज, वर्ष २, अङ्क ४ | १४ |
| ५० | बालकृष्ण देउजा | गा.वि.स को योजना तर्जुमा : पिआरएको प्रयोग एक अनुभव | लेख | ५ | २०५३, कार्तिक-मंसिर, वर्ष २, अङ्क ५ | ११ |
| | | पिआरए अब गाउँ र जिल्ला विकासमा पनि | लेख | ८ | २०५४, कार्तिक-पुस, वर्ष ३, अङ्क ३ | २६ |
| | | समूह गठनमा सहभागिताको उपादेयता | लेख | ११ | २०५५, साउन-असोज/कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ (संयुक्ताङ्क) | ३४ |
| | | मेलम्ची खानेपानी र स्थानीय सरोकारका सवालहरू | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | ८ |
| | | स्थानीय स्वायत्त शासनमा स्थानीय पदाधिकारीहरूको दृष्टिकोण (प्रस्तुति) | लेख | १८ | २०५७, कार्तिक-पुस/माघ-चैत, वर्ष ६, अङ्क २ र ३ (संयुक्ताङ्क) | ३६ |
| | | स्थानीय निकायमा जनप्रतिनिधिहरूको सहभागीमूलक प्रक्रियाप्रति बुझाइ र यसको व्यावहारिक प्रयोग हाल कसरी भइरहेको छ ? | प्रश्नोत्तर | २० | २०५८, साउन-असोज, वर्ष ७, अङ्क १ | ४० |
| ५१ | बालकृष्ण शर्मा (सिलवाल) | जनताद्वारा नै छनौट गरिएको योजना सञ्चालन गर्नुपर्‍यो (कृष्णप्रसाद लम्सालसँग गरिएको अन्तर्वार्ता) | अन्तर्वार्ता | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | २७ |
| | | स्थानीय तहका सेवाप्रदायक निकायहरू तथा समावेशी कार्यका लागि समन्वय र सहकार्य (अनुभव) | लेख | ३८ | २०६४, कार्तिक-पुस, वर्ष १२, अङ्क ३ | ७ |
| ५२ | बिर्ख क्षेत्री क्रान्ति | नेपालमा सामाजिक परिचालन - अब नयाँ सोच ल्याउनैपर्छ ! | लेख | ४४ | २०६८, असार, वर्ष १५, अङ्क १ | २० |
| ५३ | बिर्ख क्षेत्री क्रान्ति र नारायण सेढाईं | लाँकुरीडाँडामा स्थानीय शासन कार्यक्रम : एक अध्ययन | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ (संयुक्ताङ्क) | १२ |
| ५४ | बुद्धि तामाङ | स्थानीय आर्थिक विकासका सम्भावना कसरी बढाउने ? | लेख | ४५ | २०६९, भदौ, वर्ष १५, अङ्क १ | ११ |
| ५५ | भगवती नेपाल | तल्लो तहमा जाऔं | लेख | ६ | २०५४, वैशाख-असार, वर्ष ३, अङ्क १ | १८ |
| ५६ | भरतराज गौतम | जिविस नवलपरासीमा सहभागीमूलक कार्यपद्धतिको थालनी | लेख | ११ | २०५५, साउन-असोज/कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ (संयुक्ताङ्क) | १६ |
| ५७ | भोला प्रसाद दाहाल (डा.) | सुशासन, पारदर्शिता र आर्थिक अनुशासनका कुरा गर्ने आफैं कति पारदर्शी छन् ? | अन्तर्वार्ता | ३४ | २०६२, माघ-चैत र २०६३ वैशाख-असार, वर्ष १०, अङ्क ३/४ (संयुक्ताङ्क) | |
| ५८ | भोला प्रसाद शिवाकोटी | ग्रामीण क्षेत्रमा जनसहभागीमूलक सरसफाइ : इकार्डस् नेपालका केही व्यावहारिक अनुभवहरू | लेख | ५० | २०७३, भदौ, वर्ष २०, अङ्क १-४ (संयुक्ताङ्क) | ५४ |
| ५९ | मधुसुदनप्रसाद घिमिरे | गाउँको विकास | कविता | १४ | २०५६, कार्तिक-पुस, वर्ष ५, अङ्क ३ | २७ |
| ६० | मनोज गिरी | आफ्नै खानेपानी योजनाले भित्र्याएको परवानीपरबासीको खुसी | लेख | २० | २०५८, साउन-असोज, वर्ष ७, अङ्क १ | २३ |
| ६१ | महेन्द्र शाक्य (लुमन्ति) | सहरी सुकुम्बासी बस्तीमा गरिएको पिआरए अभ्यास : एक अनुभव | लेख | ५ | २०५३, कार्तिक-मंसिर, वर्ष २, अङ्क ५ | ९ |
| ६२ | महेश दाहाल | सुशासनका लागि सहभागिता | लेख | २३ | २०५८, असार-असोज, वर्ष ८, अङ्क १ | १३ |
| | | नेपालको सन्दर्भमा सुशासनका अवधारणा, चुनौती र समाधानका उपायहरू | लेख | २९ | २०६०, माघ-चैत, वर्ष १०, अङ्क २९ | ४ |
| | | सहभागीमूलक विकासको सन्दर्भमा विकेन्द्रीकरण र स्थानीय स्वशासन | लेख | ३१ | २०६१, साउन-पुस, वर्ष १०, अङ्क ३१-३२ | २ |
| ६३ | माधव दुलाल | 'राजधानीको रोल्पा' : झोर (काठमाडौं) | लेख | २५ | २०५९, माघ-पुस, वर्ष ८, अङ्क ३ | ३८ |
| | मानबहादुर बिके | समावेशीकरण र राज्य संयन्त्रमा दलितको प्रतिनिधित्व | लेख | ३९ | २०६४, माघ-चैत र वैशाख-असार, वर्ष १२, अङ्क ३/४ (संयुक्ताङ्क) | २ |
| ६४ | मिङमा नोर्बु शेर्पा | सहभागीमूलक गरिबमुखी ग्रामीण पर्यटन विकास : टीआरपीएपी अनुभव | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | १५ |
| ६५ | मिरामैयाँ सिहं राना | जनसहभागिताका पारदर्शिता चाहिन्छ | लेख | २५ | २०५९, माघ-पुस, वर्ष ८, अङ्क ३ | ३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६६ | मीन बस्नेत | जलेश्वर : न्याय कहिले पाउला ? | लेख | ३० | २०६१, वैशाख-असार, वर्ष १०, अङ्क ३० | ३१ |
| | | संघीयताको सैद्धान्तिक धरातल र राष्ट्र विखण्डनको त्रास | लेख | ४५ | २०६९, भदौ, वर्ष १५, अङ्क १ | २६ |
| ६७ | मुकुन्दराज ओझा | समुदायको क्षमता विकास : सहभागीमूलक विकास प्रक्रियाले समेट्नुपर्ने महत्वपूर्ण सवालहरू | लेख | २३ | २०५८, असार-असोज, वर्ष ८, अङ्क १ | ७ |
| ६८ | मुकुन्दराज ओझा र मीन बस्नेत | हेटौंडामा बालसहभागिताको स्थिति | लेख | २४ | २०५९, कार्तिक-पुस, वर्ष ८, अङ्क २ | ३८ |
| | | सार्वजनिक प्रशासनको व्यवस्थापनमा सहभागीमूलक विकास पद्धतिको आवश्यकता | लेख | २७ | २०६०, साउन-असोज, वर्ष १०, अङ्क १ | ३० |
| ६९ | मुक्तसिंह लामा (डा.) | ज्ञानको राजनीतिमा सहभागिता र स्थानीय ज्ञान | लेख | ९ | २०५४, माघ-चैत, वर्ष ३, अङ्क ४ | २१ |
| ७० | मोतीराज भण्डारी | स्थानीय विकास : हाम्रो प्रयास कम भयो कि ? | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | २७ |
| ७१ | महेन्द्र श्रेष्ठ | भक्तपुरकी ११६ वर्षकी आमै ! | लेख | २१ | २०५९, कार्तिक-पुस /माघ-चैत, वर्ष ७, अङ्क २-३ | २२ |
| ७२ | यशोधा श्रेष्ठ | 'सामुदायिक विकासको मूल कडी : सहभागिता' | अन्तर्वार्ता | २२ | २०५९, वैशाख-असार, वर्ष ७, अङ्क ४ | ३४ |
| ७३ | योगी कायस्थ | ग्रामीण पर्यटन विकासमा प्रशंसनीय सहभागीमूलक योजना तर्जुमा विधि (आप्पा) को प्रयोग : टीआरपीएपी अनुभव | लेख | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ | ३६ |
| ७४ | योना सिथलिङ, रीता बलामी र बिदुर केसी | पिआरए त उपयोगी रहेछ गाँउघरमा ! | कविता | १३ | २०५६, वैशाख-असार/साउन-असोज, वर्ष ५, अङ्क १/२ (संयुक्ताङ्क) | ४० |
| ७५ | रविजङ्ग पाण्डे | लोकतान्त्रिक नेपालमा सुशासन र समुन्नतिका लागि कर्मचारीवर्गको सक्रिय सहभागिता | लेख | ३४ | २०६२, माघ-चैत र २०६३ वैशाख-असार, वर्ष १०, अङ्क ३/४ | ६० |
| ७६ | रमेश अधिकारी | सहरी समस्या र सार्वजनिक निजी साझेदारी (पीपीपी) कार्यक्रम | लेख | २५ | २०५९, माघ-पुस, वर्ष ८, अङ्क ३ | ४१ |
| ७७ | रवि चित्रकार | विकास कार्यमा स्थानीय संस्थाको बढ्दो सक्रियता | लेख | ११ | २०५५, साउन-असोज/कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ (संयुक्ताङ्क) | १२ |
| | | स्थानीय ज्ञानगुन, स्रोत-साधनको पहिचान र परिचालन अति आवश्यक छ (महेश दाहालसँगको अन्तर्वार्ता) | अन्तर्वार्ता | ११ | २०५५, साउन-असोज/कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ (संयुक्ताङ्क) | २३ |
| ७८ | राजबहादुर गिरी | द्वन्द्व समाधानका लागि सामाजिक परिचालन | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | ३० |
| ७९ | राजेन्द्रप्रसाद गुप्ता | गाविस पदाधिकारीहरूलाई पिआरए तालिम : ढिलाइको अनुभव | लेख | ११ | २०५५, साउन- असोज/कार्तिक -पुस, वर्ष ४, अङ्क २/३ (संयुक्ताङ्क) | १७ |
| | | स्थानीय गैससहरूको लागि चौथो पिआरए तालिम | रिपोर्ट | १४ | २०५६, कार्तिक-पुस, वर्ष ५, अङ्क ३ | २५ |
| | | समुदायको आवश्यकता पहिचानमा सहभागीमूलक पद्धति | लेख | ३१ | २०६१, साउन-पुस, वर्ष १०, अङ्क ३१-३२ | ११ |
| ८० | राजेन्द्रप्रसाद जी. | तराईका महिला : विकासको पर्खाइमा | लेख | ३८ | २०६४, कार्तिक-पुस, वर्ष १२, अङ्क ३ | १४ |
| ८१ | रामकृष्ण पोखरेल | सामाजिक परिचालनबाट मात्र सुशासन र सहभागिता | लेख | २७ | २०६०, साउन-असोज, वर्ष १०, अङ्क १ | २४ |
| ८२ | रामशरण सापकोटा | ग्रामीण विकासको यथार्थ र अबका बाटाहरू | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | १६ |
| ८३ | रामहरि देवकोटा | स्थानीय निकायमा गरिने न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (एमसीपीएम) विधि र यसको प्रभाव | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | ३८ |
| ८४ | रुद्रबहादुर तामाङ | स्थानीय बासिन्दाहरूको सहभागिता र जीविकोपार्जनको सवाल | लेख | ४७ | २०६९, भदौ, वर्ष १५, अङ्क १ | १८ |
| ८५ | रुद्रसिङ तामाङ | 'स्थानीयस्तरमा लैससास (जेसी) सवालमा अझ धेरै गर्न बाँकी छ' | अन्तर्वार्ता | ४८ | २०७१, जेठ, वर्ष १८, अङ्क ३ र ४ | ३८ |
| ८६ | लजना मानन्धर | सहरी क्षेत्रमा गरिएको पिआरए अभ्यास र अनुभव | लेख | ४ | २०५३, साउन-असोज, वर्ष २, अङ्क ४ | ११ |
| ८७ | लक्ष्मी पौडेल | कार्कीडाँडाबाट सिकन सबैले ! | लेख | २७ | २०६०, साउन-असोज, वर्ष १०, अङ्क १ | १३ |
| ८८ | लालबहादुर ओली | बाजुरामा दलित सहभागिता र सशक्तिकरण : समुदायका समूहदेखि संविधानसभासम्म | लेख | ३९ | २०६४, माघ-चैत र २०६५ वैशाख-असार, वर्ष १२, अङ्क ३/४ (संयुक्ताङ्क) | ३३ |
| | | दुर्गम जिल्लामा जनसहभागीमूलक विकास योजना : अभ्यास र परिणाम | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | ५ |
| ८९ | लक्ष्मीराम विश्वकर्मा, छाँया सुनार र विश्वराज बोगटी | कालिकोट जिल्लामा सहभागीमूलक विकास प्रक्रियाका अवसर र चुनौतीहरू | लेख | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ | ५० |
| ९० | विवश राई | मार्फाको थकाली संस्कार : दिगो विकासको अनुभूति | चिठीपत्र | ४२ | २०६६, साउन-पुस, वर्ष १४, अङ्क १/२ | ४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९१ | विष्णु न्यौपाने | डोल्पामा डुल्दा देखिएको दलित भेदभाव | लेख | ३९ | २०६४,माघ-चैत र २०६५ वैशाख-असार, वर्ष १२, अङ्क ३/४ (संयुक्ताङ्क) | ३५ |
| | | स्थानीय स्वास्थ्य सेवा व्यवस्थापनमा समुदायको सहभागिता : सोलुखुम्बु अनुभव (घटना अध्ययन) | लेख | ४९ | २०७२,असार,वर्ष १९, अङ्क १ ४ (संयुक्ताङ्क) | १८ |
| ९२ | वेदप्रसाद भट्ट | दुर्गम क्षेत्र र सञ्चार-जगत | लेख | ४० | २०६५, साउन-असोज र कार्तिक-पुस, वर्ष १३, अङ्क १/२ (संयुक्ताङ्क) | ३४ |
| ९३ | शोभा के.सी. | फटुङका महिलाहरू भन्छन्- पीर हट्यो ! | लेख | २६ | २०६०, वैशाख-असार, वर्ष ८, अङ्क ४ | २९ |
| ९४ | श्यामकृष्ण थापा | सुविधाभोगी चिकित्सकहरू र दुर्गमका बिरामीहरू | लेख | ११ | २०५५, साउन-असोज/कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ (संयुक्ताङ्क) | ३३ |
| ९५ | सञ्जित भण्डारी | बिग्रिएको गाउँ | कविता | ३८ | २०६४, कार्तिक-पुस, वर्ष १२, अङ्क ३ | ६ |
| ९६ | सन्तोष शर्मा | बाजुरा, रेडियो र जङ्गल फडानी : एक अनुभव | लेख | ८ | २०५४, कार्तिक-पुस, वर्ष ३, अङ्क ३ | २४ |
| | | प्रसङ्ग योजना तर्जुमाको - चर्चा उपलब्धिको | लेख | १३ | २०५६, वैशाख- असार/साउन-असोज, वर्ष ५, अङ्क १ /२ (संयुक्ताङ्क) | १६ |
| ९७ | सुरेन्द्र पौडेल | सहरनजिकको गाउँको पीडा | लेख | २६ | २०६०, वैशाख-असार, वर्ष ८, अङ्क ४ | ३१ |
| ९८ | सुवास चोङबाङ | ग्रामीण विकासमा महिला सहभागिता सम्भावना र उपायहरू | लेख | २३ | २०५८, असार-असोज, वर्ष ८, अङ्क १ | १० |
| ९९ | सोमराज आचार्य | आफ्नो विकास आफैं गर्न सहभागिता जरुरी छ ! | लेख | २५ | २०५९, माघ-पुस, वर्ष ८, अङ्क ३ | ३२ |
| १०० | श्रीधर लामिछाने | बैठकहरू प्रभावकारी कसरी बनाउने ? | लेख | १८ | २०५७, कार्तिक-पुस/माघ-चैत्र, वर्ष ६, अङ्क २ र ३ (संयुक्ताङ्क) | २१ |
| १०१ | श्रीराम के.सी.(फुटुङगे) | रहिरहोस् सुपिङबासीमा यो जाँगर | फोटो फिचर | ३१ | २०६१, साउन-पुस, वर्ष १०, अङ्क ३१-३२ (संयुक्ताङ्क) | |
| | | बाटो हेरिरहेको कागती-गाँउ | फोटो फिचर | ३९ | २०६४, माघ-चैत र २०६५ वैशाख-असार, वर्ष १२, अङ्क ३/४ (संयुक्ताङ्क) | |
| | | अघि बढ्दै मनाङ (स्थलगत रिपोर्ट) | लेख | ४० | २०६५, साउन-असोज र कार्तिक-पुस, वर्ष १३ , अङ्क १/२ (संयुक्ताङ्क) | ३५ |
| १०२ | श्रीराम चौधरी | रुपन्देहीका बुढापाकासित भलाकुसारी गर्दा | लेख | २१ | २०५८, कार्तिक-पुस, माघ-चैत, वर्ष ७ , अङ्क २-३ (संयुक्ताङ्क) | ३१ |
| १०३ | हरिकृष्ण उप्रेती | सहभागीमूलक योजना निर्माणका उदाहरणीय दस्तावेजहरू | पुस्तक समीक्षा | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ (संयुक्ताङ्क) | ५३ |
| १०४ | हिम्मतसिंह लेकाली | विकासमा स्वशासन आजको अपरिहार्यता | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | १७ |
| १०५ | हीरालाल विश्वकर्मा | अध्यक्ष-मण्डलीय शासनप्रणाली र दलित स्वायत्त प्रदेश | लेख | ४२ | २०६६, साउन-पुस, वर्ष १४, अङ्क १/२ | ८ |
| १०६ | हुकुमबहादुर सिंह | 'एन.जी.ओ.हरूले हामी डलर खेती गर्ने संस्था होइन भनेर प्रमाणित गर्न सक्नपर्छ ' | अन्तर्वार्ता | ३४ | २०६६, माघ-चैत, वर्ष १०, अङ्क ३/४ | ३५ |
| १०७ | हुस्नबानु शेख | बादी समुदाय र गरिबी : एक विश्लेषण | लेख | १८ | २०५७, कार्तिक-पुस, माघ-चैत, वर्ष ६, अङ्क २ र ३ (संयुक्ताङ्क) | २३ |
| १०८ | हेमा के.सी. | बाग्लुङे महिला कर्मचारीहरूको नेटवर्क: उद्देश्य पूरा गर्न सहज छैन ! | लेख | १५ | २०५६, माघ-चैत, वर्ष ५, अङ्क ४ | २३ |

**सामग्री संयोजन परामर्श निर्देशन :** चेतनाथ कणेल र फटिक थापा

**कम्पाइलेसन तथा प्रस्तुति :** आशिष पाठक, लक्ष्मी चम्लागाई, प्रियङ्का पाठक, तुलसी सापकोटा र सीता भण्डारी कँडेल ।

**दृष्टव्य :** नेपानको *सहभागिता* विकास पत्रिका सुरुवातमा अङ्क १ देखि ६ सम्म *नेपान समाचारपत्र*को नाममा प्रकाशित भए पनि अङ्क ७ देखि भने *सहभागिता* नामबाट प्रकाशित हुन थालेको थियो । यो लेखक सूची बनाउने क्रममा कुनै पनि संयुक्त लेखका लेखकहरूमा पहिलो नामलाई वर्णानुक्रममा पहिलोमा राखिएको छ र दोस्रो, तेस्रो वा अरु नामलाई त्यसै पहिलो नामसँगै सूचीबद्ध गरिएको छ, अलग्गै राखिएको छैन । यहाँहरूबाट पृष्ठपोषण प्राप्त भएमा हामीले यस अभिलेखलाई अझ परिस्कृत र अनुसन्धानमूलक बनाउँदै जानेछौं । विगतका अङ्क ४८, ४९ र ५० मा पनि यस्तै विशेष सूची प्रकाशित गरिएको छ । '*सहभागिता*का हरेक अङ्क विशेष अङ्क'को अवधारणा सुरु भएपछि हामीले विगतमा त्यस विषयमा प्रकाशित भएका सामग्रीहरूको सूची तयार पारी अध्ययन-अनुसन्धान गर्ने व्यक्तिःलाई सहजीकरण गर्ने प्रयास गरेका छौं । **(-चेतनाथ कणेल, प्रधान-सम्पादक)**

*नेपान गतिविधि*

# नेपानद्वारा विविध क्रियाकलापहरू सम्पन्न

**प्रस्तुति : फटिक थापा, कार्यकारी निर्देशक, नेपान**

## नेपानको २२औँ साधारणसभा सम्पन्न

२०७३ साल भदौ २५ गते (सेप्टेम्बर १०, २०१७) दिन नेपानको २२औँ वार्षिक साधारणसभा सम्पन्न भयो । हरियाली एभोकाडो रेष्टुरेण्ट, दोभान टोल, कोटेश्वर-३२ मा आयोजित सो कार्यक्रमको उद्घाटनसत्र श्री उत्तम उप्रेतीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उद्घाटन सत्रमा अतिथिहरूमा डा. जीत गुरुङ्ग (Specialist , Governance Facility) र नेपानका पूर्व अध्यक्षहरू क्रमशः डा. शिवेशचन्द्र रेग्मी, डा. विनोद भट्ट, मानबहादुर थापा, डा. नानीराम सुवेदी तथा निवर्तमान अध्यक्ष ब्रह्मध्वज गुरूङले आसन ग्रहण गर्नुभयो ।

उद्घाटन सत्रमा उपस्थित सम्पूर्ण सहभागीहरूले आ–आफ्नो स्थानबाट परिचय दिने कार्यक्रम सकिएपछि आयोजकका तर्फबाट श्री शान्तलक्ष्मी श्रेष्ठले स्वागत मन्तव्य दिनुभयो । स्वागत मन्तव्यका क्रममा श्री शान्तलक्ष्मी श्रेष्ठले अहिलेको समयमा Sustainable Development को महत्व बढ्दै गएको र नेपानले करिब २५ वर्ष अघि अंगीकार गरेको "Putting The Last First" भन्ने सिद्धान्तलाई अहिले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले समेत आ–आफ्नो कार्यक्रममा समावेश गरेको कुरा बताउनुभयो ।

कार्यक्रमको उद्घाटन उपस्थित सम्पूर्ण सहभागीद्वारा दीप प्रज्वलन गरी सहभागीमूलक तरिकाबाट गरिएको थियो । उक्त अवसरमा बालिएको दीपबाट प्रतीकात्मक रुपमा "नेपान" लेखिएको थियो ।

### सहभागिताको ५० औँ अङ्क अर्थात् 'स्वर्णाङ्क'कको सार्वजनिकीकरण

उद्घाटनलगत्तै संस्थाले नियमितरुपले प्रकाशन गर्दै आएको पत्रिका **सहभागिताको ५०औँ अङ्क** (विनाशकारी भूकम्प २०७२ विशेषाङ्क) पनि उपस्थित सम्पूर्ण सहभागीहरूले "सहभागिता-५०" को अङ्क आ–आफ्नो हातमा एकैचोटि लिएर विमोचन गरियो । त्यसपछि नेपान सदस्य श्री बिर्ख क्रान्तिले विमोचित स्वर्णाङ्क पत्रिकामा प्रकाशित "भूकम्पीय समानता र जैसी बूढा" नामक कविता वाचन गर्नुभएको थियो । साथै उक्त कार्यक्रममा सहभागिताको आगामी अङ्क "स्थानीय तह विशेष अङ्क" को रूपमा प्रकाशित हुने समेत जानकारी गराइएको थियो । यस अङ्कका प्रधानसम्पादक चेतनाथ कणेल र अन्य सम्पादक, लेखकहरू तथा सहयोगीहरूलाई पनि स्वयमसेवी कार्यका लागि धन्यवाद ज्ञापन गरिएको थियो । यस ऐतिहासिक अङ्कमा **सहभागिता अंक १ देखि ५० सम्म छापिएका** सम्पूर्ण लेखकहरुको सूची रहेको कुरा पनि विशेष जानकारी पनि गराइएको थियो ।

### फरक तरिकाले विकास कसरी गर्ने ? (प्रस्तुति र छलफल)

कार्यक्रम उद्घाटन र सहभागिता पत्रिकाको विमोचनलगत्तै अतिथि श्री डा.जीत गुरुङले "Doing Development Differently (DDD)" विषयमा पावर पोइण्ट स्लाइड प्रेजेन्टेशन गर्नुभयो उहाँले विकासको क्षेत्रमा सुशासन तथा राजनैतिक तटस्थतामा केन्द्रित भएर करिब १ घण्टा लामो पावरप्वाइन्ट प्रस्तुत गर्नुभएको थियो । साथै, उहाँले कुनै पनि योजना शुरु हुनुभन्दा पहिला Strong political and Economic Analysis हुनुपर्छ र यो कार्य समायानुसार परिवर्तित पनि हुनुपर्छ भनेर DDD को अवधारणालाई प्रष्ट्याउनुभएको थियो । उहाँको यो प्रस्तुतिलगत्तै भएको छलफल कार्यक्रममा सहभागीहरूले यो अवधारणाका बारेमा आलोचनात्मक टिप्पणी गर्नुका साथै यसको प्रभावकारिताको विषयमा समेत जिज्ञासा व्यक्त गर्नुभएको थियो ।

### नयाँ सदस्यता वितरण

यो वर्ष नेपानबाट १ संस्थालाई संस्थागत सदस्य (Nepal Youth Foundation) र ४ व्यक्तिलाई (सुनिता अधिकारी, शान्ति कुमारी थापा मगर, विनोद कुमार तिमिल्सेना, भगवती माझी साधारण सदस्यता प्रदान गरियो ।

### लेखापरीक्षण प्रतिवेदन पारित

कोषाध्यक्ष श्री धर्मराज श्रेष्ठले संस्थाको आ.व. २०७२/०७३ को लेखापरीक्षण प्रतिवेदनको मुख्य अंश प्रस्तुत गरेपछि नेपानमा कार्यरत लेखा/प्रशासन सहायक श्री तुलसी सापकोटाले बन्दसत्रमा सो

लेखा परीक्षणको अन्य शीर्षकहरू प्रस्तुत गर्नुभयो । त्यसपछि उहाँले संस्थाको आ. व.२०७३/०७४ को अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । उक्त लेखापरीक्षण प्रतिवेदन र २०७३/०७४ को अनुमानित बजेट तथा कार्यक्रममाथिको सामान्य छलफलपछि सभाबाट उक्त प्रस्तुत लेखापरीक्षण प्रतिवेदन र अनुमानित बजेट तथा कार्यक्रम पारित गरियो ।

**नेपान कार्यसमिति पुनर्गठन**

संस्थाको कार्यकारिणी समितिको रिक्त पदपूर्ति गर्न श्री तोया गौतम निर्वाचन प्रमुख रहेको तीन सदस्यीय निर्वाचन समितिले निर्वाचनसम्बन्धी आवश्यक प्रक्रिया पूरा गरी निम्न पदहरूमा निम्नानुसारका व्यक्तिहरूलाई आगामी २ वर्षका लागि निर्विरोध रुपले निर्वाचित भएको घोषणा गरियो ।

| | |
|---|---|
| कोषाध्यक्षः | श्री तेजबहादुर सुनार |
| सदस्यः | डा. सन्जु कोइराला |
| सदस्यः | पद्मा शाक्य |
| सदस्यः | केशवप्रसाद नेपाल |

द्रष्टव्य : उहाँहरूको चयनपश्चात् पुनर्गठित नेपान कार्यसमितिको १४ सदस्यीय पूरा रूप र पदाधिकारी परिचय यसै अङ्कको मध्यपृष्ठमा प्रकाशन गरिएको छ ।

# नेपानमा विभिन्न तालिम तथा कार्यशाला/गोष्ठीहरू सम्पन्न

नेपानले हेल्पएज इन्टरनेसनल नेपालको सहयोगमा नेपाल भूकम्प पुनर्लाभ परियोजना (Nepal Earthquake Recovery Project-NERP) अन्तर्गत निम्नानुसार तालिमहरू आयोजना गऱ्यो:

**जेष्ठ नागरिकहरुका लागि आयआर्जनसम्बन्धी तालिम** : २०७३ आश्विन ३ र ४ गते तारकेश्वर नगरपालिका वडा नं. १४ धर्मस्थलीको पैयाटारस्थित बगलामुखी मन्दिर परिसरमा ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी आय आर्जनसम्बन्धी तालिम आयोजना गरियो । तालिममा २५ जना सहभागीहरूमध्ये ६० वर्ष उमेरदेखि ७० वर्ष उमेरसम्मका ७ जना जेष्ठ नागरिकहरू थिए । तीमध्ये ४ जना महिला र ३ जना पुरुष थिए । बाँकी १८ जना २२ वर्ष उमेरदेखि ५५ वर्ष उमेर सम्मका थिए । सो तालिममा जेष्ठ नागरिकहरूलाई तरकारीको महत्व र आवश्यकता, तरकारी नर्सरी व्यवस्थापन, जैविकमल झोल बनाउने तरिका र प्रयोग विधि, करेसाबारी तरकारी खेती प्रविधि, लहरे तरकारी खेती प्रविधि, तरकारीमा लाग्ने मुख्य मुख्य रोग, किराहरू र व्यवस्थापनका विषयमा तालिम दिइएको थियो ।

**जेष्ठ नागरिकहरुका लागि आधारभूत प्राथमिक उपचारसम्बन्धी तालिम** : २०७३ कार्तिक ३ देखि १० गतेसम्मका विभिन्न मितिहरूमा धर्मस्थली र गोलढुंगामा नेपानको सहयोगमा गठित विपद् जोखिम न्यूनीकरण उप-समूह, जेष्ठ नागरिक समूहका पदाधिकारीहरू एवं जेष्ठ नागरिक समावेशी वडास्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि आधारभूत प्राथमिक उपचारसम्बन्धी तालिम संचालन गरियो । उक्त तालिममा धर्मस्थलीमा २५ जना सहभागीमध्ये १ जना ६२ वर्षको पुरुष जेष्ठ नागरिक र बाँकी १८ देखि ४४ वर्ष उमेरका १२ जना महिला र १३ जना पुरुषहरू सहभागी थिए । त्यस्तै गोलढुंगामा १९ जना सहभागीमध्ये ७ जना पुरुष जेष्ठ नागरिक ६२ देखि ८२ वर्ष उमेरका र बाँकी २१ देखि ५८ वर्ष उमेरका ४ जना महिला र ८ जना पुरुषहरू सहभागी थिए ।

**स्वास्थ्यचौकीका कर्मचारीहरूलाई विशेष तालिम** : नेपानले २०७३ कार्तिक ९ र १० गतेका दिन साप फाल्चामा स्वास्थ्य चौकीका कर्मचारीहरूलाई स्वास्थ्य, पोषण र मनोसामाजिक सहयोग विषयबारे **तालिम आयोजना गऱ्यो** । ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य पोषण र मनोसामाजिक सहयोगसम्बन्धी उक्त तालिममा धर्मस्थली स्वास्थ्य चौकी, गोलढुङ्गा स्वास्थ्य चौकी, थानकोट स्वास्थ्य चौकी र मच्छेगाउँ स्वास्थ्य चौकी बाट २–२ जनाको उपस्थिति गराइएको थियो । तालिममा स्वास्थ्य र पोषणसम्बन्धी सेसनहरू हेल्पएज इन्टरनेशनलका स्वास्थ्य अधिकृत दिपक मल्लले लिनु भएको थियो भने मनोसामाजिक सहयोगसम्बन्धी सेसनहरू रेवतिप्रसाद तिमल्सिनाले लिनु भएको थियो ।

**जेष्ठ नागरिक समावेशी वडास्तरीय विपद् व्यवस्थापन समितिलाई आधारभूत प्राथमिक उपचारसम्बन्धी तालिमः** चन्द्रागिरी नगरपालिका वडा नं. १३ र १४ मच्छेगाँउको मानन्धर गुठी भवनमा २०७३ मंसिर ५, ६ र ७ गते र वडा नं. ५, ६ र ७ थानकोटको कोटघरमा २०७३ मंसिर ८, ९ र १० गते नेपानको सहयोगमा गठन भएका विपद् जोखिम न्यूनीकरण उप-समूह, जेष्ठ नागरिक समूहका पदाधिकारीहरू एवं जेष्ठ नागरिक समावेशी वडा स्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू, सदस्यहरू लगायत थानकोटका २५ जना सहभागीहरू थिए । विभिन्न महिला समूह, युवा क्लब र स्कूलका विद्यार्थीहरूलाई आधारभूत प्राथमिक उपचारसम्बन्धी दुई दिने तालिम संचालन गरियो । मच्छेगाउँको उक्त तालिममा २५ जना सहभागीमध्ये सबै १५ देखि ४० वर्ष उमेरका १९ जना महिला र ६ जना पुरुषहरू सहभागी थिए ।

**ज्येष्ठ नागरिकहरूका लागि अध्ययन अवलोकन भ्रमण:** २०७३ मंसिर ९ गतेदेखि मंसिर १० गतेसम्म भूकम्प पुनर्लाभ परियोजना क्षेत्रका २–२ जना ज्येष्ठ नागरिक तथा समुदायिक स्वयंसेवक र काठमाण्डौं जिल्ला ज्येष्ठ नागरिक समन्वय समितिका पदाधिकारीहरूलाई कास्कीको साविकको पुम्दीभुम्दी गाविस र तनहुँको सविककाे भानु गाविसमा अध्ययन अवलोकन भ्रमण गराइयो । ज्येष्ठ नागिरक समूह संचालन विधि तथा अनुभव आदानप्रदानको मुख्य उद्देश्य सहित यस भ्रमणमा पुम्दीभुम्दीको आर्दश ज्येष्ठ नागरिक समूह र भानुको भानु ज्येष्ठ नागरिक समूहका पदाधिकारीहरूसँग भेटघाट र छलफल कार्यक्रमका साथसाथै अरु विभिन्न धार्मिक स्थल तथा तालहरूको अवलोकन पनि गराइयो । यस भ्रमणको अवधि दुई रात तीन दिनको रहेको थियो

**स्थानीय विपद् जोखिम व्यवस्थापन आयोजना निर्देशिका अनुसार संकटासन्नता र क्षमताको विश्लेषणसम्बन्धी कार्यशाला:** स्थानीय विपद् जोखिम व्यवस्थापन समूह तथा विपद जोखिम न्यूनीकरण उपसमूहका लागि धर्मस्थलीमा २०७३ मंसिर २० गते र गोलढुंगामा २०७३ मंसिर २१ गतेका दिन संकटासन्नता र क्षमता विश्लेषण विषयक एक–एक दिने कार्यशाला गोष्ठी आयोजना गरियो । उक्त गोष्ठीमा धर्मस्थलीमा जम्मा २६ जना सहभागीहरूमध्ये ४ जना जेष्ठ नागरिकहरू सहभागी भएका थिए, जसमा ६० वर्ष उमेरदेखि ७९ वर्ष उमेरसम्मका ३ जना पुरुष र १ जना महिला जेष्ठ नागरिक थिए भने बाँकी २२ जना ६० वर्षभन्दा कम उमेरका थिए ।

**ज्येष्ठ नागरिक समावेशी संकटासन्नता र क्षमताको विश्लेषणमा आधारित स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तयारीको लागि सरोकारवाला निकायहरू र जेष्ठ नागरिक समूहको सहभागितामा कार्यशाला:** हेल्पएज इन्टरनेशनल नेपालको प्राविधिक सहयोग र नेपाल सहभागीमूलक कार्य समूह (नेपान) को आयोजनामा ज्येष्ठ नागरिक समावेशी स्थानीय विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा वा संशोधनको लागि स्थानीय विपद् जोखिम व्यवस्थापन समिति, ज्येष्ठ नागरिक विपद् जोखिम न्यूनीकरण उपसमूहका सदस्यहरू तथा स्थानीय सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरी १ दिने कार्यशाला २ पटक २०७३ मंसिर ३० गते र २०७३ पौष १७ गते तार्केश्वर नगरपालिका वडा नं. १३, १४ र १५ को संयुक्त वडा कार्यालय धर्मस्थलीमा र २०७३ पौष २१ र २५ गते तार्केश्वर नगरपालिका वडा नं. ९, १०, ११ र १२ को संयुक्त वडा कार्यालय गोलढुंगामा सञ्चालन गरियो । कार्यशालामा ज्येष्ठ नागरिक समावेशी संकटासन्नता र क्षमताको विश्लेषणको प्रतिवेदन प्रस्तुत गरेर प्राप्त सुझावलाई संकलन गरियो । स्थानीय विपद् जोखिम व्यवस्थापन समितिसँग समन्वय गरी आयोजना गरिएको यस कार्यशालामा स्थानीय विपद् जोखिम व्यवस्थापन निर्देशिका बमोजिमका विषयवस्तुहरूका साथै ज्येष्ठ नागरिकहरूलाई केन्द्रविन्दुमा राखेर योजनाहरू तयार गरिनेछ ।

**ज्येष्ठ नागरिकहरूका लागि जोरपाटीमा** टाई–ची (Tai-chi) **अभ्यास:** नेपानले हेल्पएज नेपालको आर्थिक सहयोग र बिहानीनाम गरेको संस्थाको प्राविधिक सहयोग इन्टरनेसनल काठमाडौं जिल्लाको जोरपाटीमा एकमहिने Tai-Chi अभ्यास कार्यक्रम चलायो । स्थानीय ज्येष्ठ नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको सो कार्यक्रमको संयोजन जोरपाटी ज्येष्ठ नागरिक समूहले गरेको थियो । ६० वर्ष उमेर नाघेका २५ जना ज्येष्ठ नागरिकले उक्त टाई–ची अभ्यासमा भागलिएको र सो टाई–ची अभ्यासले ज्येष्ठ नागरिकलाई स्वस्थ रहन मद्दत पुगेको कुरा अभ्यासमा सहभागीहरूले बताए ।

**लेखन कार्यशाला कार्यक्रम:** हेल्पएज इन्टरनेशनल नेपालको सहयोगमा नेपानले २०७३ साल फागुन ६ गतेदेखि ८ गतेसम्म नेपानघरमा **"लेखन कार्यशाला"** आयोजना गऱ्यो। भूकम्प पुनर्लाभ परियोजनाका कर्मचारीहरूको लेखन सिप बढाउदै केही सफलताका कथाहरूलाई नेपानको ज्येष्ठ नागरिकहरूसँगको डेढ दशकको यात्रानामक पुस्तकमा प्रकाशन गर्ने उद्देश्य राखीउक्त लेखन कार्यशाला आयोजना गरिएको हो । १२ जना पुरुष र ४ जना महिला समेत गरी १६ जना सहभागीहरूले भागलिएको सो कार्यशालाको सहजीकरण तोयानाथ गौतम र रोहिणी घिमिरेले गर्नु भएको थियो । उपस्थिति भएका थिए जसमा ४ महिला र १२ पुरुषथिए । कार्यक्रमको अन्त्यमा बोल्दै हेल्पएज नेपालका राष्ट्रिय निर्देशक खेमराज उपाध्यायले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नु भयो।

**यो वर्षको नेपान (सहभागिता) दिवस :** २०७३ चैत २४ गते तदानुसार अप्रिल ६ तारिकका दिन नेपानघरको हलमा विशेष छलफल कार्यक्रमका साथ नेपान (सहभागिता दिवस) आयोजना गरियो। यस अवसरमा 'ज्येष्ठ नागरिकसँग नेपानको डेढ दशकको यात्रा'नामक पुस्तक पनि विमोचन गरियो। ज्येष्ठ नागरिक समूहका प्रतिनिधिहरूले ज्येष्ठनागरिक लक्षित कार्यक्रमले ज्येष्ठ नागरिकलाई निकै क्रियाशिल बनाएको र उनीहरूको जीवनस्तर बढेको अनुभव सुनाए। परिचयात्मक कार्यक्रमबाट सुरुभएको उक्त कार्यक्रमको सन्चालन गोविन्द राज पौड्यालले गर्नुभएको थियोभने मीनाक्षी दाहालले स्वागत मन्तव्य गर्नु भएको थियोभने कार्यक्रमको समापन पद्मा शाक्यले गर्नुभएको थियो । पत्रकार द्वयतोया गौतम र रोहिणी घिमिरेले सम्पादन गर्नु भएको सो पुस्तकको संक्षिप्त समिक्षातोया गौतमले गर्नुभएको थियो ।

# अन्तर्राष्ट्रिय दिवस र अभियानमा नेपानको सहभागिता

नेपानले ज्येष्ठ नागरिकसित सम्बन्धित निम्नानुसारको विभिन्न अन्तर्राष्ट्रिय दिवसहरूमा निम्नानुसार कार्यक्रमहरूमा सहभागिता जनायो :

२१ सेप्टेम्बरका दिन २३ औं विश्व अल्जाइमर दिवस मनाउने कार्यक्रममा नेपानले भाग लियो । सो अवसरमा सरकार र ज्येष्ठ नागरिक महासंघ नेपालले संयुक्तरुपमा बसन्तपुरदेखि शान्ति वाटिकासम्म स्मृति पदयात्रा आयोजना गरेको थियो ।

२६ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने सिलसिलामा अक्टोबर २ तारिखका दिन नेपानले जनचेतना पद यात्रामा भाग लियो । ज्येष्ठ नागरिक प्रति भेदभाव विरुद्ध उभिऔं भन्ने नाराकासाथ उक्त पद यात्रा कमलादीबाट निस्की घण्टाघर, बागबजार, पुतलीसडक हुँदै पुनः कमलादीमा आएर टुंगिएको उक्त कार्यक्रममा नेपान सचिवालय र परियोजना क्षेत्रका स्वयंसेवकहरूले भाग लिएका थिए ।

२६औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा २०७३ साल असोज १७ गते गोलढुंगाको नागार्जुन माध्यमिक विद्यालयमा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरियो । सम्मान कार्यक्रममा प्रमुख अतिथिका रुपमा तारकेश्वर नगरपालिकाका प्रमुख श्री अग्निप्रसाद अधिकारी हुनुहुन्थ्यो । वडा नं. ९, १०, ११ र १२ का सर्वज्येष्ठ ज्येष्ठ नागरिकका पुरुषतर्फ ८९ वर्षका गणेशप्रसाद दुलाल र महिलातर्फ ९४ वर्षका मिठु आचार्यलाई फूलमाला, दोसल्ला, सम्मान पत्र र रु.५०० प्रदान गरी सम्मान गरिएको थियो ।

**अन्तर्राष्ट्रिय मानव अधिकार दिवस र महिला हिंसा विरुद्धको १६ दिने अभियानः** २०७३ मंसिर र २७ गतेका दिन मच्छेगाउँमा महिला हिंसा र ज्येष्ठ नागरिकको हकअधिकारसम्बन्धी सचेतना कार्यक्रम गरी अन्तर्राष्ट्रिय मानव अधिकार दिवस र महिला हिंसाविरुद्धको १६ दिने अभियान संयुक्तरुपमा मनाइयो । यस कार्यक्रममा विभिन्न सरोकारवालाहरू (जस्तै महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य चौकीको प्रतिनिधि, आमा समूहको प्रतिनिधि, महिला समूहको प्रतिनिधि, स्थानीय क्लबका प्रतिनिधिहरू, संयुक्त वडा कार्यलयको प्रतिनिधि, नारायण विद्यालयका प्रतिनिधि र ज्येष्ठ नागरिकहरू) को उपस्थिति रहेको थियो । यस कार्यक्रमा नेपानका स्वास्थ्य तथा समावेशी संरक्षण अधिकृत श्री शुभनारायण चौधरीबाट महिला हिंसा र ज्येष्ठ नागरिकको हक अधिकारसम्बन्धी प्रस्तुतीकरण गरिएको थियो ।

**नेपानको जनअभियान** (People Caravan)**मा सहभागिता :** २०७३ माघ ४ गते Humanitarian Accountability Monitoring Initiative (HAMI) ले ललितपुरको सौगल टोलमा आयोजना गरेको विनाशकारी भूकम्पपछिको पुनःनिर्माण र पुनःस्थापनाका लागि जनअभियान विषयक कार्यक्रममा नेपानले पनि भाग लियो । ललितपुर उपमहानगरपालिकाबाट सुरु भएको जुलुस हरिहरभवन, पाटनढोका र मङ्गलबजार हुँदै सौगल टोलमा पुगेर आमसभामा परिणत भएको थियो

# नेपानमा सेयरिङ कार्यक्रम

**सदस्यहरूका लागि तथा शुभकामना आदान-प्रदान कार्यक्रमः** २०७३ असोज १६ आइतबार (अक्टोबर २ तारिख) का दिन नेपानका नयाँ सदस्यहरूका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरियो । नेपानका तर्फबाट कार्यकारी निर्देशक फटिक थापाले नेपान स्थापना हुनुको उद्देश्य, यसका सोच र संस्थाले अहिलेसम्म गरेको कृयाकलापहरू प्रस्तुत गरेपछि संस्थाका कार्यकारी सदस्य चेतनाथ कणेलले नेपान सदस्यमा आधारित सञ्जाल भएको हुनाले हामी सदस्यहरूका माझ नै खेल्नुपर्छ भन्नु भयो ।

उहाँले नयाँ सदस्यहरूको क्षमता अभिवृद्धि हुने खाले क्रियाकलापहरू पनि नेपानले गर्दै जाने कुरा बताउनु भयो । कार्यक्रममा कार्यकारी सदस्य मीनाक्षी दाहालले हामीले पीआरएसम्बन्धी यस्तो सामग्री तयार पारौं जुन विश्वविद्यालयमा र फिल्डमा काम गर्नेहरूका लागि उपयोगी होस् । कार्यक्रममा नेपान कार्यकारी सदस्य अनिरुद्धनाथ शुक्ल र नेपान सदस्य तोया गौतमले पनि बोल्नुभएको थियो । २०७३ को दसैं, तिहार, छठ, ल्हुँ दँ (नेपाल सम्वत), बकरईद र ल्होसारको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमसमेत गरिएको सो कार्यक्रम नेपान-घरमा आयोजना गरिएको थियो । ४ जना महिलाहरू समेत जम्मा १९ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा नेपान सदस्य तथा गैरसदस्यहरूको पनि उपस्थिति रहेको थियो । कार्यक्रमको अन्तमा चियापान र खुला भेटघाट तथा कुराकानी गरिएको थियो ।

२०७३ फागुन १ गते आइतबारका दिन नेपानमा **११६औं मासिक सेयरिङ कार्यक्रम** सम्पन्न भयो । कार्यक्रमका प्रस्तोता डा. महेश

पन्तले सन् ७० को दशकतिर र सन् २०१७ तिरको नेपालको ग्रामीण विकासका बारेमा चर्चा गर्नुभयो । उहाँले विभिन्न कालखण्डमा विकासका तौरतरिकाका बारेमा विभिन्न बहस हुने गरेको बताउँदै आधुनिक विकासले ग्रामीण अर्थतन्त्र, नेपाली संस्कृति र सभ्यतामा परिवर्तन ल्याएको बताउनुभयो । कार्यक्रममा २७ जना सहभागीले भाग लिएका थिए ।

**११७ औं मासिक छलफल कार्यक्रममा दुईजना नेपान सदस्यहरूबाट विषयवस्तु प्रस्तुतः** २०७३ चैत्र ६ गते नेपानमा **'११७औं मासिक छलफल कार्यक्रम"**आयोजना गरियो । "Humanitarian Assistance-Principles to practices"को बारेमाभएको छलफल कार्यक्रमका प्रस्तोता नेपानका आजीवन सदस्य मुकेशसिंह र बालकृष्ण शर्मा हुनुहुन्थ्यो । छफलफ कार्यक्रमका प्रस्तोता मुकेश सिंहले Alumni of International Diploma in Humanitarian Assistance (IDHA), IFRC-Cash Transfer Programme/ International Humanitarian Law (IHL)को बारेमा प्रस्तुतगर्नु भएको थियो भने अर्का प्रस्तोताबालकृष्ण शर्माले Counter Trafficking / Sustainable Development Goals (SDGs)को बारेमा प्रस्तुतगर्नु भएको थियो। ११७औं मासिक शेयरिङ कार्यक्रम अन्य शेयरिङ कार्यक्रम भन्दा अलि लामो भएको तर विषयवस्तु सबैका लागि महत्वपूर्ण भएको सहभागीहरूले बताएका थिए। कार्यक्रममा जम्मा २८ सहभागीहरुको उपस्थितिथियो जसमा ७ महिला र २१ पुरुष थिए।

**ज्येष्ठ नागरिकप्रति गरिने दुर्व्यवहारविरुद्धको विश्व चेतना दिवस**को अवसर पारेर नेपानले सन् २०१७ जुन १५ तारिखका दिन नेपान-घरमा सेयरिंग कार्यक्रम आयोजना गर्‍यो । ज्येष्ठ नागरिकमाथि हिंसा किन र कसरी हुन्छ भन्ने बारेमा विज्ञान सम्प्रदाय नेपालका अध्यक्ष मनोविद् डा. नरेन्द्रसिंह ठगुन्नाको प्रस्तुतिपछि छलफल भयो । उक्त कार्यक्रममा ज्येष्ठ नागरिकको क्षेत्रमा चासो राख्ने अनुसन्धानकर्ताहरू र विद्यार्थीहरूसमेत गरी ३० जना सहभागीहरू थिए । डा. ठगुन्नाले प्रस्तुतिका क्रममा नेपालले भविष्यमा ज्येष्ठ नागरिकमाथि हुने हिंसाको विषयमा वृहत् जनचेतना फैलाउने काम गर्न सक्ने, नेपान सदस्यहरू कस्तीमा आफ्नै घरपरिवारभित्रै यो सवालमा नमुना बन्न सक्ने, यो मुद्दालाई लिएर लिएर अनुसन्धान, तालिम र वकालत गर्न सक्ने कुरा बताउनुभएको थियो । सेयरिंग कार्यक्रमको अन्त्यमा नेपान कार्यसमितिका सदस्य चेतनाथ कणेलले 'काल पर्खिरहेकी बूढीआमा' शीर्षकको कविता सुनाउँदै आफ्नो मन्तव्यसमेत राख्नुभएको थियो ।

# पुस्तकमाथि छलफल

Healing the Himalayas नामक पुस्तकमाथि छलफलः २०७२ वैशाखमा नेपालमा आएको भूकम्पबाट भएको मानवीय तथा भौतिक सम्पदा तथा संरचनाको क्षति र तिनका दीर्घकालिन असरका बारेमा प्रा. डा.दीपकराज पन्त र उहाँका सहयोगीद्धारा गरिएको अध्ययनका आधारमा तयार पारिएको पुस्तक Healing the Himalayas माथि २०७३ पुस ८ गतेका दिन साप फाल्चाको सभाकक्षमा छलफल गरियो । एक भव्य कार्यक्रमका माझ स्थानीय, सरकारी, गैरसरकारी तथा विकास अभियन्ताहरूको उपस्थितिमा उक्त छलफल भएको थियो । छलफलमा प्रा. पन्तले पुस्तकमा समावेश गरिएका विभिन्न विषयलाई अत्यन्तै प्रभावकारी तथा जीवन्त तरिकाले प्रस्तुत गर्नुभएको थियो । छलफलमा प्रा. बालकृष्ण माबुहाङ्ग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका डा. बिष्णु भण्डारी, प्रा. डा. प्रेम शर्मा, छिङ्गलमु शेर्पा, शान्तालक्ष्मी श्रेष्ठ, चेतनाथ कणेललगायतले पुस्तकका लेखक प्रा. डा. दीपकराज पन्तसँग विभिन्न जिज्ञासा राख्नुभएको थियो । सो कार्यक्रमको मोडरेसन नेपानका अध्यक्ष उत्तम उप्रेतीले गर्नुभएको थियो ।

PARTICIPATION-17 **को सार्वजनिकीकरण :** २०७३ पुस १५ गतेको दिन नेपान-घरमा संस्थाले नियमितरुपमा प्रकाशित गर्ने वार्षिक अंग्रेजी जर्नल PARTICIPATION-17 को विमोचन गरियो । कार्यक्रममा वरिष्ठ पत्रकार श्रीकृष्ण अनिरुद्धले आफनो लेखनशैलीको अनुभवका बारेमा सहभागीहरूलाई बताउनुभएको थियो । नेपानका अध्यक्ष उत्तम उप्रेतीको सभापतित्वमा भएको उक्त कार्यक्रममा फटिक थापा, अश्विन पुडासैनी, चेतनाथ कणेललगायतले बोल्नुभएको थियो । सोही अवसरमा अन्तमा अंग्रेजी वर्ष-२०१७ को उपलक्ष्यमा शुभकामना आदानप्रदान पनि गरिएको थियो ।

**नागरिक समाज-पारस्परिक जवाफदेहिता परियोजना : fhi360 सितको साझेदारीमा नेपानले गरेका गतिविधिहरू** नेपानले fhi360 को सहयोगमा **नागरिक समाज : पारस्परिक जवाफदेहिता परियोजना** (Civil Society: Mutual Accountability Project (CS:MAP)) अन्तर्गत पैरवी क्षमता पहिचानका लागि

Advocacy Readiness Index Assessment (ARI) सम्पन्न गरेको छ । पैरवीलाई मुख्य रणनीतिको रुपमा लिइएको यस परियोजनामा छनौट भएका नागरिक समाज तथा सञ्चार क्षेत्रमा काम गर्ने संस्थाहरूको पैरवी क्षमता तथा त्यसमा सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी त्यसअनुरुप ज्ञान र सीप अभिवृद्धि गर्ने रहको छ ।

नेपालले हालसालै ARI मिति गरेको संस्थाहरू निम्नानुसार छन्:

**नेपानबाट नुवाकोटको संस्था सामुदायिक विकास केन्द्रको पैरवी क्षमता पहिचान :** २०१७ अप्रिल १९ देखि २१ सम्म नुवाकोटको सामुदायिक विकास केन्द्रको (CDC Nepal, Nuwakot) पैरवी विश्लेषण सूचक लेखाजोखा सम्पन्न गऱ्यो । fhi360 कातर्फबाट रत्नाबाबा तन्डुकार र नेपानका तर्फबाट गोविन्दराज पौड्याल, फटिक थापा र दिवेश सायमी समेतले सहजीकरण गरेको सो कार्यक्रममा CDC का कार्यकारी समिति र परियोजना कर्मचारीहरू समेत गरेर १० जना सहभागीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम नवाकोटको त्रिशुली बजारमा आयोजना गरिएको थियो ।

**नेपानबाट इह्रिकन संस्थाको पैरवी क्षमता पहिचान** मिति २०१७ मे ३ देखि ५ तारिखसम्म ललितपुरको महिला तथा बालबालिकाको अधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकार संचार प्रतिष्ठान, नेपाल (IHRICON) ARI कार्य सम्पन्न भयो । बुद्धनगरको उद्यमीघरमा आयोजना गरिएको उक्त कार्यक्रममा IHRICON संस्थाका बोर्डका सदस्यहरू र कर्मचारीहरूको सहभागिता थियो कार्यक्रमको सहजीकरण fhi360 का रत्नबाबा तन्डुकार, नेपानका तर्फबाट उत्तम उप्रेती, गोविन्दराज पौड्याल, फटिक थापा र दिवेश सायमीसमेतले गर्नुभएको थियो ।

**नेपानबाट सुर्खेतस्थित सुन्दर नेपाल संस्थाको पैरवी क्षमता पहिचान** २०१७ अप्रिल १९ देखि २१ सम्म सुर्खेत जिल्लाको वीरेन्द्रनगरमा सुन्दर नेपाल (Beautiful Nepal) को पैरवी विश्लेषण सूचक लेखाजोखा सम्पन्न भयो । गरिब, सीमान्तकृत र पछाडि पारिएका वर्गहरूलाई गुणस्तरीय सेवा प्रदान गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने हेतुले स्थापना भएको संस्था सुन्दर नेपालको पैरवी विश्लेषण गर्न नेपानका तर्फबाट फटिक थापा र दिवेश सायमीसमेतले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सुन्दर नेपालका अध्यक्ष, सदस्यहरू, संस्थाका कार्यकारी निर्देशक र परियोजना कर्मचारीहरूसमेत गरेर १५ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

**नेपानबाट रुकुमको संस्था मानव अधिकार संरक्षण तथा कानुनी सेवा केन्द्रको पैरवी क्षमता पहिचान :** २०१७ मे २३ देखि २५ तरिखसम्म मानव अधिकार संरक्षण तथा कानुनी सेवा केन्द्र, रुकुम (HRPLSC) को ARI Assessment कार्य सम्पन्न भयो । यस पैरवी लेखाजोखा कार्यमा उक्त संस्थाका अध्यक्ष, सदस्यहरू र कर्मचारीहरू समेत गरी ९ जनाको संलग्नता रहेको थियो । एफएचआईका तर्फबाट रत्नबाबा तन्डुकार र नेपानका तर्फबाट फटिक थापा र दिवेश सायमी समेतले सजहजीकरण गरेको उक्त कार्यक्रम नेपालगञ्जमा सम्पन्न भएको थियो । HRPLSC विशेष गरि मानव अधिकार संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा समुदाय परिचालनको माध्यमबाट जनचेतना अभिवृद्धि, पैरवी अभियान संचालन गर्ने यस संस्थाले नागरिक समाज: पारस्परिक जवाफदेहिता परियोजनामा मध्य पश्चिमका रुकुम, रोल्पा, सल्यान र प्यूठानलाई कार्य क्षेत्र बनाएको छ ।

**नेपानबाट सारथि संस्थाको पैरवी क्षमता पहिचान :** २०१७ जुन ७ देखि ९ मा सामुदायिक सारथिको पैरवी विश्लेषण सूचक लेखाजोखा, संस्थाका अध्यक्षसहित ९ (महिला ५, पुरुष ४) जना सहभागीहरूको सक्रिय सहभागितामा सम्पन्न भएको छ। अधिकार मुखी विकास पद्धतिलाई केन्द्रमा राखी मानव अधिकार, प्रजातन्त्र, सुशासन तथा सामाजिक न्यायको क्षेत्रमा काम गर्ने यस संस्थाले सिन्धुपाल्चोक र काभ्रेमा यो परियोजना सञ्चालन गर्दैछ । पैरवी विश्लेशण सूचक लेखाजोखा कार्यक्रमको सहजीकरण गोविन्दराज पौडेल, दिवेश सायमी र फटिक थापाले गर्नुभएको थियो ।

**नेपानबाट राष्ट्रिय भूकम्प प्रविधि समाज नेपालको संस्थागत क्षमता विश्लेषण :** CS-MAP अन्तर्गत नेपानले २९ मे देखि २ जुन तारिखसम्म NSET को कार्यालय भैंसेपाटी काठमाडौंमा उक्त संस्थाको Organization Capacity Assessment गरेको छ । NSET का कार्यकारी समितिका अध्यक्ष, सदस्यहरू एवं कार्यकारी निर्देशक, उप कार्यकारी निर्देशक, वरिष्ठ प्राविधिक सल्लाहकारहरू लगायत १७ जना पुरुष र ७ जना महिलाहरूसमेत गरी २४ जना सहभागीहरूको उपस्थितिमा सञ्चालन गरिएको उक्त कार्यक्रमको सजहजीकरण एफएचआईका तर्फबाट रत्नबाबा तण्डुकार र नेपानका तर्फबाट उत्तम उप्रेती तथा गोविन्द पौडेलले गर्नुभएको थियो ।

# नेपान गतिविधिका झलकहरु























*(गतिविधि संयोजन / तयारी सहयोग : गोविन्द पौड्याल, दिवेश सायमी, चन्द्र सर्तुङ्गे, शुभनारायण चौधरी, विना तण्डुकार, तुलसी सापकोटा, जुन महत र आशिष पाठक)*

*तस्विर स्रोतः नेपान सचिवालय अर्काइभ*

## जनमत संकलन

# सङ्घीय शासन प्रणाली अपनाइरहेको परिप्रेक्ष्यमा नेपालमा स्थानीय तहका कामहरूलाई प्रभावकारी बनाउन के के गर्नुपर्ला ?

✐ सबैभन्दा पहिले स्थानीय निकायका प्रतिनिधिहरूलाई स्थानीय निकायको काम, कर्तव्य र अधिकारको बारेमा तालिम (प्रशिक्षण) दिन पर्‍यो । उक्त तालिममा स्थानीय निकायको विकास रणनीति, कार्यनीति र कार्ययोजना बनाउन लगाउने । विकास योजना र स्थानीय विकासको खाका सूचकसहितको योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने । सङ्घीयताको बारेमा, स्रोत परिचालन, कार्य ढाँचा विकास पद्धति र स्थानीय संरचनास्वरूप तयार पार्ने, अभिमुखीकरण गर्ने र कार्यान्वयनको लागि अनुगमन तथा मूल्याङ्कन संयन्त्र पनि बनाउने ।

**- राजबहादुर गिरी, स्वामीकार्तिक गाउँपालिका ४, बाजुरा, प्रदेश नं. ७, हाल: काठमाडौँ**

✐ नेपालमा स्थानीय तह/निकायहरूका कामलाई प्रभावकारी बनाउनका लागि स्थानीय निकायहरूलाई काम गर्ने नीतिनियम तथा कार्य निर्देशिका बनाएर काम गर्नुपर्ने हुन्छ । नीतिनियमको अभावमा अन्योल हुन्छ । साथै स्थानीय निकायको पदाधिकारीहरूको जिम्मेवारी तोक्नुपर्ने हुन्छ । स्पष्ट कार्य निर्देशिका भएमा मात्र काम गर्न सजिलो हुन्छ । स्थानीय सरकारमा विभिन्न सेक्टर छुट्याएर विषयगत रूपमा काम गर्न सजिलो हुन्छ र पदाधिकारीहरूको हैसियत र इच्छाअनुसारको काम गर्ने वातावरण सिर्जना हुन/गर्न आवश्यक छ ।

**- पद्मा शाक्य, इमाडोल, ललितपुर**

✐ स्थानीय सरकारको पहिलो काम ज्येष्ठ नागरिकहरूको यथार्थ विवरण लिने र सुलभ तरिकाले हातमा भत्ता पुऱ्याउने हुनुपर्छ । अझै पनि कतिपय ज्येष्ठ नागरिकको नागरिकता नबनेको, बनेको भए पनि हचुवाका भरमा साल र तिथिमिति नमिलाई बनाइएको देखिएको छ । उनीहरू भत्ताबाट बञ्चित भएका छन् । तसर्थ त्यस्ता कुरा सच्याएर स्थानीय सरकार ज्येष्ठ नागरिकमैत्री बन्नुपर्छ भन्ने मेरो भनाइ छ ।

**- निर्मला मोक्तान, व्यवस्थापन समिति अध्यक्ष, पिसप्वाइन्ट बोर्डिङ स्कुल, मध्यबानेश्वर (कात्यायनी चोक), काठमाडौँ**

✐ नवनिर्वाचित प्रतिनिधिहरूलाई सङ्घीय शासन प्रणालीमा उनीहरूका काम-कर्तव्यबारे व्यापक छलफल तथा अभिमुखीकरण सञ्चालन गरी उनीहरूलाई दक्षशील बनाउनु सबैभन्दा जरुरी छ । चेतना र दक्षता विकासमा सबैको ध्यान जानुपर्छ ।

**- तोया गौतम, ओजस्वी इन्स्टिच्युसन प्रा.लि., काठमाडौँ**

✐ स्थानीय तहले शिक्षा पनि हेर्ने अबको नयाँ प्रावधान हो भने पहिलो काम आफ्नो क्षेत्रमा भएका निजी तथा सरकारी विद्यालयको राम्रो अभिलेख बनाई नयाँ स्वीकृति दिंदा कति दूरीभित्र दिने वा नदिने भन्ने कुरालाई राम्रोसँग पालना गर्नुपर्छ । तिनीहरूको गुणस्तर कायम, नियमन तथा अनुगमन पनि राम्रो हुनुपर्छ । अस्वस्थ प्रतिस्पर्धा नहुनका लागि सहजीकरण र सहयोग गर्नुपर्छ । स्रोत-व्यक्ति तथा विद्यालय निरीक्षकहरूको भूमिका प्रभावकारी बनाउनुपर्छ । शिक्षा राम्रो भयो भने मात्र स्थानीय तह/सरकार पनि राम्रा हुँदै जानेछन् ।

**- ईशु गुरुङ, प्रिन्सिपल, पिसप्वाइन्ट बोर्डिङ स्कुल, मध्यबानेश्वर (कात्यायनी चोक), काठमाडौँ**

✐ सर्वप्रथम स्थानीय निकायका जनप्रतिनिधिहरूलाई स्थानीय निकायको काम-कर्तव्य र अधिकारको बारेमा स्पष्ट पार्ने । स्थानीय निकायको विकास रणनीति, कार्यनीति र कार्ययोजना बनाउने । स्थानीयस्तरका स्रोतहरूको पहिचान गरी राम्रोसँग स्रोत परिचालन गर्ने, कार्य ढाँचा विकास पद्धति र स्थानीय संरचनास्वरूप तयार तथा अभिमुखीकरण गर्ने र कार्यान्वयनको लागि अनुगमन तथा मूल्याङ्कन संयन्त्र बनाउने, जसले गर्दा कार्यप्रगतिको आवधिक जाँच पनि हुनेछ । त्यसैगरी कार्यालयमा सिकायतपेटिका (गुनासो बाकस) राखी प्राप्त सिकायतको अविलम्ब सम्बोधन गर्ने पद्धति विकास गर्ने र व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर सबैले काम गर्ने ।

**- आशिष पाठक, सुन्दरहरैँचा न. पा.-४, मोरङ, हाल: काठमाडौँ**

✐ स्थानीय सरकारका कामहरू प्रभावकारी बनाउन निर्वाचित नेताले जनतासामु गरेका वाचा पूरा गर्नुपर्छ । स्थानीय तहको सेवा प्रवाह सरल, सहज, सुलभ ढङगबाट गर्ने तथा भ्रष्टाचारमुक्त स्थानीय तह निर्माण गरी स्थानीय सुशासन कायम गर्ने । उत्प्रेरित स्थानीय कर्मचारीतन्त्रको निर्माण पनि गरिनुपर्दछ । स्थानीय तहलाई प्रदेश र केन्द्रीय सरकारको विगतमा हुने गरेजस्तो हस्तक्षेप, प्रभाव र दबावबाट मुक्त गरी पूर्ण स्वायत्तताको ग्यारेन्टी गरिनुपर्दछ । स्थानीय सरकारका राम्रा कामले नै लोकतन्त्र मौलाउने हो ।

**- प्रियङ्का पाठक, दीपायल-सिलगढी न.पा, डोटी, हाल: काठमाडौँ**

✍ विद्यालय शिक्षामा नै सङ्घीय शासन प्रणालीलाई समावेशीकरण गराउनु पर्छ । सङ्घीय लोकतन्त्रात्मक, गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्दै स्थानीयस्तरमा रहेका कच्चा पदार्थको प्रयोग गरी स्थानीय क्षेत्रको विकास गर्नुपर्दछ । सङ्घीय शासन प्रणालीलाई देशनिर्माणको मेरुदण्डको रूपमा लिई स्थानीयस्तरबाट विकास-निर्माणका परियोजनाको थालनी गर्नुपर्दछ ।

***- लक्ष्मी चम्लागाइँ, इलाम, हाल: काठमाडौं***

✍ 'सही कर्मचारी सही स्थान'को नीति अपनाउने । निर्वाचित जनप्रतिनिधि र कर्मचारीको काम-कर्तव्य र अधिकार नजुध्ने गरी स्पष्ट परिभाषित गर्ने । संस्थागत संरचना बनाई लागू गर्ने । स्थानीयलाई अत्यावश्यक हुने सेवासम्बन्धी अनुभवी र दक्ष कर्मचारी पठाउने ।

नागरिक बडापत्र सार्वजनिक गर्ने र सन्तुलित विकास गर्ने। दलगत व्यक्तिगत स्वार्थभन्दा माथि उठेर कार्य गर्ने। आर्थिक अनुशासन र पारदर्शितालाई मूलमन्त्र मान्ने । कार्यालयमा सिकायतपेटिका राखी प्राप्त सिकायतको अवलम्बन वा सम्बोधन तत्काल गर्ने र माथिल्लो निकायबाट आवश्यकताअनुसारको निर्देशन दिने । साथै, कार्य-प्रगतिको आवधिक जाँच गर्ने ।

***मीनबहादुर कार्की, प्रिन्सिपल, प्रिमियर कलेज, काठमाडौं***

✍ विभिन्न विद्यालय तथा समुदायमा समूहहरू बनाई कामहरू बाँडफाँड गर्नुपर्ला । उचित तालिम प्राप्त जनशक्ति उत्पादनमा मद्दत गर्नुपर्ला । आफूले गरिरहेका कामहरूलाई मात्र लक्षित गर्नुभन्दा देशभर र आफ्नावरिपरि के कस्ता सङ्कटासन्नताहरू छन् त्यसप्रति बढी ध्यानाकर्षण गर्नुपर्ला । विभिन्न जनचेतनामूलक कार्यक्रम नाटक एवम् ड्रिलहरू गर्नुपर्ला ।

***मनिषा जोशी, कैलाली***

✍ स्थानीय सरकारलाई हस्तक्षेपरहित बनाउने र स्थानीय जनप्रतिधिहरूलाई आफनो कार्य के हो भनेर जानकारी नभएकाले, कार्यसम्बन्धी स्पष्ट जानकारी प्रदान गरी स्थानीय सरकारमा रहेका जनप्रतिधिहरूलाई जिम्मेवारी वहन गराउने । स्थानीयस्तरमा रहेका स्रोत-साधनहरू अधिकतम उपयोग गर्ने ।

***- मिलनकुमार उपाध्याय (यात्री), स्वामी कार्तिक गाउँपालिका ४, बाजुरा***

✍ सङ्घीय भन्नाले प्रजातान्त्रिक पद्धति, परराष्ट्र नीति, रक्षा, मौद्रिक व्यवस्था आदि समान उपयोगका प्रमुख विषयहरू केन्द्रीय सत्तामा राखी अन्य कुरामा स्वायत्त शासनको अधिकार प्रयोग गर्ने राज्यको सङ्गठन वा इकाइ हो । यसमा प्रतिस्पर्धात्मक सङ्घीय सरचना तहअनुसारका कामको बाँडफाड हुन्छ । यसरी कामहरूलाई प्रभावकारी बनाउन हरेक प्रदेशहरू र तल्लो तहमा स्पष्ट सूचना दिँदै कामको वर्गीकरण तथा ती कामको फाइदाका बारेमा पनि चेतना दिनुपर्छ ।

***- रोशन पाठक, पेप्सिकोला, काठमाडौं***

✍ कार्यालयमा खटिएर गएका सेवाप्रदायकले 'सेवाग्राहीलाई मुस्कानसहितको सेवा' प्रदान गर्नुपर्दछ । निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीलाई कार्य गर्ने वातावरणमा सहजता प्रदान गर्ने, स्थानीय स्वायत्त शासन ऐन निर्माण गरी लागू गर्नुपर्दछ । क्षतिपूर्तिसहितको नागरिक बडापत्रलाई सम्पूर्ण सेवाग्राहीले देख्ने ठाउँमा राख्नुपर्दछ । हाम्रोभन्दा राम्रो जनप्रतिनिधि र कर्मचारीको छनौट गरी स्थानीय स्रोत-साधनको परिचालन गरी रोजगारीमा वृद्धि गर्नुपर्दछ । पुराना कानुन र नियमलाई परिमार्जन गरी समयसापेक्ष नयाँ कानुन र नियम निमार्ण गर्नुपर्दछ ।

***- कला खतिवडा, इलाम- ८***

✍ स्थानीय निकाय सङ्घीय शासन प्रणालीको आत्मा हो । स्थानीय निकायको प्रभावकारिताले नै सङ्घीय शासन प्रणालीको औचित्य पुष्टि गर्दछ । नेपालको सङ्घीय स्वरूपको बदलिँदो स्थानीय निकायको अधिकतम अधिकार सँगसँगै जिम्मेवारी पनि उत्तिकै रहेको छ । यसका लागि आत्मनिर्भर स्थानीय निकाय निर्माण हुनुपर्दछ, अर्थात् राजस्व सङ्कलन र बाँडफाँड वैज्ञानिक हुनुपर्दछ । नेपालको व्यवस्था परिवर्तनसँगै जनताका आकाङ्क्षाहरू पनि उत्तिकै बढेका छन् जसको सम्बोधन गर्ने अभिभारा नयाँ संविधानले स्थानीय निकायलाई दिएको छ । अतः स्थानीय निकायका कामहरू अत्यन्त प्रभावकारी र चुस्तदुरुस्त हुनुपर्ने देखिन्छ ।

***- खिलाराज पोखरेल, काठमाडौं- ३२, पेप्सिकोला***

✍ सर्वप्रथम त सम्पूर्ण स्थानीय मानिसहरू एक आपसमा सक्रिय हुन जरुरत छ । आफ्नो जिम्मेवारी सम्पूर्ण मानिसहरूले आफैं पूरा गर्नुपर्छ । नेपालमा कडा कानुन बनाएर त्यसको पालना गर्नुपर्छ । ठाउँअनुसारको स्रोत-साधनहरूको प्रयोगमा जोड दिनुपर्छ । स्थानीय तहका सबै व्यक्तिमा सकारात्मक विचार वा सोच हुनुपर्छ । स्थानीय तहमा दिगो हुने खालका निर्माण र संरचनाहरू गर्नुपर्दछ ।

***- रोशनी श्रेष्ठ, रामेछाप***

✍ नेपालमा अब सङ्घीय शासन प्रणाली अपनाइरहेको परिप्रेक्ष्यमा स्थानीय तह/निकायहरूका कामहरूलाई प्रभावकारी बनाउन मेरो विचारमा सबै जनताको समान समावेशीकरण एवम् समान सहभागिता तथा उनीहरूका विचारहरूलाई मान्यता दिनुपर्छ । कानुनहरू किताबमा मात्र सीमित राख्ने होइन, कडाइका साथ लागू हुनुपर्छ । हरेक व्यक्तिलाई समान अवसरहरू दिनुपर्छ । साथै निर्वाचित जनप्रतिनिधि र कर्मचारी एकदम इमानदार, बफादार र पारदर्शी हुनुपर्छ ।

***-स्थर बस्नेत, सीतापाइला, काठमाडौं***

✍ नेपालमा सङ्घीय शासनलाई प्रभावकारी बनाउनको लागि विभिन्न नीति-नियमहरू लागू गर्नुपर्दछ । स्थानीयस्तरमा भएका स्रोत-साधनलाई परिचालन गरी कार्यान्वयन गर्नुपर्छ । यसलाई प्रभावकारी बनाउनको

लागि सहभागीमूलक तथा समानुपातिकरूपमा कार्य सञ्चालन गर्नुपर्छ। जनतामा जनचेतना फैलाउनु पर्छ। जनसमुदायका आवश्यकतालाई बढी प्राथमिकता दिनुपर्छ। सहभागीमूलक विधि अपनाई जनताका अपेक्षा र अवस्था थाहा पाउने प्रयास गर्नुपर्छ। हचुवाका भरमा नीति बनाउने होइन।

*- सरिता राना मगर, मन्थली नगरपालिका १३, फुलासी, रामेछाप*

सङ्घीय शासन प्रणाली भनेको देश विकासमा सहयोग पुर्‍याउने रणनीति हो। जसले गर्दा सिङ्गो देश विकासमा ठूलो सहयोग हुन्छ। हाम्रो देश नेपालमा सङ्घीय शासन प्रणाली अपनाइरहेको परिप्रेक्ष्यमा नेपालको स्थानीय निकायहरूका कामहरूलाई प्रभावकारी बनाउनका लागि विकासका प्रत्येक काममा स्थानीय जनताको सक्रिय सहभागिता गराउनुपर्छ। हरेक काम सञ्चालन गर्दा त्यहाँ भएका स्थानीय स्रोत-साधनको प्रयोग गर्नुपर्छ र स्थानीयस्तरमा नेतृत्व गरेका व्यक्तिले स्थानीय जनतालाई कामको बारेमा प्रष्ट पार्नुपर्छ।

*- चन्द्र भियाल, खत्याड गाउँपालिका- २, मुगु*

हाम्रो देश नेपालमा सङ्घीय शासन प्रणाली भर्खरै प्रारम्भ भएको छ। सङ्घीयता भनेको देशको एउटा 'सिस्टम' हो जसमा स्थानीय स्तरमै सम्पूर्ण राज्य व्यवस्था उपलब्ध भएको हुन्छ। यसका साथसाथै सुशासनको अवस्था सिर्जना हुनसक्छ। नेपालको परिप्रेक्ष्यमा स्थानीय तह/निकायहरूका सम्पूर्ण काम वा क्रिकलापहरू विभाजन गरिएको छ। यस्ता निकायहरूका काम प्रभावकारी बनाउन 'सेन्ट्रलाईजेसन' को प्रक्रियाअनुसार सम्पूर्ण कामहरूमा जनसमुदायको सक्रिय सहभागितामा सञ्चालन हुनुपर्छ। सम्पूर्ण 'रियल निड' को पहिचान गरी जनतालाई आवश्यक पर्ने सम्पूर्ण कुराहरूको उपलब्ध गराई उक्त काम सहभागिता, पारदर्शिता र जवाफदेहिताको आधारमा सम्पन्न गरिनुपर्दछ।

*- अमृत लामिछाने, पोखरा-लेखनाथ महानगरपालिका-२२, कास्की*

सङ्घीय शासन प्रणालीले प्रक्रियामा आधारित स्थानीयस्तरको विकासमा जोड दिनुपर्छ। हाम्रोजस्तो अविकसित राष्ट्रलाई विकसित बनाउनका लागि वा स्थानीयस्तरमा रहेका स्रोतको परिचालन गर्नका लागि सङ्घीय शासन प्रणाली अत्यन्त महत्वपूर्ण कुरा हो। यसलाई प्रभावकारी बनाउनका लागि स्थानीय तहमा सार्वजनिक सुनुवाइका माध्यमबाट नीति-नियम तयारी तथा तर्जुमा गर्नुपर्छ। मेरो विचारमा स्थानीय तहमा सामाजिक परिचालकहरू हुनुपर्छ, जसले समुदायलाई सशक्तिकरण गर्ने खालका कार्य गर्दछन्। साथै स्थानीय समुदायको विचार र आवश्यकतालाई मध्यनजर गरी कार्य गर्‍यो भने सङ्घीय शासन प्रणाली प्रभावकारी बन्न सक्छ।

*- खुशी ढुङ्गेल (पार्वता), झापा*

देशको सम्पूर्ण भूभागको समान रूपमा विकास गर्नका लागि सङ्घीय शासन प्रणाली ज्यादै महत्वपूर्ण छ। यसलाई प्रभावकारी बनाउनका लागि नीति-नियमहरूको पालना गर्ने। नीति-नियमहरूको पालना नगर्नेलाई कारवाहीको दायरामा ल्याउने। सङ्घीय शासन प्रणालीको बारेमा हरेक गाउँ र हरेक समुदायमा जनचेतना जगाउने। यसको फाइदाको बारेमा जनसमुदायलाई सचेत गराउने, जसले गर्दा स्थानीय तहका कामलाई प्रभावकारी बनाउन सकिन्छ।

*- निर्मला धामी, गौरीगङ्गा न.पा.-४, कैलाली*

सङ्घीय शासनमा पहिचानसहितको सङ्घीयतालाई अपनाउनु पर्दछ। यहाँ बहुधर्म, बहुसंस्कृति, बहुजाति र बहुभाषा रहेका छन्, यस्ता कुरालाई नै सङ्घीयताले समेट्नुपर्दछ। नेपालमा विकासका कुराहरू धेरै गरिए, तर ती भाषणमा माग सीमित भइरहेको अवस्था छ। स्थानीय क्षेत्र, जनता र स्थानीयस्तरको विकासमा सबैको समान पहुँच पुर्‍याउन र स्थायित्वको विकास गराउन स्थानीय जनताले चाहेअनुरूपको दिगो विकास गरिनुपर्दछ। स्थानीयहरूको मुद्दालाई विशेष प्रथामिकता दिनुपर्छ। उनीहरूको विकासमा समान पहुँच पुग्ने कामहरू गर्नुपर्छ।

*- सन्तोष धमला (स्पदन), ओखलढुङ्गा*

सर्वप्रथमतः सम्पूर्ण जनताहरू सक्रिय र सहयोगी हुनु जरुरी छ। मानिसहरूले आफ्नो जिम्मेवारी आफैँ पूरा गर्न पनि उत्तिकै जरुरी छ। सकारात्मक सोचको पनि विकास हुनुपर्‍यो। हामीले अरुको बारेमा नकारात्मक सोच राख्नु भएन। नेपालमा कडाभन्दा कडा कानुन बनाउनु पर्‍यो। सबै मानिसहरूमा आत्मविश्वास जगाउनुपर्छ। कुनै पनि काम गर्न लागेको वा गइरहेको छ भने त्यस कामको बारेमा सबै सरोकारवालाई पूरा जानकारी हुने पद्धति बनाउनु पर्छ।

*-सबिता अर्याल, बालाजु, गोलढुङ्गा, काठमाडौँ*

स्थानीय सरकारले सहकारीलाई प्रवर्द्धन गर्ने नीति लिनुपर्छ। सहकारीसँग पनि केही कामहरू सँगैसँगै गर्नु राम्रो हुन्छ। राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन र हौसला दिनुपर्छ। स्थानीय विकासमा सहकारी पनि सहयोगी हुन सक्छन् भन्ने मान्यता राख्नुपर्छ र जोड दिनुपर्छ।

*- ऋषिराम कँडेल, अध्यक्ष, अवेरनेस बचत तथा ऋण सहकारी संस्था लि., शङ्खमूल, काठमाडौँ*

स्थानीय सरकारले शिक्षालाई जोड दिनुपर्छ, गरिबलाई हेर्नुपर्छ। शिक्षाबाट बञ्चित अतिगरिब बाबुआमाका बच्चाका लागि विद्यालयमा नै छात्रावासमा बसी पढ्ने व्यवस्था मिलाउन सकेमा बीचैमा बालबालिकाले विद्यालय छोड्नुपर्ने थिएन। अबका स्थानीय सरकारले विशेष शिक्षा र छात्रवृत्तिमा जोड दिएर अगाडि बढ्नुपर्छ। निजी विद्यालयसँग समन्वय गरेर पनि यस्ता काम गर्न सकिन्छ। भएका सरकारी स्कुलमा पनि गुणस्तर बढाउन स्थानीय तहले धेरै मेहनत गर्नुपर्छ।

*- हरिप्रसाद ज्ञवाली, व्यवस्थापन समिति अध्यक्ष, अवेरनेस इन्टरनेसनल एकेडेमी (एआईए : सेकेन्डरी बोर्डिङ स्कुल), शङ्खमूल, काठमाडौँ*

सङ्घीयता सुरुवात हुनु आफैंमा राम्रो कुरा हो । राम्रो सगँसगै यसलाई प्रभावकारी बनाउन सर्वप्रथमतः प्रभावकारी, नीति, नियम कार्ययोजना तथा कार्यढाँचा बनाउनु जरुरी छ । स्थानीय सरकार चलाउने सबैलाई हरेक विकास सवालमा जानकार बनाउनुपर्छ, यसका लागि अनेक तालिम दिनु आवश्यक छ । ग्रामीणस्तरमा हुने कामहरूमा राजनीतिक खेलभन्दा पनि विकास निर्माणको काममा जोड दिनुपर्छ । जनताको सहभागिता र स्रोत परिचालन विकासको मूल प्रक्रिया हुनुपर्छ । समग्रमा, जनताको सर्वाङ्गीण विकासका लागि प्रभावकारी नीति-नियम तर्जुमा तथा काममा नियमित अनुगमन र सुपरिवेक्षण हुने व्यवस्था गरिनुपर्छ ।

*- अर्पणा पोखरेल, शिवपुरी-५, नुवाकोट*

हाम्रो देश नेपालमा सङ्घीय शासन प्रणाली अपनाइरहेको परिप्रेक्ष्यमा नेपालमा स्थानीय तह⁄निकायका कामहरूलाई प्रभावकारी बनाउनु पर्छ । यसका लागि जिम्मेवारीबोध बढ्नुपर्छ । सबैले आफ्ना काम र कर्तव्य बुझेर काम गर्नुपर्छ । यसका लागि विवेकशील र लगनशील व्यक्तिहरूको आवश्यकता छ र सही नीति-नियममा चल्ने पद्धति बसाल्नुपर्छ ।

*- जनसरी सार्की, काठमाडौं तालिम केन्द्र (केटीसी), काठमाडौं*

अब जनता सबै जाग्नुपर्छ । सङ्घीयताको मर्म बुझ्नुपर्छ । नियम र कानुन जनताकै सहभागितामा राम्रा राम्रा बनाउनुपर्छ । अनि प्रभावकारी काम गर्नको लागि ती सबै नियम सबैले पालना पनि गर्नुपर्छ । स्थानीय जनता नतात्तिएसम्म विकास राम्रो हुँदैन, तसर्थ अब सबै तात्तिनुपर्छ । सहभागिता जुटाउनुपर्छ । महिलाले अझ बढी ख्याल गर्नुपर्छ । पछाडि परेको वर्ग आफैं कस्सिनुपर्छ ।

*-सविना श्रेष्ठ, चौतारा, सिन्धुपाल्चोक*

कर्मचारी छनोट तथा नियुक्ति प्रक्रियामा स्वायत्तता अपनाउने । आवश्यक नीति, नियम, ऐन, कानुनको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने । स्थानीय तहले स्रोतको पहिचान गरी आन्तरिक आर्थिक परिचालन क्षमता बढाउनुपर्ने । सहभागीमूलक विकास प्रक्रियालाई 'ग्रासरुट' तहसम्म नै विस्तार गर्नु जरुरी देखिन्छ । राजनीतिक रूपमा लोकप्रिय कार्यक्रमभन्दा पनि दीर्घकालीन महत्वका कामहरू अघि बढाउन जरुरी देखिन्छ ।

*- सुवेन्द्र पाण्डे, रेसुङ्गा नगरपालिका, गुल्मी, प्रदेश ५*

स्थानीय सरकारले शिक्षाका कार्यक्रमलाई बढी जोड दिनुपर्छ । साथै बालबालिकाको विकासमा पनि ध्यान दिनुपर्छ । भ्रष्टाचार हुनुहुन्न । राम्रो काम गर्नेलाई वार्षिक पुरस्कार कार्यक्रम राख्नुपर्छ । बूढाबूढीका लागि राम्रा कार्यक्रम ल्याउनुपर्छ । बूढाबूढीको भत्ता खाइदिने कर्मचारीलाई जेल हाल्नुपर्छ । स्थानीय सरकारको कामबारे स्कुलमा पनि शिक्षा दिनुपर्छ ।

*- प्रबुद्ध कँडेल, अनुप गौतम र दीप केसी, अवेरनेस इ. एकेडेमी (एआईए : सेकेन्डरी बोर्डिङ स्कुल), चेतनालय कम्प्लेक्स, शङ्खमूल, काठमाडौं*

स्थानीय सरकारले महिला नेतृत्वलाई बढीभन्दा बढी जिम्मेवारी दिनुपर्छ । दलित तथा विपन्न परिवारबाट आएका नेतालाई विशेष सहयोग गर्ने प्रावधान हुनुपर्छ । उनीहरूको क्षमता बढाउनका लागि तालिम र भ्रमण धेरै हुनुपर्छ । साथै, राजनीतिक प्रशिक्षण र साक्षरता कार्यक्रममा पनि बढी जोड दिनुपर्छ । क्याम्पसबाट भर्खर निस्केका 'फ्रेस' विद्यार्थीलाई इन्टर्न र भोल्युन्टरी सेवा गर्ने अवसर स्थानीय सरकारले आ-आफ्ना क्षेत्रमा बढीभन्दा बढी दिनुपर्छ । उनीहरूलाई केही पारिश्रमिक दिएर प्रोत्साहन प्रदान गर्न सकिन्छ । भ्रष्टाचारलाई निरुत्साहित पार्नुपर्छ । हरेक स्थानीय तहमा यस्तो अभियान चल्नुपर्छ मात्रै र नयाँ पिँढीका लागि 'नयाँ नेपाल'को अनुभूति हुनसक्छ ।

*- निरु पोखरेल, कुसुम देवकोटा, सरु मुडभरी र प्रमिला पन्त, अनन्तालय, स्वयम्भू सानो भऱ्याङ, काठमाडौं*

सङ्घीय शासन प्रणाली अपनाइरहेको परिप्रेक्ष्यमा नेपालमा स्थानीय तह⁄निकायहरूका कामहरूलाई प्रभावकारी बनाउन सबैभन्दा पहिला रोजगारीको व्यवस्था मिलाउनु पर्छ । साथै दलित समुदायमा शिक्षाको विकास गर्नुपर्छ । विकट जिल्लाहरूमा बाटोघाटो र यातायतको प्रबन्ध मिलाउनु पर्छ । यसैगरी गाउँठाउँमा उचित स्वास्थ्य संस्थाको विकास नभएकोले स्वास्थ्य संस्थाको विकास गर्नु अति जरुरी देखिन्छ ।

*- जितेश्वर ठाकुर, सिरहा, प्रदेश २*

स्थानीय सरकारले गैससहरूसमेतलाई साथमा लिएर काम गर्नुपर्छ । स्थानीय सहकारीलाई पनि कार्यको जिम्मेवारी दिई 'सहकार्य' गर्न सकिन्छ । हरेक स्थानीय सरकारले आआफ्ना वेबसाइट बनाई तिनलाई हप्तैपिच्छे अपडेट गर्ने पद्धति बसाल्नुपर्छ । भ्रष्टाचारमा 'शून्यसहनशीलता' जरुरी छ । साथै सहभागीमूलक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन एवम् पारदर्शितामा जोड दिनुपर्छ । गैससहरूबाट क्षमता विकासका काममा स्थानीय तहले विशेष सहयोग लिन जान्नुपर्छ । विगतका कमीकमजोरी विश्लेषण गरी सुशासन र पारदर्शितामा सबैभन्दा बढी जोड दिनुपर्छ भन्ने मेरो भनाइ छ ।

*- डा. चैतन्य भारद्वाज, राष्ट्रिय विकास केन्द्र (एनडीसी), नयाँबानेश्वर, काठमाडौं*

***सहभागिता*को 'जनमत' स्तम्भमा आफ्ना विचार राख्ने सम्पूर्ण महानुभावहरूप्रति हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । विचारको साझा फूलबारीको रूपमा रहेको यस स्तम्भको आगामी अङ्कका लागि पनि आफ्ना सटीक विचार पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

– सम्पादक मण्डल, *सहभागिता*

# नेपान स्रोत केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू

- Continuity and Change, NEMAF, July 2015
- Reflections on Participatory Democracy with Reference to Constitution of Nepal, Action Aid Nepal, November, 2016
- Empowering Women, Empowering Human: Picture it, Beyond Beijing committee
- The First Results, Jan, 2016
- Harmony, Security and Governance in the Plains, NEMAF, March, 2013
- Tracking Harmony, Security and Governance in the Plains, NEMAF, March 2014
- South Asia Poverty Alleviation Program, 1998
- Districts of Nepal Indicators of Development, ICIMOD, 1997
- Nepal Labor Force Survey, UNDP/ILO/Gov. of Nepal, July 2009
- Governance and citizenship from below: Views of poor and excluded groups and their vision for a New Nepal, IDO, April 2009
- Private Sector Involvement and Investment in Nepal's Forestry, MSFP, March 2014
- A Rapid assessment of children in the Urban Transport Sector
- न्यायपूर्ण र लोकतान्त्रिकका लागि जनताद्वारा गरिएको कार्य, Action Aid Nepal, March 2012
- Strengthening the Monitoring Evaluation System Project, JICA/ Gov. of Nepal, 2009
- Building Bridges, IIED, 2014
- Social Exclusion and Inclusion in Nepal, NEPAN, November 2009
- Nepal: Access to Justice for Dalits, SAMATA Foundation, 2014
- रुपान्तरणका लागि सिकाइ, First edition, Action Aid Nepal, 2015
- Development in Practice, International NGO Training, Volume 24, August, 2014
- Development in Practice, International NGO Training, Volume 24, February, 2014
- Development in Practice, International NGO Training, Vol: 23, June, 2013
- Development in Practice, International NGO Training, Vol: 23, June, 2013
- Powering Global Change through Partnership, IIED, 2016
- Powering global change through partnership, IIED, 2016
- राज्यको पुन:संरचना र समावेशीकरण, जिल्ला विकास समिति, श्रावण २०६२
- Tribal Ethnography of Nepal, Book Faith India, Vol: 2
- सुखतिरको यात्रा : Journey to Happiness, Asar, 2073
- सामाजिक तथा राजनीतिक परिवर्तन, शब्दार्थ प्रकाशन, first edition, Asoj 2072
- विकास र प्रणाली, शब्दार्थ प्रकाशन, first edition, Magh 2072
- Outcome documents, GON, 2015
- Universal Declaration of Human Rights, Indigenous Media, 2015
- Baseline study on reported cases of elder abuse in Nepali Press, National Human Rights, 2011
- The Sphere Project, 2011
- For a Better Tomorrow, Redd Barna, 1998
- How to change the world, Penguin Group
- सिद्धार्थ, महावीर पब्लिसर, first edition, 2008
- सूचनाको हक नागरिकको औजार, Janajagar Youth Club

- Social Audit, Participatory Development
- खुल्ला बजेट, Freedom Forum
- अधिकारमुखी विकास र जनवकालत: सुशासन तथा विकास
- भावान्तरण तथा रुपान्तरण, TRANSCEND
- वहिष्करणदेखि समावेशीकरणसम्म, Sa. SA. A. Ko, 2065
- Social Accountability Tools PRAN, Feb, 2012
- Civil Society Engagement in Municipal Governance, Samudayik Sarathi Nepal, Sep 2016
- Town Halls: Answer to Nepal's Democratic Challenges, Samudayik Sarathi Nepal, 2016
- Development in Practice, INTRAC, 27th April 2017
- Development in Practice, INTRAC, 27th May 2017
- Slums in Kathmandu Valley, Samudayik Sarathi, Nepal
- Town Hall Meeting: लोकतन्त्रको सबलीकरणमा एक प्रभावशाली औजार, Samudayik Sarathi Nepal, 2072
- Journal of Business and Management Research, KUSOM, Kathmandu University, Vol: 1, July 2016
- जेष्ठ नागरिकको पुस्तक र वृद्ध नागरिक सेवा, २०६८
- लैंगिक न्यायसम्बन्धी फैसला कार्यान्वयनको निगरानी : Juri Nepal, Jestha 2074
- नानगानका २० वर्ष : विशेष स्मारिका : NANGAN , 2074
- Compare : A journal of comparative and international education, Routledge, Vol: 46 July 2016
- Development in Practice, INTRAC, Vol: 27, June 2017
- Development in Practice, INTRAC, vol: 27, August 2017
- EDIT, THE UNIVERSITY of EDINBURGH (CNK)
- नेपालमा वन श्रमिक : Forest Workers in Nepal, NAFAN, Magh, 2073
- Alzheimer's and Related Dementia Sensitization report, Hope Heritage, first edition, 2074
- What is boy/girl?, स्त्रीशक्ति, first edition, Vol: 48, 2014
- नारीवाद, स्त्रीशक्ति , First edition, Vol: 48
- Trainers Trining Manual, स्त्रीशक्ति, first edition, Vol: 125
- पितृसत्ता, Istrishakti, first edition, 62 vol: 2014
- शान्तिसूत्र द्वन्द व्यवस्थापन, तथा शान्ति स्थापना तालिम, स्त्रीशक्ति, Vol: 128, 2006
- प्रशिक्षक प्रशिक्षण निर्देशिका, स्त्रीशक्ति, first edition, vol: 202


**सहभागिता का हरेक अङ्क-विशेष अङ्क बनाउनमा हामी प्रयासरत छौं ।**
**- सम्पादक मण्डल**

## चिठीपत्र




# सहभागिता पूर्णाङ्क ५० (स्वर्णाङ्क) पढेपछि

**सम्पादकज्यू,**

२०७३ भदौमा प्रकाशित *सहभागिता* पूर्णाङ्क ५० अर्थात् 'स्वर्णाङ्क' पढ्दा साँच्चिकै नेपालले आफ्नो पूर्ण क्षमता प्रदर्शन गर्न सकेको लाग्यो। यो 'भूकम्प विशेषाङ्क' रहेछ। सम्पादकीयदेखि हरेक पृष्ठका सामग्रीको संयोजन, सम्पादन, प्रस्तुति, चित्र एवम् तस्विरसमेतको सही प्रयोग भएको पाइयो। छपाइ पनि अति नै राम्रो छ। यसलाई कायम गर्नोस्, मेरो हार्दिक शुभेच्छा छ।

यसमा समेटिएका भूकम्पसम्बन्धी विशेष आलेखहरू, कविताहरू, कार्टुन तथा अन्य सामग्रीहरू राम्रा, रोचक, र अति उपयोगी पनि छन्। नीतिनिर्मातादेखि स्थानीयस्तरमा काम गर्ने विकासकर्मी एवम् विश्वविद्यालय/कलेज/विद्यालयमा प्राध्यापन गर्ने प्राध्यापक-अध्यापकदेखि विद्यार्थीसम्म र गाउँमा बस्ने सामान्य तर 'विकासप्रति चासो राख्ने' हरेक व्यक्तिका लागि पनि यी सामग्री अति काम लाग्दा र पछिसम्म सङ्ग्रह गरेर राख्ने खालका छन्। अझ हरेक विकासकर्मीले आफूसँग साँचेर राख्नैपर्ने 'सहभागिता' पत्रिका नेपालको विकास प्रक्रियामा एउटा गज्जबको 'आइकन' बनेको छ, विशेष पहिचान बनेको छ।

पर्यटन, शिक्षा, कृषि, स्वास्थ्य, सरसफाइ, सामुदायिक विकास, प्रकोप व्यवस्थापन आदिजस्ता विविध विषयमा भूकम्प र त्यसबाट सृजित समस्याको सम्बन्ध र राष्ट्रले अबका दिनमा अवलम्बन गर्नुपर्ने बाटोका बारेमा हरेक लेख र कवितामा स्पष्ट रूपले उल्लेख गरिएको छ। 'सहभागिता' ५० का प्रत्येक सामग्रीका लेखक-रचनाकारहरूलाई मुक्तकण्ठले 'धन्यवाद' भन्न मन लाग्यो। सम्पादन सीपको पनि प्रशंसा नगरी बस्न सकिँदैन। धेरै जनाको सम्पादन र एक जनाको कुशल प्रधानसम्पादनले नै 'सहभागिता' एउटा राष्ट्रियस्तरको विकास म्यागाजिन बन्न सफल भएको भन्न सकिन्छ। तपाईंहरूलाई बधाई छ। नेपालको नेटवर्क शक्ति यस्तो शुभकाममा लगाउनु भनेको निश्चय नै प्रशंसनीय छ। अझ सहभागिताले २० वर्षको यात्रा पूरा गर्नु भनेको निश्चय नै उदाहरणीय कुरा हो भन्न सकिन्छ। नेपालमा कुन छ त यति लामो समयसम्म नियमित रूपमा (हाल 'वार्षिक' नै भए पनि) प्रकाशन भइरहेको विकासमूलक म्यागाजिन ?

'सहभागिता'ले उठाउने गरेका मुद्दा र सवालहरू सम्बन्धित निकायले अवश्य हेर्नेछन् भन्ने आशा गरौं। सम्बन्धित निकायहरूमा विशेष आवाज पुगून् भनेर 'सहभागिताका हरेक अङ्क विशेष अङ्क' भनेर जसरी केही वर्षदेखि नियमितता दिनुभएको छ, त्यो पनि एउटा विशेष उल्लेख्य कुरा नै हो। लाग्छ, यसबाट सहभागिताको अभिप्राय पूरा भएको छ। अब आउँदा दिनमा युवा विशेषाङ्क, गरिबी निवारण विशेषाङ्क, पर्यटन विशेषाङ्क, कृषि

तथा प्रविधि विशेषाङ्कजस्ता विशेष अङ्क बनाउनेतर्फ पनि ध्यान दिनुहोला । महिला लेखिका नेपानमा किन कमी भए ? यो मेरो पुरानै गुनासो हो । विशेष तालिम चलाएर हुन्छ कि अन्य उत्प्रेरणाका बाटा खोलेर हुन्छ, नेपानका सदस्य तथा गैरसदस्य लेखिकाहरुलाई 'सहभागिता'मा लेख्न घच्घच्याउनै पर्छ भन्ने मलाई लाग्छ । कम्तीमा ४० प्रतिशत लेखहरू महिलाहरूबाटै लेखिएका होऊन् । अनि मात्र नेपान उदाहरणीय संस्था बन्न सक्नेछ । सदस्य मात्र देखाएर हुँदैन, काम पनि चाहियो । महिला सदस्यले गर्ने योगदान पनि चाहियो । म अलि कडा भएँ क्यार । तर पनि एक विकासकर्मी र नेपान-शुभेच्छुकका नाताले खुलेरै भनेको हुँ । आउँदा अङ्कमा यो कुरा विचार गर्नुहोला ।

नेपानले धेरै उदाहरणीय कामहरू गरेको छ । अब 'समावेशी विकास'मा पनि थप राम्रा उदाहरण प्रस्तुत गर्नोस्, हार्दिक शुभकामना छ ! नजिकिँदा दशैं, तिहार, म्हपूजा, छठ तथा अन्य नेपाली पर्वहरूका लागि पनि सम्पूर्ण बन्धुबान्धव/दिदीबहिनीहरूमा मेरो शुभकामना छ भन्दै आजको पत्र यहीँ बन्द गर्ने अनुमति चाहन्छु ! धन्यवाद !

***- प्रमेश अधिकारी 'सचेत'***
मार्फत: राष्ट्रिय विकास केन्द्र (एनडीसी), नयाँबानेश्वर, काठमाडौँ

## विकासको लागि 'सहभागिता' पत्रिकाको योगदान प्रशंसनीय

**सम्पादकज्यू,**

म *सहभागिता* विकास पत्रिका पढ्ने नियमित पाठक हुँ । यस पत्रिकाले समेट्ने विषयवस्तुहरू समसामयिक र नेपाली मनहरूको केन्द्रबिन्दुमै बस्न सक्ने हुन्छन् । यसमा विभिन्न लेख, रचना, विशेषाङ्कहरू समेटिएको हुन्छ ।

नेपालजस्तो विकासोन्मुख देशको लागि यस पत्रिकाले महत्वपूर्ण भूमिका खेल्न सक्दछ र भूमिका पनि खेलेको छ । मलाई यस्तै आभाष हुन्छ । यसभित्र समेटिने विकास पत्रकारिताका तरिकादेखि सूचना प्रविधिसम्मका लेख राम्रा छन्, साथै नेपालमा हुने विकासक्रममा बारेमा पनि राम्रा राम्रा रचनाहरू पढ्न पाइएको छ । र, पछिल्ला अङ्कहरूमा भूकम्प र यसको असरको बारेमा पनि धेरै सामग्री पढ्न पाइयो । यी सामग्रीहरू हामी उच्च शिक्षाका विद्यार्थी पाठकका लागि अझै महत्वपूर्ण सावित भएका छन् । *सहभागिता*मा लेख-रचना लेख्ने सम्पूर्ण लेखकहरू देशको यथार्थ बुझेका विद्वानहरू हुन् भन्ने कुरा यो पत्रिका पढ्ने जो पाठकले पनि सहजै अनुमान लगाउन सक्छ ।

५० औं अङ्क अर्थात् स्वर्णाङ्क विशेषलाई एक पाठकको हैसियतले हेर्दा यसभित्र समेटिएका सम्पूर्ण खोजमूलक लेखहरु र विचारहरु धेरै सान्दर्भिक लागे । खासगरी चेतनाथ कणेलले लेख्नुभएको 'नेपालको भूकम्प-राजनीति र पर्यटन : अब के ?' भन्ने लेख राम्रो लाग्यो । यसबाट के कुरा छर्लङ्ग हुन्छ भने भूकम्पपश्चात् यसले नेपाली राजनीतिमा खेल्न खोजेको र खेलेको भूमिकामा कसरी उपभोग गरिरहेका छन् त मानिस र नेताहरु भन्ने कुराको स्पष्ट झलक प्रदान गरेको छ । यसबाट पर्यटन क्षेत्रको सम्भावना र मानवीय स्तरोन्नति कसरी माथि जान सक्दछ र अब कसरी अगाडि बढ्ने हो भन्ने कुरा पनि राम्रोसँग चर्चा गरिएको छ । यसले धेरै समाधानका उपायहरू पनि औंल्याएको छ ।

यस स्वर्णाङ्कमा डा. साफल्य अमात्यले लेखेको सम्पदासम्बन्धी लेख पनि राम्रो छ । त्यसैगरी 'ग्रामीण क्षेत्रमा जनसहभागीमूलक सरसफाइ अभियान : केही व्यावहारिक अनुभव' भन्ने भोला शिवाकोटीको लेखले पनि धेरै कुरा सिकाउँछ । सहभागीमूलक अभियान सञ्चालन गर्ने हो भने हरेक कार्य सहज र सरल तरिकाले सम्पन्न हुनुका साथै जनताले अपनत्वको पनि महसुस गर्न सक्दछन् भन्ने कुराको उदाहरणसहित प्रष्ट पारिएको छ यस लेखमा । यसले समाजमा सकारात्मक सन्देश दिएको छ, साथै सामूहिक कार्यको सफलता पनि औंल्याएको छ । लेख अत्यन्तै सान्दर्भिक छ, मलाई मन पर्‍यो ।

यस स्वर्णाङ्कमा समेटिएका अरु लेख पनि साह्रै राम्रा छन्, अति नै सान्दर्भिक रहेको कुरा कहीं कतैबाट लुक्न सक्दैन । प्रत्येक लेखको चर्चा गर्नु मेरो उद्देश्य होइन । यो पत्रिकाका प्रधान-सम्पादक चेतनाथ कणेल र सम्पूर्ण पदाधिकारीप्रति म कृतज्ञ छु र यो विकास पत्रिकालाई वर्षौंसम्म निरन्तर पढ्न पाउने छु भन्ने आशा पनि बोकेको छु । धेरै धन्यवाद ।

***सुदर्शन आचार्य***
गुल्मी, जोहाङ्ग, हाल: त्रिविवि- ग्रामीण विकास केन्द्रीय विभाग (अध्ययनरत)

# नेपान अक्षय-कोष : जानकारी र अनुरोध

## अक्षय-कोष स्थापनाको औचित्य

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) एक नेटवर्किङ्ग संस्था भएको हुँदा यसले आफैं कुनै पनि प्रत्यक्ष (कन्सल्टेन्सी) सेवा प्रदान गरेर कोष सङ्कलन गर्न सक्ने स्थिति छैन । यो कुरा नेपानको विधान २०५१ मा स्पष्ट उल्लेख छ। नेपान सचिवालय सञ्चालनार्थ प्रशासनिक एवम् व्यवस्थापकीय खर्चका लागि जरुरत पर्ने रकमका निम्ति सधैं दातृसंस्थामा नै भर पर्नुपर्ने स्थिति त्यति व्यावहारिक नदेखिने हुँदा *नेपान अक्षय-कोष* स्थापना गर्ने सोच नेपान सदस्यहरुबाटै प्रस्फुटन भई नेपानको विधानअनुरूप २०५४ सालको साधारण-सभाले यस कोषको स्थापना गर्ने लक्ष्य राखेको हो। यसले दीर्घकालीनरूपमा नेपानलाई नियमित खालका वार्षिक कार्यक्रमहरू सञ्चालनार्थ आर्थिक रुपमा केही हदसम्म सक्षम बनाउने छ। यसैलाई निरन्तरता दिन नेपानको विधान-२०५१ को दफा २२ र २४ को प्रावधानअन्तर्गत 'नेपान अक्षय-कोष नियमावली २०५६' पनि तयार भई लागू भएको छ।

## अक्षय-कोषको रकम प्रयोग प्रक्रिया

अक्षय कोषमा जम्मा रकम कम्तीमा अमेरिकी डलर १,५०,०००।- (एक लाख पचास हजार) वा सो बराबरको नेपाली रुपैयाँ हुनेछ। उक्त रकम 'नेपान अक्षय-कोष'को नाममा बैंकमा जम्मा गरिनेछ । अक्षय-कोषमा व्याजस्वरूप प्राप्त रकम नेपानको प्रशासनिक, व्यवस्थापकीय तथा अन्य नियमित क्रियाकलापहरू ('कोर एक्टिभिटिज') का लागि मात्र खर्च गरिने छ।

यो नियम कम्तीमा पनि अक्षय-कोष स्थापना भएको १५ (पन्ध्र) वर्षसम्म लागू हुने प्रावधान राखिएको थियो। यदि त्यस नियममा कुनै परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएमा नेपानको साधारणसभाले छलफल गरी निर्णय गर्ने प्रावधान छ। यदि सावाँ रकम खर्च गर्नुपर्ने स्थिति आएमा पनि सो खर्च के कसरी गर्ने भन्नेबारे साधारणसभाले नै निर्णय गरी कार्यसमितिलाई आदेश दिनसक्ने व्यवस्था छ। अन्यथा अक्षय-कोषको सावाँ रकम खर्च गर्न सकिने छैन।

## हालसम्मको उपलब्धि

नेपानको विधानअनुरूप स्थापित नेपान अक्षय-कोषका लागि सहयोग गर्न विभिन्न संघसंस्था तथा नेपान सदस्यहरुलाई समय समयमा भेटघाट, पत्राचार तथा अनुरोध गर्दा सन् २०१४ सम्ममा करिब ६५ लाख रुपैयाँ जम्मा भएको थियो । यस कार्यमा *स्विस विकास नियोग* (यूएस डलर १० हजार प्राप्त), *एक्सनएड नेपाल* (ने.रु. ३,६९,७५०।- अर्थात् त्यो समयको ५ हजार यूएस डलर प्राप्त), *बेलायतको आईडीएस संस्था* (ने.रु. ३,२९,५७३।- अर्थात् त्यो समयको ५ हजार स्टर्लिङ्ग पाउण्ड बराबरको रकम प्राप्त) हरूका सहयोगराशिले 'नेपान अक्षय-कोष'का लागि ऊर्जाको काम गर्‍यो ।

यसैगरी नेपान 'अक्षय-कोष नियमावली' अनुसार नेपानको वार्षिक सदस्यता शुल्कबाट उठेको रकममध्ये २५ प्रतिशत, साझेदारीमा गरिने कार्यक्रम सञ्चालनबाट स्वयंसेवीको सेवाबापत बचत भएको रकमबाट २५ प्रतिशत एवम् नेपानको उद्देश्य मिल्ने संस्थाहरूका लागि अनुसन्धान कार्य गरेबापत बचत भएको कूल रकममध्ये २५ प्रतिशत रकम अक्षय-कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ।

त्यसैगरी हालसम्म तपसीलमा उल्लेखित नेपान सदस्यहरुले पनि यस कोषको लागि सक्दो सहयोग गरी हालसम्म करिब ने.रु. २,४१,७००।- रुपैयाँ व्यक्तिगत सहयोग प्राप्त भएको छ।

रिब डेढ दशकदेखिको निरन्तर यी सबै प्रयासहरूबाट २०६९ साउनसम्ममा नेपान अक्षय-कोषमा **ने.रु.४५,९१,४३५.** (पैँतालिस लाख एकानब्बे हजार

| | | |
|---|---|---|
| १. रामदयालप्रसाद यादव | १७. मानबहादुर थापा (दुईपटक) | ३३. गोपाल तामाङ्ग |
| २. डा. शिवेशचन्द रेग्मी | १८. झविन्द्र भण्डारी | ३४. हेमा के.सी. |
| ३. छिङ्गलमु शेर्पा | १९. डार्लिन फूट | ३५. निशा शर्मा |
| ४. समीर कार्की (दुईपटक) | २०. अश्विन पुडासैनी | ३६. विनोद चापागाईं |
| ५. रामानन्दप्रसाद गुप्त | २१. निर्मल शर्मा (दुईपटक) | ३७. विशालभक्त कशु |
| ६. यशोधा श्रेष्ठ | २२. भरतराज गौतम | ३८. गोविन्दराज पौडेल |
| ७. शशी रिजाल (दुईपटक) | २३. डा. भोलाप्रसाद दाहाल (दुईपटक) | ३९. डा. प्रेमबहादुर थापा |
| ८. डा. चण्डीप्रसाद चापागाईं | २४. राजेन्द्र गुप्ता | ४०. रोजी जोशी |
| ९. विमला घिमिरे | २६. राघवराज रेग्मी (प्रत्येक वर्ष रु. पाँच हजार) | ४१. लजना मानन्धर |
| १०. सुष्मा बाराकोटी | २६. तेजराज दाहाल | ४२. अशोककुमार पौडेल |
| ११. रवि चित्रकार | २७. डा. विनोद भट्ट | ४३. डा. राजबहादुर श्रेष्ठ |
| १२. द्रोण के.सी. | २८. विमला चापागाईं | ४४. सीता राना |
| १३. पूर्णबहादुर चेम्जोङ्ग | २९. श्याम अधिकारी | ४५. जिल्ला विकास समिति, भक्तपुर |
| १४. डा. कमल फुयाल | ३०. ब्रह्मध्वज गुरुङ्ग | ४६. प्रा.डा. रोबर्ट च्याम्बर्स |
| १५. चेतनाथ कणेल | ३१. गोविन्द न्यौपाने | ४७. रमेश सिंह |
| १६. महेश दाहाल | ३२. उत्तम उप्रेती | ४८. रमेश सिंह |

चार सय पैतीस रुपैयाँ) रकम जम्मा भएको थियो । तत्पश्चात् नेपानका १८औं (२०६९), १९औं (२०७०) तथा २०औं (२०७१) साधारणसभाहरूले दिएका कार्यादेशअनुरूप नेपानको अक्षयकोषमा सञ्चित रकम तथा अन्य सहयोग (जसलाई *नेपान-घर कोष* भन्न थालियो) समेत जुटाई काठमाडौंको चक्रपथभित्र उपयुक्त ठाउँमा नेपान सचिवालयका लागि एउटा घर (नेपान घर) खरिद गर्ने कार्यदल गठन भयो । कार्यदलले करिब दुई वर्षको अथक मेहनतबाट काठमाडौं महानगरपालिका वडा नं. ३५ कोटेश्वर, सहयोगीनगर, दोभान टोलमा एउटा नवनिर्मित (तर निर्माण कार्य पूरा नभएको) घर फेला पारी कार्यसमितिलाई खरिदका लागि सिफारिस गऱ्यो । साधारणसभाको कार्यादेश बमोजिम कार्यसमितिले सो घर तत्काल खरिद गर्ने निर्णय गऱ्यो ।

आ.व. ०७२ असार मसान्तसम्म *नेपान अक्षय-कोष*मा जम्मा भएको रकम र *नेपान घर-कोष*मा प्राप्त सहयोग गरी कूल **रु. ६५ लाख १४ हजार २३९.** भएको थियो । तर घर खरिद तथा तत्कालको मर्मत-सम्भार र नवनिर्माण (कोठा थप) गरी सो कार्यमा करिब **रु. ८७ लाख** खर्च हुने लागत अनुमान (इष्टिमेट) आयो । सोका लागि पुन: विभिन्न संघसंस्था तथा नेपान सदस्यहरूलाई सहयोग रकम प्रदान गर्नका लागि अनुरोध गरियो । आफ्नो रुचि र क्षमताअनुसार थुप्रै व्यक्तिहरूले नेपान-घरका लागि उदार दिलले सहयोग गर्नुभयो । यसरी सहयोग गर्ने महानुभावहरूको नामावली तलको तालिकामा छ ।

'नेपान अक्षय-कोष', 'नेपान-घर कोष' तथा नेपानको केही वार्षिक कार्यक्रम सञ्चालनको 'कोर फण्ड'समेत (करिब २२ लाख रुपैयाँ) मिलाएर करिब **८७ लाख** रुपैयाँमा नेपान-घर तयारको पहिलो चरण पूरा भएको छ । दुई वर्षदेखि नेपान सचिवालय यसै भवनबाट सञ्चालित छ । हाम्रो लामो समयदेखिको सपना र चाहना धेरै हदससम्म पूरा भएको छ । तर अझै पनि यस भवनमा कोठा थप्ने, व्यवस्थित 'पार्टिसन' गर्ने, साधनसम्पन्न स्रोत केन्द्र विकास गर्ने तथा उपयुक्त खालको चमेना कक्षसमेत तयार पार्नुपर्ने केही आधारभूत कामहरू बाँकी नै छन् । हामी थप दाता र सहयोगीहरूको प्रतीक्षामा छौं । नेपान-घरलाई *सहभागीमूलक विकास प्रक्रियासम्बन्धी राष्ट्रिय स्रोत केन्द्र*को रूपमा विकास गरी प्रवर्द्धन गर्ने हाम्रो सोच रहेको छ ।

नेपान-घरको व्यवस्था भएपश्चात् पनि नेपान अक्षय-कोषमा रकम जम्मा गर्ने क्रम जारी रहेको छ । २०७४ असार मसान्तसम्म **जम्मा ४ लाख २ सय ८१ रुपैयाँ** अक्षय-कोषमा सञ्चित छ । यस कोषलाई बढाएर सुरुको लक्ष्यअनुरूप नै बनाउने हाम्रो प्रयास जारी रहनेछ । जुन रकमको ब्याजबाट 'रेगुलर कोर प्रोग्राम' सञ्चालनका अतिरिक्त विशेष प्रकाशन, वकालती कार्य, सदस्य क्षमता विकास तथा संस्थागत सुदृढीकरणका विविध क्रियाकलाप सञ्चालन गर्ने आधार प्राप्त हुनेछ । साथै, नेपानले भविष्यमा *राष्ट्रिय स्तरका विकास पुरस्कार र सम्मानहरू* पनि यसैबाट सञ्चालन गर्ने सोच बनाइरहेको छ । यी सम्पूर्ण अभीष्ट पूरा गर्नका लागि हामीलाई तमाम उदार व्यक्ति र संस्थाहरूको 'हार्दिक हातेमालो' आवश्यक पर्नेछ । नेपानजस्तो स्वयंसेवी नेबवर्क संस्थालाई प्रोत्साहन, सहभागिता र हौसलाको सधैं खाँचो छ ।

## हाम्रो अनुरोध

नेपान संस्थाको दिगोपना अभिवृद्धि र प्रगतिको लागि विभिन्न व्यक्ति र संस्थाबाट हालसम्म भएको सहयोगको उच्च कदर गर्दै अन्य संघसंस्था एवम् महानुभावहरूले पनि नेपान अक्षय-कोष तथा नेपान-घर (*सहभागीमूलक विकास प्रक्रियासम्बन्धी राष्ट्रिय स्रोत केन्द्र*) को लागि आफूले सक्दो सहयोग गर्नुहुन र आफ्नो पहुँच भएका नेपानको उद्देश्यसँग मेल खाने संस्थाहरुलाई नेपानको अक्षय-कोषबारे जानकारी गराई कोष प्रवर्द्धनमा समेत उल्लेख्य योगदान पुऱ्याउनुहुन हार्दिक अनुरोध गर्दछौं । दुवै खालको कोषमा सहयोग गर्ने महानुभावहरू तथा संघसंस्थाको कदर तथा नाम प्रकाशन गर्ने कार्य नेपानले यथोचित रुपमा गर्ने नै छ । हार्दिक आभार र अपेक्षासहित !

**- कार्यकारिणी समिति, नेपान सहभागीमूलक कार्य समूह (नेपान)**

भदौ, २०७४

### नेपान-घर कोषमा सहयोग गर्ने दाता/सहयोगीहरुको नामावली

(रकम प्रदान गरेको दर्ता मिति क्रमअनुसार) *(रकमको विवरण नेपान सचिवालयमा उपलब्ध छ)*

| | | | | |
|---|---|---|---|---|
| १. डा.भोलाप्रसाद दाहाल | २०. तुलसी सापकोटा | ३९. निशा शर्मा | ५८. डार्लिन फूट | ७७. तारा गुरुङ्ग |
| २. अश्विनकुमार पुडासैनी | २१. हेरिना जोशी | ४०. निर्मला लामा | ५९. गम्भीरबहादुर हाडा | ७८. छिङलमु शेर्पा |
| ३. गोविन्दराज पौडेल | २२. जीव आचार्य | ४१. श्रीधर लामिछाने | ६०. नेत्रप्रसाद उपाध्याय | ७९. डा. मुक्ति रिजाल |
| ४. कृष्णप्रसाद न्यौपाने | २३. भरतराज गौतम | ४२. रोजी जोशी | ६१. यशोधा श्रेष्ठ | ८०. रामहरि अधिकारी |
| ५. गोविन्द न्यौपाने | २४. लाक्पातेन्जी लामा | ४३. मीनबहादुर गुरुङ्ग | ६२. डा. रमेशजङ्ग खड्का | ८१. पद्मा शाक्य |
| ६. महेश शर्मा | २५. चेतनाथ कणेल | ४४. डा. प्रेमबहादुर थापा | ६३. अनिरुद्धनाथ शुक्ल | ८२. श्रीराम के.सी. |
| ७. समीर कार्की | २६. मुकेशकुमार सिंह | ४५. डा. राजबहादुर श्रेष्ठ | ६४. तेजराज दाहाल | ८३. खेमराज भट्टराई |
| ८. हीरालाल श्रेष्ठ | २७. डा. कृष्णबाबु जोशी | ४६. सिंहबहादुर खड्का | ६५. रामानन्दप्रसाद गुप्त | ८४. बालकृष्ण देउजा |
| ९. पूर्णबहादुर चेम्जोङ | २८. प्रेमराज न्यौपाने | ४७. लालबहादुर ओली | ६६. कालभान राई | ८५. घनश्याम अधिकारी |
| १०. दीर्घजीवी घिमिरे | २९. कृष्णप्रसाद सुवेदी | ४८. द्रोण के.सी. | ६७. हुकुमबहादुर सिंह | ८६. डा. शिवेशचन्द्र रेग्मी |
| ११. सन्जु कोइराला | ३०. गोपालप्रसाद तामाङ | ४९. महादेव भट्ट | ६८. झविन्द्र भण्डारी | ८७. डा. विनोद भट्ट |
| १२. शान्तालक्ष्मी श्रेष्ठ | ३१. तेज सुनार | ५०. डा. गोपाल शेरचन | ६९. डा. विष्णुराज उप्रेती | ८८. राघवराज रेग्मी |
| १३. पदम भुसाल | ३२. ब्रह्मध्वज गुरुङ्ग | ५१. डा.उद्धव राई | ७०. यमुना घले | ८९. रमेश सिंह |
| १४. मानबहादुर थापा | ३३. वृताकुमारी घले गुरुङ्ग | ५२. डा. विमला राई पौडेल | ७१. दीपा आचार्य | |
| १५. अशोक पौडेल | ३४. ललितबहादुर थापा | ५३. मीनाक्षी दाहाल | ७२. झेचुन लामा | **संस्थाहरू** |
| १६. डा. अनोज क्षेत्री | ३५. राजबहादुर गिरी | ५४. पूर्णबहादुर थापा | ७३. मीना गुरुङ्ग | ९०. हेलम्बु एजुकेशन एण्ड लाइभ्लीहूड प्रोजेक्ट |
| १७. डा. कमल फुयाल | ३६. बालकृष्ण शर्मा | ५५. जिमी लामा | ७४. प्रा.डा. रोबर्ट च्याम्बर्स | ९१. सहास नेपाल |
| १८. फटिकबहादुर थापा | ३७. घनश्याम अवस्थी | ५६. प्रमोद उपाध्याय | ७५. नन्दलाल माझी | |
| १९. नीलकमल क्षेत्री श्रेष्ठ | ३८. रुपा बस्नेत | ५७. डा. नरविक्रम थापा | ७६. दशरथ मोक्तान | |

# एक वास्तविकता




शब्द/अवधारणा: बी.डी. गुरुङ  चित्र: भरत राई